

# नेपालमा राष्ट्रिय सुरक्षा निकायहरूका निम्ति शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेज

### अन्तर्राष्ट्रिय आप्रवासन संगठन । नेपाल

IOM • OIM

USAID
FROM THE AMERICAN PEOPLE

यो प्रकाशन विपद्सम्बन्धी वैदेशिक सहायता, लोकतन्त्र ब्यूरो, द्वन्द्व तथा मानवीय सहायता, अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोगको कार्यालयद्वारा उदारताका साथ प्रदान गरिएको आर्थिक अनुदान नं. एआइडी-ओएफ्डीए-आइओ-१७-०००३८को प्रावधान अन्तर्गत सम्भव भएको हो । यस तालीम पुस्तिकामा भएका विषयवस्तुले अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोगका विचारहरूको प्रतिनिधित्व गरेको मानिने छैन ।

© सर्वाधिकार सुरक्षित : अन्तर्राष्ट्रिय आप्रवासन संगठन, २०१७
यो तालीम प्याकेज अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) द्वारा तयार पारिएको हो ।

IOM • OIM

सर्वाधिकार सुरक्षित । यस प्रकाशनको कुनै पनि अंश प्रकाशकको लिखित पूर्व स्वीकृति बिना विद्युतीय, यान्त्रिक, फोटोकपि, रेकर्डिङ्ग वा अन्य कुनै प्रकारले कुनै स्वरुप वा माध्यमद्वारा पुनर्उत्पादन तथा पुनप्राप्ति गर्ने गरी  भण्डारण वा प्रसारण गर्न पाईने छैन । यस प्रतिवेदनमा व्यक्त गरिएका विचारहरू लेखक(हरू) का भएको हुनाले तिनीहरूले अन्तर्राष्ट्रिय आप्रवासन संगठनका विचारहरूको प्रतिनिधित्व गरेको मानिने छैन ।

# विषय सूची


| | | पाना नं. |
| --- | --- | --- |
| ▶▶ | शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेज । प्रशिक्षक निर्देशिका | १ - १६ |
| ०१ | पाठ्यक्रमको परिचय | १७ - २४ |
| ०२ | शिविरको समन्वय र शिविर व्यवस्थापनको परिचय | २५ - ४० |
| ०३ | भूमिका तथा जिम्मेवारीहरू | ४१ - ७६ |
| ०४ | कानूनी संरक्षण कार्यढाँचा तथा शिविरहरूमा संरक्षण | ७७ - १११ |
| ०५ | लैङ्गिक हिंसा | ११३ - १३३ |
| ०६ | समन्वय तथा सूचना व्यवस्थापन | १३५ - १५४ |
| ०७ | न्यूनतम मापदण्डहरू | १५५ - १६७ |
| ०८ | शिविरको जीवन चक्र । निर्माण | १६९ - १८६ |
| ०९ | शिविरको जीवन चक्र । रेखदेख तथा मर्मत सम्भार । समाप्ती । सूचना | १८७ - २०१ |

यो शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम पाठ्यक्रम वयस्कहरूका सिकाइका सिद्धान्तहरू र सहभागितामूलक सिकाइ पद्धतिलाई ध्यानमा राखी तयार गरिएको थियो । यो विशेषत नेपालमा विस्थापित समुदायहरू र/वा स्थानीय अधिकारीहरूका लागि, जस्तै, स्थानीय तह, शिविर व्यवस्थापनका मान्यताप्राप्त अन्तर्राष्ट्रिय सिद्धान्तहरूमा आधारित तालीम प्रदान गर्ने उद्देश्यले तयार गरिएको थियो । यो शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजको प्रयोगको उद्देश्य मानव विस्थापन व्यवस्थापन, आकस्मिक/भैपरिआउने योजना तर्जूमा, र प्राकृतिक विपद्का कारण उत्पन्न समस्याको प्रतिकार्यसँग सम्बन्धित सवालहरूलाई सम्बोधन गर्नका लागि विशेषत नेपालका सरोकारवालाहरूलाई सहयोग गर्नु हो ।

शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजमा तीनवटा मूलभूत अवयवहरू छन् :

- प्रशिक्षक निर्देशिका
- तालीमका अध्यायहरू (अध्याय १ - ९)
- ढ्यसामग्री (तालीमका अध्यायहरूलाई सहयोग गर्ने विभिन्न प्रकारका ६४ सामग्रीहरूको सङ्कलन)

यी माथिका अवयवहरूले सहभागितामूलक प्रौढ सिकाइ विधिहरूद्वारा निर्देशित व्यावहारिक प्रक्रियाको प्रयोग गरी शिविर व्यवस्थापनसम्बन्धी जानकारी वृद्धि गर्ने लक्ष्य राख्दछन् । शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजको प्रयोगले पहिचान गरिएका विशेष तथा प्रासंगिक आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि स्थानीय तहमा तालीम सत्रहरूको योजना तर्जूमा गरी सञ्चालन गर्नका लागि प्रशिक्षकका लागि एउटा राम्रो आधारशीला प्रदान गर्दछ ।

प्रशिक्षक निर्देशिकामा तपाईंले तालीम सत्रहरू कसरी तयार गर्ने र सञ्चालन गर्ने भन्ने सिफरिस सहितको सहजीकरणको आधारशीलासम्बन्धी मार्गदर्शन र प्रभावकारी प्रशिक्षकका मुख्य विशेषताहरू पाउनु हुनेछ । यस निर्देशिकामा तपाईंलेदेहायकुराहरू प्राप्त गर्नुहुने छ :

- प्रयोग गरिएको विधिको पृष्ठभूमि;
- प्रभावकारी प्रशिक्षकको मनोवृत्ति, ज्ञान र सीपहरूका उदाहरणहरू;
- तालीम सत्र/हरूको डिजाइन गर्दा र योजना तर्जूमाका लागि चालिने मुख्य कदमहरू;
- प्रारम्भ देखि अन्त्य र समापनसम्म तालीम सत्रको कस्तो स्वरुप निर्माण गर्ने भन्ने विषयमा चरणवद्ध मार्गदर्शन;
- शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजका तीनवटा सबै अवयवहरूको अधिकतम प्रयोग कसरी गर्नेभन्ने विषयमा प्रमुख सूचकहरू र सुझावहरू (प्रशिक्षक निर्देशिका, तालीमका अध्यायहरू र पाठ्यसामाग्री) ।

यसका अतिरिक्त, शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेज नौ अध्यायहरूमा विभाजन गरी तयार गरिएको छ । तालीमको प्रत्येक अध्यायले शिविर व्यवस्थापनका विभिन्न पक्षहरूमा एउटा तालीम सत्रका दरले समर्पित शीर्षक समेटेको छ ।

तालीमको प्रत्येक अध्यायमा प्रशिक्षार्थीहरूको समर्पित समूहलाई सहजीकरण गर्नका लागि अनुमानित समयावधिको एउटा संकेत छ । परिवेशको यथार्थता र तालीम सत्रमा सहभागी प्रशिक्षार्थीहरूको विवरणका आधारमा सोही अनुरुप समयको योजना बनाउने र समायोजन गर्ने कुरा प्रशिक्षक/हरूमा निर्भर रहन्छ । प्रशिक्षकले एउटै शीर्षकमा विस्तृत रुपमा केन्द्रित हुनका लागि वा प्रशिक्षार्थीहरूलाई अझ बढि विश्लेषण वा सिकाइको पुनरावलोकन गर्नका लागि अवसर प्रदान दिने उद्देश्यले बढि समय लिन सक्दछन् । प्रशिक्षक/हरूले तयार गरेको तालीम पद्धति सहभागीहरूका आवश्यकता र अपेक्षाहरूका साथै तालीम सत्रले सम्बोधन गर्ने कार्यस्थल तहको परिवेशमा निर्भर रहने छ ।

तालीम सामग्रीका ६२ वटा सेट मस्तिष्कमन्थनलाई प्रोत्साहित गर्न र शिविर समन्वय तथा शिविर व्यवस्थापनको अवधारणा र मुख्य सन्देशहरूलाई अन्तरक्रियात्मक तथा व्यावहारिक तवरले व्याख्या गर्न सहयोग गर्ने उद्देश्यले पुनरावलोकनको आधारको रुपमा तयार गरिएको छ । यी सामग्रीहरू शिविर व्यवस्थापनमा वयस्कहरूका सिकाइका लागि सहजीकरणको गुणस्तरमा वृद्धि गर्ने लक्ष्यका साथ सहभागितामूलक विधिहरूसम्मत विकास गरिएका छन् ।

## विधि

शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजमा शिविर व्यवस्थापन प्रतिकार्यका लागि मुख्य भूमिकाहरूको बारेमा प्रशिक्षण दिन र चेतना अभिवृद्धि गर्नका लागि प्रयोग गर्न सकिने  क्रियाकलापहरू र सहभागितामूलक क्रियाकलाप तथा सामग्रीहरू समावेश गरिएको छ । प्रशिक्षकलाई प्रयोग गर्नका लागि प्रस्तावित क्रियाकलापहरूमा तालीम सत्रमा सहभागीहरूको प्रत्यक्ष संलग्नतालाई प्रोत्साहित गर्नका लागि विस्तृत रुपमा सहभागितामूलक पद्धतिहरू समावेश गरिएको छ। यस निर्देशिका र तालीमका प्रत्येक अध्यायहरूमा प्रस्तावित प्रक्रियाले सहभागीहरूलाई चित्र कोरेर, साना समूह कार्य, व्यक्ति र समूहका प्रतिविम्वन, अन्तरक्रियात्मक प्लेनरी छलफलहरू, आदिमार्फत सिक्ने अवसर प्रदान गर्नेछ । यसको परिणामस्वरुप, सहभागीहरूको भैपरी योजना तर्जूमा, विस्थापन व्यवस्थापन र शिविरहरूमा संलग्नताको विषयमा प्राकृतिक विपद्सम्बन्धी आफ्ना जीवनका अनुभवहरू खिच्ने र त्यसको आधारमा अनुभवहरूका विकास गर्ने अवसर मिल्दछ ।

माथि उल्लेख गरिएजस्तो बहुसंख्यक तालीम सामग्रीहरू सहभागितामूलक सिकाइ तथा कार्य विधि र पद्धतिहरूको प्रयोग गरेर तयार गरिएका छन् । सहभागितामूलक सिकाइ तथा कार्य पद्धतिमा समुदायहरूलाई आफ्नो मूल्याङ्कन र विश्लेषण गर्न र योजना बनाउनका साथै उनीहरूका समुदायमाआधारित उत्पन्न हुने सवालहरूसँग सम्बन्धित विशेष चुनौतीहरूको स्थानीय अधिकारीहरूजस्ता अन्य प्रतिनिधिहरूसँगको सहकार्यमा समाधान गर्नका लागि सक्षम बनाउने पद्धति र विधिहरू संलग्न हुन्छन् । शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेज सक्रिय सहभागितार संरचनागत प्रतिविम्वनमार्फत शिविर व्यवस्थापनका आधारभूत  ज्ञानहरू प्रदर्शन गर्ने उद्देश्यले यी तरिकाहरू र पद्धतिहरूद्वारा प्रेरित  भएको छ ।

स्थलगत तहमा परिचालन गर्नका लागि तालीमप्रतिको स्वामित्व विकास गर्न र सहभागितामूलक पद्धतिहरूले मानिसहरूलाई आफैं सोच्न र काम गर्नका लागि प्रोत्साहित गर्छ । यो निष्क्रिय प्रक्रिया होइन जसद्वारा सहभागीहरू केवल बाहिरी विज्ञहरूबाट जानकारी प्राप्त गर्दछन्, तर यो यस्तो प्रक्रिया हो जसले व्यक्ति र समुदायहरूको सामूहिक योगदानहरूले सिकाइमा मद्धत गर्दछ । यस प्रक्रियाले सहभागीहरूलाई सूचना आदानप्रदान गर्न, आपसमा सिक्न, र उनीहरूलाई भविष्यका लागि उपयोगी हुनसक्ने विकल्प र निष्कर्षहरू निकाल्दा आफ्ना अनुभवहरूमा प्रतिविम्वन गर्न प्रोत्साहित गर्दछ । यो सिकाइसम्बन्धी सहभागितामूलक पद्धति सहभागीहरूलाई सीपहरू र सामग्रीहरूको ढाँचा प्रदान गर्ने मनसायका साथ प्रयोग गरिन्छ, जुन उनीहरूको समुदायभित्र र अन्य सरोकारवालाहरूसँग अन्तरक्रिया गर्दा सही कार्य गर्ने आधारको रुपमा प्रयोग गर्न सकिन्छ ।

## मनोवृत्ति, सीप र ज्ञान

सहभागितामूलक सिकाइ प्रक्रियामा प्रशिक्षकको भूमिका मनोवृत्ति, सीप र ज्ञानको संयोजनमार्फत सिकाइका लागि सहयोग पुऱ्याउनु हो । कुनै पनि असल प्रशिक्षक भनेको एउटा राम्रो श्रोता र परिचालक दुवै हो । कहिलेकाहीँ प्रशिक्षक छलफलमा सबैप्रकारका दृष्टिकोणहरूलाई ध्यान दिइएको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि गतिशील हुनु पर्दछ । अरुबेला प्रशिक्षकले आफू पछि हटेर बढि सहभागीले नेतृत्व गरेको सत्रलाई अवलम्वन तथा निर्देश गर्न सक्दछन् । तल मनोवृत्ति, सीप र ज्ञानसम्बन्धी उदाहरणहरू छन् जसले सिकाइमा बिना सशक्तीकरणको सट्टा बिहीनभन्दा सशक्तीकरणमा, हैकमभन्दा सहजीकरणमा, बहिष्करणको बदला सहभागितामा र कठोरताभन्दा लचकतामा जोड दिन्छन् ।

### मनोवृत्ति

- सहभागीहरूले आफ्ना विचार र दृष्टिकोणहरू व्यक्तगर्न सहज महसूस गर्ने आपसी विश्वासको माहोल र वातावरण सिर्जना गरी सक्रिय रुपमा सहभागीहरूसँग संलग्न हुनुहोस् । एउटा विश्वासिलो र सम्मानजनक वातावरणले आफ्नो स्थितिको वास्तविकताको जानकारी विकास गर्नका लागि सहभागीहरूलाई अवसर प्रदान गर्दछ ।
- सक्रिय सुनाइ र प्रभावकारी प्रश्नहरूको माध्यमद्वारा प्रत्येक सहभागीको योगदान मूल्यवान छ भन्ने कुरा प्रदर्शन गर्नुहोस् । कुनै पनि कार्यशालाको अन्तरनिहित सिद्धान्त भनेको सबै
- विचारहरूको गणना हुन्छ भन्ने हो । प्रत्येक सहभागीले कार्यशालाका प्रक्रियामा फरकफरक योगदान दिन्छन् भन्ने कुराको पहिचान/मान्यता हुनु पर्दछ ।
- छलफल अन्तर्गतका सवालहरूलाई अझ बढि उपयुक्त हुने शैलीलाई शिक्षार्थी सुहाउँदो बनाउँदै वा सांस्कृतिक भिन्नताहरूलाई ध्यानमा राखी विशेष समूह र/वा परिवेशका विशेषताअनुरुप क्रियाकलापहरूलाई आवश्यक परे पूनःसमायोजन गर्न तत्पर रहनुहोस् । सहभागीहरूका विभिन्न समूहहरूमा, विशेषतः सहभागीहरूको पृष्ठभूमि फरक भएमा क्रियाकलापहरू र सामग्रीहरूले एकैनासले काम नगर्न सक्दछन् ।
- प्रत्येक तालीम सत्र सम्पन्न भइसकेपछि आफ्नो कार्यसम्पादनलाई संशोधन गर्नुहोस् र विगतका त्रुटिहरूबाट सिक्नुहोस् । यदि एकजनाभन्दा बढि प्रशिक्षकले कार्यशाला सञ्चालन गर्ने हो भने आफ्नो सहकर्मी प्रशिक्षकसँग सवल र दुर्वल पक्षहरू बारे छलफल गर्नुहोस् र भविष्यमा सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गरी तालीम सत्रको अनुभव लिने सबैको हितका लागि परिमार्जन गर्नुहोस् ।

### सीपहरू

- सहभागीहरूले तपाईंले प्रस्तुत गरेको विषयवस्तु सुनेका र बुझेका छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस् । सक्रिय सुनाइका लागि अभिवृद्धि गर्ने केही सुझावहरू निम्नअनुसार छन् :
    - बोलिरहेको व्यक्तितर्फ हेर्ने ।
    - रुचि, संलग्नता र बुझाइको संकेत प्रदर्शन गर्नका लागि तपाईंको शारीरिक हाउभाउ र अनुहारको अभिव्यक्ति प्रयोग गर्ने ।
    - शीर्षक वा अभिमतलाई अझ गहन रुपमा अन्वेषण गर्नका लागि छड्के प्रश्नहरू सोध्ने ।
    - प्रस्तुत विषयवस्तुमा साझा बुझाइ सुनिश्चित गर्नका लागि सार निकाल्ने वा पुनःर्व्याख्या गर्ने ।

- प्रशिक्षकको हैसियतले तपाईंले सहभागीहरूलाई सूचना, विचार, सरोकार र ज्ञान आदानप्रदान गर्नका लागि प्रोत्साहित गर्नुहोस् । सहभागीहरू र सहभागीहरूबीचको उप-समूहहरूका फरक विचार/अभिमतहरूको जाँच गर्नुहोस् । समूह छलफललाई अघि बढाउनका लागि केही सुझावहरू देहाय बमोजिम छन् :

  - o सहभागीले भनेको कुरालाई संक्षिप्त व्याख्या गर्नुहोस् । यसोगर्दा उनले बुझेको महसूस गर्दछन् र अरु सहभागीहरूले पहिले व्यक्त गरिको विषयवस्तुको संक्षिप्त सारांश सुन्न सक्दछन् । (तपाईंले भनेको कुरा सारमा मैले के सुनें भने ...)
  - o सहभागीको अभिव्यक्तिप्रति तपाईंको बुझाईको जाँच गर्नुहोस् र/वा सहभागीले के भनिरहेका छन् भन्ने कुरा प्रष्ट पार्नका लागि उनलाई सोध्नुहोस् । (के तपाईंले ................ भनिरहनु भएको हो/छ...)
  - o रोचक वा उत्साहप्रद सुझावसहित सराहना गर्नुहोस् । (त्यो राम्रो कुरा हो ...)
  - o छलफलको क्रममा सहभागीको योगदानलाई उदाहरणसहित व्याख्या गर्नुहोस् वा समस्यालाई हेर्ने नयाँ तरिका सुझाउनु होस् । (यसलाई अर्को तरिकाले हेर्दा पनि उपयोगी हुन सक्छ...)
  - o मैत्रीपूर्ण छलफललाई प्रोत्साहित गर्नका लागि सहभागीहरूका टिप्पणीहरूलाई हल्का तरिकाले अस्वीकार गर्नुहोस् । (तपाईंहरूमध्ये कसैको फरक अनुभव छ...)
  - o सहभागीहरूबीचका फरक विचारहरूलाई मध्यस्थता गर्नुहोस् र कुनै तनाव उत्पन्न भएमा त्यसलाई शान्त पार्नुहोस् । (यी फरक विचारहरूले हाम्रो विषयका दुईवटा फरक पक्षहरूलाई उजागर गर्दछन् ...)
  - o समूहका मूलभूत विचारहरू उपयोगी र सम्भव भएमा संक्षेपीकरण तथा अभिलेखन गर्नुहोस् । (मसँग हाम्रो छलफलबाट आएका यस्ता चारवटा मूल कारणहरू छन्....)

- प्रश्नहरू तालीम सहजीकरण गर्ने प्रमुख साधनहरूमध्येका एक हुन् । प्रभावकारी रुपमा प्रश्न सोध्नका लागि शब्द स्वर वा आवाज, अनुहारको अभिव्यक्ति र शारीरिक हाउभाउको महत्वपूर्ण प्रभाव हुन्छ । प्रशिक्षकको हैसियतले तपाईं ज्ञानको सबै स्रोत होइन । जब तपाईंलाई प्रश्न सोधिन्छ, तत्काल जवाफ दिनु सधैं सिकाइ प्रोत्साहन गर्न उत्तम तरिका होइन । प्रशिक्षकले सहभागीहरूका प्रश्नहरूको जवाफ उनीहरू आफैंले खोज्नका लागि सहयोग गर्न सक्दछन् । बन्द प्रश्नहरूको सट्टा खुल्ला प्रश्नहरूको प्रयोगले दुईतर्फी सञ्चार र सहभागीहरूबीचको सशक्त अन्तरक्रियाका लागि प्रोत्साहित गर्नेछ । फरक प्रश्नहरूले सिकाइको वातावरणमा फरक उद्देश्य हासिल गर्छ भन्ने कुरा प्रशिक्षकले ख्याल राख्नु महत्वपूर्ण हुन्छ ।

- सहभागीहरूबीचमा सन्तुलन कायम गर्नुहोस्, नबोल्ने सहभागीहरूका लागि बोल्ने वातावरण सिर्जना गर्नुहोस् र प्रभावशाली सहभागीहरूलाई अरुलाई उनीहरूका विचारहरू व्यक्तगर्न अवसर दिन प्रोत्साहित गर्नुहोस् । यदि भिन्नाभिन्न विचारहरू व्यक्त भएमा तटस्थ स्थान उपलब्ध गराउने प्रयास गर्नुहोस् जसबाट आलोचना सकारात्मक र रचनात्मक तवरले अभिव्यक्त होस् । सहभागीहरूको ध्यान व्यक्तित्वबीचको भिन्नतामा नभइ विषयवस्तुहरूमा केन्द्रित गर्नुहोस् ।

- सहभागीहरूका लागि सम्मान देखाउनुहोस् र उनीहरूका संवेगहरूप्रति संवेदनशील हुनुहोस् । सहभागीहरूलाई नामले बोलाउँदा एउटा सकारात्मक माहोल सिर्जना गर्न सहयोग पुग्दछ र सबैले आफ्ना दृष्टिकोणहरूको पहिचान, सम्मान र महत्व पाएको महसूस गर्दछन् । प्रशिक्षार्थीहरूले सहभागीहरूसँग प्लेनरी सत्रमा सम्बोधन गर्न नसकिने विशेष सवालहरूमा कुराकानी गर्नका लागि सत्रान्त र अनौपचारिक क्षणहरूको प्रयोग गर्न सक्दछन् ।

- नयाँ जानकारी प्रस्तुत गर्दा लक्षित सहभागीहरूका लागि उपयुक्त र संक्षिप्त भाषा प्रयोग गरेर सुस्त तथा स्पष्ट बोल्ने कुरामा ख्याल गर्नुहोस् । प्रवचन नदिनुहोस् र समस्या समाधान शिक्षाका धारणा र मूल्यहरूको ख्याल गर्नुहोस् । सहभागितामूलक सिकाइमा प्रशिक्षकको भूमिका अध्यापन गर्नुभन्दा सिकाईलाई प्रवर्द्धन गर्नु हो । आफ्नो प्रस्तुतिकरण अन्तरक्रियात्मक सहितको विविधता र मनोरन्जन प्रदान गर्ने अन्तरक्रियात्मक तत्व शक्तिवर्द्धक अवयवहरूले आफ्नो प्रस्तुती छोटो बनाउनु होस् ।

- तालिम सत्रको अवधिमा शारीरिक हाउभाउलाई ख्याल गर्नु ज्यादै महत्वपूर्ण हुन्छ । तपाइँले तालीम सत्र प्रारम्भ गर्नुभन्दा पहिल्यै इसारा, आँखाको सम्पर्क र शारीरिक गतिविधिको योजना बनाएर अभ्यास गर्न सक्नुहुन्छ । ऐनाको अगाडी अभ्यास गर्नु प्रशिक्षकका लागि उपलब्धिमूलक अभ्यास हुन सक्दछ । तालीम सत्रको दौरानमा प्रशिक्षकले शारीरिक हाउभाउका चारवटा अवयवहरूमा ध्यान दिनु महत्वपूर्ण हुन्छ :

  - आँखाको सम्पर्कले सामान्यतः तपाइँप्रति सहभागीहरूको विश्वास जगाउनुका साथै आत्मविश्वास प्रदर्शन गर्दछ । मानिसहरूले भरिएको कोठामा बोल्दा कोठाको पछाडीपट्टि दायाँ र बायाँ बसेका सहभागीहरू लगायत प्रत्येकको पहिचान गर्दै सम्पूर्ण सहभागीहरूसँग आँखाको सम्पर्क गर्नुहोस् ।
  - तपाइँका शब्दहरूको अर्थलाई जोड दिनका लागि इसाराको प्रयोग गर्न सकिन्छ र कुनै कुरा कस्तो देखिन्छ वा यसले कसरी काम गर्दछभन्ने देखाउनका लागि प्रयोग गर्न सकिन्छ।
  - तालीम सत्र सञ्चालन गर्दाको बखत तपाइँको आसनबारेमा सचेत हुनुहोस्, यसमा काँधहरूलाई पछाडी गरेर सिधा उभिने, टाउको शरीर माथि सिधा हुने गरी र खुट्टा फाट्नुहोस् । यो अवस्थितिले सहभागीहरूको ध्यान विचलन गर्दैन र उनीहरूलाई प्रशिक्षकको रुपमा तपाइँको गतिविधि नभइ क्रियाकलापतर्फ केन्द्रित हुन सहयोग गर्नेछ ।
  - "बोल्ने ठाउँ"मा गतिशील हुनुहोस् । सहभागीहरूको नजीकसम्म पुगेर वरपर हिंड्न नडराउनुहोस् । गतिशील हुनु र नहुनुले तालीम सत्रको वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउनेछ । एउटै स्थानमा उभिंदा बढि औपचारिक र समूहबाट अलग रहेको भान हुन्छ ।

**ज्ञान**

स्मरण रहोस की प्रशिक्षक तालीम दिइने विषयवस्तुमा विज्ञ हुनुपर्दछ भन्ने छैन । तथापि, प्रशिक्षक प्रस्तुत गरिने विषयवस्तुका प्रमुख अवयव र सन्देशप्रति सहज र जानकार हुनु पर्दछ । शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजमा तालीमका सबै अध्यायहरूमा न्यूनतम पृष्ठभूमि र सहज सन्दर्भका लागि मुख्य सन्देश समावेश हुन्छन् । त्यसका अतिरिक्त व्यक्तिगत क्षमता निर्माण गर्ने कुरा प्रशिक्षकमा निर्भर गर्दछ ।

## तालीम सत्रको योजना तर्जूमा र तयारी

प्रशिक्षकको हैसियतले तालीम सत्रको तर्जूमा र तयारी गर्दा प्रशिक्षक लगायत तपाइँ आफैं र सहभागी सबैजनालाई तपाइँको सत्र सफल सिकाइको अवसर हुने कुरा सुनिश्चित गर्नका लागि मार्गदर्शनको रुपमा केही प्रश्न सोध्न र तिनीहरूको जवाफ दिनु आवश्यक हुन्छ । देहायको खण्डले केही मार्गदर्शन गर्दछ ।

## लक्षित समूह को हो ?

शिविरको समन्वय तथा शिविर व्यवस्थापन प्याकेज समुदायहरू र रणनीतिमूलक शिविर व्यवस्थापन पूर्व तयारी र प्राकृतिक विपद्का लागि प्रतिकार्य सम्बोधन गर्ने कार्यमा संलग्न स्थानीय अधिकारीहरूका लागि तालीम सत्रहरू सञ्चालन गर्ने उद्देश्यले तयार पारिएको हो। प्रशिक्षकको हैसियतले कार्यस्थल तहको परिवेश र शिविर व्यवस्थापन प्रतिकार्यमा विस्थापित व्यक्तिहरूका आवश्यकताहरूले योजना गरी प्रस्तुतिका लागि तयार गरिने कुनै पनि तालीम सत्रको विधि र शीर्षकहरू निर्धारण गर्दछ।

## लक्षित समूहका आवश्यकताहरू के हुन् ?

सबै सहभागीहरूको तालीम गर्दा सिकाइका सन्दर्भमा एकै प्रकारका मूलभूत आवश्यकता हुँदैनन्। प्रशिक्षकले छनोट भएको समूहका लागि ती आवश्यकताहरू के हुन् भनेर विश्लेषण तथा परिभाषित गर्नुपर्ने हुन्छ। कुनै आदर्श परिवेशमा प्रशिक्षकले तालीम सत्र सञ्चालन गर्नुभन्दा पहिले सिकाइका आवश्यकताहरू पूरा गर्नका लागि क्रियाकलापहरू डिजाइन गर्न तथा समायोजन र सामग्रीहरू प्रस्ताव गर्नका लागि सहभागीहरूसँग परामर्श गर्न सक्दछन्। प्रशिक्षकले अपेक्षित सहभागीहरूलाई शिविर व्यवस्थापनका सन्दर्भमा उनीहरू के जान्न चाहन्छन्, शिविरमा कार्यान्वयनसम्बन्धी उनीहरूको भूमिका के हो र उनीहरूले सामना गर्ने गरेका प्रमुख समस्याहरू के हुन् सोको व्याख्या गर्न अनुरोध गर्न सक्दछन्। आवश्यक परेमा, सहभागीहरूले सफलतापूर्वक तालीम सत्रमा उपस्थित भएर सहभागी हुने कुरा सुनिश्चित गर्नका लागि प्रशिक्षकले तालीम सत्रका लागि सबभन्दा उपयुक्त स्थान र समयका लागि सल्लाह लिन सक्नेछन्।

## तालीम सत्रका उद्देश्यहरू के हुन् ?

एकपटक सहभागीहरूका आवश्यकताहरूको पहिचान गरिसकेपछि प्रशिक्षकले तालीम सत्रका समष्टिगत उद्देश्यहरू तयगर्नु पर्ने हुन्छ। तपाईंले प्राप्त गर्न खोज्नु भएको कुरा के हो भन्ने शिविर व्यवस्थापनका सन्देशहरूमा आधारित स्पष्ट उद्देश्यहरू भएमा क्रियाकलापहरू तथा सामग्रीहरूलाई उपयुक्त रुपमा समायोजन गर्न र उद्देश्यहरू पुनःनिर्धारण गर्न सहयोग पुग्नेछ। उद्देश्यहरू तालीमको समयमा सामना गरिएका कार्यस्थल स्तरका सवालहरू र तालीम सत्रले लक्षित गरेका सहभागीहरूका आवश्यकता र अपेक्षाहरू अनुसार फरक पर्नेछन्। आफ्नो दिमागमा स्पष्ट उद्देश्यहरू राख्नाले प्रशिक्षकलाई शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेज भित्रका अध्यायहरूको संयोजनलाई चयन गर्न सजिलो हुनेछ।

## म कसरी तालीमका अध्यायहरू/सत्रहरूको समायोजन गर्न सक्छु ?

सत्रका लागि सिकाइको विषयवस्तु उपयुक्त स्तरको छ र तालीमको वातावरणमा सबैका लागि सान्दर्भिक छ भन्ने कुरा सुनिश्चित गर्नका लागि तालीमका प्रत्येक अध्यायलाई सहभागीहरूको स्तर, अनुभव र परिवेशजन्य जानकारीअनुरुप समायोजना गरिनु पर्दछ।

विपद् जोखिम व्यवस्थापन तथा शिविर व्यवस्थापनसँग सम्बन्धित मुख्य सन्देशहरू प्रवाह गर्नका लागि दृश्य सामग्री, संकेतहरू र चित्रहरूको प्रयोग गरेर अधिकांश तालीम सामग्रीहरू न्यूनतम स्तरको साक्षरता र गणितीय सीपको स्तर भएका सहभागीहरूलगायत कुनै पनि लक्षित समूहका आवश्यकताहरू पूरा गर्नका लागि विकसित गरिएको छ। कुनै क्रियाकलापहरूमा कागज र मार्कर प्रयोग गर्नुपर्ने कुरा दर्शाइएको छ। शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजका सबै क्रियाकलाप तथा विधिहरू कार्यस्थल/शिविरको परिवेशमा न्यूनतम देखि तालीम स्रोत बेगर पनि सञ्चालन गर्न सकिनेछन्।

यस शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजका अध्यायहरू तथा विधिहरू अँग्रेजी भाषामा तयार गरिएका छन्। प्रशिक्षकले सामग्रीहरूलाई अनुवाद गरेर सबै तालीम सत्रहरूमा मुख्य सामग्री र हातेपुस्तिका स्थानीय भाषामा उपलब्ध गराउन विशेष सिफारिस गरिएको छ।

## तालीम सत्रका लागि समय सारिणी के हो ?

प्रशिक्षकको हैसियतले सञ्चालन गरिने सम्पूर्ण क्रियाकलापहरू सहित समग्र तालीम सत्रका लागि कति समय चाहिन्छ भन्ने सोचविचार गर्नु आवश्यक हुन्छ । सहभागितामूलक सिकाइ प्रक्रियालाई सहजीकरण गर्ने क्रममा धेरै अप्रत्यासित अवयवहरू हुने भएकोले कुनै कारणले सत्रका लागि सोचेभन्दा बढि समय लाग्छकी वा प्लेनरीमा प्रश्नोत्तरका लागि व्यवस्थापन गर्न, गहन रुपमा समूहमा विचार विमर्श तथा छलफल गर्न र/वा उत्पन्न हुनसक्ने कुनै पनि समाधान हुन नसकेका सवालहरूलाई सम्बोधन गर्नका लागि अतिरिक्त समय समावेश गर्नु राम्रो अभ्यास हो ।

शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजका प्रत्येक अध्यायमा लक्षित समूहलाई तालीम प्रदान गर्न अनुमानित समयावधि उल्लेख गरिएको छ । निर्दिष्ट क्रियाकलापहरूका लागि र खास आवश्यकता, समूहमा सहभागीहरूको गति र प्रवाहका आधारमा समग्र सत्रका लागि कति समय लाग्ला भनेर अनुमान गरी समयको समायोजन गर्ने काम प्रशिक्षकमा निर्भर रहन्छ । प्रशिक्षकले एउटा गहन क्रियाकलापमा केन्द्रित हुन चाहेमा सोहीअनुरुप समयको समायोजन गरिनेछ । शिविरको समन्वय तथा शिविर व्यवस्थापन प्याकेजलाई तालीमका अध्यायहरू तालीमको अनुभवका लागि संलग्न सबैका आवश्यकताहरू पूरा गर्नका लागि लचक र समायोजन गर्न सकिने छन् । कार्यस्थल तहको परिवेशका आधारमा प्रतिपादित गरिएका तालीम सत्र र शिविर व्यवस्थापनका निर्दिष्ट सिकाइ आवश्यकताहरू र प्रशिक्षण दिइने लक्षित समुदायका अपेक्षाहरूमा विशेष जोड दिइएको छ ।

## तालीम सत्र कहाँ र कहिले सञ्चालन हुनेछ ?

तालीमका लागि योजना तर्जूमा गर्ने सन्दर्भमा तालीम सत्रका लागि भौतिक स्थानका लागि ध्यान दिनु महत्वपूर्ण हुन्छ । यदि यो सत्र शिविरभित्र सञ्चालन गरिने हो भने प्रशिक्षकले कार्यस्थलमा के उपलब्ध हुन्छ र त्यहाँको अवस्थाअनुसार समायोजन गर्नुपर्ने हुन्छ । कार्यस्थलमा सञ्चालन गरिने पद्धति कार्यालयको वातावरणमा प्रदान गरिने तालीमभन्दा ज्यादै भिन्न हुनेछ । कुनै पनि तालीम सत्रमा संलग्न सबैजनाको सुविधा र सहजताका लागि भौतिक स्थान धेरै गर्मी वा ठण्डा हुनु हुँदैन र सबै सहभागीहरूका लागि सजिलै पहुँच, शान्त सिकाइका लागि बाधा गर्न सक्ने खालका विचलन कम गर्न स्थान एकान्त हुनु पर्दछ । तालीममा सहभागी हुने समयमा जुध्ने गरी उनीहरूका कुनै पनि औपचारिक वा अनौपचारिक प्रतिवद्धताहरू छैनन् र उनीहरू तालीम सत्रमा पूर्ण रुपमा सहभागी हुन्छन् भन्ने कुरा सुनिश्चित गर्न समय र कार्यसूचीपनि सहभागीहरूको तालिका र दायित्वमा उल्लेख गरिएको हुनु पर्दछ ।

## के कस्ता सामग्रीहरू र स्रोतहरूको आवश्यकता पर्ने छ ?

यो शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजले सहयोग पुऱ्याउन र भावी सिकाइका लागि श्रव्य सामग्रीहरूको व्यापक प्रयोग गर्दछ । अधिकांश तालीम सामग्रीहरू शिविर व्यवस्थापनका मुख्य संकेतहरू, डाइग्राम, चित्रहरू र दृष्टान्तहरूमा आधारित छन् । तथापि, प्रशिक्षकको हैसियतले तपाईंले अग्रिम रुपमा अन्य सिकाइ सामग्रीहरू तयार गर्नुपर्ने हुन्छ । तालीमको प्रत्येक अध्यायमा क्रियाकलापको रुपरेखा तालिकाले सहजतापूर्वक तालीम सत्र सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण तयारीहरूलाई ख्याल गर्न सहयोग पुऱ्याउने छ । तालीम सत्रभन्दा पहिले र अग्रिम रुपमा केही वैकल्पिक स्रोतहरू र आवश्यकता अनुरुप यिनीहरूको स्रोत पत्ता लगाउने र प्रयोग गर्नका लागि योजना बनाउने समयको ख्याल गर्नुहोस् ।

## तालीम सत्र सञ्चालन गर्नका लागि मैले कस्तो तयारी गर्नेछु ?

प्रत्येक कार्यशाला सहभागीहरूका लागि यथासम्भव सबभन्दा राम्रो अनुभव सुनिश्चित गर्न तथा प्रशिक्षक उपल्लो स्तरको आत्मविश्वास कायम गर्न तर्क र सावधानीका साथ तयार गरिनु पर्दछ । तालीम सत्रको तयारी गर्नका लागि उल्लेख्य समय लाग्न सक्दछ र यसको अग्रिम रुपमा योजना बनाउनु महत्वपूर्ण हुन्छ ।

प्रशिक्षकले प्रस्ताविक क्रियाकलापको स्वरुप, पद्धति र शिविर व्यवस्थापनका मुख्य अवधारणाहरू/सन्देशहरू विस्तृत रुपमा बुझेका छन् भन्ने सुनिश्चित गर्नका लागि सिफारिस गरिएका स्रोतहरूको अध्ययन गर्नुका साथै तालीम अध्यायको प्रत्येक चरणमा काम गर्नु पर्दछ । तालीम सत्रलाई अनुभूत गर्न र कार्यस्थलमा तालीम सञ्चालन गर्दा के कुरा काम लाग्ने छ र के कुरामा समायोजन गरिनु पर्दछ भन्ने जानकारी हासिल गर्नका लागि अग्रिम रुपमा सहकर्मीहरू वा साथीहरूसँग अभ्यास सत्र सञ्चालन गर्नु पनि एउटा असल अभ्यास हुनेछ ।

## तालीम सत्रपश्चात के गर्ने ?

प्रत्येक तालीम सत्रपश्चात आत्ममूल्याङ्कन र पुनरावलोकनका लागि केही समर्पित र खुला बिहीन समय लिनुहोस् । तालीम तथा सहजीकरण आत्मसात गर्ने प्रशिक्षकले जोखिम र परिकल्पना गरिएका गल्तीहरूबाट बुझ्नु प्रमुख सिकाइ अनुभव हो । प्रशिक्षकहरूले के कुराले राम्ररी काम गर्‍यो, यो भन्दा राम्रो कसरी हुन सक्दथ्यो (वा के कुरा फरक तरिकाले गर्न सकिन्थ्यो) र भविष्यमा तालीम सत्र सञ्चालन गर्दा सबैका लागि सिकाइ प्रक्रियामा के सुधार गर्न सकिन्थ्यो भन्ने कुराको पुनरावलोकन गर्नु पर्दछ । प्रतिविम्वनको रुपमा टिप्पणी र सुझावहरू लेख्नका लागि हातमा तालीम जर्नल लिनाले यस पेशागत र आत्मनिर्देशित अभ्यासका लागि सहयोग पुग्न सक्दछ ।

# तालीम सत्र सञ्चालन गर्ने

हरेक तालीम समूहको गतिशीलता, तालीमले लक्ष्य गरेका कार्यस्थलको परिवेश र शिविर व्यवस्थापन सहयोग वा प्रतिकार्यमा सामग्रीहरू तथा विधिको समग्र प्रयोगअनुसार फरक पर्नेछ । तथापि, तालीम सत्रका लागि केही न्यूनतम यस्ता विशेषताहरू छन् कि तिनीहरूलाई प्रभावकारी तालीम प्रदानको मूलभूत अवयवहरूो रुपमा बुझ्नु पर्दछ, समावेश गर्नु पर्दछ र ध्यान दिनु पर्दछ ।

## दर्ता

तालीम सत्रको शुरुमा अनुगमन तथा कसले तालीम प्राप्त गरे र कसले गरेनन् भन्ने कुराको अभिलेख राख्नका लागि अल्पकालीन र दीर्घकालीन रुपमा प्रतिवेदन तयार गर्ने सहभागीहरूको नाम र विवरण दर्ता गर्नु महत्वपूर्ण हुन्छ । यसले तपाईंलाई आफ्नो सत्रहरूको अभिलेख राख्न र सहभागीहरूको विवरणहरूसम्बन्धी उपयोगी सूचना राख्नका लागि सहयोग गर्नेछ ।

एउटा दर्ता फारमको प्रयोग गर्नाले प्रशिक्षकलाई तालीमका गतिविधि तथा सहभागीहरूको उपस्थितिको बारेमा मूलभूत जानकारीको अभिलेख गर्न सहयोग पुग्नेछ । सहभागीहरूलाई हस्ताक्षर गराउने प्रावधानले उनीहरूलाई शिविर व्यवस्थापनको समयप्रतिको प्रतिवद्धताका लागि जोड दिन्छ । दर्ता प्रक्रियालाई सुनिश्चित गर्नका लागि सत्र शुरु हुने औपचारिक समयभन्दा पहिल्यै सहभागीहरूको दर्तागर्ने समय छुट्याउनु पर्दछ ।

## तालीम सत्रको प्रारम्भ

सामान्यतः तालीमको परिचय सत्रमा देहायका कुराहरू समावेश हुने गर्दछन् :

- आफ्नो परिचय दिनुहोस्, तपाईँको भूमिका बताउनुहोस् र सहभागीहरूलाई स्वागत गर्नुहोस् ।
- सहभागीहरूलाई एकआपसमा जान्न र परिचित हुन प्रोत्साहित गर्नुहोस् ।
- तालीम सत्रका उद्देश्यहरू, विषयवस्तु, विधि र सत्रको समग्र समयको रुपरेखा व्यक्त गर्नुहोस् ।
- अपेक्षाहरू : सहभागीहरूको विषयवस्तुप्रतिको वा तालीम सत्रको बारेको आशा तथा आशंका पत्ता लगाइ यस बारेमा स्पष्ट पार्नुहोस् । सहभागीहरूलाई उनीहरूको विचार तथा अपेक्षाहरू व्यक्त गर्न दिनुहोस् ।
- आधारभूत नियमहरू : प्रत्येक सत्रको शुरुमा, सहभागीहरूलाई समूहले कसरी काम गर्नेछ र अन्तरक्रिया गर्नेछ भन्ने सम्बन्धमा आधारभूत नियमहरू (कामका मानकहरू) तयार गर्नका लागि अभ्यास गर्नु राम्रो हुन्छ । प्रशिक्षकले केही महत्वपूर्ण बूँदाहरूमा प्रकाश पार्न सक्नेछन्, तर सामान्यतः मानकहरू/नियमहरूलाई प्रशिक्षकले सहभागीहरू उपर थोपर्नुभन्दा उनीहरूबीच साझा मस्तिष्क मन्थन र सहमतिका आधारमा हुनुपर्दछ । समूहका सहभागीहरूले आफ्ना आधारभूत नियमहरूको पालना नगरेको महशुस भएमा प्रशिक्षकल्केआधारभूत नियमहरूतर्फ फर्किनु पर्दछ ।

## समूह कार्य

समूह कार्य सहभागीहरूबीच सूचनाहरू आदानप्रदान, प्रतिविम्बन, विश्लेषण र एकअर्काबाट सिक्नकालागि सक्षम बनाउने उद्देश्यले प्रयोग गरिन्छ । समूहकार्यबाट सबभन्दा राम्रो नतीजा सुनिश्चित गर्नका लागि प्रशिक्षकले मार्ग दर्शन तथा स्पष्ट निर्देशनहरू प्रदान गर्नु पर्दछ, अनुगमन गर्नु पर्दछ र समूहका सबै सदस्यहरूलाई समग्र सिकाइमा योगदान पुऱ्याउनका लागि उत्प्रेरित गर्नु पर्दछ ।

तल प्रशिक्षकको भूमिकामा टेवा दिन सक्ने तालीमसम्बन्धी केही सुझावहरू प्रस्तुत गरिएका छन् :

- निर्देशनलाई विभिन्न चरणहरूमा विभाजन गर्नुहोस् ।
- सहभागीहरूले प्रत्येक चरणको बारेमा बुझ्न सक्छन् कि सक्दैनन् भन्ने प्रश्नहरू सोध्नुहोस् ।
- क्रमबद्ध रुपमा निर्देशन दिनुहोस् ।
- निर्देशनहरू अग्रिम तयार गर्नुहोस् ।
- सबै निर्देशनहरू एकैपटक वा क्रियाकलापका लागि स्रोतसामग्रीहरू वा हातेपुस्तिका वितरण गरेको बेला नदिनुहोस् ।
- अन्य कामहरू गरिरहेका बखत निर्देशन नदिनुहोस् (माथि हेर्नुहोस्) ।
- निर्देशनलाई छोटो र सरल बनाउनुहोस् र शान्त र स्पष्ट तवरले कम्तिमा तीन पटक दोहोऱ्याउनु होस् ।

कहिलेकाहीं तपाईँले ठूलो प्लेनरीलाई साना समूहहरूमा विभाजन गर्नुपर्ने हुन्छ । सहभागीहरूलाई विशेष आधार/मापदण्ड अनुसार (गर्न दिइएको अभ्यासका आधारमा), बिनाक्रमवद्ध तरि काले मिसाउने, अनुभव वा प्रशिक्षकले लागू गर्न चाहेको अन्य कुनै मापदण्डको आधारमा समूहमा विभाजन गर्न सकिन्छ । साना समूहहरूमा विभाजन गर्दा प्रशिक्षकले अभ्यासहरू पूरा गरिसकेपछिका परिणामहरू प्रस्तुत गर्नका लागि बढि समय लाग्ने भएकोले साना समूहहरू वा जोडीका आधारमा कार्य गराइन्छ भन्ने कुरा दिमागमा राख्नु पर्दछ । यसका अतिरिक्त, यदि सानो समूहले परिणामहरूमा विविधता निम्त्याउँदछ भने तालीम सत्रका उद्देश्यहरू हासिल भएका छन् भन्ने कुरा देखाउनका लागि प्रशिक्षकसँग यस्ता विविधताहरूलाई प्रभावकारी तवरले अन्त्य गर्ने सीपहरू हुनु पर्दछ ।

## प्लेनरीको रिपोर्ट गर्ने

कुनै पनि प्लेनरीको रिपोर्टले समूह कार्यको स्वरुप र अनुगमन गरिसकेपछि मुख्य परिणामहरू र निष्कर्षहरूको सार खिच्ने लक्ष्य राख्दछ । प्रायः समूहहरूलाई गर्न दिइएको कामका आधारमा मुख्य परिणामहरू प्रस्तुत गर्न लगाइन्छ । प्रशिक्षकको हैसियतले, सारांश र निष्कर्षले मुख्य सन्देश, विभिन्न समूहहरूबीचका महत्वपूर्ण सहमति र भिन्नता, र क्रियाकलाप सम्पन्न गर्ने क्रममा तयार भएका मुख्य बूँदाहरूमा प्रकाश पार्नेछ । सहभागीहरूले गरेको काम र उपलब्धिहरूलाई सम्मान गर्दै उनीहरूले उठाएका विभिन्न बूँदाहरूमा प्रकाश पार्नु महत्वपूर्ण हुन्छ ।

## सत्रको समापन गर्ने

शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजका कुनै मुख्य सन्देशमा आधारित सिकाइका मुख्य बूँदाहरूको सिंहाबलोकन गरी समापन गर्नुहोस् । सहभागीहरूलाई उनीहरूले के सिके र भविष्यमा शिविर व्यवस्थापनका लागि सहयोग वा प्रतिकार्यको अवधिमा यसको प्रयोग कसरी गरिन्छ भन्ने कुरा मौखिक रुपमा, लेखेर वा सङ्केत तथा तस्विरहरू कोरेर वा अन्य तरिकाले व्याख्या गर्न लगाउनुहोस् । सहभागीहरूले सिकेका कुराहरू यसपछिका अरु सत्रमा कसरी प्रयोग गर्नेछन् भन्ने कुरा छलफल गर्नु महत्वपूर्ण हुन्छ । सम्भव भएमा, सहभागीहरूलाई स्वत्न्त्र रुपमा तालीमसम्बन्धी उनीहरूका अनुभूतिहरू व्यक्त गर्ने समय दिनुहोस् ।

## मूल्याङ्कन

मूल्याङ्कनले सहभागीहरूलाई कार्यशालाका सबल तथा दुर्बल पक्षहरू एवं समग्र सिकाइ प्रक्रियामा उनीहरूको सहभागिताको स्तर बारेमा आफ्ना विचारहरू अभिव्यक्त गर्ने अवसर प्रदान गर्दछ । तालीम सत्रको मूल्याङ्कनहरू प्रश्नावली, चित्र कोर्ने वा अन्य दृश्य सामग्री, अभिनय, आदि लगायतका विभिन्न प्रकारका तरिकाहरूको प्रयोग गरेर सञ्चालन गर्न सकिन्छ । देहायका पक्षहरू लगायतका विभिन्न पक्षहरूको मूल्याङ्कन गरिनु पर्दछ, जस्तैः सहजीकरण, प्रयोग भएका विधिहरू, तालीम सामग्रीहरू र तालीमले समेटेका शिविर व्यवस्थापनका विषयवस्तुहरूको उपयुक्तता र बोधगम्यता/स्पष्टता, आदि ।

# शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम पाठ्यक्रम

यो शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजमा तीनवटा अवयवहरू छन् : प्रशिक्षक निर्देशिका, तालीम अध्यायहरू र पाठ्य सामग्रीहरूको संगालो । शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजका यी तीनवटा अवयवहरू एकैसाथ आपसी रुपमा पूरक हुने गरी प्रयोग गर्ने उद्देश्यले तयार गरिएका छन् ।

## प्रशिक्षक निर्देशिका

प्रशिक्षक निर्देशिकाले सहजीकरण र तालीमका प्रमुख पक्षहरूलाई सम्बोधन गर्नुका साथै कुनै पनि तालीम सत्र कसरी डिजाइन गर्ने, योजना तयार गर्ने, सञ्चालन गर्ने भन्ने विषयमा सामान्य निर्देशन प्रदान गर्दछ ।

## तालीमका अध्यायहरू

शिविरमा, आतिथ्य प्रदान गर्ने समुदायका सदस्यहरूलाई वा स्थानीय निकायका प्रतिनिधिहरूका लागि प्रदान गरिने यस तालीमका १० अध्याय छन् । तालीमको प्रत्येक अध्याय विपद् जोखिम व्यवस्थापन र शिविर व्यवस्थापनसँग सम्बन्धित शीर्षकमा सञ्चालन हुने तालीम सत्रसँग मेल खान्छ ।

तालीमका नौ अध्याय र तिनका सूचीनिम्नअनुसार छ :

- पाठ्यक्रमको परिचय – ४५ मिनेट
- शिविरको समन्वय तथा शिविर व्यवस्थापनको परिचय – ९० मिनेट
- भूमिका तथा जिम्मेवारीहरू – ८० देखि १०० मिनेट
- कानूनी संरक्षण कार्यढाँचा तथा शिविरहरूमा संरक्षण – १९० मिनेट
- लिंगका आधारमा हिंसा – १२० मिनेट
- समन्वय तथा सूचनाको व्यवस्थापन – ९० देखि १२० मिनेट
- न्युनतम मापदण्डहरू – ६० मिनेट
- शिविरको जीवन चक्र/व्यवस्था – २१० देखि ३० मिनेट
- शिविरको जीवन चक्र/रेखदेख तथा मर्मत सम्भार/समापन – १०० मिनेट

तालीमको प्रत्येक अध्यायको निम्नप्रकारको संरचना छ :

- सिकाइका उद्देश्यहरू:

  अध्यायमा व्याख्या गरिएका विशेष क्रियाकलापहरूसँग सम्बन्धित प्रत्येक अध्यायका विशिष्ट उद्देश्यहरू छन् ।

- मुख्य सन्देशहरू :

  प्रत्येक क्रियाकलापको शुरुमा क्रियाकलापको अवधिमा जोड दिइनुपर्ने मुख्य सन्देशहरूको बारेमा एउटा स्मरण गराउने कुरा छ । प्रशिक्षक यी मुख्य सन्देशहरूको बारेमा र तालीमको अध्यायमा भएका सहभागितामूलक क्रियाकलापहरू तथा सामग्रीहरूको कार्यान्वयनको अवधिमा यी कसरी प्रस्तुत तथा अभिव्यक्त गर्ने भन्ने कुरामा स्पष्ट हुनु पर्दछ । तालीम सत्रमा यी मुख्य सन्देशहरू अभिव्यक्त गर्नु तालीमका अध्यायको मूलभूत सक्षमता र तालीम अध्यायको आधारभूत तथा वाध्यकारी पक्ष हो ।

- पृष्ठभूमिबारे जानकारी :

  यस खण्डले समर्पित अध्यायमा समेटिएको विशेष शीर्षकसँग सम्बन्धित मुख्य जानकारीको सारसंक्षेप प्रदान गर्दछ । तालीम सत्र सञ्चालनको लागि पर्याप्त तयारी गर्नका लागि प्रशिक्षकलाई थप पठन सामग्री र स्रोतहरूको पुनरावलोकन, समीक्षा र एकीकृत गर्नका लागि प्रोत्साहित गरिन्छ । विस्तृत तालीम सत्रको तयारी तथा सन्चालन गर्नका लागि आवश्यक पर्ने जानकारीको पहिचान गरी तालीम प्रदान गरिने लक्षित समूहको आवश्यकताअनुसार पहिचान तथा व्यवस्थापन (आवश्यक परे अनुवाद समेत गरी) गरिनु पर्दछ । यो प्रशिक्षक वा तालीम सञ्चालन गर्ने समूहको जिम्मेवारी हो ।

- क्रियाकलापको रुपरेखा :

  यस तालिकाले प्रशिक्षकलाई अध्यायमा प्रस्तावित क्रियाकलापहरूको सामान्य सिंहावलोकन गर्नका लागि सहयोग गर्नेछ । यस खण्डले क्रियाकलाप/हरूको उद्देश्य, अध्यायमा प्रयोग गरिएका सामग्रीहरू र तालीम सञ्चालन गर्नका लागि तयारी एवं आवश्यक सामग्रीको प्रयोगको बारेमा वर्णन गर्दछ ।

- क्रियाकलापहरू:

  प्रत्येक क्रियाकलाप प्रशिक्षकलाई तालीमको शुरुदेखि अन्त्यसम्म प्रक्रियको प्रत्येक चरणमा मार्गदर्शन प्रदान गर्न तयार गरिएको छ । प्रत्येक क्रियाकलापमा विश्लेषण र पुनरावलोकनको सहजीकरण गर्ने, विचारहरूको आदानप्रदान गर्ने तथा कार्य योजनाहरू विकास गर्ने उद्देश्यले सहभागितामूलक सामग्रीहरू समावेश गरिएका छन् । अधिकांश सहभागितामूलक सामग्रीहरू साना समूहका लागि सुहाउँदो हुने गरी उपलब्ध गराइएका छन् ।

## तालीम सामग्रीहरू/टूलहरू (Tools)

प्रस्तावित तालीम सामग्रीहरू शिविर समन्वय तथा शिविर व्यवस्थापनका विश्वव्यापी साझेदारहरूद्वारा विकसित अन्य शिविर व्यवस्थापन तालीम प्याकेजहरूबाट प्रेरित र अनुकूलन गरिएका हुन् । अन्य सामग्रीहरू खासगरी यो शिविर समन्वय तथा शिविर व्यवस्थापन तालीम प्याकेजका लागि निर्माण गरिएका थिए वा सोझै अन्य मुलुकहरूका तालीम प्याकेजहरूबाट लिइएका थिए । दुबै अवस्थामा, प्रशिक्षकलाई प्रोत्साहित गर्न सिकाई र संरचना प्रतिविम्वन गर्नका लागि व्यावहारिक तरिकाहरू प्रदान गर्नु यसको उद्देश्य रहेको छ । सामग्रीहरू सहभागीहरूलाई सिक्न, शिविर व्यवस्थापन तथा विपद् जोखिम व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित सरोकारहरूको बारेमा विश्लेषण र पुनरावलोकन गर्नका लागि सक्षम बनाउने खालका अन्तरक्रियात्मक एवं

सहभागितामूलक क्रियाकलापहरूलाई सहयोग पुऱ्याउनका लागि तयार गरिएका छन् । यी सामग्रीहरू कार्यक्षेत्रको परिवेशका साथै वयस्क सिकारुहरूको विविधतामा अनुकूलनीय, लचक, व्यावहारिक र लागू हुने खालका छन् ।

तल प्रस्तुत गरिएको सामग्री सूचकाङ्कले ६४ वटा सामग्रीहरूको रुपरेखा प्रदान गर्दछ :

| सामग्री वाटूल (Tool) को क्रम सङ्ख्या | सामग्री वा टूल (Tool) को नाम |
|---|---|
| ०१ | मानव विस्थापनको जटिलता र विविधता |
| ०२ | विस्थापित व्यक्तिहरूले कहाँ शरण खोज्ने गर्दछन् ? |
| ०३ | शिविर व्यवस्थापनमा गर्न हुने कुराहरू |
| ०४ | शिविर व्यवस्थापनमा गर्न नहुने कुराहरू |
| ०५ | शिविर व्यवस्थापन गृह |
| ०६ | शिविर जीवन चक्र |
| ०७ | शिविर समन्वय तथा शिविर व्यवस्थापनका टूल (Tool) हरू/सामग्रीहरू |
| ०८ | शिविर समन्वय तथा शिविर व्यवस्थापनको कार्यढाँचा |
| ०९ | शिविर समन्वय शिविर प्रशासन शिविर व्यवस्थापनका सामान्य भूमिकाहरू |
| १० | शिविर समन्वय शिविर प्रशासन शिविर व्यवस्थापनका विशिष्ट क्रियाकलापहरू |
| ११ | संस्थागत विपद् जोखिम व्यवस्थापन कार्यढाँचा नेपाल |
| १२ | कार्यमूलक योजनाको खाका |
| १३ | व्यवस्थापनको पगरी |

| | |
|---|---|
| १४ | सामुदायिक सहभागिताको परिभाषा |
| १५ | मानवअधिकारको विश्वव्यापी घोषणापत्रका धाराहरू |
| १६ | आन्तरिक रुपमा विस्थापित व्यक्ति र शरणार्थी परिभाषाहरू |
| १७ | अन्तर्राष्ट्रिय कानूनी कार्यढाँचा |
| १८ | आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तहरू (अङ्ग्रेजी र नेपाली संस्करणहरू समावेश गरिएको) |
| १९ | विस्थापनको समयका प्रमुख सिद्धान्तहरू |
| २० | विशिष्ट आवश्यकता कार्डहरू |
| २१ | संरक्षणसँग सम्बन्धित घटना |
| २२ | संरक्षण प्याकेज |
| २३ | समन्वयको परिभाषा |
| २४ | समन्वय गृह |
| २५ | सूचना तथा समन्वय चक्र |
| २६ | के को विषयमा जानकारी ? |
| २७ | DTM नेपालको तथ्याङ्क सङ्कलन फारम |
| २८ | सूचना व्यवस्थापनको प्रवाह |
| २९ | विपद्को बारेमा अध्यावधिक |
| ३० | मापदण्डहरू भनेका हुन् ... |
| ३१ | हामीलाई .................. का लागि मापदण्ड चाहिन्छ |

| | |
|---|---|
| ३२ | मापदण्डहरू .......................... का लागि प्रयोग गरिन्छ |
| ३३ | स्फियर हाते पुस्तिका २०११ संस्करणको परिचय (भिडियो) |
| ३४ | स्फियर हाते पुस्तिका |
| ३५ | न्यूनतम मापदण्डहरू र सूचकहरू - शिविरको खाका (भिडियो) |
| ३६ | स्थल छनोट र योजना तर्जूमा गर्नका लागि न्यूनतम मापदण्डहरू र अभ्यास |
| ३७ | झोलामा कागजहरू |
| ३८ | विपद्को परिवेश |
| ३९ | छनोटका लागि उपलब्ध स्थलहरू |
| ४० | आवास वितरण पश्चातको अनुगमन फारम |
| ४१ | दीर्घकालीन समाधानहरूसँग सम्बन्धित निर्देशक सिद्धान्तहरू २८, २९ र ३० |
| ४२ | दीर्घकालीन समाधानहरूको सर्वेक्षण |
| ४३ | लिङ्ग र यौनबीच तुलना |
| ४४ | लैङ्गिक हिंसा |
| ४५ | लैङ्गिक हिंसाका स्वरुपहरू |
| ४६ | लैङ्गिक हिंसा वृक्ष |
| ४७ | लैङ्गिक हिंसाबाट हुने परिणामहरू |
| ४८ | लैङ्गिक हिंसाका जड/प्रमुख कारणहरू |
| ४९ | शिविरमा लैङ्गिक हिंसालाई सघाउने तत्वहरू |

| | |
|---|---|
| ५० | लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्य |
| ५१ | लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य - कार्य पाना |
| ५२ | अन्तर एजेन्सी स्थायी समिति लैङ्गिक हिंसा निर्देशिका |
| ५३ | अन्तर एजेन्सी स्थायी समितिको संगठन संरचना |
| ५४ | कारकहरू |
| ५५ | जनतालाई थप नोक्सानी नपुर्‍याउनुहोस् |
| ५६ | नोक्सानी नपुर्‍याउने उपायका सूची |
| ५७ | नोक्सानी नपुर्‍याउनुहोस् |
| ५८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र समन्वयको ढाँचा |
| ५९ | समन्वय र संचारको पद्दति |
| ६० | विपद् परिदृश्य २ |
| ६१ | सूक्ष्म शिविर |
| ६२ | शिविर स्थापना सूची |
| ६३ | आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको दर्ता फाराम |
| ६४ | हस्तान्तरण सम्बन्धी मार्गदर्शन |

# पाठ्यक्रमको परिचय ०१




IOM • OIM

USAID
FROM THE AMERICAN PEOPLE

# पाठ्यक्रमको परिचय । ६० मिनेट

यस तालीमको उद्घाटन सत्रले सहभागीहरूका लागि प्रेरणा जगाउने तथा आधारभूत पृष्ठभूमि बारे जानकारी प्रदान गर्ने जमर्को गर्दछ । यो सत्र प्रमुख वक्ताको सम्बोधनबाट शुरु हुन्छ । यसले तालीम कार्यक्रमको आयोजना गरिनुको औचित्यमाथि प्रकाश पार्दछ । त्यसपछि सहभागीहरूलाई तालीमको योजना कसरी बनाइएको छ र कार्यशालाको अवधिभर उनीहरू कसरी सहभागी हुने अपेक्षा गरिन्छ भन्ने कुराको छोटकरीमा जानकारी प्रदान गर्दछ ।

## सिकाइका उद्देश्यहरू

यस सत्रको अन्त्य सम्ममा सहभागीहरूलेदेहायकार्यहरू गर्ने छन् :

- तालीममा सक्रिय रुपमा सहभागी हुन प्रेरित हुने छन् ।
- सहभागीहरू तथा सहजकर्ताहरूलाई भेट्ने छन् ।
- तालीमको समग्र संरचना र कार्यसूची बारे जानकारी हासिल गर्ने छन् ।
- तालीमका आधारभूत नियमहरू र विविध सवालहरूका बारेमा जानकारी हासिल गर्ने छन् ।

## मुख्य सन्देश

शिविर समन्वय तथा शिविर व्यवस्थापनले विस्थापनको अवधिमा बसाइको अवस्थामा सुधार गर्नका लागि प्रयास गर्दछ; विस्थापन साइटहरूमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको सहायता र संरक्षण सुनिश्चित गर्दछ र अस्थायी विस्थापनलाई व्यवस्थित तवरले अन्त्य गर्न र साइटहरू बन्द गर्नका लागि टिकाउ समाधानहरू खोज्दछ ।

जुन तरिकाले विस्थापन साइटको स्थापना तथा व्यवस्थापन गरिएको हुन्छ त्यसले मानिसहरूको जीवनको गुणस्तर र बासिन्दाहरूको विपद्पश्चात सामान्यीकरण क्षमतामा प्रभाव पर्दछ

। यस तालीमले तपाईंलाई यी चुनौतीहरू बारे जानकारी हासिल गर्न र सम्बोधन सहयोग गर्नेछ ।

तपाईंले तालीममा ल्याउने अपेक्षाहरू यथार्थपरक छन् र पूरा गर्न सकिन्छ भन्ने कुरा सुनिश्चित गर्न तिनीहरूको पुनरावलोकन गर्नु महत्वपूर्ण हुन्छ ।

| क्रियाकलाप | समय | विवरण | टूल (Tool) हरू | तयारी |
|---|---|---|---|---|
| १<br>उद्‌घाटन तथा परिचय | २० मिनेट | उद्‌घाटन समारोह तथा सहभागीहरू र प्रशिक्षक टोलीहरूको परिचय गर्न । | | |
| २<br>तालीमका लक्ष्य तथा उद्देश्यहरू | १० मिनेट | तालीमको लक्ष्य तथा उद्देश्यहरूमाथि प्रकाश पार्ने जसले गर्दा सहभागीहरूलाई तालीमको मनसाय स्पष्ट हुन्छ । | | - तालीमका लक्ष्य तथा उद्देश्यहरू सम्बन्धी फ्लिपचाट (वा पावरप्वाइन्ट) तयार गर्ने । |
| ३<br>कार्यसूचीको पुनरावलोकन | १० मिनेट | तालीमको कार्यसूचीर तालीम सत्रको विषयवस्तुलाई संक्षिप्त रुपमा व्याख्या गर्दै पुनरावलोकन तथा सहभागीहरूबाट सोधिने सम्भावित प्रश्नहरूको उत्तर दिने । | | - ह्यान्ड्‌आउट दिनका लागि कार्यसूचीवितरण गर्नका लागि यसको ह्यान्ड आउट तयार गर्ने ।<br>- कार्यसूचीको पावरप्वाइन्ट स्लाइड तयार गर्ने । |
| ४<br>आन्तरिक व्यवस्थापन तथा आधारभूत नियमहरू | २० मिनेट | सहभागीहरूसँग संयुक्त रुपमा आधारभूत नियमहरू तय गर्ने, तालीमबाट सहभागीहरूका अपेक्षाहरू थाहा पाउने, तालीमको विकाससँग सम्बन्धित (parking lot) र यसको प्रयोग, र विविध सवालहहरूको व्याख्या गर्ने । | | - आधारभूत नियमहरू, अपेक्षाहरू र पार्किङ्ग लटका लागि फ्लिपचार्ट तयार गर्ने । |

## क्रियाकलाप १

### उद्घाटन तथा परिचय

- प्रमुख वक्तालाई आफ्नो उद्घाटन मन्तव्यको लागि समय दिनुहोस् । उद्घाटन सत्र सम्पन्न भइसकेर मर्यादा क्रमअनुसारका सबै चरणहरू पूरा भइसकेपछि कुनै गन्यमान्य अतिथिले जान चाहेमा त्यस्तो माहोलका लागि छोटो सत्रान्त (ब्रेक) दिनुहोस् ।
- उद्घाटन सत्र सम्पन्न भइसकेपछि सहभागीहरूलाई आफ्नो नाम, संस्था, पद र तालीमबाट आफ्ना अपेक्षा सहित परिचय दिन र आफ्नो बारेमा कुनै असामान्य/फरक कुरा बताउन लगाउनु होस् । तपाईंले शिविरको समन्वय तथा शिविर व्यवस्थापनसम्बन्धी उनीहरूको अनुभवका बारेमा प्रश्न पनि थप्न सक्नुहुन्छ ।
- विकल्पको रुपमा तपाईंले सहभागीहरूलाई आफ्नो छेउमा बस्ने व्यक्तिको परिचय माथी अनुरोध गरेकै बेहोरामा दिन लगाउनु होस् । यसले सहभागीहरूबीच चाँडै अन्तरक्रिया गर्ने अवसर प्रदान गर्दछ ।
- प्रशिक्षकहरूले आफ्नो परिचय आफैं वा प्रशिक्षक समूह कुनै सदस्यले माथि सहभागीहरूलाई अनुरोध गरिएकै बेहोरामा परिचय दिनु पर्दछ ।

## क्रियाकलाप २


### तालीमको लक्ष्य तथा उद्देश्यहरू

- "शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीमको लक्ष्य" शीर्षकको फ्लिपचार्ट (वा पावर प्वाइन्ट स्लाइड) देखाउने ।
- तालीमबाट अपेक्षा गरेका लाभहरूको रुपरेखा तयार गर्ने : सम्बन्धित विषयको साझा बुझाइ, भूमिका तथा जिम्मेवारीको विषयमा स्पष्ट जानकारी, विद्यमान अभ्यास र मुख्य टूलहरूको पहिचान तथा जानकारी आदानप्रदान र सुधारका सम्भावित क्षेत्रहरूको बारेमा चेतना दिने ।
- "शिविरको समन्वय तथा शिविर व्यवस्थापन तालीमको उद्देश्य" शीर्षकको फ्लिपचार्ट (वा पावर प्वाइन्ट स्लाइड) देखाउने ।
- तालीमका उद्देश्यहरू ठूलो स्वरमा पढेर सुनाउनु होस् वा कुनै एकजना सहभागीलाई पढ्न लगाउनुहोस् । कुनै प्रश्नहरू भएमा स्पष्ट पार्नुहोस् ।



**तालीमको लक्ष्य**

शिविर समन्वय तथा शिविर व्यवस्थापनकर्मीहरूका क्षमता अभिवृद्धि गरि प्रभावकारी रुपमा शिविर प्रतिक्रिया गर्ने र त्यस क्षेत्रमा गुणस्तर बढाउन योगदान गर्ने ।




**तालीमका उद्देश्यहरू**

- शिविर समन्वय तथा शिविर व्यवस्थापनको अन्तर्राष्ट्रिय मापदण्ड, सिद्धान्तहरू र दृष्टिकोणहरू अनुरुप सहयोग र संरक्षण परिभाषा गर्ने ।
- शिविर व्यवस्थापन आयोग, शिविर समन्वय आयोग, शिविर प्रशासकहरू र नेपालका राष्ट्रिय सुरक्षा एकाइहरूको भुमिका तथा जिम्मेवारीहरू पहिचान गर्ने ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापनको क्षेत्रमा शिविर समन्वय तथा शिविर व्यवस्थापन टूलहरू अभ्यास गर्ने ।
- शिविर जीवनचक्रको हरेक चरणमा शिविर समन्वय तथा शिविर व्यवस्थापनका गतिविधिहरू पहिचान गर्ने र दीर्घकालीन समाधानहरू कसरी खोजेर जोड्न सकिन्छ भनेर बुझ्ने ।

## क्रियाकलाप ३

## कार्यसूचिको पुनरावलोकन




तालीमको कार्यसूचि

- "तालीमको कार्यसूचि" शीर्षकको फ्लिपचार्ट (वा पावर प्वाइन्ट स्लाइड) देखाउनुहोस् ।
- सहभागीहरूलाई उनीहरूको फाइलबाट कार्यसूचीनिकाल्न लगाउनुहोस् ।
- परिवेशको सन्दर्भलाई जोड दिंदै कार्यसूचिको बारेमा कुरा गर्नुहोस् । छलफल र क्रियाकलापहरूले कोर्सको बारेमा विस्तृत आधार प्रदान गर्ने कुराको व्याख्या गर्नुहोस् । क्रियाकलापहरू सामान्य भएको हुनाले सहभागीहरूलाई यसमा व्याख्या गरिएका स्थितिहरू सहभागीहरूका विशेष सवाल र चुनौतीहरूसँग कसरी मिल्दोजुल्दो छन् भनेर प्रतिविम्वन गर्न प्रोत्साहित गर्नुहोस् ।
- तालीम ज्यादै सहभागितामूलक छ र सहभागीहरू र प्रशिक्षकहरूले आफ्ना असल अभ्यासहरू र सिकेका पाठहरू बताउने अपेक्षा गरिएको छ भन्ने कुराको व्याख्या गर्नुहोस् ।
- कार्यसूचिसम्बन्धी केही प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।


## क्रियाकलाप ४

## विविध सवालहरू र आधारभूत नियमहरू



आधारभूत नियमहरू

- सफा फ्लिपचार्ट प्रयोग गर्नुहोस् र सहभागीहरूलाई यदि उनीहरूले तालीम अवधिभर हेर्न चाहन्छन् भने आधारभूत नियमहरूको सूची बनाउन लगाउनुहोस् । फ्लिपचार्टमा सहभागीहरूका सुझावहरू लेख्नुहोस्, र सबै सहभागीहरूको सहमतिसहित सूची परिमार्जन गर्नुहोस् । मोवाइल फोनको उचित प्रयोग, हाजीरी, समयको पालना, सबैको योगदानको कदर गर्ने आवश्यकता कुराहरू सहभागीहरूले नउठाएको खण्डमा तपाईंले व्यक्त गर्नुहोस् । वैकल्पिक रुपमा तपाईंले एक वा दुईजना सहभागीलाई यसको नेतृत्व गर्नका लागि अनुरोध गर्न सक्नु हुन्छ - एकजनाले समूहलाई नियमहरूको बारेमा सोध्ने र अर्कोले त्यसको सूची फ्लिपचार्टमा लेख्ने । "आधारभूत नियमहरू" लेखिएको फ्लिपचार्ट सबै सहभागीहरूले देख्नेगरी टाँस्नुहोस् ।



सहभागीहरूको अपेक्षाहरू

- प्रत्येक सहभागीलाई तालीमबाट आफ्ना अपेक्षाहरू "पोस्ट-इट" मा लेखेर कोठाको एउटा भित्तामा भएको अपेक्षाहरूको फ्लिपचार्टमा टाँस्न लगाउनुहोस् । यसका लागि ३ मिनटको समय दिनुहोस् । सबै सहभागीहरूले आफ्ना अपेक्षाहरू भएको पोस्ट-इट्स फ्लिपचार्टमा टाँसीसकेपछि केही पोस्ट-इट्सबाट ठूलो स्वरमा पढेर उनीहरूका अपेक्षाहरूको शीघ्र पुनरावलोकन गर्नुहोस् ।
- "पार्किङ्ग लट" (Parking Lot) फ्लिपचार्ट देखाउनुहोस् र यो तालीम अवधिमा उठ्नसक्ने प्रश्नहरू संग्रह गर्नका लागि प्रयोग गरिने कुराको व्याख्या गर्नुहोस् । पार्किङ्ग लटमा संग्रह गरिएका प्रश्नहरूको उत्तर दिइने छ भन्ने कुरामा सहभागीहरूलाई आस्वस्त पार्नुहोस् । छलफलमा तालीमको शीर्षक/मोड्यूलसँग असम्बन्धित प्रश्नहरू उठेमा वा ती प्रश्नहरूको जवाफ दिंदा समग्र सत्र तथा कार्यसूचिमा ढिलो हुन सक्ने भएमा त्यस्ता प्रश्नहरूलाई पार्किङ्ग लटमा राखिनु पर्दछ । "पार्किङ्ग लट" फ्लिपचार्ट सबै सहभागीहरूले देख्नेगरी पर्खालमा टाँस्नुहोस् ।

- विविध विषय वा प्रशासकीय सवालहरूको सम्बोधन गरीदेहायकुरा समूहलाई जानकारी दिनुहोस् :
  आवास, सुविधाहरूको लेआउट र ढाँचा, शौचालय र अन्य सुविधाहरू कहाँ अवस्थित छन्, खाना र ब्रेकमा चियापान कहाँ वितरण गरिन्छ, अन्य सम्बन्धित बन्दोवस्तीको बारेमा जानकारी ।

पार्किङ्ग लट





# ०२ शिविरको समन्वय र शिविर व्यवस्थापनको परिचय

IOM • OIM

USAID
FROM THE AMERICAN PEOPLE

# शिविरको समन्वय तथा शिविर व्यवस्थापनको परिचय । पृष्ठभूमी जानकारी

भूकम्प, बाढि वा पहिरोजस्ता प्राकृतिक विपद्हरूले अकस्मात मानव विस्थापन निम्त्याउने हुँदा संरक्षण र सहयोगका आवश्यकताहरू उत्पन्न हुन्छन् । प्राकृतिक विपद्का कारणले मानिसहरू आफू बसोबास गरिरहेको घर वा स्थान छोड्न बाध्य भई देशको सीमाभित्रै रहिरन्छन् भने उनीहरूलाई आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू भन्ने गरिन्छ ।

विस्थापनमा रहेको अवधिमा मानिस तथा समुदायले आफ्ना आधारभूत आवश्यकताप्रति पहुँच गुमाउने जोखिम हुन्छ ।

---

विस्थापित व्यक्तिहरूले झेल्नुपर्ने अवरोधहरू :

- विस्थापित समुदायहरूले आफ्ना घरहरू गुमाउने सम्भावना रहन्छ जसको परिणामस्वरुप उनीहरूले कहिंकतै आवास वा आश्रय खोज्नुपर्ने हुन्छ । केही मामिलाहरूमा, उनीहरू अस्थायी विस्थापन स्थलहरू वा आश्रयस्थलहरूमा आश्रय लिन बाध्य हुन सक्दछन् जसले संरक्षणसम्बन्धी विभिन्न जोखिमहरू निम्त्याउन सक्दछ ।
- विस्थापनको अवधिमा मानिसहरूले आफ्नो जमिन तथा अन्य सम्पत्तिमाथिको पहुँच गुमाउन सक्दछन् र उनीहरू आफ्नो सामान्य जिविकोपार्जन र आम्दानीको स्रोतहरूबाट टाढिन पुग्दछन् । यसको परिणामस्वरुप, उनीहरूले गरिबी, सिमान्तकृत, शोषण र दुर्व्यवहारको सामना गर्नुपर्ने हुनसक्छ ।
- विपद्को बेला शुरुमा पर्याप्त खानेकुरा, सुरक्षित खानेपानी र सार्वजनिक सेवाहरूमा पहुँच नहुनु स्वाभाविक हो । विद्यालयहरू बन्द हुन सक्दछन् र औषधोपचार र अस्पतालका सेवाहरू प्राप्त गर्ने कुरा असम्भव हुन सक्दछ । यदि विस्थापनको अवस्था लम्बिएमा यी समस्याहरूबाट उत्पन्न हुने परिणामहरूमा बढ्दो भोकमरी, कुपोषण र अस्वस्थता हुन् ।
- विस्थापनको अवधिमा परिवार र समुदायको संरचना प्रायः टुट्न सक्दछ र परिवारका सदस्यहरू अलग्गिन पुग्दछन् । बिछोडिएका बालबालिकाहरू, एकलमूली भएका परिवारहरू (विशेषगरी महिला वा बालबालिका घरमूली भएका), वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरूले यौन शोषण र बाल श्रम लगायतका दुर्व्यवहारका उच्च जोखिमको सामना गर्नुपर्ने हुन सक्दछ ।
- विस्थापनको समयमा आफ्नो पहिचान खुल्ने कागजपत्रहरू बारम्बार हराउने वा नष्ट हुने गर्दछन् वा जफत गरिन्छन् । यसको परिणामस्वरुप, आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूले शिक्षा वा स्वास्थ्य सेवाजस्ता सार्वजनिक सेवाहरूमा पहुँच प्राप्त गर्न कठिनाइको सामना गर्नुपर्ने हुन्छ वा जमिन लगायतका गुमाएको सम्पत्ति पुनर्प्राप्ति गर्नका लागि कठिनाइको सामना गर्नुपर्ने हुन्छ ।

आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको संरक्षणका लागि हातेपुस्तिका विश्वव्यापी संरक्षण क्लस्टर कार्य समूह २०१० बाट ग्रहण गरिएको ।


---

## शिविरका प्रकारहरू र शिविरजस्तो स्थापना

विस्थापित व्यक्तिहरूले विस्थापनसँग सम्बन्धित विभिन्न अस्थायी समाधानहरूको चयन गर्ने गर्दछन्। धेरैजसो व्यक्तिहरू आतिथ्यता प्रदान गर्ने समुदायमा आफ्ना नातेदारहरू, साथीभाईहरू वा छरछिमेकीहरूको घरमा बस्ने गर्दछन्। सामर्थ्य भएका विस्थापित परिवारहरूले घर भाडामा लिन सक्दछन्। कहिलेकाहीँ, सरकारी वा केही गैरसरकारी निकायहरूले उनीहरूलाई सस्तो घरभाडामा आवास प्रदान गरेर पनि सहयोग गर्दछन्।

शिविरहरू र शिविरखाले स्थापनाहरूले विस्थापन सम्बन्धी टिकाउ समाधान नदिने भएको हुनाले संरक्षण र सहयोगका लागि अन्तिम उपायको रुपमा मात्र प्रयोग गरिनु पर्दछ। शिविरको समन्वय तथा शिविर व्यवस्थापनले शिविर स्थापनाको पक्षमा वकालत गर्दैन भने यसले कहिलेकाहीँ शिविरहरूमात्र अस्थायी आवस र प्राकृतिक विपद् र द्वन्द्वहरूबाट प्रभावित भइ भाग्न बाध्य भएकाहरूको संरक्षणको लागि हुन् भन्ने कुराको पहिचान गर्दछ।

शिविरको समन्वय र शिविर व्यवस्थापन क्लस्टरले तल चित्रमा देखाइएजस्तो ४ प्रकारका शिविरहरू र शिविरजस्ता आश्रयस्थलको वर्गीकरण गर्दछ :



- योजनावद्ध रुपमा निर्मित शिविरहरू : योजनावद्ध शिविरहरू भनेको विस्थापित जनसङ्ख्याले योजनावद्ध रुपमा निर्माण भएका स्थलहरूमा आवास सुविधा प्राप्त गर्दछन् र यहाँ सेवासम्बन्धी पूर्वाधार उपलब्ध हुन्छ र दैनिक उपभोगका सामग्रीहरूको वितरण हुन्छ ।
- आफैं बस्ती बसाइएका शिविरहरू : सरकार र मानवीय सहायता उपलब्ध गराउने समुदायको सहयोग बिना पनि विस्थापित समूहहरू शिविरमा बसोबास गर्न सक्दछन् । कहिलेकाहीँ स्वत:स्फूर्त स्थल भनेर चिनिने आफैं बस्ती बसाइएका शिविरहरू राज्यको स्वामित्व भएको निजी वा सामुदायिक जमिनमा बस्ती बसाइएको हुन्छ । यस्तो जमिन सामान्यत: जमिनको प्रयोग र पहुँचमा सीमित सम्झौता गरी प्राप्त गरिएको हुन्छ ।
- ट्रान्जिट शिविर र रिसेप्सन केन्द्रहरू : ट्रान्जिट शिविर र रिसेप्सन केन्द्रहरूले विस्थापित व्यक्तिहरूका लागि उपयुक्त, सुरक्षित, दीर्घकालीन शिविरमा स्थानान्तरण नगरुन्जेल वा शिविर सञ्चालनको अन्त्यमा फिर्ति केन्द्रको रुपमा अस्थायी आवास प्रदान गर्दछन् । रिसेप्सन शिविरहरू सामान्यत: मध्यकालीन वा अल्पकालीन रुपमा स्थापना गरिएका हुन्छन् ।
- सामूहिक केन्द्रहरू : विस्थापित जनसङ्ख्यालाई राख्नको लागि भइरहेका भवनहरूको प्रयोग गरिन सक्दछ । यस्ता भवनहरूका उदाहरणहरूमा विद्यालय, ब्यारेक, सामुदायिक हल, खेलकूद स्थलहरू, गोदाम, प्रयोगविहीन कारखानाहरू, निर्माणाधिन भवनहरू पर्दछन् ।
- शिविर र शिविरखाले आश्रयस्थलहरू अस्थायी स्थान भएको हुनाले सहयोग र संरक्षणका लागि अन्तिम उपायको रुपमा मात्र स्थापित गरिनु पर्दछ ।

### शिविरको समन्वय र शिविर व्यवस्थापनका लक्ष्यहरू निम्नबमोजिम छन् :

- विस्थापनको अवधिमा जिउने अवस्थाहरूमा सुधार गर्ने;
- विस्थापन स्थलहरूमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूका लागि सहयोग र संरक्षण सुनिश्चित गर्ने;
- शिविर जीवनको अन्त्य गर्न टिकाउ समाधानहरूको खोजी गर्ने र शिविर बन्द र बहिर्गमन गर्ने व्यवस्था गर्ने ।

### शिविर व्यवस्थापनका चारवटा अवयवहरू

**शिविर व्यवस्थापन** भनेको शिविरमा बसोबासगर्ने व्यक्तिहरूका लागि **अन्तर्राष्ट्रिय कानून र मापदण्ड** अनुरुप **सहयोग र संरक्षण** प्रदान गर्ने समुदायका हरेक सदस्यले शिविरको क्रियाकलापमा **सहभागी** हुने अवसर प्राप्त गरेको छ भन्ने बारेमा हो ।

संरक्षणलाई यसरी परिभाषित गरिएको छ :

विस्थापित व्यक्तिहरूका मानव अधिकारहरूको सम्मान गर्नका लागि योगदान पुर्‍याउने सबै क्रियाकलापहरू ।

संरक्षण क्रियाकलापहरूले विस्थापित जनसङ्ख्याको **भौतिक सुरक्षा** (हानि बिरुद्धको संरक्षण); **कानूनी सुरक्षा** (न्याय तथा जन्म दर्ता प्रमाणपत्र, परिचयपत्रजस्ता कागजातहरूमा पहुँच); र **सरसामग्रीहरूको सुरक्षा** (आधारभूत सामग्री र सेवाहरूमा समान पहुँच) मा पहुँच छ भन्ने कुरा सुनिश्चित गर्दछन् ।

सहयोग/सेवाहरू

आवास, खाना, पानी, शिक्षा, गैरखाद्य सामग्री र स्वास्थ्य लगायतका विस्थापित व्यक्तिहरूका आधारभूत आवश्यकताहरू पूरा गर्नका लागि योगदान पुर्‍याउने सबै क्रियाकलापहरू पर्दछ । विस्थापनका कारण उत्पन्न आवश्यकता अनुरुप सहयोग र सेवा वितरण आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको जीवनलाई मर्यादाका साथ सम्मान गर्नका लागि आवश्यक हुन्छ । सहयोग र सेवा वितरण प्राय: हरेक क्षेत्रमा विभाजन गरिएको हुन्छ, जस्तै, स्वास्थ्य, शिक्षा, खाद्यान्न, पानी, सरसफाइ आदि ।

यस तालीम प्याकेजमा सहयोग वा सेवाहरूको क्षेत्रलाई गहन रुपमा समेटिएको छैन् । शिविर व्यवस्थापन पुस्तिका (टूलकिट्स)ले शिविरहरूमा प्रदान गरिने सहयोग र सेवाहरूका विभिन्न क्षेत्रहरूको बारेमा थप सन्दर्भ र अतिरिक्त जानकारी प्रदान गर्दछ ।

सहभागिता

छलफल, निर्णय प्रक्रिया र शिविरको दैनिक जीवनसँग सम्बन्धित क्रियाकलापहरूमा बासिन्दाहरूको सक्रिय सहभागिताका लागि योगदान पुऱ्याउने सम्पूर्ण क्रियाकलापहरू पर्दछ । जब समुदाय शिविरको दैनिक जीवनसँग सरोकार राख्ने क्रियाकलापहरू, छलफल, निर्णय प्रक्रियामा सक्रिय रुपमा सहभागी र परिचालित हुन्छ अनि हामी भन्न सक्दछौंकी **समुदायको सहभागिता**मा वृद्धि भइरहेको छ ।

अन्तर्राष्ट्रिय कानून र मापदण्डहरू

मापदण्डहरूले न्यूनतम स्तरको सेवा प्रदान र संरक्षणका लागि मार्ग निर्देश गर्दछन् । यिनीहरूको विश्वव्यापी रुपमा प्राकृतिक विपद्हरूबाट प्रभावित व्यक्तिहरूलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको सम्मान गर्ने संयन्त्रका रुपमा व्याख्या गरिएका छन् । मापदण्डहरू मानवअधिकारहरूका व्यावहारिक अभिव्यक्ति हुन् । तिनीहरूले मानवअधिकारहरूको वस्तुनिष्ठ प्रयोगका लागि मार्ग निर्देश गर्दछन् ।

## शिविरको जीवनचक्र

सामान्यतः शिविर जीवनचक्रका तीनवटा फरक तर स्पष्ट रुपमा एकअर्कामा आबद्ध आयामिक चरणहरू छन् । शिविरको जनसङ्ख्याका आवश्यकताहरू र क्रियाकलापहरू प्रत्येक चरणमा परिवर्तन हुने गर्दछन् ।

योजना तर्जूमा तथा निर्माण

शिविर बन्द र टिकाउ/दीर्घकालीन समाधानहरूका साथै राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा शिविरको समापन (बहिर्गमन) तथा स्थायी समाधानका साथै रणनीतिहरूलाई मध्यनजर गर्दै योजना तर्जूमा र निर्माण कार्यमा विस्थापनभन्दा अघि र विस्थापनका बखत संलग्न हुन्छ । यो विस्थापित समुदायको शिविरमा आगमनसँग सम्बन्धित प्राविधिक र सामाजिक क्रियाकलापहरूको पहिचान गर्ने कुरासँग अन्तर्निहित हुन्छ ।

जुन तरिकाले शिविरको योजना तर्जूमा गरिएको छ र शिविर निर्माण गरिएको छ यसले विस्थापित समुदायको स्वास्थ्य, हित र संरक्षणका साथै दैनिक क्रियाकलापलाई व्यवस्थापन गर्ने क्षमता र समुदायको सहभागिताअभिवृद्धि गर्ने कुरामा प्रभाव पार्दछ । शिविरको योजना तर्जूमा र निर्माणका चरणमा समावेश हुने कुराहरूमा आवास तथा सयन सुविधा; सरसफाइ सुविधा (शौचालय, स्नान र कुनैबेला लुगाधुने स्थानहरू); पाक स्थल, फोहोरमैला प्रतिस्थापन स्थल र मनोरन्जन स्थलहरू पर्दछन् । यस चरणमा विस्थापित जनसङ्ख्याको दर्ता र विशेष आवश्यकताभएका व्यक्तिहरूको पहिचान पनि पर्दछन् । यो प्रारम्भिक चरणमा सहभागितामूलक सामुदायिक परिचालन संरचना र संयन्त्रहरूको पहिचान, योजना तर्जूमा गरी स्थापित गरिनु पर्दछ । यो शुरुबाटै बहिर्गमनका लागि योजना तर्जूमा भएको र शिविर बन्दगर्ने रणनीतिहरूका लागि पनि महत्वपूर्ण हुन्छ । सबै योजनावद्ध निर्मित शिविरहरू बन्द गर्नका लागि राष्ट्रिय नीतिहरू र सम्झौताहरू अनुरुप राम्रो अवधारणा भएको र बहिर्गमन रणनीति तर्जूमा गर्नु पर्दछ । तथापि, शिविरहरू प्रायः अनायास र पूर्व योजना बिना निर्माण गरिनुपर्ने अवस्था सिर्जना हुने हुनाले अझ बढि गतिशील तवरले रणनीतिहरू तय गर्नुपर्ने आवश्यकता सिर्जना गरेको छ । तसर्थ, शिविर योजना तर्जूमा चरणको एउटा महत्वपूर्ण अवयव भनेको न्यूनतम मानवीय मापदण्डहरू पूरा नगर्ने स्वतःस्फूर्त शिविरहरूमा सुधार गर्नुपर्ने आवश्यकता हुन्छ

## रेखदेख तथा मर्मतसम्भार

रेखदेख तथा मर्मतसम्भार यस्तो चरण हो जुनबेला समुदाय शिविरमा बसोबास गरिरहेको हुन्छ र त्यस शिविरलाई व्यवस्थित सञ्चालन गर्न र पूर्वाधारको मर्मतसम्भार (सम्भावित विस्तार) गर्नुपर्ने आवश्यकता पर्न सक्दछ । यस चरणमा सरोकारवालाहरूको क्षमताले भ्याएसम्म शिविरका सामाजिक पक्षहरूको विकास, सहयोग र परिचालन आवश्यक हुन्छ । यसका अतिरिक्त, शिविरमा क्रियाकलापहरू नियमित रुपमा सञ्चालन भइरहेका हुन्छन् । यदि विस्थापन लम्बियो र बन्द गर्नका लागि दीर्घकालीन समाधान सजिलै पहिचान र कार्यान्वयन भएन भने यो चरण सबभन्दा लामो र कठिन हुन सक्दछ ।

शिविरका दैनिक क्रियाकलापहरूमा आवास, शौचालय, पाकशाला, फोहोर मैला प्रतिस्थापन, ढलहरू, सडक र गोरेटो बाटोहरूको मर्मतसम्भार पर्दछन् । विस्थापित जनसङ्ख्याको संरक्षणसम्बन्धी आवश्यकताहरूको अनुगमन गर्नका लागि नव आगन्तुक र फिर्ती भएका विस्थापित व्यक्तिहरूको अभिलेख राख्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

बासिन्दाहरूले शिविरको व्यवस्थापनमा सक्रियताका साथ योगदान पुर्‍याउनुका साथै शिविरको जीवनसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी हुनु पर्दछ ।

## शिविर बन्द गर्ने र दीर्घकालीन समाधान

शिविर बन्द गर्ने र दीर्घकालीन समाधानका लागि विस्थापित समुदायलाई उनीहरूको घर फिर्तिका लागि योजना बनाउनुपर्ने हुन्छ । शिविर बन्द गर्दा आवश्यक पर्ने दीर्घकालीन समाधानहरू योजना तर्जूमा गर्दा र शिविर स्थापना गर्दा पहिचान र अनुगमन गरिएको हुन्छ । शिविर बन्द गर्ने सम्बन्धी जानकारी शिविरको जीवनचक्रका सबै चरणहरूमा शिविरस्थलमा बसोबास गरेका सबैजनालाई नियमित रुपमा प्रदान गर्ने गरिन्छ । यस चरणमा शिविर बन्द गर्ने सम्बन्धी सामाजिक, कानूनी र प्राविधिक क्रियाकलापहरू हुने गर्दछन् ।

शिविर बन्द गर्ने कार्य आश्रय लिने व्यक्तिहरूका लागि दीर्घकालीन समाधान उपलब्ध भइ विस्थापित जनसङ्ख्यालाई शिविरको थप आवश्यकता नपर्ने अवस्थामा मात्र हुनु पर्दछ । विस्थापित जनसङ्ख्याले निम्न विकल्प रोज्न सक्दछ :

आफ्नो घर भएको समुदायहरूमा फिर्ति हुने; पुनर्वास गरिएको स्थानमा समायोजन हुने; वा तेस्रो स्थानमा पुनर्वास लिने ।

दीर्घकालीन समाधानहरूको खोजी गर्नु शिविर बन्द गर्ने योजनाको आवश्यक अंश हो । उदाहरणका लागि, विस्थापित व्यक्तिहरूको फिर्तिको विकल्पबारे जानकारी प्रदान गरेर, र आवश्यकताअनुसार सबभन्दा बढि सङ्कटासन्न अवस्थामा भएका व्यक्तिहरूका लागि फिर्ति हुन सहयोग प्रदान गरेर शिविर बन्द गर्न सकिन्छ । शिविर जीवन चक्रको यस चरणमा मानिसहरूले शिविर छोड्दा उनीहरूको लगत कट्टा गर्नु महत्वपूर्ण हुन्छ । यसका अतिरिक्त, शिविरका लागि छुट्याइएको जमिनको स्थिरता सुनिश्चित गर्न र वातावरण विनाश हुन नदिनका लागि सम्पूर्ण सरसफाई, भौतिक संरचना हटाउने र फोहोर मैलाको उचित प्रतिस्थापन गनुपर्ने कुरा सिफारिस गरिन्छ ।

प्रायजसो शिविरको जीवन चक्रका तीनवटा चरणहरू एकअर्कासँग आबद्ध हुन्छन् र विस्थापनको परिवेश र दीर्घकालीन समाधान निकाल्ने क्षमताअनुसार कुनै चरणको समयावधि फरक पर्न सक्दछ । एउटा चरणको अन्त्य कहिले हुन्छ र अर्को चरण कहिले शुरु हुन्छ सोको परिभाषित गर्न सधैं सम्भव हुँदैन । उदाहरणका लागि, विद्यमान शिविरमा नयाँ विस्थापित व्यक्तिहरू आइरहेको अवस्थामा स्थापना, रेखदेख र मर्मत क्रियाकलापहरू साथसाथै हुन सक्दछन् । यसैगरी, प्रायः विस्थापित व्यक्तिहरू उनीहरूका विशिष्ट अवस्था र आवश्यकताहरू अनुरुप स्वतःस्फूर्त र क्रमिक रुपमा शिविरहरू छोड्ने गर्दछन् । तसर्थ, मर्मत सम्भार क्रियाकलापहरू र शिविर बन्दगर्ने चरणहरू एकैपटक हुने सम्भावना हुन्छ र कहिलेकाहीं औपचारिक योजना तर्जूमा र अनुगमन नगरिकन पनि हुन सक्दछ ।

# शिविर समन्वय तथा शिविर व्यवस्थापन । ९५ मिनेट

यस मोड्यूलले समग्र तालीमको ढाँचा प्रदान गर्दछ । यसले सहभागीहरूलाई विस्थापनको यथार्थता, शिविर व्यवस्थापन भनेको के हो र यसको महत्व, शिविरका प्रकारहरू, शिविरजस्तो स्थापना (विस्थापन स्थलहरू), शिविरको जीवन चक्र र यसका तीनवटा चरणहरू र शिविरको समन्वय तथा शिविर व्यवस्थापन टूलहरूको परिचय दिन्छ ।

## सिकाइका उद्देश्यहरू

सत्रको अन्त्यसम्ममा सहभागीहरूदेहायकुराहरू गर्न सक्षम हुनेछन् :

- मानव विस्थापनको जटिलता र विविधताको व्याख्या गर्न
- विस्थापित समुदायहरूका लागि आश्रयस्थलका विभिन्न प्रकारहरूको वर्णन गर्न
- शिविर व्यवस्थापन भनेको के हो र यो किन महत्वपूर्ण हुन्छ भन्ने व्याख्या गर्न
- शिविर जीवन चक्रको नक्सा बनाउन र तीनवटा चरणहरूबारे छलफल गर्न
- राम्ररी व्यवस्थित पुनर्वास स्थलका अवयवहरू दृष्टिगोचर गर्न
- समूहले शिविरको समन्वय तथा शिविर व्यवस्थापन टूल प्रस्तुत गर्न

## मुख्य सन्देशहरू

- विश्वव्यापी रुपमा हुने गरेको मानव विस्थापन जटिल र विविधतापूर्ण विषय हो र शिविर स्थलको व्यवस्थापनले प्राविधिक र अन्तर्विषयगत क्षेत्रको रुपमा आफ्नो घरहरू र समुदायहरू छोड्न बाध्य भएका व्यक्तिहरूलाई सहायता र संरक्षण प्रदान गर्ने लक्ष्य राख्दछ ।
- शिविरको समन्वय र शिविर व्यवस्थापन आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूका लागि आत्मसम्मानका साथ बाँच्न पाउने आधारभूत मानवअधिकारहरू सम्मान गर्नका लागि विद्यमानरहेको हुन्छ ।
- विस्थापितहरूका लागि व्यवस्थापन गरिएका आश्रयस्थलहरू अस्थायी हुन् र अन्तिम उपायको रुपमा मात्र सहायता र संरक्षणका लागि स्थापित गरिनु पर्दछ ।
- शिविर र सङ्कलन केन्द्रहरू मानव विस्थापनका जड कारणहरू जत्तिकै जटिल र विविधतापूर्ण हुन्छन् ।

- जुन तरिकाले शिविर र शिविरजस्ता आश्रयस्लहरूको व्यवस्थापन गरिएको हुन्छ त्यसको आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको जीवनको गुणस्तर र भावि दीर्घकालीन समाधानहरूमा प्रत्यक्ष प्रभाव पर्दछ ।
- विस्थापन भई आश्रय लिएको स्थलहरूमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको सहायता र संरक्षण सुनिश्चित गर्न र शिविरको जीवनबाट पार पाउनका लागि दीर्घकालीन समाधानहरू खोज्न र शिविर बन्द गरी बहिर्गमनका लागि शिविरको समन्वय र शिविर व्यवस्थापनले विस्थापनका बखत जीवनका अवस्थाहरूमा सुधार गर्ने जमर्को गर्दछ ।

| क्रियाकलाप | समय | विवरण | टूल (Tool) हरू | तयारी |
|---|---|---|---|---|
| १<br>मानव विस्थापन | १० मिनेट | विस्थापनका स्वरुपहरूको परिचय तथा यसको बढ्दो जटिलता र विविधतामा योगदान पुऱ्याउने तत्वहरू/अवयवहरू । | टूल (Tool) ०१ – मानव विस्थापनको जटिलता र विविधता | - उद्देश्यहरूका लागि फ्लिपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने ।<br>- सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| २<br>विस्थापित व्यक्तिहरूले कहाँ शरण खोज्ने गर्दछन् ? | १० मिनेट | विस्थापनका विभिनन अस्थायी समाधानहरू तथा विभिन्न प्रकारका शिविर र शिविरजस्ता आश्रयस्थलहरूको अन्वेषण गर्ने । | टूल (Tool) ०२ “विस्थापित व्यक्तिहरूले कहाँ शरण खोज्ने गर्दछन् ?” - शिविर तथा शिविरजस्ता आश्रयस्थलका प्रकारहरू | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| ३<br>शिविर व्यवस्थापन र शिविर समन्वय तथा शिविर व्यवस्थापनका गर्न हुने र गर्न नहुने लक्ष्यहरू | २० मिनेट | शिविर व्यवस्थापन र शिविर समन्वय तथा शिविर व्यवस्थापनका गर्न हुने र गर्न नहुने लक्ष्यहरूको परिचय तथा सफल शिविर व्यवस्थापनका लागि आवश्यक पर्ने विभिन्न अवयवहरूबारे छलफल । | टूल (Tool) ०३ “शिविर व्यवस्थापनमा गर्न हुने कुराहरू”<br>टूल (Tool) ०४ “शिविर व्यवस्थापनमा गर्न हुने कुराहरू” | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| ४ | ५ मिनेट | विभिन्न देशका शिविर र शिविर जस्ता आश्रयस्थलहरूका तस्विरहरू देखाउने । | पावरप्वाइन्ट “विश्वभरका विभिन्न प्रकारका शिविरहरू तथा आश्रयस्थलहरू” | - |

| | | | | |
|---|---|---|---|---|
| ५<br>शिविर व्यवस्थापन एउटा सर्वाङ्गीण उपागमको रुपमा | २० मिनेट | शिविर व्यवस्थापनका विभिन्न अवयवहरू तथा शिविर व्यवस्थापनमा देखा परेका अन्तरविषयगत सवालहरूको अन्वेषण गर्ने । | टूल (Tool) ०५ "शिविर व्यवस्थापन घर"<br>टूल (Tool) ०३ "शिविर व्यवस्थापनमा गर्न हुने कुराहरू"<br>टूल (Tool) ०४ "शिविर व्यवस्थापनमा गर्न हुने कुराहरू" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने ।<br>- शिविर व्यवस्थापन घरको ठूलो आकारको ढाँचा चित्र कोर्नुहोस् - एउटा पर्खालमा राख्नको लागि । |
| ६<br>शिविरको जीवनचक्र | १० मिनेट | शिविरको जीवनचक्रका तीन चरणहरू तथा प्रत्येक चरणमा कार्यान्वयन गरिने क्रियाकलापहरूको अन्वेषण गर्ने । | टूल (Tool) ०६ "शिविरको जीवनचक्र" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने ।<br>- शिविर जीवनचक्रको ३ चरणका लागि फ्लिपचार्टमा क्रियाकलाप तयार गर्ने । |
| ७<br>शिविर समन्वय तथा शिविर व्यवस्थापनका टूलहरू | १० मिनेट | शिविर व्यवस्थापकलाई सहयोग पुर्‍याउने शिविर समन्वय तथा शिविर व्यवस्थापनका विद्यमान विभिन्न टूलहरूको अन्वेषण गर्ने । | टूल (Tool) ०७ "शिविर समन्वय तथा शिविर व्यवस्थापनका टूलहरू" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने ।<br>- शिविर समन्वय तथा शिविर व्यवस्थापन टूलहरूको प्रदर्शनी तालिका तयार गर्ने । |
| ८<br>समापन | ५ मिनेट | उद्देश्यहरूको परिमार्जन | | |

## क्रियाकलाप १

### मानव विस्थापन - जटिलता र विविधता

- यस सत्रको उद्देश्यहरू भएको फ्लिपचार्ट (वा पावरप्वाइन्ट प्रोजेक्ट स्लाइड) देखाउनुहोस् ।
- तालीमका उद्देश्यहरू ठूलो स्वरमा पढ्नुहोस् वा सहभागीहरूमध्ये एकजनालाई पढ्न लगाउनुहोस् । कुनै प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।
- यो कुराको व्याख्या गर्नुहोस्की अघिल्लो दशकमा मानव विस्थापनद्वारा उत्पन्न विश्वव्यापी ढाँचा र दवावहरू जटिलता र विविधता (र अवधि) दुबै हिसावले वृद्धि भइरहेका छन्, जसले मानवीय समुदायले अभूतपूर्व तवरले प्रतिकार्य गरोस् भन्ने माग गरेको छ (यसमा शिविर व्यवस्थापनको विकास र विधिवत स्थापनको प्राविधिक क्षेत्रको रुपमा र शिविरको समन्वय र शिविर व्यवस्थापन क्लस्टरलाई विश्वव्यापी रुपमा पहिचान सहित समावेश हुन्छ) ।
- **"टूल** (Tool) **०१ - मानव विस्थापनका जटिलता र विविधता"** शीर्षकको (वा परियोजनाको पावरप्वाइन्ट स्लाईड) प्रस्तुत गर्नुहोस् र यसपटक सहभागीहरूसँगसँगै विश्वव्यापी जटिलताहरू र विविधतालाई योगदान पुऱ्याउने विस्थापनका अवस्थाहरूको सूचिको पुनरावलो कन गर्नुहोस् र विस्थापित व्यक्तिहरू र शरणार्थीहरूको बढ्दो सङ्ख्याबीचको तुलनाको पुनरावलोकन गर्नुहोस् ।
- विश्वव्यापी रुपमा हुने गरेको मानव विस्थापन जटिल र विविधतापूर्ण विषय हो र शिविर स्थलको व्यवस्थापनले प्राविधिक र अन्तर्विषयगत क्षेत्रको रुपमा आफ्नो घरहरू र समुदायहरू छोड्न बाध्य भएका व्यक्तिहरूलाई सहायता र संरक्षण प्रदान गर्ने लक्ष्य राख्दछ ।

## क्रियाकलाप २

### विस्थापित व्यक्तिहरूले कहाँ शरण खोज्ने गर्दछन् ?

- मानिसहरूले विस्थापनको विभिन्न प्रकारका अस्थायी समाधानहरू खोज्ने गर्दछन् भन्ने कुराको व्याख्या गर्नुहोस् । अधिकांश मानिसहरू सकेसम्म आतिथ्यता प्रदान गर्ने समुदायमा आफ्ना नातेदारहरू, साथीभाईहरू वा छिमेकीहरूको घरमा बस्ने गर्दछन् । विस्थापित परिवारहरूको आर्थिक हैसियत भएमा उनीहरू घर भाडामा लिएर बस्ने गर्दछन् । कहिलेकाहीँ सरकारी वा केही गैरसरकारी निकायहरूले सस्तो आवास सुविधा प्रदान गरेर सहयोग गर्दछन् ।
- शिविर र शिविरजस्ता स्थलहरूले विस्थापनको अवस्थालाई सम्बोधन गर्ने टिकाउ समाधानहरू प्रदान गर्दैनन् र सहयोग र संरक्षणका लागि अन्तिम विकल्पको रुपमा मात्र स्थापना गरिनु पर्दछ भन्ने कुराको व्याख्या गर्नुहोस् । शिविरको समन्वय र शिविर व्यवस्थापनले शिविरहरूको स्थापना गर्ने कुरामा पैरवी नगर्ने भएकोले यो प्राकृतिक प्रकोप र द्वन्द्वका कारण आफ्नो वासस्थान छोड्न बाध्य भएका व्यक्तिहरूलाई अस्थायी आवासको विकल्पका साथै सहायता र संरक्षण प्रदान गर्ने स्थानको रुपमा चिनिन्छ ।

**उद्देश्यहरू:**

- मानव विस्थापनका जटिलताहरू र विविधताको व्याख्या गर्ने ।
- विस्थापित समुदायहरूका लागि विभिन्न प्रकारका बासस्थानको वर्णन गर्ने ।
- शिविर व्यवस्थापन भनेको के हो र यो किन महत्वपूर्ण छ भनेर व्याख्या गर्ने ।
- शिविर जीवन चक्रको चित्र बनाउने र यसका तीन चरणहरूको बारेमा छलफल गर्ने ।
- सुव्यवस्थित पुनर्वास स्थलका अवयवहरूको दृष्टिगत गर्ने ।
- समूहका अगाडी शिविर समन्वय तथा शिविर व्यवस्थापनको टूलहरू प्रस्तुत गर्ने ।

**टूल** (Tool) **०१ - "मानव विस्थापनका जटिलता र विविधता"**

- आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू तथा शरणार्थीहरू
- शहरी र ग्रामीण
- प्राकृतिक प्रकोप /विपद्
- दीर्घकालीन /दीर्घ परिवेश
- राष्ट्रिय प्रतिकार्य क्षमता
- रोकथाम, समाधान, पूर्वतयारी (भैपरी योजना )
- मिश्रित प्रवाह
- विस्थापित जनसङ्ख्याको आवागमनमा वृद्धि

टूल (Tool) ०१ मानव विस्थापनको जटिलता र विविधता

- सहभागीहरूलाई नेपालीहरूले विस्थापनको अवस्थामा सबभन्दा बढि अवलम्वन गर्ने साझा/सामान्य अस्थायी समाधानहरू के हुन् भन्ने कुरा सोध्नुहोस् । छलफललाई प्रवर्द्धन गर्नुहोस् र नेपालमा सहभागीहरूको अनुभवका आधारमा विस्तृत उदाहरणहरू प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिविरको समन्वय र शिविर व्यवस्थापन क्लस्टरले ४ प्रकारका शिविरहरू र शिविरजस्ता स्थापनाको फरक छुट्याउने कुराको व्याख्या गर्दछ । **टूल** (Tool) ००२ **"विस्थापित व्यक्तिहरूले कहाँ शरण खोज्ने गर्दछन् ?** - शिविरका प्रकार र शिविरजस्तो स्थापना" (वा परियोजनाको पावरप्वाइन्ट स्लाइड) वितरण गर्नुहोस् । व्यक्तिगत रुपमा पढ्ने अवसर प्रदान गर्नुहोस् र प्रश्नहरूलाई प्रष्ट पार्दै सहभागीहरू सँगसँगै सूचीसंशोधन गर्नुहोस् ।
- शिविर र शिविरजस्ता स्थापनाहरू अस्थायी स्थलहरू हुन् र सहयोग र संरक्षणको प्रावधानका लागि अन्तिम उपायको रुपमा मात्र तिनीहरूको स्थापना गरिनु पर्दछ भन्ने कुरा उल्लेख गर्दै समापन गर्नुहोस् ।

## क्रियाकलाप ३


### शिविरको व्यवस्थापन गर्दा गर्न हुने र गर्न नहुने कुराहरू

- **टूल** (Tool) ०३ **"शिविर व्यवस्थापन गर्दा गर्नुहुने कुराहरू"**, ०४ **"शिविर व्यवस्थापन गर्दा गर्नु नहुने कुराहरू"** शीर्षकका दुईवटा चित्रहरू (वा परियोजनाको पावरप्वाइन्ट स्लाइड) वितरण गर्नुहोस् ।
- सहभागीहरूलाई दुइवटा पुनर्वास स्थलहरूबीचको भिन्नता पहिचान गर्न लगाउनु होस् । यी दुइवटा चित्रहरूमा आधारित भइ छलफल गर्न प्रोत्साहित गर्नुहोस् ।


छलफलका लागि निर्देशक प्रश्नहरू :

- o कुन शिविर बढि सुरक्षित देखिन्छ ? किन ?
- o कुन शिविरले यसमा आश्रित व्यक्तिहरूका लागि आधारभूत सेवाहरू प्रदान गर्नेजस्तो देखिन्छ ? के त्यहाँ पानी, पठनपाठनका लागि विकल्पहरू, स्वास्थ्य सुविधाहरू, आवास, आदि उपलब्ध छन् ?
- o कुन शिविरले समुदायका सदस्यहरूलाई शिविरका क्रियाकलापहरूमा भागलिनका लागि अवसर प्रदान गर्दछजस्तो लाग्दछ ? यस्ता क्रियाकलापहरूमा को सहभागी हुन गइरहेको छ ? यस प्रक्रियामा शिविरका के कस्ता क्रियाकलापहरू देखा पर्दछन् ?
- o कुन शिविरमा विस्थापित व्यक्तिहरू आत्मसम्मान र न्यूनतम स्तरको स्वीकार्य सुविधाका साथ बसेजस्तो देखिन्छ ? कसरी ?
- o कुन शिविरले समुदायका खास सदस्यहरूका आवश्यकताहरूलाई ध्यानमा राख्ने गरकोजस्तो देखिन्छ (जस्तै, वयोवृद्ध) ?
- o कुन शिविरमा राम्रो व्यवस्थापन हुने गरेकोजस्तो देखिन्छ ? किन ? प्रत्येक शिविरमा कसले र कोसँग समन्वय गरेर क्रियाकलापहरूको आयोजना गरिरहेको छ ?


**टूल (Tool) ००२ "विस्थापित व्यक्तिहरूले कहाँ शरण खोज्ने गर्दछन् ?**




**टूल (Tool) ०३ "शिविर व्यवस्थापन गर्दा गर्नुहुने कुराहरू"**



**टूल (Tool) ०४ "शिविर व्यवस्थापन गर्दा गर्नु नहुने कुराहरू"**




- उनीहरूले हालै नेपालको आकस्मिक अवस्थामा भएको कुनै अवस्था यी चित्रहरूमा पहिचान गर्दछन् कि भनेर सोध्नुहोस् ? – नेपालका शिविरहरूमा उनीहरूका अनुभवहरू अन्वेषण गर्ने खालका निर्देशक प्रश्नहरूलाई विचार गर्नुहोस् ।


## क्रियाकलाप ४

### सर्वाङ्गीण पद्धतिको रुपमा शिविर व्यवस्थापन

- शिविर व्यवस्थापन गृहको चित्र (**टूल** (Tool) **०५ “शिविर व्यवस्थापन गृह”**) को प्रयोग गरी सहभागीहरूलाई शिविर व्यवस्थापनका मुख्य अवयवहरूलाई उजागर गर्ने अवसर हुनेछ भन्ने कुरा व्याख्या गर्दै शुरु गर्नुहोस् ।
- **टूल** (Tool) **०५ “शिविर व्यवस्थापन गृह”**बाट समुदायको तस्विर (वा परियोजनाको पावरप्वाइन्ट स्लाइड) देखाउनुहोस् । सहभागीहरूलाई यस तस्विरले मानिसहरूको समुदाय र उनीहरूको गतिशील सम्बन्ध तथा चाहनाहरू देखाइरहेको छ भन्नुहोस् ।
- सहभागीहरूलाई समुदाय भन्ने शब्दको बारेमा उनीहरूको बुझाइ के छ भनेर सोध्नुहोस् ? समुदायमा के कुराहरू पर्दछन् ? तस्विरमा कसलाई देखाइएको छ ?
- समुदायभित्र विभिन्न समूह र व्यक्तिहरूबीच विद्यमान रहनसक्ने गतिशील सम्बन्धहरू र चाहनाहरू बारे प्रकाश पार्नुहोस् ।
- समुदायमा पुरुष, महिला, केटा, केटी, बालबालिकाहरू, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरूजस्ता मानिसहरूका विभिन्न समूहहरू पर्दछन् भन्ने कुरालाई ध्यानमा राखी यी समूहहरू र व्यक्तिहरूसँग हुनसक्ने विभिन्न प्रकारका चाहना र प्राथमिकता बारे छलफल गर्न प्रोत्साहित गर्नुहोस्,देहायप्रश्न सोध्नुहोस् ।
- कुन प्राथमिकताहरू र चाहनाहरूबीच विरोधाभाष हुन सक्दछ ? यदि त्यहाँ प्रतिस्पर्धात्मक प्राथमिकताहरू र चाहनाहरू छन् भने तिनीहरूलाई कसरी सन्तुलन गर्न सकिन्छ ?
- शिविर गृहका बाँकी ब्लकहरूका साथ निरन्तरता दिनुहोस्, **टूल** (Tool) **०५ “शिविर व्यवस्थापन गृह”** - प्रत्येक ब्लकका लागि (संर क्षण; सहयोग; सामुदायिक सहभागिता; अन्तर्राष्ट्रिय कानून तथा मापदण्डहरू; शिविर व्यवस्थापन) सहभागीहरूलाई **टूल** (Tool) **०३ “शिविर व्यवस्थापन गर्दा गर्न हुने कुराहरू”**मा तपाईंले अहिले छलफल गर्न गइरहनु भएको ब्लकलाई झल्काउने प्रतिनिधिमूलक दृश्य पत्ता लगाउन भन्नुहोस् ।
- शिविरको समन्वय तथा शिविर व्यवस्थापन गृहको निर्माण भइसकेपछि शिविरलाई राम्ररी व्यवस्थापन गर्नका लागि के कुराहरूको आवश्यकता हुन्छ भन्ने कुरा सोध्नुहोस् ।
- बाझिने खालका सम्भावित आशयहरूसम्बन्धी छलफलको प्रतिविम्वन गरी यिनीहरूको समाधान कसरी गर्न सकिन्छ भनेर छलफल गर्नुहोस् ।

टूल (Tool) ०५ “शिविर व्यवस्थापन गृह”



- सहभागीहरूलाई **टूल** (Tool) **०३ "शिविर व्यवस्थापन गर्दा गर्न हुने कुराहरू", ०४ "शिविर व्यवस्थापन गर्दा गर्नु नहुने कुराहरू"** का दुइवटा छुट्टाछुट्टै चित्रहरूलाई फेरी एकपटक हेर्न भन्नुहोस् ।
- विस्थापनको अन्त्य भइ शिविरमा जीवन बिताउनुपर्ने आवश्यकता नभएपछि दुइवटा समूहहरूलाई के हुनेछ भनेर सहभागीहरूलाई कल्पना गर्न लगाउनुहोस् । सहभागीहरूलाई विस्थापनपछि शिविर छोडेर आफ्नो सामान्य जीवन निर्वाह गर्ने क्रममा विस्थापित जनसङ्ख्याले सामना गरेका सवाल तथा परिवेशहरूमा केन्द्रित हुन लगाउनु होस् ।

**टूल** (Tool) **०३ "शिविर व्यवस्थापन गर्दा गर्न हुने कुराहरू"**

**टूल** (Tool) **०४ "शिविर व्यवस्थापन गर्दा गर्नु नहुने कुराहरू"**

छलफलका लागि निर्देशित प्रश्नहरू :

- o कुन समूहको समग्र स्वास्थ्य राम्रो छ ? सम्बन्धित व्यक्तिको समष्टिगत स्वास्थ्य तथा परिवारको कार्यगत स्वास्थ्य क्षमता र समुदायको संरचनाका आधारमा शारीरिक, संवेगात्मक र मानसिक स्वास्थ्यलाई विचार गर्नुहोस्) ।
- o फिर्ति भइसकेपछि कुन समूहका बालबालिकाहरूले बढि सहजताका साथ शिक्षालाई निरन्तरता दिनेछन् ?
- o फिर्ति भइसकेपछि कुन समूह आफ्नो गृह समुदायहरूको महत्वपूर्ण पक्षहरूको पुनर्निमाणका लागि बढि तयार भएको हुनेछ ?

- सहभागीहरूलाई यस सत्रमा छलफल गरिएका विषयवस्तुलाई ध्यानमा राखी नेपालको यथार्थतालाई प्रतिविम्वन गर्दै क्रियाकलापको समापन गर्नुहोस् ।

## क्रियाकलाप ५

### शिविरको जीवन चक्र

- शिविरको जीवन सधैं परिवर्तनशील र ज्यादै गतिशील हुन्छ भन्ने कुराको व्याख्या गर्नुहोस् । पुनर्वास स्थलका क्रियाकलापहरू र प्रमुख पक्षहरूका भूमिका र जिम्मेवारीहरू जीवन चक्रको हरेक चरणमा परिवर्तन हुने गर्दछन् ।
- शिविरको जीवनका तीन चरणहरू छन् । भूइँमा/जमिनमा तीनवटा ठूला वृत्तहरू कोर्नुहोस् वा **टूल** (Tool) **०६ "शिविरको जीवनचक्र"** पर्खालमा टाँस्नुहोस् (वा पावर प्वाइन्ट स्लाइड देखाउनुहोस्) ।

**टूल** (Tool) **०६ "शिविरको जीवनचक्र**




प्रत्येक वृत्तले शिविरको जीवनचक्रको तीन चरणहरूमध्ये एउटा चरणको प्रतिनिधित्व गर्दछ भन्ने कुरा सहभागीहरूलाई व्याख्या गर्नुहोस् । प्रत्येक वृत्त देहाय अनुसारको हुनेछ :

प्रत्येक वृत्तको बीच भागमा चित्र (डाइग्राम)मा देखाइजस्तै गरी अर्को चरणको चित्र राख्नु अघि अघिल्लो चरणको व्याख्या गर्दै तीनै चरणका चित्रहरू राख्नुहोस् । तल दिइएका निर्देशक बिन्दूहरूको प्रयोग गर्दै सहभागीहरूलाई प्रत्येक चरणको व्याख्या गर्नुहोस् ।

शिविरको योजना तर्जूमा तथा निर्माण:

- o शिविर बन्द गर्ने र दीर्घकालीन समाधानलाई ध्यानमा राखि विस्थापन पूर्व तयारी र योजना तर्जूमा गर्नुका साथै राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा बहिर्गमन रणनीतिहरू अवलम्न गर्ने ।
- o विस्थापित समुदाय शिविरमा आइपुग्ने कुरासँग सम्बन्धित प्राविधिक तथा सामाजिक गतिविधिहरूको पहिचान गर्ने ।

शिविरको रेखदेख तथा मर्मतसम्भार:

- o यस चरणमा विस्थापित समुदाय शिविरमा बसिरहेको हुन्छ र त्यस स्थलको भौतिक पूर्वाधारको मर्मत सम्भार (सम्भावित विस्तार) गर्नुपर्ने आवश्यकता हुन्छ, र सबै सरोकारवालाहरूको क्षमताले भ्याएसम्म शिविरको सामाजिक पक्षको विकास गरिनु पर्दछ, सहयो ग प्रदान गरिनु पर्दछ र परिचालन गरिनु पर्दछ ।
- o यस चरणमा नियमित रुपमा क्रियाकलापहरू भइरहेका हुन्छन् । यदि विस्थापन लम्बियो र शिविर बन्द गर्नका लागि टिकाउ समाधान सजिलै निस्किएन, पहिचान भएन र कार्यान्वयन भएन भने  यो चरण सबभन्दा लामो र शिविर जीवनचक्रको सबभन्दा कठिन चरण हुन सक्दछ ।

शिविर बन्द गर्ने र दीर्घकालीन समाधानहरू:

- o विस्थापित समुदायहरूलाई उनीहरूको घर फिर्तिका लागि तयार गर्ने र योजना बनाउने । शिविर बन्द गर्न सहयोग पुऱ्याउने दीर्घकालीन समाधानहरू शिविरको योजना र स्थापनाको चरणदेखि नै पहिचान गरी अनुगमन गरिएका हुन्छन् र शिविरमा बसोबास गर्ने व्यक्तिहरूलाई शिविर बन्द गर्ने विषयमा शिविर जीवनचत्रका सबै चरणहरूमा नियमित रुपमा जानकारी प्रदान गरिएको हुन्छ।
- o शिविर बन्द गर्नका लागि आवश्यक पर्ने सामाजिक, कानूनी र प्राविधिक क्रियाकलापहरू ।

सबै सहभागीहरूले यी तीनवटा चरणहरू बुझेका हुन्छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस् ।

शिविरको जीवनचक्रका तीनै चरणहरूमा शिविर व्यवस्थापन गृहका चारवटा अवयवहरू लागू हुन्छन् भन्ने कुराको व्याख्या गर्नुहोस् । तथापि, क्रियाकलापहरू र सरोकारवालाहरूका सम्बन्धित भूमिका र जिम्मेवारीहरू समयको आवश्यकता अनुसार सधैं परिवर्तन हुने गर्दछन् ।

## क्रियाकलाप ६

## शिविर समन्वय तथा शिविर व्यवस्थापनका टूलहरू


- विश्वव्यापी रुपमा समुदायहरूको विस्थापनको अवस्थामा कामगर्दा शिविर व्यवस्थापकहरूलाई सहयोग गर्ने धेरै टूलहरू छन भन्ने

कुराको व्याख्या गर्नुहोस् ।

- प्रत्येक टेवलमा कम्तिमा एउटाको दरले **टूल** (Tool) ०७ **“शिविरको समन्वय तथा व्यवस्थापन”** वितरण गर्नुहोस् (वा पावरप्वाइन्ट स्लाइड देखाउनुहोस्), र उनीहरूलाई टूलहरूको अन्वेषण गर्ने अवसर प्रदान गर्नुहोस् ।
- एकपटकमा एउटाको दरले सहभागीहरूलाई सबै टूलहरूको छोटकरीमा व्याख्या गर्नुहोस् तथा कुनै प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।

  सहभागीहरूलाई शिविरको समन्वय तथा शिविर व्यवस्थापनका टूलहरू र प्रकाशनहरूमा प्रस्तुत गरिएका (पहिल्यै तयार गरिएका) विभिन्न प्रकारका टूलहरू पत्ता लगाउनको लागि अनुरोध गर्नुहोस् ।


**टूल** (Tool) **०७ “शिविरको समन्वय तथा व्यवस्थापन”**




# क्रियाकलाप ७

## समापन

- उद्देश्यहरूको पुनरावलोकन गरी सत्रको समापन गर्नुहोस् ।



**उद्देश्यहरू:**

- मानव विस्थापनका जटिलताहरू र विविधताको व्याख्या गर्ने ।
- विस्थापित समुदायहरूका लागि विभिन्न प्रकारका बासस्थानको वर्णन गर्ने ।
- शिविर व्यवस्थापन भनेको के हो र यो किन महत्वपूर्ण छ भनेर व्याख्या गर्ने ।
- शिविर जीवन चक्रको चित्र बनाउने र यसका तीन चरणहरूको बारेमा छलफल गर्ने ।
- सुव्यवस्थित पुनर्वास स्थलका अवयवहरूको दृष्टिगत गर्ने ।
- समूहका अगाडी शिविर समन्वय तथा शिविर व्यवस्थापनको एउटा टूल (Tool) प्रस्तुत गर्ने ।



# भूमिका तथा जिम्मेवारीहरू ०३

सन् २००५ मा मानवीय सुधारको पूर्व सन्ध्यामा आन्तरिक रुपमा विस्थापनको अवस्थामा शिविरको समन्वय तथा शिविर व्यवस्थापनका साझा मापदण्डहरूबारे अपर्याप्त बुझाइ र सहमतिको अभाव थियो । तसर्थ, शिविरको समन्वय तथा शिविर व्यवस्थापनको एउटा प्रमुख उद्देश्य विस्थापितहरूको आश्रय स्थलको व्यवस्थापन तथा मानवीय सहायता प्रदान गर्ने तौरतरिकाका लागि अन्तर्राष्ट्रिय साझेदारहरूलाई मार्गदर्शन गर्नका लागि नीति, निर्देशिका, न्यूनतम मापदण्डहरू र टूलहरू लगायत एउटा प्रभावकारी साझा कार्यढाँचा तयार गर्नु रहेको थियो ।

यस कार्यढाँचाले विस्थापितहरूको आश्रयस्थलको व्यवस्थापनका लागि तीनवटा मुख्य कार्यहरूको पहिचान गऱ्यो : शिविर प्रशासन, शिविर समन्वय र शिविर व्यवस्थापन । यी कार्यहरूलाई ठूला व्यवस्थित सरकारी संस्थाहरू प्रति पूर्ण रुपमा ध्यान नदिए पनि यी तीनवटा कार्यहरूले आकस्मिक प्रतिकार्यलाई बढावा दिनुका साथै विस्थापित जनसङ्ख्याका आवश्यकताहरू पूरा गर्न विभिन्न निकायहरूबीचको जिम्मेवारीबाट शिविरको प्रभावकारी समन्वय र व्यवस्थापनले शिविर व्यवस्थापन प्रतिकार्यलाई कसरी फाइदा पुऱ्याउन सक्दछ भन्ने कुरा प्रकाश पार्दछ ।

**शिविरको प्रशासन** भन्नाले शिविर व्यवस्थापनको समग्र रणनीतिमूलक स्तर र राष्ट्रिय अधिकारीहरू/निकायहरूको प्रमुख भूमिकालाई दर्शाउँदछ । विशेष जिम्मेवारीहरूमा सामान्य सरकारी कार्यहरू पर्दछन्, जस्तैः सुरक्षा, शान्ति सुरक्षा, विस्थापितहरूको आश्रय स्थलहरूमा नागरिकहरूले गर्ने चालचलन कायम राख्ने, आश्रयस्थलहरूमा पहुँचका लागि सहजीकरण, जमिनको सुरक्षा र भोगाधिकार । त्यस्तै अन्य कुराहरूमा जमिनको भोगका कारण उत्पन्न हुने विवादहरूको समाधान, शिविरमा कार्यरत व्यक्तिहरू, समूहहरू र एजेन्सीहरूले गर्ने दाबीबाट जोगाउने, शिविर खालीगर्ने कार्य, पुनर्वास स्थलहरू वा शिविरमा बसोबास गरिरहेका व्यक्तिहरूका लाथि थप विस्थापन हुनबाट जोगाउने र आफ्नो पुरानो बसोबास गरिरहेको गृहबाट बाहिर भएका विस्थापित व्यक्तिहरूका लागि जन्म र मृत्यु प्रमाणपत्रजस्ता कानूनी कागजातहरू जारीगर्ने पर्दछन् ।

**शिविरको समन्वय** भित्रका जिम्मेवारीहरूको लक्ष्य बहु शिविरहरूबीचको सहायतालाई समरुप गर्ने पर्दछन् । समन्वयको मुख्य उद्देश्य शिविरमा बसोबास गर्ने कुनै पनि व्यक्ति वा समूहले असमानुपातिक रुपमा सहायता प्राप्त गर्दैन भन्ने सुनिश्चित गर्नुका साथै प्रतिवेदनको स्तरीय ढाँचा, सूचना सङ्कलन र सेवाका प्रावधानहरूका मापदण्डहरू सुनिश्चित गर्नु हो ।

**शिविर व्यवस्थापन** भन्नाले दैनिक सञ्चालन कार्यहरू भन्ने बुझ्नु पर्दछ । प्रत्येक शिविरमा असल अभ्यासको रुपमा छुट्टाछुट्टै एकएकजना फोकल पर्सन रहनु पर्ने महत्वलाई मान्यता दिइएको छ ।

## राज्यका निकायहरूले विस्थापित जनसङ्ख्यालाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय निकायमा उपलब्ध गराएको सहायता

शिविरमा आश्रय लिइ बसेका विस्थापितहरूको संरक्षण, सहयोग र व्यवस्थापनका लागि राज्यले बाहिरी सहायताका लागि अनुरोध गर्ने वा बाह्य सहयोगमा निर्भर रहनसक्ने भए तापनि यसको प्रमुख जिम्मेवारी राज्यको हो ।

शिविर व्यवस्थापन एजेन्सीको समग्र लक्ष्यहरू विस्थापित जनसङ्ख्यालाई संरक्षण र सहयोग उपलब्ध गराउनु हो । शिविर व्यवस्थापनलाई प्रभावकारी बनाउने तीनवटा प्रमुख अवयवहरू देहाय अनुसार छन् :

- शिविरमा आश्रय लिइरहेका व्यक्तिहरूका आवश्यकताहरूसम्बन्धी दुरुस्त सूचना सङ्कलन गर्ने ।
- सेवा प्रदायकहरूलाई ती आवश्यकताहरू के हुन् भन्ने जानकारी प्रदान गर्नका लागि समन्वय गर्ने ।
- शिविरमा दैनिक क्रियाकलापहरूको समन्वय गर्नका लागि आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूसँग काम गर्ने ।

शिविर व्यवस्थापन एजेन्सीका मुख्य जिम्मेवारीहरू परिवेशअनुसार फरक हुनेछन् र त्यस्ता जिम्मेवारीहरूको सोही अनुरुप व्यवस्थित गरिनु पर्दछ ।

सबभन्दा बढि सङ्कटासन्न विस्थापित जनसङ्ख्यालाई संरक्षण र सहयोगका लागि प्राथमिकता दिइने छ (जस्तैः एकल घरमूली भएको परिवार, वृद्धवृद्धा, बिछोडिएका नाबालकनाबालिकाहरू, बिरामी र अन्य तरिकाले सिमान्तकृत भएका व्यक्तिहरू) ।

प्रभावकारी सहायता प्रदान गर्नका लागि प्रदान गरिएको आधारभूत संरक्षण र सहयोगको प्रकृति र गुणस्तर र अन्य के कस्ता थप आवश्यकताहरू विद्यमान रहन सक्दछन् भन्ने कुराको पुष्टि गर्न तोकिएको प्रत्येक शिविरमा अभिलेखहरू अध्यावधिक राखिएको हुनु पर्दछ ।

## आन्तरिक रुपमा विस्थापित जनसङ्ख्याको सहभागिता

शिविरको दैनिक व्यवस्थापनमा प्रभावित जनसङ्ख्यको सक्रिय सहभागिता स्वामित्वको परिणाम हासिल गर्दछ । यसलाई असल अभ्यासको रुपमा मात्र नलिएर यो आधारभूत मानव अधिकार पनि हो ।

प्रभावित जनसङ्ख्याको सहभागिता विभिन्न स्वरुप र माध्यमको रुपमा आउने गर्दछ । विस्थापित जनसङ्ख्याका सदस्यहरू खाल्डो खनी बनाइएका शौचालयहरू र सरसफाइ सुविधाहरूको जडान र मर्मतसम्भार, पालहरूक जडान गर्ने र मर्मत सम्भार गर्ने, आश्रयस्थलमा ढल निकास, गोरेटो बाटोहरू र सडकहरू, आदिको योजना तर्जूमा र मर्मतसम्भारमा सहभागी हुन सक्दछन् । यसैगरी विस्थापित जनसङ्ख्याको सीपयुक्त र क्षमतावान जनसङ्ख्याले विशेष आवश्यकताहरू भएको व्यक्तिहरूको आवश्यकता पहिचान गर्न, संरक्षण, खानेपानी तथा सरसफाइ, आवास, आदिजस्ता  निर्दिष्ट क्रियाकलापहरूका लागि समुदायमा उपसमूहहरूको स्थापनाका लागि योगदान पुऱ्याउन सक्दछ ।

मानवीय प्रतिकार्यमा संलग्न व्यक्तिहरूलाई सामनागर्ने एउटा खास चुनौती प्रभावित जनसङ्ख्या अधिकारहरूलाई अघि बढाउन, उनीहरूको मर्यादाको सम्मान गर्न र उनीहरूको मनो वैज्ञानिक हित प्रवर्द्धन गर्ने अर्थपूर्ण सहभागितामा अधिकतम वृद्धि गर्ने क्षेत्रमा छ । तथापि, प्रभावित जनसङ्ख्याको सरोकार रहेका कार्यक्रमहरूमा उनीहरूको संलग्नताले विस्थापनभन्दा अघिको “सामान्य” जीवनसँग सम्बन्ध सिर्जना गर्नुका साथै फिर्ति भइसकेपछि अझबढि उत्थानशील जनसङ्ख्या बन्न अग्रसर गराउन सक्दछ ।

शिविर व्यवस्थापन टूलकिटमा निसृत शिविरको समन्वय तथा शिविर व्यवस्थापनको मार्गदर्शनले शिविर जीवनचक्र तीनवटा सबै चरणहरूमा विस्थापित/शिविर समुदायहरूको सहभागिताबाट प्राप्त अन्य सकारात्मक उपलब्धिहरूलाई प्रकाश पार्दछ ।  उदाहरणका लागि, आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू सहितले आश्रयस्थलको स्थापना भइरहेको बखत अझ राम्रो र व्यवस्थित  पूर्वाधार निर्माण गर्न नेतृत्व गर्न सक्दछन् । सोही कुरा शिविर बन्द गर्ने अवस्थामा पनि सत्य साबित हुन्छ किनभने शिविर पूर्वाधार हटाउनका लागि आन्तरिक रुपमा

विस्थापित व्यक्तिहरूको योगदानले बन्दगर्ने प्रक्रियालाई तीव्र गति प्रदान गर्न सक्दछ ।

अन्तरएजेन्सी स्थायी समिति प्रभावित जनसङ्ख्याप्रतिको जवाफदेहिताले कार्यक्रमको कार्यान्वयनलाई सुदृढ गर्नका लागि विशेष टूलहरू विकास गरेको छ । मानवीय सहायतासम्बन्धी संस्थाहरूमा कार्यरत नेताहरूहरूलेदेहायकुराको प्रतिवद्धता जनाएका छन् :

- नेतृत्व/शासनले प्रभावित जनसङ्ख्या कसरी रणनीतिहरूमा समाहित गरिएका छन् र पृष्ठपोषण सुनिश्चित गर्नका लागि समावेश गरिएका छन् भन्ने कुरा प्रदर्शन गर्दछ ।
- पहुँच योग्य र समयबद्ध सूचनामार्फत पारदर्शिता ।
- नीति र अभ्यास उल्लङ्घनका सन्दर्भमा पृष्ठपोषण र सिकायत ।
- निर्णय प्रक्रियामा प्रभावित जनसङ्ख्याले सक्रिय भूमिका खेल्नुपर्ने स्थानमा सहभागिता ।
- प्रभावित जनसङ्ख्याको सहभागितासहित डिजाइन, अनुगमन र मूल्याङ्कन ।

धेरैजसो सरकारहरूले आफ्नो जनसङ्ख्याप्रति सशक्त प्रतिवद्धता जनाइसकेको हुनाले उनीहरूलाई यी सिद्धान्त र टूलहरूको प्रयोग गर्नाले शिविर सञ्चालनमा समरुपता कायम गर्ने एउटा उपाय हुन सक्दछ जहाँ आकस्मिक प्रतिकार्यको अवधिमा सहायता उपलब्ध गराउनका लागि मानवीय समुदाय पनि संलग्न रहेको हुन्छ ।

शिविर व्यवस्थापन एजेन्सीले विस्थापित जनसङ्ख्या तथा राष्ट्रिय, क्षेत्रीय र स्थानीय निकायहरूसँगको साझेदारीमा दैनिक क्रियाकलापहरूको आयोजना गर्न, कार्यान्वयन गर्न र अनुगमनका लागि निर्णायक र मुख्य भूमिका निर्वाह गर्दछ । शिविर व्यवस्थापन एजेन्सीका केही प्रमुख जिम्मेवारीहरू देहाय अनुसार छन् :

- सूचना सङ्कलन र वितरण
- योजना तर्जुमा र मूल्याङ्कन (बहिर्गमन योजनाहरूसहित)
- समन्वयात्मक भूमिका
- अनुगमन
- प्रतिवेदन प्रस्तुति
- साझेदारी स्थापना
- प्रभावित जनसङ्ख्याको सहभागितालाई प्रवर्द्धन गर्ने
- पैरवी

## शिविरको समन्वय तथा शिविर व्यवस्थापनको क्लष्टर पद्धत्ति

क्लस्टरहरू भनेको मानवीय कार्यको प्रत्येक मुख्य क्षेत्रमा काम गर्ने राष्ट्रसंघीय र गैरराष्ट्रसंघीय दुवै खाले मानवीय संगठनको समूह हो । यिनीहरू अन्तरएजेन्सी स्थायी समितिद्वारा तोकिएका हुन्छन् र समन्वयका लागि तिनीहरूका स्पष्ट भूमिका र जिम्मेवारीहरू हुन्छन् । यो अन्तरएजेन्सी स्थायी समिति मानवीय सहायताका लागि अन्तरएजेन्सी समन्वय गर्नका लागि बनेको मुख्य संयन्त्र हो । यो राष्ट्रसंघीय र गैरराष्ट्रसंघीय मुख्य साझेदारहरू संलग्न रहेको प्राथमिक पद्धति हो । अन्तरएजेन्सी स्थायी समिति मानवीय सहायतालाई सुदृढ गर्ने विषयको संयुक्त राष्ट्रसंघ साधारण सभाको प्रस्ताव ४६/१८२ को आधारमा जून १९९२ मा स्थापना भएको थियो (www. Interagency standingcommittee. org) ।

यो क्लस्टर पद्धत्तिले यथेष्ट विश्वव्यापी मानवीय क्षमताका साथै प्रतिकार्यको प्रभावकारिता सुनिश्चित गर्ने लक्ष्य राख्दछ । क्लस्टर पद्धत्तिलाई त्यसबखत सक्रिय रुपमा प्रयोग गरिन्छ जुन बखत विभिन्न भित्र स्पष्ट मानवीय आवश्यकताहरू विद्यमान हुन्छन् र जब क्षेत्रहरू भित्र धेरै सम्बद्ध पक्षहरू हुन्छन् र जब राष्ट्रिय निकायहरूलाई समन्वयका लागि सहयोग गर्नुपर्ने आवश्यकता हुन्छ । विभिन्न क्षेत्रहरूलाई ११ वटा क्लस्टरहरूले नेतृत्व गरेका छन, जस्तैः खाद्य सुरक्षा (विश्व खाद्य कार्यक्रम र खाद्य तथा कृषि संगठन), स्वास्थ्य (विश्व स्वास्थ्य संगठन), बन्दोबस्ती
(विश्व खाद्य कार्यक्रम), पोषण (युनिसेफ), संरक्षण (शरणार्थी सम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्त), आवास (अन्तर्राष्ट्रिय रेड क्रस महासंघ र शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्त), पानी, सरसफाइ र स्वास्थ्य (युनिसेफ), शिविरको समन्वय र शिविर व्यवस्थापन (आइओएम/ शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्त), शिघ्र पुनर्लाभ (युएनडिपि), शिक्षा (युनिसेफ र बाल बचाउ कोष), आकस्मिक दुरसञ्चार (विश्व खाद्य कार्यक्रम) । क्लस्टर पद्धत्तिभित्र मानवीय सहायतामा संलग्न व्यक्तिहरूको समन्वय गर्नका लागि संयुक्त राष्ट्र संघको एकाइका रुपमा मानवीय मामिला समन्वय कार्यालय (ओचा) रहेको छ ।

क्लस्टर प्रणालीभित्र विश्वव्यापी शिविरको समन्वय तथा शिविर व्यवस्थापन क्लस्टर दुइवटा सहनेतृत्वको संयुक्त क्लस्टर होः द्वन्द्व प्रभावित विस्थापनका लागि शरणार्थी सम्बन्धी उच्चायुक्तको कार्यालय र प्राकृतिक विपद्का कारण हुने गरेको विस्थापनका लागि अन्तर्राष्ट्रिय आप्रवासन संगठन । शिविरको समन्वय र शिविर व्यवस्थापनले अन्तरविषयगत क्लस्टरको हैसियतले अन्तरालहरू समेटिएको र दोहोरोपनको न्यूनीकरण गरिएको कुरा सुनिश्चित गर्न अरु क्लस्टरहरूसँग निकटतम रहेर काम गर्दछ । यस क्लस्टरले शिविरको प्रवर्द्धन गर्दैन र दीर्घकालीन समाधानहरू प्रवर्द्धन गरी शिविर जीवनबाट छुटकारा प्रदान गर्ने लक्ष्य राख्दछ । शिविरको समन्वय र शिविर व्यवस्थापनका प्रमुख लक्ष्यहरू देहाय अनुसार रहेका छन् :

- शिविरहरू भित्र र शिविरहरू बीच आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको सहायता र संरक्षणमा सुधार गर्ने ।
- टिकाउ समाधानहरूका लागि पैरवी गर्ने ।
- मानवीय स्थान प्राप्त गर्ने ।
- शिविरको समन्वय र शिविर व्यवस्थापनमा प्रमुख क्षेत्रको रुपमा रहेको हैसियतले पर्याप्त कर्मचारी र आर्थिक सहायता सुनिश्चित गर्ने ।
- शिविर बन्द गर्ने र बहिर्गमन हुने कुराको आयोजना गर्ने ।
- लिंग, उमेर, एचआइभी/एड्स, वातावरण, मनोसामाजिक सहायता लगायतका अन्तर्विषयगत सवालहरूलाई मूलप्रवाहीकरण गर्ने ।

नेपालमा शहरी विकास तथा भवन निर्माण विभागले शिविरको समन्वय तथा शिविर व्यवस्थापन क्लस्टरको नेतृत्व/अगुवाइ गर्दछ र आइओएमले शहरी विकास तथा भवन निर्माण विभागलाई सहयोग गर्नुका साथै शिविर संयोजकको भूमिका निर्वाह गर्दछ ।

# विपत्ति जोखिम न्यूनिकरण सम्बन्धी सेन्डाइ ढाँचा : २०१५-२०३०

राष्ट्रहरूका लागि अनुपम अवसरका रुपमा जापानीको मियागीमा अवस्थित सेन्डाइमा सन् २०१५ मार्च १४ र १५ मा भएको विपत्ति जोखिम न्यूनीकरण सम्बन्धी तेस्रो संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनमा विपत्ती जोखिम न्यूनिकरणसम्बन्धी सेन्डार ढाँचा २०१५-२०३०, देहायका उद्देश्यसाथ पारि गरिएको थियो :

क) सरल, स्पष्ट अग्रगामी र कार्योहमुख २०१५ पश्चातको विपत्ति जोखिम न्यूनिकरण सम्बन्धी ढाँचा तयारी गर्नु;

ख) २००५-२०१५ को कार्यसम्बन्धी हयोगो कार्य ढाँचाको कार्यान्वयनको मूल्यांकन र पुनर्मूल्यांकन पूरा गर्नु तथा राष्ट्र तथा राष्ट्र र समुदायको विपत्ती सामना गर्ने क्षमता विकास गर्नु;

ग) क्षेत्रिय तथा राष्ट्रिय रणनीति/संस्थामार्फत प्राप्त अनुभव र विपत्ति जोखिम न्यूनिकरणव योजना तथा सिफारिसहरू साथै हयोगो कार्य ढाँचाको कायान्वयन बारे छलफल गर्नु;

घ) विपत्ती जोखिम न्यूनिकरणसम्बन्धी २०१५ पश्चात ढाँचा कार्यान्वयन गर्ने प्रतिबद्धतासम्बन्धी सहयोग विधिहरू निश्चित गर्नु;

ङ) विपत्ती जोखिम न्यूनीकरण सम्बन्धी २०१५ पश्चातको ढाँचा कार्यान्वयन बारे आवधिक पुनर्मूल्यांकन विधिहरू निश्चित गर्नु ।

विश्व सम्मलेनका दौरान दीगो विकास र गरिबी निवारणको क्रममा गरिबी जोखिम न्यूनिकरण र थप प्राथमिकताका साथ विपत्ति व्यवस्थापन प्रति तयारी तथा विपत्ति जोखिम न्यूनिकरण र सबै स्तरका नीति, योजना, कार्यक्रम र बजेट अन्तर्गतका तयारी निर्माण गर्ने र सान्दर्भिक ढाँचा अन्तर्गत उपयुक्तरुपमा एकीकरण गर्ने कार्यप्रति राष्ट्रहरूले प्रतिबद्धता पुनपुष्टि गरे ।

## आशातित प्रतिफल र उद्देश्य

तयारी र क्षति तथा नोक्सानी न्यूनिकरण कार्यमा केही प्रगति हासिल भएपनि विपत्ती जोखिम न्यूनिकरण सम्बन्धमा राम्रो प्रगति हासिल गर्न जनता, मानवीय स्वास्थ्य तथा जीविकोपार्जन र नियमित समीक्षा मा जोड दिई धैर्यता र निरन्तरता जरुरी हुन्छ । हयोगो कार्य ढाँचाका आधारमा वर्तमान ढाँचाले आगामी १५ वर्षमा देहाय अनुसारको प्रतिकूल हासिल गर्ने उद्देश्य राखेको छ :

जीवन, जीविकोपार्जन र स्वास्थ्यप्रतिको क्षति तथा आमजनता, व्यापार, समुदाय तथा राष्ट्रका आर्थिक, भौतिक, सामाजिक साँस्कृतिक र वातावरणीय सुविधाहरू सम्बन्धी विपत्तिमा यथेष्ट न्यूनिकरण ।

यो प्रतिकूलको प्राप्तीका लागि वर्तमान ढाँचाको कार्यान्वयन तथा अनुगमन र प्रभावकारी तथा अनुकूल वातावरण बनाउन प्रत्येक राष्ट्रको राजनीतिक नेतृत्वको बलियो प्रतिबद्धता तथा संलग्नता चाहिन्छ ।

आशातित प्रतिकूल प्राप्त गर्न देहाय अनुसारको लक्ष्य हुनु पर्दछ :

विपत्तीको खतरा र जोखिम बचाउन र न्यूनिकरण गर्न, बचावटका लागि तयारी र कार्यकुशलतामा अभिवृद्धि गर्न एकीकृत तथा समावेशी आर्थिक, संरचनात्मक, कानूनी, सामाजिक, स्वास्थ्य, साँस्कृतिक, शैक्षिक, वातावरणीय, प्राविधिक, राजनीतिक र संस्थागत उपायहरूको अवलम्बन मार्फत नयाँ जोखिम निवारण गरी विद्यमान विपत्ती सम्बन्धी जोखिको न्यूनिकरण गर्ने ।

**लक्ष्य :**

क) २००५-२०१५ अवधिको तुलनामा २०२०-२०३० दशाब्दिमा प्रति एक लाख बराबरको विश्वका औसत मृत्युदर घटाउने उद्देश्यले सन् २०३० सम्ममा विश्व विपत्ती मृत्युदर उल्लेखिय रुपमा काम गर्ने;

ख) २००५-२०१५ अवधिको तुलनामा २०२०-२०३० को दशाब्दिमा औसत विश्वदर कम गर्ने उद्देश्यले कम गर्ने उद्देश्यले सन् २०३० सम्ममा विश्वव्यापी रुपमा प्रभावित व्यक्तिको संख्यामा उल्लेखिय रुपमा कम गर्ने,

ग) कूल गार्हस्थ उत्पादनको आधारमा सन् २०३० सम्ममा विपत्तिबाट हुने प्रत्यक्ष आर्थिक क्षतिको न्यूनिकरण गर्ने,

घ) संवेदनशील पूर्वाधार तथा स्वास्थ्य र शैक्षिक सुविधासमेतका आधारभूत सुविधाको थप गतिशिलता बढाई विपत्तिबाट हुन सक्ने नोक्सानीको उल्लेख्य रुपमा न्यूनिकरण गर्ने,

ङ) सन् २०२० सम्ममा राष्ट्रिय र स्थानिय जोखिम न्यूनिकरण रणनीति अपनाउने राष्ट्रहरूका संख्या उल्लेखयरुपमा वृद्धि गर्ने,

च) सन् २०३० सम्ममा वर्तमान ढाँचाको कार्यान्वयनका लागि राष्ट्रिय कार्यनीति अवलम्बनमा यथोचित र दीगो समर्थनका साथ विकासोन्मुख देशहरूसँग उल्लेख्य तवरले अन्तर्राष्ट्रिय सहयोग बढाउने;

छ) सन् २०३० सम्ममा आमजनतालाई बहुजोखिम सम्बन्धी पूर्वसचेतन प्रणाली र विपत्ती जोखिम सूचना र मूल्यांकनको उपलब्धता उल्लेखिए रुपमा वृद्धि गर्ने;

वर्तमान संयन्त्र सानोस्तर देखि ठूलो स्तर, नियमित र अनियमित अकस्मात र ढिलो र भविष्यमा हुन सक्ने प्राकृतिक वा मानवजन्य विपत्तीको जोखिमका साथै वातावरणीय प्राविधिक र जैविक खतरा र जोखिमसँग सम्बद्ध रहनेछ। सबै तह र विभिन्न क्षेत्र अन्तर्गत र बीच हुन सक्ने विपत्ती जोखिमको बहुपक्षीय खतरा व्यवस्थापन गर्नु यसको उद्देश्य हो।

## नेपालको विपद् जोखिम व्यवस्थापनसम्बन्धी कानूनी कार्यढाँचा

**टिप्पणी :** नेपाल विपद् जोखिम व्यवस्थापनसम्बन्धी कानूनी कार्यढाँचालाई संशोधन तथा परिमार्जन गर्ने कार्य शुरु गरिएको छ।

**प्राकृतिक विपत्ती (राहत) ऐन, १९८२** : प्राकृतिक विपत्ती राहत ऐन, १९८२ नेपालमा विपत्ती व्यवस्थापन कार्यका लागि महत्वपूर्ण कानूनी संयन्त्र हो। १९८२ मा दुईपटक तर्जूमा भएको यो ऐन १९८९ र १९९२ मा संशोधन गरिएको थियो। यो ऐनले भुकम्प, आगलागी, आँधी, बाढी, पहिरो, भिषण वर्षा, खडेरी, अनिकाल, महामारी र अन्य समान प्राकृतिक विपद्लाई सँगोतेको छ। औद्योगिक दुर्घटन, विष्फोटन वा अन्य प्रकारको विपद्का कारण हुने दुर्घटनाहरूलाई पनि यो ऐनले समावेश गरेको छ। यसैगरी प्राकृतिक विपद् राहत कार्यलाई ऐनले जनतालाई पर्ने दुःख र असुविधा दुर गर्न प्राकृतिक विपद्का कारण हुने घटना, सार्वजनिक सम्पत्ति र जनधनको सुरक्षा, प्राकृतिक विपद्को नियन्त्रण र बचावट तथा सोका लागि गरिते तयारीका रुपमा परिभाषित गरेको छ। ऐन मुताबिक संकटकाल अवस्थामा राहत र बचाव कार्य संचालनका लागि केन्द्रदेखि स्थानिय तहसम्म विभिन्न संस्था खडा गर्ने व्यवस्था गरेको छ। विपद् व्यवस्थापनको सर्वोच्च निकायका रुपमा केन्द्रिय स्तरमा रहने केन्द्रिय प्राकृतिक विपद् राहत समिति अन्तर्गत राहत र उपचार उपसमिति तथा आपूर्ति, आश्रय र पुनर्वास उपसमिति रहेका छन्। साथै क्षेत्रिय प्राकृतिक विपद् उद्धार समिति, जिल्ला प्राकृतिक विपद् उद्धार समिति र स्थानिय प्राकृतिक विपद् उद्धार समितिको पनि व्यवस्था गरिएको छ। यी मध्ये केन्द्रिय प्राकृतिक विपद् राहत क्षेत्रिय प्राकृतिक विपद् उद्धार समिति र स्थानिय प्राकृतिक विपद् उद्धार समितिले तोकिएको ढाँचामा काम गर्न सकेको छैनन्। वृद्ध विपद्का समयमा शंकटकालको घोषणा गर्ने

अधिकार सरकारलाई ऐनले दिएको छ । साथै खोजी र राहत कार्यलाई प्रभावकारी ढंगमा संचालन गर्न विपद् व्यवस्थापनलाई विशेष अधिकार पनि दिइएको छ । साथै विपद्का समयमा राहत र खोजी कार्य प्रभावकारी ढंगमा संचालन गर्न केन्द्रदेखि स्थानिय तहसम्म विपद् राहत कोषका नाममा छुट्टै निकास दिनसक्ने अधिकार सरकारलाई छ ।

**स्थानिय स्वायत्त शासन ऐन, १९९९ :** स्थानिय स्वायत्त शासन ऐन १९९९ ले स्थानिय निकायहरू स्वयं परिचालन हुने र स्थानिय स्तरको विकासका आवश्यकताहरू पूरा गर्न स्थानिय जनता र स्थानिय निकायको अहम् भूमिका स्वीकारेको छ । स्थानिय स्वायत्त शासन ऐनले स्थानिय निकायलाई विपद् जोखिम न्यूनिकरण सम्बन्धी केही कार्य गर्ने अधिकार दिएको छ । जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका स्तरमा वातावरण संरक्षण कोष र विपद् व्यवस्थापन कोषको गठन गर्ने व्यवस्था गरिएको छ । प्राकृतिक विपत्तीको नियन्त्रण, सरुवा रोग र महामरी नियन्त्रण, दमकलको व्यवस्था र संचालन पहिरो नियन्त्रणका लागि गर्नुपर्ने सुरक्षा कदम र खाद्य आपूर्ति जस्ता कार्य गर्न स्थानिय निकायलाई स्थानिय स्वायत्त शासन ऐनले अधिकार सुम्पेको छ ।

**प्राकृतिक विपद् व्यस्थापन सम्बन्धी राष्ट्रिय रणनीति, २००९** : प्राकृतिक विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय रणनीति २००९ मा जारी भएको हो । २००५ को हयोगो कार्य ढाँचा अन्तर्गत यो रणनीति बनेको हो । प्राकृतिक विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय रणनीति, २००९ को तयारी गर्दा विस्तृत प्रक्रिया अपनाइएको थियो । विभिन्न अवसरमा सरकारी, गैरसरकारी निकाय, स्थानिय तह, शैक्षिक संस्था, निजी क्षेत्र, संयुक्त राष्ट्रसंघीय निकायहरू र नागरिक समाजसँग आबद्ध संस्थाहरूको सुझाव र राय लिइएको थियो । रणनीतिको दिर्घकालीन लक्ष्य नेपाललाई विपद् व्यवस्थापनमा निपूर्ण राष्ट्र बनाउनु हो । साथै प्रभावकारी ढंगमा नियन्त्रण, प्राकृतिक जोखिमको न्यूनिकरण र विपद्का घटनाप्रति तयारी बढाउने उद्देश्यले उपयुक्त विपद् व्यवस्थापनका लागि मागदर्शन गर्नु पनि यसको उद्देश्य हो । यसका साथै विकास योजना, जीवन र सामाजिक सुरक्षा, लैंगिक र सामाजिक समावेशीकरणमा विपद् जोखिम न्यूनिकरणको सिद्धान्तलाई मूलप्रवाहहरू राखी विपद् जोखिम व्यवस्थापनका केही प्रमुख निर्देशन सिद्धान्तलाई रणनीतिले अपनाएको छ । समष्टिगत दृष्टिकोण र कर्मचारीको सुरक्षालाई प्राथमिकता दिई विकेन्द्रित ढंगमा कार्यान्वयनको प्रक्रिया अपनाइएको छ । सहभागिता, अन्तरक्रिया र समन्वयका आधारमा विपद् जोखिम व्यवस्थापन लागू गर्न एकद्वार नीति र कृष्टर प्रणाली अवलम्बन गरिएको छ । हयोग्ते कार्य योजना २००५ का प्राथमिकता प्राप्त पाँच कार्यहरूका आधारमा रणनीति बनाइएको छ । यसका साथै प्राथमिकता प्राप्त क्षेत्रअन्तर्गत २९ वटा क्रियाकलापको पहिचान गरिएको छ । विपद् व्यवस्थापन बहुपक्षीय र बहुक्षेत्रिय उत्तरदायित्व भएको कुरालाई महशुश गरी क्षेत्रिय रणनीतिहरू पनि अवलम्बन गरिएका छन् । विशेष गरी नौवटा विषय संगाल्ने यी क्षेत्रहरू कृषि र खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा, आश्रय, पूर्वाधार र भौतिक योजना, जीविकाको संरक्षण, पानी र सरसफाई, सूचना, संचार, समन्वय र व्यवस्था, खोजी र राहत तथा नोक्सानी र आवश्यकताको मूल्यांकन पर्दछन् । रणनीतिले विपद् व्यवस्थापनका लागि प्रस्ताव गरेको नयाँ संस्थागत व्यवस्थामा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विपद् व्यवस्थापन परिषदको गठन पनि पर्दछ । साथै परिषद्को सचिवालयको रुपमा राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणको गठन गरी यस अन्तर्गत तयारी, राहत तथा पुनर्निमाण तथा पुनर्वास सम्बन्धी क्रियाकलापहरू संचालनका लागि तीनवटा समितिको परिकल्पना पनि गरिएको छ । सबै साझेदारको एकीकृत सहभागी र सहयोगी भूमिकाबाट मात्र विपद् व्यवस्थापन सम्भव हुन्छ भन्ने कुरा रणनीतिले मनन गरेको छ । तसर्थ संयुक्त राष्ट्रसंघीय एजेन्सी, दाता समुह, अन्तरसरकारी निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू र नागरिक समाजको विभिन्न क्षेत्रको व्यक्तिहरूलाई यसले महत्व दिएको छ ।

**अन्य ऐन तथा नीतिहरू** : विपद् व्यवस्थापनसँग प्रत्यक्ष, सामान्य र परोक्ष सम्बन्ध राख्ने तथा नेपालमा विपद् व्यवस्थापनमा अंह भूमिका खेलने थुप्रै ऐन, नियम, विनियम र मार्गदर्शक व्यवस्था अन्तर्गत भू तथा जल संरक्षण ऐन, १९८२, नेपाल निर्माण ऐन, २००७, निर्माण संहिता, १९९४, वातावरण संरक्षण ऐन, १९९६, राष्ट्रिय कृषि नीति, २००४, राष्ट्रिय आश्रय नीति १९९६, राष्ट्रिय शहरी विकास नीति, २००६, राष्ट्रिय जल योजना, २००५ तथा जलस्रोत नीति, १९९२, राष्ट्रिय जलस्रोत रणनीति, २००२ जलउत्पन्न विपद् व्यवस्थापन नीति, २००६ तथा स्वास्थ्य र पूर्वाधार क्षेत्रसम्बन्धी रणनीति पर्दछन् ।

**गृह मन्त्रालय**ले प्राकृतिक विपद् (राहत) ऐन, १९९२ को कार्यान्वयनका लागि विपद् व्यवस्थापन राष्ट्रिय फोकल एजेन्सी र अग्रणी निकायका रुपमा कार्य गर्दछ । राहत, तथ्यांक संकलन र प्रचारका साथै स्रोत र साधनको संकलन र वितरणको जिम्मेवारी पनि गृह मन्त्रालयकै हो । यो कार्य विपद् व्यवस्थापन शाखा र राष्ट्रिय संकटकालीन क्रियाकलाप केन्द्र मार्फत कार्यान्वयन गरिन्छ । मन्त्रालयले राष्ट्रिय संकटकालीन क्रियाकलाप केन्द्रका साथै विपद् व्यवस्थापनसँग सम्बद्ध विपद् तयारी र पुनर्स्थापन शाखा तथा विपद् अध्ययन तथा अनुसंधान केन्द्र तिनै शाखा हेर्ने गरी छुट्टै विपद् व्यवस्थापन महाशाखाको गठन गरेको छ ।

**केन्द्रिय प्राकृतिक विपद् राहत समिति**को अध्यक्षता गृहमन्त्रीले गर्ने सम्बद्ध मन्त्रालय तथा सुरक्षा एकाइ तथा नेपाल रेडक्रस सोसाइटी जस्ता संस्थाहरूको यसमा प्रतिनिधित्व रहेको छ । केन्द्रिय प्राकृतिक विपद् राहत समिति राहत कार्य सम्पन्न गर्न तयारी, प्रतिक्रिया र सामान्यीकरणका लागि राष्ट्रिय नीतिको निर्माण गर्ने र तिनको कार्यान्वयन सुनिश्चित गर्ने, संकटकाल समयमा राहत सामाग्रीको संकलन, वितरण र स्रोतका् उपलब्धता हासिल गर्ने तथा जिल्ला तथा स्थानिय स्तरका समितिहरूलाई निर्देशन दिने हैसियत राख्दछ । केन्द्रिय प्राकृतिक विपद् राहत समितिको काममा सहयोग गर्न राहत र उपचार तथा आपूर्ति, आश्रय र पुनर्वाससम्बन्धी उपसमितिहरू छन् ।

**क्षेत्रिय विपद् राहत समिति/जिल्ला विपद् राहत समिति/स्थानिय विपद् राहत समिति** : क्षेत्रिय विपद् राहत समिति नेपालका पाँचै क्षेत्रमा छन् र त्यसको अध्यक्षता क्षेत्रिय प्रशासकले गर्दछन् । समितिमा सम्बद्ध सरकारी निकाय र सुरक्षा अंग (शान्ति सुरक्षा, संकटकालीन प्रतिक्रिया र विकास संस्थासम्बन्धी अंगहरू) तथा रेडक्रस जस्ता ऐच्छिक संस्थाहरूको प्रतिनिधित्व छ । जिल्ला विपद् राहत समितिहरूबाट कार्यान्वयन भएका गतिविधिहरूलाई समर्थन र अनुगमन गर्ने र क्षेत्रिय तथा जिल्ला स्तरमा विपद् व्यवस्थापन योजना तर्जूमा गर्नु यसको दायित्व हो । नेपालका सबै पचहत्तर जिल्लामा जिल्ला विपद् राहत समितिहरू छन् । यसको अध्यक्षता विपद् सम्बन्धी निर्णय लिने सर्वोच्च पदाधिकारी प्रमुख जिल्ला अधिकारीले गर्दछन् । यसमा शान्ति सुरक्षा, संकटकालमा प्रतिक्रिया गर्ने (प्रहरी र सशस्त्र प्रहरी), नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखा र सिंचाई, सडक, पशुपालन, स्वास्थ्य, आदिजस्ता प्रमुख सहयोगी संस्थाहरूको प्रतिनिधित्व हुन्छ । जिल्ला विपद् राहत समितिको भूमिका स्थानीय समितिहरूबीच समन्वय गर्नु, जिल्ला विपद् व्यवस्थापन योजना तर्जूमा गर्नु, शंकटकाल समयमा राहत कार्य समन्वय र लागू गर्नु तथा स्थानिय विपद् राहत समिति र केन्द्रिय प्राकृतिक विपद् राहत समितिलाई सूचना प्रदान गर्नु हो । स्थानिय विपद् राहत समितिको दायित्व स्थानिय स्तरमा संकटकालीन स्थितिमा स्रोत पुऱ्याउने र घाइतेलाई अस्तपताल पुऱ्याउनु हो ।

**राष्ट्रिय विपद् प्रतिकार ढाँचा** (स्रोत : राष्ट्रिय विपद् प्रतिकार ढाँचा, नेपाल सरकार गृह मन्त्रालय मार्च २०१३)


राष्ट्रिय विपद् प्रतिकार ढाँचाबाट उद्धरण गरिएको यो अध्यायका आधारभूत परिचयसँग सान्दर्भिक विशेष अंश, बुँदा र चित्र देहाय अनुसार छ :

- वृद्ध मात्राको विपद्का अवस्थामा बढी प्रभावकारी र समन्वयात्मक राष्ट्रिय प्रतिकारलाई मार्गदर्शन गर्नु राष्ट्रिय विपद् प्रतिकार ढाँचाको उद्देश्य हो । विपद् हुनु ठीक अघि, विपद् पर्दा र सोको ठीक पछि वा जनधनको सुरक्षाका लागि प्रत्यक्ष रुपमा, शान्ति सुरक्षाको पत्याभूति, बिरामी घाइते र जोखिमका मानिसहरूको हेरचाह तथा अत्यावश्यक सेवाको व्वस्था र सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि गरिने कार्य यसै अन्तर्गत पर्दछन् । राष्ट्रिय, क्षेत्रिय, जिल्ला र स्थानिय स्तरमा प्रतिकारको तयारी र संकटकालीन प्रतिकार सम्ममात्र राष्ट्रिय विपद् प्रतिकार ढाँचा अन्तर्गत पर्दछन् ।
- नेपाल सरकारको कार्यसम्पाद नियमावली २००७ अनुसार विपद् व्यवस्थापन पूर्णतः गृह मन्त्रालयको जिम्मेवारी हो । तसर्थ, विपद् पश्चात विपद् तयारी र पुनर्वाससम्बन्धी क्रियाकलापका समन्वय गृह मन्त्रालयले गर्दै आएको छ ।
- नेपाल विपद् प्रतिकारको समष्टिगत प्रतिकारका लागि केन्द्रिय प्राकृतिक विपद् राहत समिति, क्षेत्रिय विपद् सहयोग समिति, क्षेत्रिय विपद् सहयोग समिति, जिल्ला विपद् राहत समिति र स्थानिय विपद् राहत समिति राष्ट्रिय विपद् राहत ऐन, १९८२ अन्तर्गत गठन भएका छन् । साथै आपूर्ति, आश्रय र पुनर्वास, राहत र उपचार सम्बन्धी उपसमितिहरू गठन गरिनेछन् । विपद् व्यवस्थापन, विश्लेषण, वितरण र समन्वयबारे सूचना संकलनका लागि राष्ट्रिय, क्षेत्रिय, जिल्ला तथा नगरपालिका स्तरमा संकटकालीन कार्य केन्द्रहरू अवस्थित छन् ।

**विपद् प्रतिकारका लागि नेपाललाई प्राप्त अन्तर्राष्ट्रिय सहयोग :**

- विपद् प्रतिकारका लागि आवश्यक परेमा नगद, जिन्सी र सेवासम्बन्धी सहायताका लागि नेपाल सरकारले संयुक्त राष्ट्रसंघीय मानवीय समन्वयकर्ता, विदेशी सरकार, रेडक्रस, क्षेत्रिय संगठनहरू, दाता समूह, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय पेशागत संगठनहरू र गैरआवासीय नेपाली समुदायलाई अनुरोध गर्न सक्तछ ।
- संलग्न संस्थाहरूको दर्ता र अन्तर्राष्ट्रिय सहयोगका लागि बनाइने मार्गदर्शन अनुरुप सहयोगका क्षेत्रहरूको किटानीका साथ नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय सहायता समूहका क्रियाकलापलाई संचालन र समन्वय गर्नेछ ।
- वृद्धस्तरका विपद्को अवस्थामा संयुक्त राष्ट्रसंघीय मानवीय समन्वयकर्ताले नेपालमा अवस्थित संयुक्त राष्ट्रसंघीय समूहलाई सक्रिय बनाउने छ । विपद् प्रतिकारका लागि समन्वय गर्ने दृष्टिकोण नेपाल सरकारले प्रत्येक समूहका लागि एक पूर्णकालीन फोकल व्यक्ति मनोनय गर्नेछ ।

**नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता तथा समन्वय ढाँचा**



# भूमिकाहरू र जिम्मेवारीहरू । ८० वा १०० मिनेट

यस अवयवले शिविर समन्वय तथा शिविर व्यवस्थापन क्रियाकलापहरू बारे संक्षिप्त रुपमा पुनरावलोकन गर्नुका साथै शिविरहरूको व्यवस्थापन गर्ने एजेन्सीहरू र नेपालका राष्ट्रिय सुरक्षा अंगहरूको विशेष भूमिका र जिम्मेवारीहरूको विवरण प्रदान गर्दछ। यसले आफ्नो संरचना र विभिन्न निकायहरूलाई तोकिएका विशेष जिम्मेवारीहरूको आधारमा नेपालमा विपद् जोखिम व्यवस्थापनको कार्यढाँचाको अन्वेषण गर्दछ। यसले आकस्मिक प्रतिकार्य सञ्जालमा अरुको संलग्नता, खासगरी शिविरको दैनिक क्रियाकलापको व्यवस्थापनका लागि के गर्न सक्दछ भन्ने उदाहरण प्रदान गर्दा शिविर व्यवस्थापन एजेन्सी कसरी उपयुक्त हुन्छ भन्ने कुराको अन्वेषण गर्दछ।

## सिकाइका उद्देश्यहरू

यस सत्रको अन्त्य सम्ममा सहभागीहरू देहायका कुराका लागि सक्षम हुनेछन् :

- शिविर जीवनचक्रको प्रत्येक चरणमा विस्थापित व्यक्तिहरूका आवश्यकताहरू पूर्ति गर्न र उनीहरूका अधिकारहरूको समर्थन गर्न राष्ट्रिय निकायहरू र नेपालका राष्ट्रिय सुरक्षा अंगहरूको भूमिकाको व्याख्या गर्न।
- शिविर व्यवस्थापन एजेन्सी र नेपालका राष्ट्रिय सुरक्षा अंगहरूको भूमिका र जिम्मेवारीहरू कसरी विपद् प्रतिकार्य राष्ट्रिय रणनीतिमा समावेश हुन्छन् भन्ने कुरा बुझ्न।
- अन्य सरोकारवालाहरूका अपेक्षाहरूका साथै कसरी भूमिका र जिम्मेवारीहरू दोहोरिन्छन् र अन्तरालहरू कहाँ रहने गर्दछन् भन्ने पहिचान गर्न।

## मुख्य सन्देशहरू

- पूर्व तयारीले शिविर व्यवस्थापनमा स्पष्ट भूमिका र जिम्मेवारी तय गर्ने लगायतको विस्थापित जनसङ्ख्याको गुणस्तर जीवन तथा आत्मसम्मानमा महत्वपूर्ण प्रभाव पार्दछ र भविष्यमा दीर्घकालीन समाधानहरू पहिचान गर्नका लागि सहजीकरण गर्दछ।
- शिविर व्यवस्थापन अन्तरविषयगत क्रियाकलाप हो जसका लागि राष्ट्रिय, राज्य र स्थानीय तहहरूमा संलग्न विभिन्न सरोकारवालाहरूका भूमिका र जिम्मेवारीहरू राम्ररी बुझ्नु आवश्यक हुन्छ।
- प्रभावित जनसङ्ख्याको शिविरको दैनिक व्यवस्थापनमा हुने सहभागिता अभिवृद्धि गर्नाले उनीहरूको स्वामित्वलाई सबल बनाउँदछ।

| क्रियाकलाप | समय | विवरण | टूल (Tool) हरू | तयारी |
|---|---|---|---|---|
| १<br>शिविर समन्वय तथा शिविर व्यवस्थापन कार्यढाँचा | १५ मिनेट | शिविर समन्वय तथा शिविर व्यवस्थापन कार्यढाँचा र यसका भिन्न अवयवहरूको अनुमान गर्ने र थाहा पाइ राख्नुका साथै यी तीनवटा अवयवहरू अन्तर्गत विशेष क्रियाकलापहरूको बारेमा जानकार रहने । | टूल (Tool) ८ "शिविर समन्वय तथा शिविरको व्यवस्थापन कार्यढाँचा"<br>टूल (Tool) ९ "शिविर समन्वय शिविर प्रशासन शिविर व्यवस्थापनका सामान्य भूमिकाहरू"<br>टूल (Tool) १० "शिविर समन्वय शिविर प्रशासन शिविर व्यवस्थापनका विशेष क्रियाकलापहरू" | - उद्देश्यहरूका लागि फ्लिपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने ।<br>- सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| २<br>नेपालको विपद् जोखिम व्यवस्थापन कार्यढाँचा | १० मिनेट | नेपालमा विपद् जोखिम व्यवस्थापनको कार्यढाँचाको अन्वेषण गर्ने, विभिन्न तहहरूमा संलग्न भएका विभिन्न पक्षहरूको बारेमा थाहा पाउने । | टूल (Tool) ११ "नेपाल विपद् जोखिम न्यूनीकरण कार्यढाँचा"<br>टूल (Tool) १० "शिविर समन्वय शिविर प्रशासन शिविर व्यवस्थापनका विशेष क्रियाकलापहरू" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| ३<br>कार्य योजना निर्माण | २० मिनेट | राष्ट्रिय संकटकालीन संचालन केन्द्र बारे अन्वेषण गर्न विभिन्न तहमा संलग्न कारकहरू र उनीहरूको भूमिका र जिम्मेवारी बारे जानकारी लिने । | टूल (Tool) ५३ "कार्य यो जनाको खाका" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने ।<br>। |

| | | | | |
|---|---|---|---|---|
| ४<br>शिविर व्यवस्थापन तथा साझेदारी | १० मिनेट | विभिन्न पक्षहरूसँग प्रतिकार्यका लागि सुधार गर्न स्थापना गरिनसक्ने विभिन्न साझेदारहरूको बारेमा थाहा पाउने । | | - |
| ५<br>व्यवस्थापन टोपी<br>(वैकल्पिक) | २० मिनेट | शिविर व्यवस्थापनका निर्दिष्ट क्रियाकलापहरूको अन्वेषण गर्ने । | टूल (Tool) १३<br>"व्यवस्थापन टोपी" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| ६<br>आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको सहभागिता | १० मिनेट | शिविर व्यवस्थापनमा आन्तरिक रुपमा विस्थापित व्यक्तिको सहभागिताका फाइदाहरूको बारेमा जानकार हुने । | टूल (Tool) १४<br>"सामुदायिक सहभागिताको परिभाषा" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| ७ | १० मिनेट | क्याम्प व्यवस्पनमा संलग्न अनय कारकहरूलाई शुरुको भूमिका प्रदान गरेपछि राष्ट्रिय सुरक्षा अंगले कसरी आफ्ना जिम्मेवारी हस्तान्तरण गर्ने भन्नेबारे चिन्तन गर्ने । | टूल (Tool) ६४ "हस्तान्तरण सम्बन्धी मार्गदर्शन" | सहभागीहरूलाई टूलहरूका प्रति तयार गर्ने |
| ८<br>समापन | ५ मिनेट | उद्देश्यहरूको संशोधन । | | उद्देश्यहरूका लागि फ्लिपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने । |


## क्रियाकलाप १
## शिविर समन्वय तथा शिविर व्यवस्थापन कार्यढाँचा


- यस सत्रको उद्देश्यहरू सहितको फ्लिपचार्ट (वा पावरप्वाइन्ट स्लाइड) देखाउनु होस् ।
- तालीमका उद्देश्यहरू ठूलो स्वरमा पढ्नुहोस्, वा कुनै एकजना सहभागीलाई पढ्न लगाउनु होस् । कुनै प्रश्नहरू भएमा स्पष्ट पार्नुहोस् ।
- **टूल (Tool) ०८ "शिविर समन्वय तथा शिविर व्यवस्थापन कार्यढाँचा"** (वा पावरप्वाइन्ट स्लाइड) प्रस्तुत गर्नुहोस् । तीनवटा कार्यहरू, शिविर प्रशासन, शिविर समन्वय र शिविर व्यवस्थापन बीच भिन्नताको व्याख्या गर्नुहोस् । यो कुरामा जोड दिनुहोस् की यी तीनवटा अवयवहरूमा विभिन्न पक्षहरू संलग्न हुन्छन् : राष्ट्रिय निकायहरू, मानवीय एजेन्सीहरू, निजी क्षेत्र, आदि, र शिविरहरूमा बसिरहेका विस्थापित जनसङ्ख्याहरूलाई संरक्षण र सहायता प्रदान गर्नका लागि एकैसाथ कामगर्ने छन् ।
- समूहहरूलाई बताउनुहोस् की उनीहरूले शिविर समन्वय तथा शिविर व्यवस्थापनका तीनवटा अवयवहरूसँग सम्बन्धित संक्षिप्त क्रियाकलाप र प्रत्येक अवयवभित्र हुने गरेका विभिन्न क्रियाकलापहरूमा सहभागी हुनेछन् ।
- समूहहरूलाई विभाजन गरेर उनहिरूलाई **टूल** (Tool) **१० "शिविर समन्वय शिविर प्रशासन शिविर व्यवस्थापनका विशेष क्रियाकलापहरू"** को सूचीउपलब्ध गराउनु होस् । प्रत्येक समूहलाई (फरक फरक टेवलमा) फ्लिपचार्टमा **टूल** (Tool) **०८ "शिविर समन्वय तथा शिविर व्यवस्थापन कार्यढाँचा"** कोर्न र क्रियाकलापहरूको सूचीघटाउन लगाउनुहोस् । प्रत्येक टेवललाई उनीहरूका क्रियाकलापहरूलाई शिविर समन्वय शिविर प्रशासन र शिविर व्यवस्थापनका क्रियाकलापहरूसँग मिलान गर्न लगाउनुहोस् - सहभागीहरूलाई उनीहरूका क्रियाकलापहरू शिविर समन्वय तथा शिविर व्यवस्थापनका मिल्ने अवयवहरूको मुनि पट्टि राख्न लगाउनुहोस् । यस क्रियाकलापका लागि समय दिनुहोस् ।
- प्लेनरीमा शिविर समन्वय तथा शिविर व्यवस्थापन कार्यढाँचाका प्रत्येक अवयवको मुनिपट्टि राखिएका सबै क्रियाकलाप कार्डहरूको पुनरावलोकन गर्नुहोस्, र सही स्थानमा नराखिएका क्रियाकलापहरू भए तिनीहरूलाई सही स्थानमा राख्नुहोस् । सहभागीहरूले उठाएकासबै प्रश्नहरूलाई स्पष्ट पार्नुहोस् ।
- टूल (Tool) ०९ "शिविर समन्वय शिविर प्रशासन शिविर व्यवस्थापनका सामान्य भूमिकाहरू" वा (पावरप्वाइन्ट स्लाइड) प्रस्तुत गर्नुहोस् । सहभागीहरूबाट उठ्ने कुनै पनि प्रश्नहरूलाई स्पष्ट पार्नुहोस् ।
- सहभागीहरूलाई राष्ट्रिय निकायहरूका भूमिका र जिम्मेवारीहरूमा के कस्ता तत्वहरूले प्रभाव पार्न सक्दछन् भनेर सोध्नुहोस् ? सुझावहरू लिनुहोस्, जस्तै, इच्छाशक्ति, क्षमता, आर्थिक कोष, भौतिक वातावरण ।
- आफ्नो इलाकाभित्र विस्थापित समुदायहरूलाई संरक्षण र सुरक्षा प्रदान गर्नु हरेक सरकारको कानूनी दायित्व हो र यसका लागि उनीहरूको इच्छाशक्ति/क्षमतालाई प्रभावपार्ने धेरै तत्वहरू छन् भन्ने कुरा स्मरण गराउनुहोस् । समूहगत प्रणालीबारे व्याख्या गर्नुहोस् र नेपालमा यसको कार्यान्वयनसँगको सम्बनध बारे प्रकाश पार्नुहोस् । शिविर व्यवस्थापन शिविर प्रशासन अन्तर्गत समूहगत प्रणालीका उद्देश्य र प्रतिक्रियाको सत्ताबारे थप व्याख्या गर्नुहोस् । कुनै प्रश्न उठेमा जवाफ दिनुहोस् ।

**उद्देश्यहरू:**

- शिविर जीवन चत्रको प्रत्येक चरणमा विस्थापित व्यक्तिहरूका अधिकारहरूको समर्थन गर्दै उनीहरूका आवश्यताहरू पूरा गर्नका लागि राष्ट्रिय निकायहरूको भूमिकाको व्याख्या गर्ने ।
- शिविर व्यवस्थापन एजेन्सीका भूमिका तथा जिम्मेवारीहरू कसरी विपद् प्रतिकार्य राष्ट्रिय रणनीतिमा उपयुक्त हुन्छन् भन्ने कुरा बुझ्ने ।
- अन्य सरोकारवालाहरूका अपेक्षहरूको पहिचान गर्ने र उनीहरूका भूमिका र जिम्मेवारीहरू कसरी खप्टिन्छन् र अन्तर कहाँ छन् भन्ने पहिचान गर्ने ।
- शिविर व्यवस्थापनमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई संलग्न गर्दाका फाइदाहरू बुझ्ने ।

**टूल** (Tool) **०८ "शिविर समन्वय तथा शिविर व्यवस्थापन कार्यढाँचा"**



- संक्रमण कालमा प्राविधिक सहयोगको प्रावधान । शिविर व्यवस्थापन कर्मचारीहरू हस्तान्तरण पूरा भएपछि साझेदारहरूका लागि परामर्श दिन उपलब्ध हुनेछ ।

राष्ट्रिय अधिकारीहरू वा अन्य सेवा प्रदायकहरूलाई हस्तान्तरण गरिने योजना र सहमतिका साथै सम्बन्धित समुदाय र शिविर बासिन्दासँग शिविरका पूर्वाधार र सम्पत्तिबारे शुरु देखि नै गरिनु पर्दछ । शिविरका मानिसहरूलाई शिविर अस्थायी व्यवस्था हो भन्ने जानकारी शिविर व्यवस्थापन एजेन्सीले शुरु देखिनै जानकारी गराउनु पर्दछ । विस्थापित समुदायलाई सहभागिता, सीप र स्वयं व्यवस्थापन रणनीतिको सक्रिय विकासबाट निर्भरता घटाउन जोखिम कम गर्न सहयोग पुग्नुका साथै शिविरमा रहने मानिसहरूमा स्वतन्त्रता र स्वावलम्बन बढाउन मद्दत मिल्दछ ।

सुरक्षा अंगबाट शिविर व्यवस्थापनका अन्य कारकलाई शिविर व्यवस्थापन हस्तान्तरण गर्दा विस्थापितको दर्ता, उपलब्ध सेवा, बनेका वा अपूर्ति गरिएका संरचनाहरू, उपलब्ध संख्या लगायत सुरक्षा अंगले व्यवस्थापन गर्दा संकलिक प्रासंगिक सूचना आदिको पूर्ण जानकारी दिइनु पर्दछ ।

अन्तमा, शिविर व्यवस्थापनको निरन्तरता र सुधारका लागि प्रासंगिक सबै सूचना शिविर संचालन गर्न कुनै कारक उन्थका उपयुक्त समन्वय संस्था/सरकारी निकायलाई दिइनु पर्दछ जसमार्फत शिविर व्यवस्थापन संचालकले सुरक्षा अंगको  काम संचालन गर्न सकुन् ।

एक महत्वपूर्ण कुराको ख्याल राख्नुपर्दछ कि शिविरको स्थापनको सँगसँगै नेपाल सुरक्षा अंगको भूमिका र दायित्व तथा अघिल्ला संकटकालीन परिस्थितिको शिविर र प्राथमिक संचालनको अनुभव सहित शिविर बन्द गर्ने विषयमा तुरुन्त विचार गर्नु पर्दछ । किनकि शिविर संचालन सँगै शिविर बन्द गर्ने प्रक्रियाबारे योजना बनाई हस्तान्तरण प्रक्रिया शुरु गरि हाल्नु पर्दछ ।

**शिविर व्यवस्थापन :** आदर्शका हिसाबले खोजी र राहत कार्यको समाप्तीसँगै संकटकालीन प्रतिकारको प्राथमिक चरण पूरा हुना साथ सुरक्षा अंगलाई सुरक्षा प्रदान गर्ने मुख्य जिम्माका साथ हस्तान्तरण प्रक्रिया शुरु हुनु पर्दछ ।

सुरक्षा अंगद्वारा गरिने शिविर व्यवस्थापनको जटिलताका स्तरमा हस्तान्तरण प्रक्रिया र योजना फरक हुनसक्तछ त्यस्तो पनि हुन सक्तछ सुरक्षा अंग आवास निर्माणमा मात्र जिम्मेवार हस्तान्तरणमा मात्र संलग्न वा पूरा सेवा प्रबन्धको व्यवस्थामा शरिक होस् र पहिलो अवस्थामा विस्तृत योजना र हस्तान्तरण प्रक्रियाका अतिरिक्त धेरै कारकहरूको सम्बद्धता पर्न सक्तछ । शिविर व्यवस्थापन हस्तान्तरणका सामान्य हस्तान्तरण प्रक्रियामा देहाय अनुसारको बूँदाहरू अवलम्बन गर्नुपर्दछ :

- हस्तान्तरणमा संलग्न पात्रहरू मध्ये शिविर व्यवस्थापन कारकहरूको पहिचान र यस सम्बन्धी स्पष्ट सम्झौता ।
- हस्तान्तरण गरिने खास क्रियाकलाप र जिम्मेवारीको परिभाषा र भावी शिविर व्यवस्थापन एजेन्सीसँग संलग्न गतिविधि सम्बन्धी जिम्मेवारी र क्रियाकलापको पहिचान ।
- हस्तान्तरण समन्वयकर्ताको नियुक्ति : हस्तान्तरण प्रक्रिया शुरु गर्ने क्रम तयार, कार्यान्वयन र अनुगमन गर्ने विशेष जिम्मेवारी बोक्ने कर्मचारी ।

- हरेक क्षेत्रमा कार्यरत रहने सबै सरोकारवाला पक्षको हस्ताक्षर सहितको स्पष्ट हस्तान्तरण योजनाको स्थापना : यो अन्तर्गत स्पष्ट लक्ष्य र आंकलन गर्न सकिने आधार, खास समयसिमा र शिविरमा रहने जनसंख्यासँगको परामर्श पर्दछन् । मानव स्रोत सामग्री र पूर्वाधारको हस्तान्तरण, पर्यवेक्षक टोलीहरू र अभिलेखी कारण समेतका हस्तान्तरण प्रक्रियाको स्पष्ट खाकाको रुपमा यो अभिलेख रहन्छ ।
- भावी शिविर व्यवस्थापन एजेन्सीलाई पुऱ्याउन आवश्यक पर्ने सेवा प्रावधानको पहिचान; भौतिक सुविधा, पूर्वाधार र अन्य सम्पत्तिहरू ।
- शुरुमा तयार गरिएको तथा शिविरमा अध्यावधिक दर्ता भए अनुसार आन्तरिकरुपमा विस्थापित व्यक्तिहरूको सूचीको तयारी ।
- हस्तान्तरणका लागि पर्याप्त समयको व्यवस्था ।
- सेवा प्रावधान र अनुगमन लगायत सुरक्षा, स्वास्थ्य सम्बन्धी विवरण र अन्य कुराबारे संकलित सूचनाको तयारी । विभिन्न स्तर र क्षेत्रबाट संकलित र तयार भएका सबै सूचना हस्तान्तरण प्रक्रियाको तयारीका लागि तुरुन्त राखिने ।
- प्रत्येक क्षेत्रमा संलग्न सरोकारवालाहरूको हस्ताक्षर सहित स्पष्ट हस्तान्तरण योजनाको निर्माण । यी अन्तर्गत स्पष्ट लक्ष्य र अंकलन गर्न सकिने आधार खास समयसीमा र शिविर जनसंख्याको परामर्श पर्दछन् । यो अभिलेख मानवस्रोत, सामग्री र पूर्वाधार हस्तान्तरण, पर्यवेक्षक टोली र अभिलेखीकरण सहितका हस्तान्तरण प्रक्रियाको स्पष्ट खाकाका रुपमा रहनेछ ।
- शिविर संचालन सम्बन्धमा प्रभावकारी कार्य र शिविर व्यवस्थापन कार्यमा प्रशिक्षित संगठन(हरू) जिम्मेवार हुने अश्वासन ।
- मानवीय सहायतामा आवश्यकतानुसार, सक्रियरुपमा संलग्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संगठनको संजाल ।

**हस्तान्तरण :** (शिविर व्यवस्थापन टूलकीट २०१५ अनुसार परिमार्जित)

मानवीय कार्यको तटस्थ चरित्र कायम गर्न सैनिक कार्यबाट स्पष्टरुपले पृथक गर्नु आवश्यक हुन्छ । यस प्रकारको भिन्नताको सिद्धान्त नअपनाउने हो भने मानवीय र सैनिक कार्यका उद्देश्यहरू एकअर्कासँग गासिन्छन् । अन्तत, यसबाट मानवीय संस्थाको शरणार्थी र आन्तरिक रुपमा विस्थापित जनसंख्याको सेवा गर्ने क्षमतामा गम्भीर रुपले प्रभाव पर्न सक्तछ । आदर्श अवस्थामा संकटकालीन अवस्था पूरा हुनासाथ सैनिक सेवा वा लडाकू समूहबाट स्थापित शिविरहरूको संचालन गैरसैनिक पदाधिकारी वा संस्थाबाट हुनुपर्दछ । प्रहरी र सैनिक सेवाको कार्य केवल सुरक्षासँग मात्र सीमित हुनु पर्दछ ।

कतिपय अवस्थामा अन्य विकल्प नहुँदा वा सैनिकको उच्च आदर रहने अवस्थामा शिविर संचालन गरी निरन्तरता दिन सैनिकहरूको प्रयोग गर्नुपर्ने हुन्छ ।

सैनिक स्रोतको समर्थन र सहयोग नभर मानवीय कार्य गम्भीररुपमा रोकिन वा प्रभाव पर्ने अवस्थामा संकटकालीन कार्यहरू तीब्र सैनिक वातावरणमा नै धेरै संचालन हुन्छन् । यो अत्यन्त जटिल विषय हो । किनकि एकातर्फ मानवीय कार्यको तटस्थता र मानवीय कार्यको स्वायत्तता कायम राख्नु जरुरी हुन्छ भने केही अवस्थामा सैनिकको सहयोग पनि जरुरी रहन्छ ।

सैनिकसँग अन्तरक्रिया गर्नुपर्ने सबै अवस्थामा यसको परिवेश र प्रभावबारे जानकार रहनु पर्दछ। कुनै समय लोकप्रिय रहने सैनिक उपस्थिति अलोकप्रिय बनी शिविरमा रहने जनसंख्या र/वा अन्य लडाकू समूहको हिंसाको तारो बन्न सक्तछ।

*"महत्वपूर्ण गैरसैनिक कार्यहरू जस्तै पानीको आपूर्ति, पानीको व्यवस्था अथवा विमानस्थल संचालको जिम्मेवारी जेजस्तो कारणले प्राप्त भएपनि सैनिक अधिकारीहरूले यथाशीघ्र संयुक्त राष्ट्रसंघीय मानवीय समन्वयकर्ता वा आवासीय समन्वयकर्तासँग समन्वय गरी उपयुक्त गैरसैनिक पदाधिकारीलाई यस्ता कार्य सूचारुरुपले हस्तान्तरण गर्नुपर्दछ।"*

*(माथि २००३ मा जारी जटिल संकटकालमा संयुक्त राष्ट्रसंघीय मानवीय क्रियाकलापको सहयोगार्थ सैनिक र नागरिक रक्षा सहयोगको उपयोग बारेको मार्गदर्शनबाट)*

शिविर व्यवस्थापनको हस्तान्तरण कुनै छुट्टै संस्था वा सरकारी निकायलाई गर्दा हस्तान्तरण प्रक्रिया सम्बन्धी पूर्ण योजना कसरी संचालन हुन्छ र यसका कारकहरूको पहिचान र अनुगमन साथसाथै हुनुपर्दछ। विस्थापित जनसंख्यालाई आश्रय र शिविर व्यवस्थापन सहित नेपालका राष्ट्रिय सुरक्षा बलको संकटकालीन प्रतिक्रियामा रहने भूमिका र दायित्वको ख्याल गरी यस्ता शिविर राष्ट्रिय सुरक्षा बलबाट शिविर व्यवस्थापनको दायित्व अनय मानवीय संस्थाहरूलाई आवश्यक हस्तान्तरण गर्ने बारे सोच्नुपर्दछ।

## वैदेशिक नियोग

भूकम्प लगायत विनाशकारी विपद्का अवस्थामा आफ्ना नागरिकको अवस्थाबारे विदेशी नियोगले सरकारी अधिकारीसँग सम्पर्क गरेमा राष्ट्रिय आपतकालीन संचालन केन्द्रका लागि अवश्य अनुसार परराष्ट्र मन्त्रालयले एक सम्पर्क अधिकृत खटाउँदछ। यस्ता सम्पर्क अधिकारीले बराबर पराराष्ट्र मन्त्रालयमा सूचना प्रवाह गर्दछन्। परराष्ट्र मन्त्रालयले विदेशी नियोगहरूसँग समन्वय गरी विदेशी नागरिक बारेका अद्यावधिक सूचना उपलब्ध गराउँदछ। यसका साथै यो निकायले राष्ट्रिय आपतकालीन संचालन केन्द्रसँग सहयोग लिई मित्रराष्ट्रहरूबाट प्राप्त सबै प्रकारको वैदेशिक सहायतको समन्वय गर्दछ।

### विपद् पश्चात प्रारम्भिक मूल्यांकन

विपद् पश्चात प्रारम्भिक विपद् मूल्यांकन निर्देशिका २०७२ अनुसार गरिन्छ। विपद्को विवरण प्राप्त हुनासाथ राष्ट्रिय आपतकालीन संचालन केन्द्रले देहायको कार्य गर्दछ :

- घटना क्षेत्रमा खटिएका जिम्मेवार अधिकारीहरूको नाम र सम्पर्क नम्बर सरोकारवाला निकायलाई उपलब्ध गराउने।
- जिल्ला आपतकालीन संचालन केन्द्र वा विपद्स्थलमा खटिएका अधिकारीले माग गरे अनुसार सरोकारवाला निकायलाई सहयोगका लागि अनुरोध गर्ने।
- संचारका सबै माध्यमको उपयोगद्वारा घटनाबाट प्रभावित समुदायलाई सूचना गर्ने, उनीहरूलाई समयमा अपनाउन अनुरोध गर्ने तथा घाइते र प्रभावित मानिसहरूलाई सुरक्षित स्थानमा हस्तान्तरण गर्ने।
- विपद् प्रभावित क्षेत्रको अवस्था र स्थिति अनुसार अत्यावश्यक कार्य गर्ने वा गर्न मद्दत गर्ने,

- तथ्यांकको मूल्यांकनका आधारमा अभिलेख अद्यावधिक गर्ने ।

**सरोकारवाला निकायले प्रतिनिधि खटाउने र प्रतिवेदन दिने**

राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुखको नेतृत्वमा विपद् प्रतिकार कार्य समन्वयात्मक ढंगमा संचालन गर्न देहायका निकायले आफ्नो सक्रियताका आधारमा प्रतिनिधि खटाउँदछन् । यसका साथै यस्ता निकायले समयसमया आफूले सम्पन्न गरेका कार्यबारे आवश्यक सूचना राष्ट्रिय आपतकालीन संचालन केन्द्रलाई जानकारी गराउनेछन् ।

- सरोकारवाला, नेपाल सरकारका मन्त्रालय, सचिवालय र विभाग,
- नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल,
- संयुक्त राष्ट्रसंघीय निकाय, क्षेत्रगत निकायका सहप्रमुखहरू,
- रेडक्रस र रेड क्रेस्सेन्ट आन्दोलनका सदस्यहरू,
- प्रभावितको खोजी र सुरक्षा गर्ने,
- प्रभावितलाई सुरक्षित स्थानमा हस्तान्तरण गर्ने,
- विस्थापितका लागि आश्रयको व्यवस्था गर्ने,
- राहत वितरणमा सहयोग गर्ने,
- शान्ति र सुरक्षा कायम गर्न नेपाली प्रहरीलाई सहयोग गर्ने,

प्रमुख जिल्ला अधिकारी, नेपाली सेना र नेपाल प्रहरीको स्थलगत अनुपस्थितिको अवस्थामा विपत प्रतिकार कार्यको समन्वय सशस्त्र प्रहरी बलले गर्नेछ । यस्तो भूमिकामा रहँदा सशस्त्र प्रहरी बलले राष्ट्रिय र जिल्ला आपतकालीन संचालन केन्द्रसँग समन्वय गर्नेछ ।

**क्षेत्रिय आपतकालीन संचालन केन्द्रहरू**

गृह मन्त्रालयल अन्तर्गतका क्षेत्रिय प्रशासन कार्यालमा क्षेत्रिय आपतकालीन संचालन केन्द्रहरू स्थापना गरिनेछन् । यी संस्थाले राष्ट्रिय आपतकालीन संचालन केन्द्रसँग सम्पर्क र समन्वय गर्नेछन् । यी केन्द्रहरू क्षेत्रीय विपद् राहत समिति र क्षेत्रीय प्रशासकको प्रत्यक्ष अगुवाइमा संचालन हुन्छन् ।

**जिल्ला आपतकालीन संचालन केन्द्रहरू**

गृह मन्त्रालय अन्तर्गत प्रत्येक जिल्लामा जिल्ला आपतकालीन संचालन केन्द्रहरू स्थापना हुनेछन् । यस्ता निकायले राष्ट्रिय आपतकालीन संचालन केन्द्रसँग सम्पर्क र समन्वय गर्नेछन् । यी केन्द्र प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् राहत समितिका अध्यक्षका नियन्त्रण र निर्देशनमा कार्य गर्दछन् ।

**स्थानिय आपतकालीन संचालन केन्द्रहरू**

महानगर, उपमहानगर तथा अन्य नगरपालिकामा आपतकालीन संचालन केन्द्रहरू स्थापना गरिनेछन् । यस्ता केन्द्रले जिल्ला आपतकालीन संचालन केन्द्रसँग सम्पर्क र समन्वय गर्दछन् ।

**रेडक्रस आन्दोलन**

प्रभावकारी विपद् प्रतिकारका लागि नेपाल रेडक्रस सोसाइटीको आपतकालीन संचालन केन्द्र र राष्ट्रिय आपतकालीन संचालन केन्द्रबीच सिधा सम्पर्क स्थापना हुनेछ । साथै रेडक्रस आन्दोलनका अन्य सदस्यहरू तथा रेडक्रस तथा रेड क्रेस्सेन्ट आन्दोलनको अन्तर्राष्ट्रिय महासंघ सहयोग र समन्वय कायम गरिनेछ ।

**अन्तर्राष्ट्रिय समन्वय**

नेपाल सरकारले विपद्का अवस्थामा अन्तर्राष्ट्रिय सहयोगका लागि अनुरोध गरेको वा यस्तो सहयोग स्वीकार गरेको अवस्थामा राष्ट्रिय स्तरमा मानवीय सहायतको परिचालन गर्न अन्तर्राष्ट्रिय समुदायसँग राष्ट्रिय आपतकालीन संचालन केन्द्रले समन्वय गर्नेछ । साथै केन्द्रले राहत सामाग्रीको प्राथमिकता निर्धारण गरी यस्ता सामाग्रीको प्रवाह पनि गर्दछ ।

**मानवीय मामिलाको समन्वयसम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यालय**

विपद्का समयमा राष्ट्रिय आपतकालीन संचालन केन्द्रले मानवीय मामिलाको समन्वयसम्बन्धी संयुक्त राष्ट्रयसंघीय कार्यालयसँग समन्वय गर्नेछ । साथै केन्द्रले विपद्को तयारी र विपद् प्रतिकारहरूमा कार्यरत रही आवश्यक मानवीय सहायता परिचालन गर्ने संयुक्त राष्ट्रसंघीय क्षेत्रगत निकायहरूसँग पनि समन्वय गर्नेछ ।

**स्थलगत संचालन समन्वय केन्द्र**

विनाशकारी विपद्को अवस्थामा नेपाल सरकारले खोजी र बचावट कार्यका लागि अन्तर्राष्ट्रिय सहायताका लागि अनुरोध गरेमा अन्तर्राष्ट्रिय खोजी तथा बचावट समूहबीच समन्वय गर्न स्थापित केन्द्रसँग राष्ट्रिय आपतकालीन संचालन केन्द्रले आवश्यक समन्वय गर्नेछ । यसप्रकारको समन्वय केन्द्रले राष्ट्रिय आपतकालीन संचालन केन्द्र समक्ष नियमित रुपमा एक प्रतिनिधि खटाउनेछ ।

**बहुराष्ट्रिय सैनिक समन्वय समिति**

नेपाल सरकारले खोजी र बचावटका लागि अन्तर्राष्ट्रिय सहयोगका लागि आव्हान गरेको र यस्तो अनुरोधमा सैनिक सहायता पनि उपलब्ध भएमा नेपाल आपतकालीन संचालन केन्द्रले बहुराष्ट्रिय सैनिक समितिसँग समन्वय गर्न एक प्रतिनिधि खटाउने छ । केन्द्रले बहुराष्ट्रिय सैनिक समितिलाई नियमितरुपमा जिम्मेवारी दिने र प्रगति विवरण माग गर्न सक्तछ । साथै बहुराष्ट्रिय सैनिक समितिले नेपाल आपतकालीन संचालन केन्द्र समक्ष नियमित रुपमा प्रतिनिधि खटाउनेछ ।

**स्थानिय आपतकालीन व्यवस्था निकाय**

नेपाल सरकारले खोजी र बचावटका लागि मानवीय सहायताका लागि अनुरोध गरेको र स्थलगत संचालन समन्वय केन्द्र र बहुपक्षीय सैनिक समितिले काम शुरु गरेको अवस्थामा राष्ट्रिय आपतकालीन संचालन केन्द्रले स्थानीय आपतकालीन व्यवस्थापन निकायको रुपमा कार्य गर्नेछ। यसको प्रमुख जिम्मेवारी विपद् प्रतिकारको नियन्त्रण निर्देशन र समन्वय रहन्छ।

उपरोक्त कार्य गर्न नेपाली सेनाले केन्द्रमा गृह मन्त्रालय र जिल्लामा प्रमुख जिल्ला अधिकारीसँग समन्वय गर्नेछ। घटनास्थलमा प्रमुख जिल्ला अधिकारीको अनुपस्थितिमा विपद् प्रतिकारको समन्वय नेपाली सेनाले गर्नेछ।

**नेपाली प्रहरी**

स्थानीय तहमा फैलिएको सन्जालका कारण विपद्को अवस्थामा राष्ट्रिय आपतकालीन संचालन केन्द्रसँग समन्वय गरी विपद् प्रतिकारका लागि स्थानिय कारकको रुपमा कार्य गर्दछ। यस्तो अवस्थामा नेपाल प्रहरीले देहायको कार्यहरू गर्नेछ :

- शान्ति सुरक्षा तथा शान्ति र स्थिरता कायम गर्ने,
- खोजी र बचावटका लागि तयारीको अवस्थामा रहने,
- प्रभावितहरूलाई खोज्ने र बचावट गर्ने,
- विस्थापितहरूको आश्रयको प्रबन्ध गर्ने,
- विपद् प्रभावित क्षेत्र लाशहरूको व्यवस्थापन गर्ने,
- राहत वितरणमा सहयोग गर्ने,
- घटनामा भएको जनधनको क्षतिबारे तथ्यांक संकलन गर्ने,

घटना क्षेत्रमा प्रमुख जिल्ला अधिकारी र नेपाली सेनाका अधिकारीको अनुपस्थितिमा नेपाल प्रहरीले विपद् प्रतिकारको समन्वय गर्नेछ। यस भूमिकामा नेपाल प्रहरीले राष्ट्रिय र जिल्ला आपतकालीन संचालन केन्द्रसँग समन्वय गर्नेछ।

**सशस्त्र प्रहरी बल**

राष्ट्रिय आपतकालीन संचालन केन्द्रसँग समन्वय गरी विपद् प्रतिकार सम्बन्धमा सशस्त्र प्रहरी बलले देहायको कार्यहरू गर्नेछ :

- खोजी र बचावट कार्यका लागि तयारीको अवस्थामा रहने
- आपतकालीन प्रतिकारको प्रकृतिका आधारमा तुरुन्त सम्पर्क गर्नुपर्ने सरोकारवाला निकायको पहिचान गरी यस्ता निकायसँग सम्पर्क व्यक्ति तोक्न अनुरोध गर्ने,

# विपद् प्रतिकार

**गृह मन्त्रालय**

विपद् अवस्थामा विपद् प्रतिकारमा गृह मन्त्रालयले नेतृत्वको भूमिका लिनेछ । राष्ट्रिय आपतकालीन संचालन केन्द्रले आवश्यक समन्वय र सूचना व्यवस्थापनको काम गर्दछ । विपद् स्थलमा खोजी र बचावटसम्बन्धी प्रतिकारको नेतृत्व प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको व्यक्तिले गर्नेछ । राष्ट्रिय आपतकालीन संचालन केन्द्र मार्फत प्राप्त अध्ययन र विश्लेषण सूचनाका आधारमा स्थितिको गाम्भीर्यता हेरी गृह मन्त्रालयले विपद् प्रतिकार कार्य गर्न प्रतिकार नियन्त्रकका रुपमा कसैलाई तोक्नेछ ।

**नेपाली सेना**

शुरुको अवस्थामा प्राथमिक दायित्वका रुपमा राष्ट्रिय आपतकालीन संचालन केन्द्रसँग समन्वय गरी नेपाली सेनाले विपद् प्रतिकार सम्बन्धी देहाय अनुसारको कार्य गर्नेछ :

- खोजी र बचावटका लागि तयारीको अवस्थामा रहने,
- विपद् प्रभावित र पीडितहरूको खोजी र बचावट गर्ने,
- विस्थापितहरूलाई सुरक्षित स्थानमा लान खाली गराउने,
- पीडितहरूलाई प्राथमिक स्वास्थ्यसेवा प्रदान गर्ने,
- आवश्यक सामाग्री आपूर्तिका लागि आवश्यकतानुसार बाटो खोल्ने,
- आवश्यकतानुसार वायुसेवा संचालन गर्ने वा सो गर्न सहयोग गर्ने,
- विस्थापितका लागि आश्रयस्थल स्थापना गर्ने,
- राहत वितरणमा सहयोग गर्ने,

उपलब्ध विपद् व्यवस्थापन विज्ञहरूलाई कार्यकारिणी समूहका बैठकहरूमा आमश्रण गर्न सकिनेछ ;

**कार्य समूह**

राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुखले कार्य समूहको नेतृत्व गर्नेछन् । निजले अनुसूची २ अनुसार विपद् प्रतिकारमा संलग्न अधिकारीहरूको अद्यावधिक विवरण राख्नेछन् । कार्यक्षेत्र र विपद्को प्रकृति हेरी सहायक कार्य समूहको गठन पनि गर्न सकिनेछ । यस्तो अवस्थामा राष्ट्रिय आपतकालीन संचालन केन्द्रका लागि गृह मन्त्रालयले थप जनशक्ति उपलब्ध गराउनेछ । विपद् प्रतिकार कार्य समन्वयात्मक ढंगले संचालन गर्न कार्य समूहले देहाय अनुसारको कार्य गर्नेछ र समूहका सदस्यको जिम्मेवारी गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखाले तोकेअनुसार विपद् पूर्वका सूचना र पूर्व चेतावनी विवरण प्रचार गर्नु; विपद् प्रतिकारमा प्राथमिकताको पहिचान गर्नु; विपद् प्रतिकारमा सहयोगी निकायको उपस्थिति सुनिश्चित गर्नु; विपद् प्रतिकारसँग संलग्न निकायहरूको क्षमता सहित पहिचान गर्नु; कार्यकारिणी समूहका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु; घटनास्थलमा प्रबन्धकलाई आवश्यक निर्देशन दिनु; विपद्बाट भएको क्षतिबारेको सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्नु; राहत वितरण सम्बन्धी सुचना र तथ्यांक संकलन र अद्यावधिक गर्नु र विपद् चेतावनीको अन्त बारेको सूचना प्रसार गर्नु हो ।


**सहयोग समूह**

कार्य समूहको कायम सहयोगार्थ एक सहयोग समूह रहनेछ । उत्कृष्ठ संचालन प्रक्रिया मुताबिक समूहले काम गर्नेछ । विपद्को स्तर, यसका जटिलता र आवश्यकताका आधारमा सहयोग समूहका सदस्यहरूको संख्या गृह मन्त्रालयले थपघट गर्नेछ । यो समूहले कार्य समूहको निर्देशनमा काम गर्नेछ ।

**विपद्को सूचना प्राप्ती पश्चात राष्ट्रिय आपतकालीन संचालन केन्द्रको कर्तव्य :**

सम्भावित वा वास्तविक विपद्को सूचना प्राप्त हुनासाथ केन्द्रका कर्मचारीले लगबूकमा सो सूचना दर्ता गरी सूचना अधिकृतलाई जानकारी दिनेछन् । यो सूचना प्राप्त हुनासाथ सूचना अधिकृतले अविलम्ब देहाय अनुसारको कार्य गर्नेछन् :

- विपद्को प्रकृति र जटिलताका आधारमा उत्कृष्ठ संचालन प्रक्रिया अनुसार केन्द्रको साँगठनिक संरचनालाई सक्रिय बनाउने,
- राष्ट्रिय आपतकालीन संचालन केन्द्रको सक्रियता वा यस्तो सक्रियताका लागि विशेष अंश र क्षेत्रको स्तर र चरण निर्धारण गर्ने,
- सरोकारवाला निकायलाई तुरुन्त जानकारी गराई सूचना समन्वय गर्ने,
- सबै सम्बद्ध निकायबाट आवश्यक सूना संकलन गर्ने, यसका विस्तृत कुरालाई अद्यावधिक गरी मूल्यांकन र विश्लेषण गर्ने तथा कार्यकारणी तहमा पेश गर्ने ।


राष्ट्रिय विपद राहत समिति
मुख्य सचिव, सचिव, सहसचिव
विभागीय प्रमुखहरु
राष्ट्रिय आपतकालीन संचलन केन्द्र प्रमुख
व्यवस्थापन
सामग्री र परिचालन
संचालन
सूचना
कम्प्युटर अपरेटर
सहयोगी शाखा
रेडियो अपरेटर
प्रशासनिक सहायक
चालकहरु
सूचना संप्रेषक
कार्यकारिणी समूह
कार्य समूह
सहयोगी समूह

**कार्यकारिणी समूह**

विपद् प्रतिकारकोल निर्देशन र नियन्त्रण कार्यकारिणी समूहले गर्नेछ । यो समूहले राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुखको दायित्व बाहेकका विषयमा आवश्यक नीति र रणनीति तर्जूमा गर्नेछ र केन्द्रिय विपद् राहत समिति मार्फत सरकारमा पेश गर्नेछ । यसका साथै सरकारको निर्णय मुताबिक विपद् प्रतिकारमा संलग्न अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय र विपद् प्रतिकारको मूल्यांकन पनि यसले गर्नेछ ।

कार्यकारिणी समूहमा रहने अधिकारीहरूमा केन्द्रिय विपद् राहत समितिका अध्यक्ष, मुख्य सचिव, गृह मन्त्रालयका सचिव, क्षेत्रको नेतृत्वमा संलग्न मन्त्रालयका सचिवहरू, सुरक्षा निकायका प्रमुखहरू, जलवायु तथा मौसम विभागका महानिर्देशक, खानी भूगर्भ विभागका महानिर्देशक, हवाई विभागका महानिर्देशक, नगरपालिकाका दमकलका प्रमुखहरू, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक, नेपालको खानेपानी संस्थाका महाप्रबन्धक, काठमाडौं उपत्यका जल आपूर्ति लि. का प्रबन्ध निर्देशक, नेपाल खाद्य संस्थानका महाप्रबन्ध र गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखाका प्रमुख पर्दछन् ।

कार्यकारिणी समूहको सिफारिसमा विपद् प्रतिकारको चरणको समाप्ती र पूनर्स्थान चरणको शुरुवात प्रभावकारी संचालकका साथै केन्द्रिय विपद् राहत समितिले राष्ट्रिय आपतकालीन संचालन केन्द्रको सक्रियताको स्तरलाई बन्द गर्नेछ ।

विशेष विपद्मा राष्ट्रिय आपतकालीन संचालन केन्द्रको विशेष सक्रियतालाई बन्द गर्ने सिफारिसमा यस्तो समाप्तीको मिति किटान हुनु पर्दछ । राष्ट्रिय विपद् संचालन केन्द्रको सक्रियताको समाप्तीसँगै यसका प्रमुख र संचालन अधिकृतले देहाय अनुसारको कार्य गर्नेछन् :

- सक्रियताका समयको केन्द्रको कार्यसम्बन्धी प्रतिवेदन तयार गर्ने,
- सक्रियताका समय गरिएका मुख्य कार्यहरू गर्नुपर्ने मुख्य कार्यहरू र बाँकी कार्यहरूबारे सिफारिस सहितको फेहरिष्त तयार गर्ने । यस्तो प्रतिवेदन केन्द्रका प्रमुखले तयार गर्नेछन्,
- सरोकारवाला स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रि निकायसमक्ष लिखित सूचना प्रेषित गर्ने,
- प्रयोग भएका सामाग्री र औजारको अन्तिम अभिलेख तयार गर्ने,
- अन्य निकायबाट सापट लिइएका सामाग्री फिर्ता गर्ने र सोको अभिलेख राख्ने ।

विशेष सक्रियताको सामप्तीलाई केन्द्रले नियमित प्रक्रिया अन्तर्गत कार्य गर्नेछ । विपद् प्रतिकारको पूर्णताको अनुभव र मूल्यांकनका आधारमा उत्कृष्ट संचालन प्रक्रियामा गरिनु पर्ने आवश्यक सुधारबारे केन्द्रका प्रमुखले प्रतिवेदन पेश गर्नेछन् ।

## सक्रियताका समयमा राष्ट्रिय आपतकालीन संचालन केन्द्रको संगठनात्मक संरचना

राष्ट्रिय आपतकालीन संचालन केन्द्रको कार्य प्रभावकारी बनाउन यसको संगठनात्मक संरचनालाई तीन तहमा विभाजन गरिएको छ । पहिलो तहमा कार्यकारिणी समूह, दोश्रो कार्य समूह र तेस्रो सहयोगी समूह हो । कुनैपनि माध्यमको सूचना मार्फत विपद्को सूचना प्राप्त हुनासाथ सबै तीन तहका अधिकृत र कर्मचारीहरू केन्द्रमा सम्पर्क गरी आफ्नो जिम्मेवारी सम्हाल्दछन् । राष्ट्रिय आपतकालीन संचालन केन्द्रलाई बनाउन साथ यसको संगठनात्मक संरचनाको घोषणा गरिनेछ । यस्तो सूचनामा संरचना र सम्बद्ध शाखामा कार्यरत व्यक्तिहरूको

बारे उल्लेख गरिन्छ। राष्ट्रिय आपतकालीन संचालन केन्द्रले हरेक कार्यचरण (शीफूट)मा कार्यरत कर्मचारीको नाम अद्यावधिक गर्नेछ। साथै यसरी खटिने कर्मचारीले आफ्नो परिचयपत्र देखिने गरी लगाउनु पर्दछ। राष्ट्रिय आपतकालीन संचालन केन्द्रको संगठन तालिका देहाय अनुसार हुनेछ :

| **केन्द्रको नेतृत्व** | **राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुख** | **सहसचिव, विपद् व्यवस्थापन महाशाखा गृह मन्त्रालय** | **सचिव गृह मन्त्रालय** | **मुख्य सचिव नेपाल सरकार** |
|---|---|---|---|---|
| **विपद्/प्रभावको प्रकार** | **स्थानिय स्तर** | **जिल्लास्तर** | **क्षेत्रियस्तर** | **राष्ट्रिय स्तर (आपतकालीन क्षेत्रको घोषणा)** |
| विपद् प्रतिकार स्थिति | विपद् पूर्वको स्थिति र सम्भावित शीघ्र हुने विपद् स्थानिय/जिल्ला स्तरको प्रतिकार पुरा हुने अवस्थामा विपद्को स्थिति | स्थानिय/जिल्लास्तर विपद् प्रतिकार हुन सक्ने अवस्थामा जिल्लास्तर विपद् प्रतिकारका साथै केन्द्रस्रतमा स्रोत, सहयोग र समन्वय आवश्यक रहन्छ। | एक वा बढी जिल्लालाई प्रभाव पार्ने विपद् जसको प्रतिकार आन्तरिक स्रोत र औजारबाट सम्भव छ तर राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी वा निजी समूहको समर्थन आवश्यक पर्दछ। | विपद् प्रतिकारका लागि अन्तर्राष्ट्रिय सहयोगका लागि सरकारले अनुरोध गरेको अवस्थाको विपद् स्थिति |
| राष्ट्रिय आपतकालीन संचालन केन्द्रबाट गरिने कार्य | विद्यमान स्थितिबारे सबै निकायलाई सूचित गर्ने,<br>राष्ट्रिय आपतकालीन संचालन केन्द्रलाई द्वितिय तहको सक्रियताका लागि तयार गर्ने,<br>द्वितिय तहको सक्रियता बारे सरोकारवाला निकायलाई खबर गर्ने, | स्थितिको अनुगमन र पूर्ण रुपमा विश्लेषण र यसबारे सम्बद्ध निकायलाई सूचना गर्ने,<br>स्थानिय/जिल्ला स्तर र केन्द्रिय स्तरका निकायसँग समन्वय गर्ने,<br>प्रतिकार र राहत क्रियाकलापको अनुगमन गर्ने। | अन्तर्राष्ट्रिय गैरसरकारी तथा निजी क्षेत्रका संघसंस्थासँग समन्वय गर्ने। | मानवीय सहायता कार्यमा संलग्न सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायद्वारा गरिने विपद् प्रतिकार कार्यको समन्वय गर्ने, |

**राष्ट्रिय आपतकालीन संचालन केन्द्रको सक्रियता स्तरको कटौती र समाप्ती**

कार्यकारिणी समूले राष्ट्रिय आपतकालीन संचालन केन्द्रको सक्रियता स्तरलाई केन्द्रको संलग्नता तथा यसमा आबद्ध अधिकारीहरूको सिफारिशमा कटौती वा समाप्त गर्नेछ र केन्द्रिय विपद् राहत समितिलाई सूचना गर्नेछ ।

- राष्ट्रिय आपतकालीन संचालन केन्द्रले आपतकालीन प्रतिकार संचालनका साथै शीघ्र प्रतिकार कार्यका लागि विभिन्न मन्त्रालय, विभाग र कार्यालयसँग समन्वय गर्नेछ ।
- बचावट र मानवीय सहायतासँग सम्बद्ध क्रियाकलापको अनुगमन र मूल्यांकन राष्ट्रिय र जिल्लास्तरमा अनुगमन र मूल्यांकन गरिनेछ । राष्ट्रिय विपद् राहत समितिले राष्ट्रिय स्तरको कार्यको अनुगमन र मूल्यांकन गर्नेछ । स्थानिय तहको कार्यको अनुगमन र मूल्यांकन जिल्ला विपद् राहत समितिले गर्नेछ । क्षेत्रिय विपद् राहत समितिले जिल्लास्तरीय कार्यको अनुगमन र मूल्यांकन गर्नेछ । जिल्ला स्तरीय एकीकृत सूचना राष्ट्रिय विपद् राहत समितिलाई बुझाउनेछ ।

## राष्ट्रिय आपतकालीन संचालन केन्द्र – उत्कृष्ट संचालन प्रक्रिया (नेपाल सरकार, गृह मन्त्रालय)

**राष्ट्रिय आपतकालीन संचालन केन्द्र – उत्कृष्ट संचालन प्रक्रियाका उद्देश्यहरू विविध प्रकारका छन् र देहाय अनुसार छन् :** राष्ट्रिय आपतकालीन संचालन केन्द्रको संगठनात्मक संचरनाको निर्धारण; केन्द्रको संचालनका निम्ति आवश्यक पर्ने न्यूनतम स्रोतहरूको पहिचात ; केन्द्र र सम्बद्ध अधिकारीहरूको कार्य र अधिकारको पहिचान; केन्द्रमा प्राप्त सूचना परिष्कृत गर्ने व्यवस्थाको निर्धारण, विपद् तयारी र विपद् प्रतिकारमा संलग्न सरोकारवाला निकाय बीच समन्वय प्रक्रियाको परिभाषा; विपद्बाट भएको क्षतिसहितको अद्यावधिक सुचना प्राप्त गर्ने व्यवस्थाको स्थापना; विपद्का समयमा खोजी, बचावट र मानवीय सहायता पुऱ्याउने र समन्वय गर्ने पद्धतिको स्थापना र विकास तथा विपद् प्रतिकारमा महिला, बालबालिका, जेष्ठ नागरिक र असक्त व्यक्तिहरूको अधिकारको सुनिश्चितता ।

**राष्ट्रिय आपतकालीन संचालन केन्द्रका आधारभूत कार्यहरू :**

१. केन्द्रिय स्तरमा विपद् प्रतिकार सम्बन्धी सूचना संकलन, समन्वय र सहयोगको विकास गरी खोजी, बचावट र राहत व्यवस्थापनको नेतृत्व गर्ने,
२. केन्द्रिय विपद् राहत समिति तथा गृह मन्त्रालयका निर्णयहरू कार्यान्वयन गर्ने,
३. विपद् प्रतिकारमा संलग्न सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोजी तथा बचावट समूहहरूबीच समन्वय कायम गर्ने,
४. मानवीय सहायता गतिविधिमा नेतृत्वदायी र समन्वयकारी संगठनका रुपमा कार्य गर्ने,
५. सम्बद्ध निकायबाट विपद् सम्बन्धी सूचना संकलन, विश्लेषण र प्रसार गर्ने,
६. विपद् तयारी योजना तर्जूमा तथा कार्यान्वयनमा सबै तहका सरकारी संगठनलाई आवश्यक सहयोग प्रदान गर्ने,

७. विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रको विषयसम्बद्ध कार्य र शीघ्र प्रभाव पार्ने राहत गतिविधिको कार्यान्वयनलाई समन्वय गर्ने
८. सम्भावित विपद् जोखिम र पूर्व चेतावनी र जोखिमको समाप्तीबारे सूचना दिने तथा विपद्पूर्व सूचना प्रणाली समन्वय गर्ने,
९. विपद् घटना र यसबाट भएको नोक्सानी सम्बन्धी विवरण संकलन, विश्लेष्ण र अद्यावधिक गर्ने तथा विपद् सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशनका साथै लिंग र समावेशिताका आधारमा विवरण छुट्याउने ।
१०. विपद् र त्यसबाट भएका नोक्सानी बारे सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्ने आधिकारिक संगठनका रुपमा विपद् प्रतिकारको तयारी र सम्बोधनका विवरण नियमित रुपमा प्रसार गर्ने,
११. सबै जिल्लामा आपतकालीन संचालन केन्द्रको संजालको स्थापन र व्यवस्थापन गर्ने,
१२. महत्वपूर्ण सार्वजनिक स्थलहरूमा विद्युतिय सूचना बोर्ड तथा समान प्रकारका पद्धतिको सूचना, सचेतना बढाउने सामाग्री र पूर्व चेतावनी तथा यस्ता गतिविधिहरूको समन्वय गरी जनचेतना बढाउने,
१३. प्रारम्भिक शीघ्र मूल्यांकन, बहुपक्षीय प्रारम्भिक शीघ्र मूल्यांकन तथा क्षेत्र सम्बद्ध जोखिम मूल्यांकनको उपयोग गरी विपद्को प्रभाव र नोक्सानीको मूल्यांकनका आधारमा विपद् प्रतिकारका लागि आवश्यक औजार र स्रोतको पहिचान गर्न सहयोग गर्ने,
१४. क्षेत्रिय आपतकालीन स्थितिको व्यवस्थापनलाई प्रभावकारी बनाउन राष्ट्रिय स्तरमा आवश्यक समन्वय सुनिश्चित गर्ने,
१५. राहत र बचावट सम्बन्धी औजार र सामाग्रीको केन्द्रिय अभिलेख राख्ने र यसलाई नियमित रुपा अद्यावधिक गर्ने ।

**राष्ट्रिय आपतकालीन संचालन केन्द्रको सक्रियता**

विपद्को प्रकृति, स्थिति, नोक्सानीको परिणामका आधारमा केन्द्रले विभिन्न स्तरको सक्रियता अपनाउने छ । सक्रियताको स्तर र नेतृत्व तथा यि स्तरका सक्रियता देहायबमोजिम हुनेछ :

सक्रियताको स्तर :


| विवरण | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| मार्गदर्शन र सिफारिस गर्ने अधिकारी र निकाय | सहसचिव, विपद् व्यवस्थापन महाशाखा, गृह मन्त्रालय | सचिव, गृह मन्त्रालय | केन्द्रिय विपद् राहत समिति/गृहमन्त्री | मन्त्रि परिषद/केन्द्रिय विपद् राहत समिति |

- स्थलगत संचालन समन्वय केन्द्रले अन्तर्राष्ट्रिय प्रतिकार गतिविधि सूचना गर्न सरकार र अन्तर्राष्ट्रिय दाताहरूबीच सम्बन्ध राख्दछ र सहयोग र सूचना आदान प्रदानका लागि कार्यक्रमको काम गर्दछ । संयुक्त राष्ट्रसंघीय समन्वयकर्ताले समन्वयका लागि खास व्यक्ति र अधिकारीलाई अराउनेछ ।

**राष्ट्रिय विपद् प्रतिकारका लागि विशेष व्यवस्था :**

- विपद् प्रतिकारको तयारी अन्तर्गत शीघ्र सूचना, सूचनाको विश्लेषण र प्रवाह, नोक्सानीको मूल्यांकनको तयारी, सचेतना र सशक्तिकरण, समयसीमा भित्र यी कार्यको उपलब्धि प्रति सम्बन्धित व्यक्तिहरू जिम्मेवार हुनेछन् ।
- मानवीय सहायता सम्बन्धी आपतकालीन प्रतिकार अन्तर्गत समन्वय, मूल्यांकन, खोजी तथा बचावट, बन्दोबस्त स्वास्थ्यसेवा, सरसफाइ, आश्रय सडक, विद्युत, विमानस्थल, जल आपूर्ति, दूरसंचार, सम्पदाको पुनर्स्थापना, विस्थापितहरूको अभिलेख, खाद्य सामाग्री, गैरखाद्य वस्तुहरू, औषधि, इन्धनको आपूर्ति, जोखिममा पर्ने जनताको सुरक्षा, पाँच वर्ष मुनिका बालबालिका, बालस्याहार र दूध खुवाउने आमाहरूको लागि पोष्टिक खाद्यान्न सुरक्षा, सुरक्षित खुला स्थानको व्यवस्था र हस्तान्तरण, अग्नि नियन्त्रण, फोहर र लाशको व्यवस्था आदि पर्दछन् । यि कार्यहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कार्यान्वयन गर्नु सम्बन्धितहरूको दायित्व हो ।
- राष्ट्रिय आपतकालीन संचालन केन्द्रले दक्षहरूको सूची, आवश्यक उपकरण सहित खोजी तथा बचावट टोली, अस्पतालको सूची र क्षमता, रक्त संचार र क्षमता, आपतकालीन संचार व्यवस्था तथा एम्बुलेन्स सेवा सहित विद्यमान संगठन क्षमताको अभिलेख र विश्लेषण गर्नेछ ।
- आपतकालीन प्रतिकारका अवस्थामा राष्ट्रिय आपतकालीन संचालन केन्द्रको हातमा रहेको मुख्य कार्यालय(कमाण्ड पोष्ट)को स्थापना, राष्ट्रिय आपतकालीन संचालन केन्द्रमा सम्बद्ध मन्त्रालयको विपद् प्रतिकार फोकल बिन्दूहरूको व्यवस्था, आपतकालीन संचालन केन्द्रभित्र संचार व्यवस्थापन केन्द्रको स्थापना, राहत आपूर्तिको उचित व्यवस्था, जिल्ला आपतकालीन संचालन केन्द्रको सक्रियता र संजाल, टीभि, रेडियो तथा एस.एम.एस.द्वारा सूचना प्रसारण र आमजनता र विपद् पीडितहरूलाई सूचनाको अद्यावधिक व्यवस्थासहित राष्ट्रिय आपतकालीन संचालन केन्द्रको उत्कृष्ट संचालन प्रक्रियामा उल्लेखित चौथो स्तरको आपतकालीन समयमा केन्द्रलाई सक्रिय बनाइनेछ ।
- घटनाको जिल्ला विपद् राहत समितिबाट जानकारी प्राप्त हुनासाथ कार्यकारिणी सदस्यहरूको आपतकालीन बैठक बस्नेछ । बैठकको अध्यक्षता गृह मन्त्रालयका सचिवले गर्नेछन् र अन्य सदस्यहरूमा विपद् व्यवस्थापन महाशाखाका सहसचिव, राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुख र विपद् व्यवस्थापन शाखा प्रमुख पर्दछन् । जसले विपद् स्थिति अनुसार घटनाको प्रतिवेदनका आधारमा स्थितिको मूल्यांकन र समन्वय तथा थप कार्यका लागि निर्णय गर्नेछन् ।
- बचावट र राहत कार्य तुरुन्त संचालन गर्न राष्ट्रिय आपतकालीन संचालन केन्द्रको हाताभित्रै बमाण्ड पोष्ट स्थापना गरिनेछ । कमाण्ड पोष्ट टोलीको नेतृत्व विपद् व्यवस्थापन महाशाखाको प्रमुख (सहसचिव)ले गर्नेछने र अन्य सदस्यमा नेपाली सेनाको सैनिक संचालन महानिर्देशनालयका सहायक रथी, नेपाल प्रहरीका नायम महानिरीक्षक र सशस्त्र प्रहरी बलका नायब महानिरीक्षक रहनेछन् ।
- राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुखले विपद् स्थितिमा विपद् प्रतिकार संचालन सम्बन्धमा मुख्य व्यक्ति (फोकल पर्सन) को कार्य गर्नेछन् । राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुखको नेतृत्वमा विभिन्न सम्बद्ध मन्त्रालय विभाग, राष्ट्रिय सुरक्षा अंगका फोकल पर्सनहरूले कार्य गर्नेछन् ।
- अन्तर्राष्ट्रिय खोजी तथा बचावट टोली र नेपाल आउने मानवीय सहायता टोलीले देशमा काम गर्ने समय बारे शुरुमा राष्ट्रिय आपतकालीन संचालन केन्द्रलाई सूचना गर्नेछन् ।

- खोजी तथा बचावट उपकरण र टोली सदस्यहरू र हवाई वा सडकमार्गबाट आउने मानवीय सहायता समूहका सदस्यहरू बारे राष्ट्रिय आपतकालीन संचालन केन्द्रले प्राथमिकता कार्य योजना तयार गर्नेछ ।
- वृद्धस्तरको विपद्का अवस्थामा राष्ट्रिय आपतकालीन संचालन केन्द्र/स्थानिय आपतकालीन व्यवस्थापन निकाय, स्थलगत संचालन समन्वय केन्द्र र बहुराष्ट्रिय सैनिक समितिबीच एक समन्वय पद्धति स्वतः स्थापित गरिनेछ । यस्तो अवस्थामा राष्ट्रिय आपतकालीन संचालन केन्द्रले राष्ट्रिय विपद् राहत समितिको सचिवालय र समन्वय केन्द्रको कार्य गर्नेछ । राष्ट्रिय आपतकालीन संचालन केन्द्रले संचालित कार्यक्रमबारे छलफल गर्ने खोजी तथा बचावट टोली र मानवीय निकायहरूलाई आमन्त्रण गर्न सक्नेछ । विपद् प्रभावित क्षेत्रको समन्वय व्यवस्थापन केन्द्र र सैनिक समन्वय केन्द्रको संचार केन्द्रलाई राष्ट्रिय आपतकालीन संचालन केन्द्रमार्फत जानकारी गराइन्छ । यो पद्धति देहाय अनुसार रहेको छ :



## क्रियाकलाप २

## राष्ट्रिय विपद् जोखिम व्यवस्थापनका कानूनी कार्यढाँचा

- यो क्रियाकलाप नेपाल विपद् जोखिम व्यवस्थापन कानूनी कार्याढाँचा र यसका विभिन्न नीति र कार्यसँग सम्बन्धित छ भन्ने कुरा सहभागीहरूलाई बताउनुहोस् ।
- सहभागीहरूलाई नेपालको विपद् जोखिम व्यवस्थापन कानूनी कार्यढाँचासँग सम्बन्धित मुख्य कानून र नीतिहरूबारे बताउन प्रश्न गर्नुहोस । सहभागीहरूसँग छलपल बढाउनुहोस् र निजहरूले बताएका ऐन र नीतिहरू फ्लिपचार्टमा लेख्नुहोस् ।
- कुनै सहभागीले कुनै कानून वा नीतिबारे कुरा उठाएमा वा सूचीकृत गरेमा सो कानून वा नीतिको उद्देश्य छोटकरीमा व्याख्या गर्न सहभागीहरूलाई लगाउनुहोस् । कुनै प्रश्न भएमा सोबारे व्याख्या गर्नुहोस् ।
- सहभागीहरूले सूचीकृत गेको मुख्य कानून वा नीतिमा कुनै छुटेको भए सोसहित सूची पूरा गर्नुहोस् ।
- टूल ११ अनुसार नेपाल विपद् जोखिम व्यवस्थापन कानूनी कार्यढाँचा वितरण तथा /अथवा पावरपोइन्ट स्लाइडमा देखाउनुहोस् । उठ्ने प्रश्नहरूलाई सम्बोधन गर्नुहोस् र सहभागीहरूको व्याख्या पूर्ण नभएमा प्रत्येक कानून र नीतिहरूको छोटकरी भूमिकासहित व्याख्या गर्नुहोस् ।

## क्रियाकलाप ३

## राष्ट्रिय आपतकालीन संचालन केन्द्र

- सहभागीहरूलाई यो क्रियाकलाप राष्ट्रिय आपतकालीन संचालन केन्द्र यसको संरचना र यसका विभिन्न तत्वहरू र यिनीहरूको भूमिका र जिम्मेवारीसँग सम्बन्धित रहेको कुरा उल्लेख गर्नुहोस् । समूहलाई राष्ट्रिय आपतकालीन संचालन केन्द्रबारे जानकारी भए नभएको सोध्नुहोस् । उनीहरूलाई राष्ट्रिय आपतकालीन संचालन केन्द्रको कामबारे व्याख्या गर्न भन्नुहोस् । फ्लिपचार्टमा टिप्दै छलफल अघि बढाउनुहोस् र उपलब्ध आधारभूत सूचनाका आधारमा कुनै प्रश्न उठे सोबारे स्पष्ट गर्नुहोस् । समूहलाई राष्ट्रिय आपतकालीन संचालन केन्द्र कहिले सक्रिय हुन्छ र यो सक्रियता गराउन को जिम्मेवार हुन्छ भनी प्रश्न गर्नुहोस् ।
- “राष्ट्रिय आपतकालीन संचालन केन्द्र- संगठनात्मक संरचना” विषयको टूल ५३ वितरण गर्नुहोस् र / अथवा पावरपोन्ट स्लाइडमा देखाउनुहोस् । सहभागीहरूलाई उनीहरू राष्ट्रिय आपतकालीन संचालन केन्द्र र यसका विभिन्न तहबारे जानकार भएनभएको प्रश्न गर्नुहोस् । राष्ट्रिय आपतकालीन संचालन केन्द्रका कार्यकारिणी समूह कार्य समूह र सहयोगी समूहको भूमिकाबारे स्पष्ट पार्न सहभागीलाई प्रश्न गर्नुहोस् । उपलब्ध आधारभूत सूचनाका आधारमा छलफल अघि बढाउनुहोस् र कुनै प्रश्न भए स्पष्ट पार्नुहोस् । राष्ट्रिय सुरक्षा अंगहरूको कुन समूहमा प्रतिनिधित्व भएको सो सहभागीलाई सोध्नुहोस् । विगता संकटकाल र राष्ट्रिय आपतकालीन संचालन केन्द्रसँगको पहिलेको अनुभवबारे सहभागीसमक्ष प्रश्न गर्नुहोस् ।
- क्रियाकलाप आपतकालीन प्रतिकारका अवस्थामा तीनवटा सुरक्ष अंगले गर्नुपर्ने खास काम र सम्हाल्ने भूमिकाप्रति बढी सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् । हरेक समूहमा नेपाल प्रहरी, नेपाली सेना र नेपाल सशस्त्र प्रहरी बल तीनै राष्ट्रिय सुरक्षा बलको प्रतिनिधित्व हुनेगरी मिलाउनुहोस् । प्रत्येक समूहलाई आपतकालीन प्रतिकारका दौरान आफ्नो समूहमा खटिएको सुरक्षा अंगले व्यहोर्नुपर्ने भूमिका र कार्यबारे फ्लिपचार्टमा लेख्न लगाउनुहोस् । यो कार्य गर्न समूहलाई समय दिनुहोस् र आवश्यक परे सहयोग गर्नुहोस् । समहरूहरूले काम सक्नासाथ प्रत्येक समूहलाई वक्ता मनोनित गर्न भन्नुहोस् । प्रत्येक समूहका वक्तालाई पालैपालोसँग अगाडि आई आफ्नो समूले गर्ने कार्यबारे प्रस्तुत गर्न

- भन्नुहोस् । प्रस्तुतीकरणमा छलफल बणउनुहोस् र उठेको प्रश्नलाई स्पष्ट गर्नुहोस् । उपलब्ध आधारभूत सूचनाका आधारमा प्रस्तुत भएका कुरामा कुनै कुरा छुट भए समावेश गर्नुहोस् । क्रियाकलापलाई अन्तीम रुप दिंदै समूहले समन्वय र सूचना व्यवस्थापन एकाइमा राष्ट्रिय आपतकालीन संचालन केन्द्र र यसले स्थापना गर्ने खास समन्वय एकाइबारे हेर्ने कुरो व्याख्या गर्नुहोस् ।

## क्रियाकलाप ४

### शिविर व्यवस्थापन र साझेदारी

- सहभागीहरूलाई देहायका कुराहरू सोच्न लगाउनुहोस् :

आकस्मिक अवस्थाहरूमा कुन साझेदारहरूको आवश्यकता पर्दछ ? कुनै जवाफहरूमा संलग्न हुन सक्ने : रणनीतिक साझेदारहरू, सरकारी तथा अन्तर्राष्ट्रिय (बाह्य) निकायहरूबीचका कार्यान्वयन साझेदारहरू, व्यावसायी साझेदारहरू, आदि ।

प्रतिकार्यमा सुधार गर्नका लागि अन्य कुन साझेदारले विद्यमान संस्थागत कार्यढाँचामा पूरकको रुपमा काम गर्न सक्दछ ?

यी साझेदारहरूले प्रतिकार्यका लागि कसरी योगदान पुऱ्याउन सक्दछन् ? उदाहरणका लागि, स्रोतहरूको परिचालन गर्न, लक्ष्य आदिको पूर्व स्थिति निर्धारण गर्नका लागि जमिन वा गोदामको प्रयोग गर्न दिने ।

विस्थापित जनसङ्ख्यको सहभागिता/साझेदारीलाई कसरी वृद्धि गर्न सकिन्छ ?

यी प्रत्येक साझेदारहरूले आकस्मिक अवस्थामा कस्तो प्रकारका योगदानहरू पुऱ्याउन सक्दछन् । सम्भावित उत्तरहरू देहाय अनुसार हुन सक्दछन् :

> प्रभावित/सहयोगको आवश्यकता भएका व्यक्तिहरूलाई सहायता प्रदान गर्नका  लागि सेवा प्रदान गर्न र क्षमता अभिवृद्धि गर्न; विचारहरू, ज्ञान र विशेषज्ञताको आदानप्रदान गर्ने - प्रभावकारी आकस्मिक प्रतिकार्य कार्यक्रमहरूको डिजाइन गर्न महत्वपूर्ण; निर्णय तहमा पैरवी गर्न र प्रभाव पार्न - सहयोगको आवश्यकता भएका व्यक्तिहरूको पहुँमा देखिएका राजनीतिक र/वा सामाजिक अवरोधहरूको सामना गर्न सहयोग गर्दछ; ऐक्यवद्धता र पेशागत सहायता - मानसिक आघात र असुरक्षाको सम्मुखमा विशेष गरी महत्वपूर्ण हुन्छ; आर्थिक सहायता तथा स्रोतसाधनहरू प्राप्त गर्न; सूचनामा पहुँच तथा सूचना आदानप्रदान; क्षमता अभिवृद्धि गर्ने - विपद् प्रतिकार्य सहायताहरू तथा दीर्घकालीन स्थिरताका लागि आधार ।

सुरक्षा अंगका कर्मचारीका रुपमा सहभागीहरूले अघिल्लो संकटकालीन समयमा अन्य कारकहरूसँग साझेदारीको कुनै अनुभव भएनभएको कुरा प्रश्न गर्नुहोस् ।

# क्रियाकलाप ५ (वैकल्पिक)

## व्यवस्थापन टोपी

- सहभागीहरूलाई दुईवटा घेरामा बस्न लगाउनुहोस्  एउटा भित्रि घेरा र अर्को बाहिरी घेरा । सहभागीहरूलाई व्याख्या गर्नुहोस्की यस क्रियाकलापले  शिविर व्यवस्थापकहरूको हैसियतले निर्दिष्ट जिम्मेवारीहरू समेट्ने आवश्यकता भएका क्रियाकलापहरूलाई प्रतिविम्वन गर्दै उनीहरूले शिविर व्यवस्थापकको टोपीमा राख्नेछ ।
- बाहिरी घेराको वरिपरि **टूल** (Tool) **१३ “व्यवस्थापन टोपी”**मा समावेश गरिएको फोटो कार्डहरू प्रत्येक व्यक्तिलाई वितरण गर्नुहोस् । अब यी सहभागीहरूलाई टूल (Tool) मा मुद्रित जिम्मेवारीका वाक्य भित्री घेरामा आफ्नो सामुन्ने भएको व्यक्तिका लागि जिम्मेवारी वक्तव्य पढेर सुनाउन लगाउनु होस् ।
- बाहिरी घेराको व्यक्तिले प्रश्न पढेपछि भित्रि घेरामा भएको व्यक्तिले असल अभ्यास/क्रियाकलापको उदाहरण दिएरदेहायवाक्यांश प्रयोग गरी जवाफ दिनु पर्दछ ...“यदि म तपाईंको ठाउँमा भएको भए, मैले ... गर्ने थिएँ ।”

टूल (Tool) १३ “व्यवस्थापन टोपी”




टूल (Tool) १३ “व्यवस्थापन टोपी”

उदाहरण

बाहिरी घेराको अभिव्यक्ति कार्ड :
विशेष आवश्यकता भएका व्यक्तिहरूको पहिचान लगायन शिविरको जनसङ्ख्याको सूचना सङ्कलन गरेर अध्यावधिक अभिलेख राख्नुहोस् ।

भित्रि घेराको अभिव्यक्ति जवाफको उत्तर :

यदि म तपाईंको ठाउँमा भएको भए मैले दैनिक सूचना व्यवस्थापन फारमको प्रयोग गरेर आश्रयस्थलमा बसोबास गरिरहेका व्यक्तिहरूको कुल सङ्ख्या गणना गर्ने थिएँ

वा


यदि म तपाईंको ठाउँमा भएको भए जोखिममा रहेका महिला, वृद्धवृद्धा, स्वास्थ अवस्थामा ध्यान दिनुपर्ने वा अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाहरू लगायत विशेष आवश्यकता भएका व्यक्तिहरूको यकिन सङ्ख्या थाहा पाउने कुरा सुनिश्चित गर्ने थिएँ । यसबाट हामीलाई विशेष आवश्यकता अनुसार सेवा प्राप्त गर्न सरल हुन्छ ।

## क्रियाकलाप ६

### आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको सहभागिता

प्लेनरी समूहको एकजना स्वयंसेवकलाई आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू शिविरमा कसरी सहभागी हुन्छन भन्ने कुराको उदाहरण दिन लगाउनु होस् । यी उदाहरणहरू प्लेनरीमा प्रस्तुत गर्नुहोस् । सकारात्मक सहभागिताभएको एउटा उदाहरण सहभागितालाई नकारात्मक
रुपमा हेरिएको कम्तिमा एउटा उदाहरण समावेश गर्नुहोस् ।

**टूल (Tool) १४ "सामुदायिक सहभागीको परिभाषा"** वा (पावरप्वाइन्ट स्लाइड) शिविर व्यवस्थापन टूलकिटबाट लिइएको परिभाषा प्रस्तुत गर्नुहोस् र सहभागीहरूलाई किन यो परिभाषा शिविरहरूमा उनीहरूका अनुभवहरूसँग समान वा फरक छन् भनेर सोध्नुहोस् ।




## क्रियाकलाप ७

### हस्तान्तरण

तत्कालीन आपतकालीन चरणको समाप्तिसँगै सामान्यतः सुरक्षा अंगले स्थापना गरेको शिविरहरू गैरसैनिक अधिकारी वा संस्थाले संचालन गर्नुपर्दछ भन्ने कुरा सहभागीलाई बताउनुहोस् । प्रहरी र सुरक्षा अंगको भूमिका सुरक्षा प्रदान गर्नुमा सिमित रहनेछ । कुनै प्रसंगमा केवल यही विकल्प मात्र रहने अवस्थामा सेनाका तर्फबाट शिविरहरू स्थापना र संचालनले निरन्तरता पाउनेछन् ।

सुरक्षा अंगसँग अन्तरक्रिया हुने अवस्थामा यसको परिवेश र प्रभावबारे सजग हुनुपर्ने कुरा स्पष्ट गर्नुहोस् । समयसँगै परिवेश परिवर्तन हुनसक्ने कुरामा सजग हुनु पनि जरुरी छ । कुनै समय लोकप्रिय मानिने सैनिक/प्रहरी उपस्थिति स्वागतहीन बन्न सक्तछ र हिंसाको तारो बन्न सक्तछ ।

सहभागीहरूलाई यथसीघ्र शिविर व्यवस्थापनको जिम्मा गैरसैनिक अधिकारी वा संस्थालाई हस्तान्तरण गर्ने महत्वबारे प्रश्न गर्नुहोस् ।

शिविर व्यवस्थापनको जिम्मा सुरक्षा निकायबाट गैरसैनिक अधिकारी वा संस्थालाई यथाशीघ्र हस्तान्तरण गरी सुरक्षा निकाय सुरक्षा प्रदान गर्ने मुख्य भूमिकामा फर्कन सकोस् भन्ने कुरा व्याख्या गर्नुहोस् ।

सहभागीहरूलाई नेपालमा सुरक्षा अंगले स्थापना गरी अन्य शिविर व्यवस्थापनलाई हस्तान्तरण गरेको विषयमा उनीहरूको अनुभव सोध्नुहोस् । सहभागीहरूलाई समूहमा विभक्त गर्नुहोस् र हस्तान्तरणको तयारी र योजनामा केकस्तो कुरा समावेश गर्नुपर्दछ भन्ने कुरा प्रत्येक समूहलाई सोधी फ्लिपचार्टमा सूचीबद्ध गर्नुहोस् । शिविर हस्तान्तरण योजना र प्रक्रियासँग सम्बन्धित प्रमुख मूलभूत विषय र कदम के के हुन् भनी प्रश्न गर्नुहोस् ।

समूहहरूलाई आफ्नो काम सक्न समय दिनुहोस् । उनीहरूको कार्य सकिनासाथ प्रत्येक समूहलाई प्रतिवक्ता प्रतिसमूहले सहभागीसमक्ष आफ्नो निचोड (उपसंहार) प्रस्तुत गर्न समय दिनुहोस् ।

सहभागीहरूलाई नेपालमा यस अघिको हस्तान्तरणको अनुभव सोध्नुहोस् । टूल ६४ “हस्तान्तरण मार्गदर्शन” बाँड्नुहोस् र सहभागीहरूसँग टूलमा उल्लेखित कुरा पढ्नुहोस र उठेका प्रश्नहरूको जवाफ दिनुहोस् । उपरोक्त विषयमा छलफल अघि बढाउनुहोस् र कुनै प्रश्न उठेमा जवाफ दिनुहोस् ।

## क्रियाकलाप ८

### समापन

- उद्देश्यहरूको पुनरावलोकन गर्दै सत्रको समापन गर्नुहोस् ।

# कानूनी संरक्षण कार्यढाँचा तथा शिविरहरूमा संरक्षण 08



IOM • OIM

USAID
FROM THE AMERICAN PEOPLE

# संरक्षणको कानूनी कार्यढाँचा तथा शिविरहरूमा संरक्षण । पृष्ठभूमि जानकारी

प्राकृतिक विपत्तिपश्चात एकपटक जनसङ्ख्या समक्ष पुगी उनीहरूलाई सुरक्षित रुपमा उद्धार गरीसकेपछि, तत्कालीन रुपमा आवास, खाना, पानी र चिकित्सकीय सहायता प्रदान गरिएपछि नयाँ जिम्मेवारीहरू र सरोकारहरू उत्पन्न हुन्छन् । हराएको सम्पत्ति वा छुटेका कागजपत्रहरू, विद्यालय उमेरका बालबालिकाहरूका लागि अस्थायी विद्यालयको व्यवस्था, परिवार खोज्ने र शिविरको रेखदेख/व्यवस्थापन सबभन्दा अग्रीम सरोकारहरू हुन् । विस्थापित व्यक्तिहरूले पनि प्रायः विस्थापनका अनपेक्षित परिणामहरूको सामना गर्ने गर्दछन् । पूर्वतयारीको अभाव तथा कमजोर आकस्मिक प्रतिकार्यले सहायतामा असमान पहुँच, सहयोग सामग्रीहरूको वितरणमा विभेद, बलजफ्ती पुनर्वास, यौनिक तथा लैङ्गिक हिंसा, कागजात हराउने, लडाकु दस्तामा भर्ती, असुरक्षित वा बलजफ्ती फिर्ति वा पुनर्वास तथा हर्जानाका सवालहरू निम्त्याउंदछन् ।

यस सत्रमा, सहभागीहरूलाई विशेष मार्गदर्शनहरू प्रदान गरिनेछ जसले प्रारम्भिक आकस्मिक प्रतिकार्यका साथै मध्यकालीन र दीर्घकालीन क्रियाकलापहरूको योजना तर्जूमागर्दा मानवअधिकारमा आधारित पद्धत्तिको प्रयोग गर्न सुझाउंदछ, जसको परिणामस्वरुप विपद्बाट प्रभावित व्यक्तिहरूले विस्थापनका कारण आफ्ना आधारभूत मानवअधिकार र मयार्दा गुमाउँदैनन् । आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू र शरणार्थीहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनको मुख्य स्रोत अन्तर्राष्ट्रिय कानूनी ढाँचा हो, जसका चारवटा मुख्य अवयवहरू छन् : अन्तर्राष्ट्रिय मानवअधिकार कानून, शरणार्थी कानून र राष्ट्रिय संविधान । सहभागीहरूले आफ्नो देश र क्षेत्रीयस्तरमा सान्दर्भिक हुने अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनी ढाँचाको आधारभूत सिंहावलोकन गर्नुपर्दछ । आफ्नो देशभित्र विस्थापित भएका व्यक्तिहरूका लागि आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरूले एउटै दस्तावेजमा आन्तरिक रुपमा विस्थापित जनसङ्ख्याको संरक्षण र सहयोगसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनका मुख्य विचारहरू तथा अवयवहरूलाई एकत्रित गर्दछ । यी निर्देशक सिद्धान्तहरू विस्थापनका विभिन्न चरणहरूमा आन्तरिक रुपमा विस्थापित जनसङ्ख्याका विशेष आवश्यकताहरू र अधिकारहरूलाई सम्बोधन गर्ने ढाँचा प्रदान गर्ने मुख्य टूलहरू हुन् । यसले विस्थापित नागरिकहरूलाई कसरी सहयोग गर्ने भन्ने विषयमा राष्ट्रिय निकायहरूका लागि मापदण्डहरू वा सूचकहरूको रुपरेखा प्रस्तुत गर्दछ ।

## अन्तर्राष्ट्रिय कानूनी संरक्षणको कार्यढाँचा

आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू मानव अधिकार कानूनहरू तीसँग सम्बद्ध दस्तावजेजहरूद्वारा संरक्षित हुन्छन् किनभने उनीहरूले आफ्नो देशमा उनीहरूका सबै स्तरीय कानूनी हक वा अधिकारहरू सहित नागरिक/गैरसैनिकको पूर्ण कानूनी हैसियत कायम गर्दछन् । मानव अधिकारहरू प्रत्येक स्वतन्त्रता र कानूनी हक वा अधिकारहरू हुन जसलाई प्रत्येक व्यक्तिले उपभोग गर्न पाउनु पर्दछ । आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई उनीहरूको देशमा अन्य नागरिकहरू सरह अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून (प्रथाजनिक कानून र संविधानहरू) अन्तर्गत मानव अधिकारहरू र स्वतन्त्राहरू प्रदान गरिएका हुन्छन् । मानव अधिकारको आधारभूत अवयवको रुपमा यस्तो सिद्धान्त छ की कसैले पनि अरुले आफूप्रति जस्तो व्यवहार नगरुन भन्ने चाहन्छ उसले पनि अरुलाई सोही अनुरुपको व्यवहार गर्नु पर्दछ भन्ने कुरा विश्वको हरेक धर्म, संस्कृति र परम्परामा पाइन्छ । अन्तर्राष्ट्रिय कानूनले यी अधिकारहरूको प्रत्याभूति गर्दछ र सार्वभौम राज्यहरूलाई आन्तरिक रुपमा विस्थापित भएको कारण लगायतसबै व्यक्तिहरूप्रति कुनै प्रकारको विभेद बिना मानवअधिकारहरूको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न जिम्मेवार बनाएको छ ।

## अन्तर्राष्ट्रिय मानव अधिकार कानून

मानव अधिकारहरूको सूचीस्थापित गर्ने पहिलो संयुक्त राष्ट्रसंघीय दस्तावेज सन् १९४८ मा संयुक्त राष्ट्रसंघीय साधारण सभाले ग्रहण गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र थियो । यो घोषणापत्र कानूनी दस्तावेज नभए तापनि यसले सोभन्दा पछिका मानव अधिकार दस्तावजेजहरूलाई आधार प्रदान गरेको छ, जस्तै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र । यी दस्तावेजहरूलाई सामान्यतः सन्धिहरू भन्ने गरिन्छ जसलाई मानव अधिकार को विश्वव्यापी घोषणापत्र पश्चात संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रद्वारा मस्यौदा गरिएका थिए । यस घोषणापत्रलाई लागू गर्नका कानूनी रुपमा बाध्यकारी बनाउने मनसायले दुईवटा थप सन्धिहरू तयार गरिए : नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६) र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र
(१९६६) । यी दस्ताबेजहरूलाई एकमुष्ठ रुपमा अन्तर्राष्ट्रिय अधिकारपत्र भन्ने गरिन्छ ।

मानव अधिकार कानूनले राज्यलाई यी अधिकारहरूको समर्थन गर्न, सम्मान र सम्बर्द्धन गर्न जिम्मेवार बनाउंदछ । क्षेत्रीय मानव अधिकारका ढाँचाहरूले क्षेत्रीय स्तरमा मानव अधिकारहरूको संरक्षण र सम्बर्द्धन गरेर राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको पूरकको रुपमा काम गर्दछन् ।

## अन्तर्राष्ट्रिय मानवीय कानून

अन्तर्राष्ट्रिय मानवीय कानून गैरसैनिक आवादीमाथि सशस्त्र द्वन्द्वको प्रभावलाई सीमित गर्न प्रयास गर्ने नियमहरूको संगालोले बनेको छ । यो कम्तिमा दुईवटा मुलुकहरू संलग्न भएको अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका साथै कुनै मुलुकभित्र प्रायः राष्ट्रिय सरकारहरू र गैर राज्य पक्षहरूको बीचको आन्तरिक सशस्त्र द्वन्द्वको बेला लागू हुन्छ । अन्तर्राष्ट्रिय मानवीय कानूनले युद्धमा संलग्न नभएका (गैरलडाकु भनेर चिनिने) व्यक्तिहरूको संरक्षण गर्नुका साथै युद्धमा प्रयोग गरिने साधन र विधिहरूलाई नियन्त्रण गर्दछ । यसले गैरसैनिक व्यक्तिहरूलाई संरक्षण प्रदान गर्नुका साथै मानवको पीडा कम गर्न र मर्यादाको संरक्षण गर्नका लागि चिकित्सा कर्मचारी, मानवीय सहायतामा संलग्न कामदारहरू र पत्रकारहरू लगायत निर्दिष्ट समूहहरूका अधिकारहरूका अधिकारहरूको खाका प्रस्तुत गर्दछ ।

प्राचिन सभ्यताहरूका नियमहरूको आधारमा यी नियमहरूको विश्वव्यापी संहिताकरण गर्ने कामसक्रिय द्वन्द्वको समयमा युद्धरत राज्यहरूले विभिन्न सिद्धान्त र अभ्यासहरूलाई स्वीकार गरी उन्नाइसौं शताब्दीमा शुरु भयो । अन्तर्राष्ट्रिय मानवीय कानूनका मुल दस्तावेजहरूमा जेनेभा महासन्धिहरू र तिनका थप आलेखहरू हुन् ।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिको कार्य सन् १९४९ जेनेभा महासन्धिहरू र तिनीहरूका थप आलेखहरू, यसका विधानहरूमा आधारित छ । रेडक्रसको अन्तर्राष्ट्रिय समिति युद्ध तथा सशस्त्र हिंसाका पीडितहरूका लागि संरक्षण र सहायता सुनिश्चित गर्ने एउटा स्वतन्त्र, तटस्थ संस्था हो । यसले आकस्मिक अवस्थाहरूमा प्रतिकार्यका साथै अन्तर्राष्ट्रिय मानवीय कानूनको सम्मान र राष्ट्रिय कानूनको कार्यान्वयनलाई प्रवर्द्धन गर्ने कार्य गर्दछ ।

## शरणार्थी कानून

शिविरहरूको व्यवस्थापन गर्ने परिप्रेक्षमा विस्थापित व्यक्तिहरू आफु जन्मेको मुलुकभन्दा बाहिर रहेको र माथि उल्लेख गरिएको शरणार्थीको परिभाषाभित्र परेमा शरणार्थी कानून आकर्षित हुन्छ । सन् १९५१ को शरणार्थीसम्बन्धी जेनेभा महासन्धिलाई यसको प्रमुख टूलको रुपमा प्रयोग गर्दै शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको मूलभूत कार्यादेश विश्वव्यापी रुपमा विस्थापित गरिएका ३ करोड १७ लाख व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय संरक्षण सुनिश्चित गर्नु हो । शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तले शरणार्थीहरूका आधारभूत मानव अधिकारहरूको प्रवर्द्धन गर्नुका साथै शरणार्थीहरूले उत्पीडनको सामना गर्नुपर्ने मुलुकमा आफ्नो इच्छाविपरित फिर्ति हुने छैनन् भन्ने कुराको पैरवी गर्दछ । शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तले शरणार्थीहरूलाई अवस्था सहज भएको खण्डमा स्वदेश फिर्तिका लागि सहयोग गर्दछ वा वैकल्पिक रुपमा आतिथ्यता प्रदान गर्ने मुलुकमा शरण प्रदान गरेर समायोजन हुन वा तेस्रो मुलुकहरूमा पुनर्वासका लागि सहयोग पुऱ्याउंदछ । शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तले शरणार्थीसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताहरूको प्रवर्द्धन गर्दछ, विभिन्न मुलुकहरूलाई शरणप्रदान गर्ने संरचनाहरूको स्थापना गर्न सहयोग गर्नुका साथै शरणार्थीहरूका सवालहरूमा अन्तर्राष्ट्रिय पहरेदारको रुपमा काम गर्दछ ।

## राष्ट्रिय संविधानहरू

राष्ट्रिय संविधानहरू सम्बन्धित मुलुकको कार्यक्षेत्राधिकार भित्र मानव अधिकारको रक्षा गर्ने सबभन्दा महत्वपूर्ण कानूनी दस्तावेजहरू हुन् । आधारभूत मानव अधिकारहरू तथा स्वतन्त्रताहरूको संरक्षण गर्न, मानव प्रतिष्ठाको सम्मान र समानता र विभेदबाट मुक्त गर्नका लागि बनेका नेपालको संविधानका केही धाराहरू १६, १७, १८, १९, २०, २४ र २६ हुन् ।

## आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरू

कानूनी रुपमा बाध्यकारी नभए तापनि यी निर्देशक सिद्धान्तहरू अन्तर्राष्ट्रिय मानवीय तथा मानव अधिकार कानूनमा आधारित र शरणार्थी कानून अनुरुप छन् । यिनीहरूले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई सहायता एवं संरक्षण प्रदान गर्नका लागि सरकारहरू, अन्तर्राष्ट्रिय संस्थाहरू र अन्य सबै पक्षहरूलाई मार्गदर्शन गर्नका लागि अन्तर्राष्ट्रिय मापदण्डको रुपमा काम गर्दछन् । यी निर्देशक सिद्धान्तहरू औपचारिक रुपमा १९९८ मा संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगमा प्रस्तुत गरिएका थिए र त्यसबेलादेखि अधिकांश अन्तर्राष्ट्रिय निकायहरू र धेरै मुलुकहरूले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको संरक्षणका लगि तिनीहरूको महत्व पहिचान गरे । यी निर्देशक सिद्धान्तहरूलाई आन्तरिक रुपमा विस्थापित जनसङ्ख्यालाई संरक्षण र सहयोग गर्नका लागि राष्ट्रिय कानूनहरूमा पनि अनुमोदन गर्न सकिन्छ र राष्ट्रिय परिवेशमा सक्रिय बनाउन र लागू गर्न सकिन्छ ।

आन्तरिक विस्थापनसँग सम्बन्धित यी निर्देशक सिद्धान्तहरूले विस्थापनका सबै चरणहरूमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको संरक्षणसँग सम्बन्धित अधिकारहरूको पहिचान गर्दछन् । तिनीहरूमादेहायचार खण्डहरू पर्दछन् :

- विस्थापनबाट संरक्षणसम्बन्धी सिद्धान्तहरू;
- विस्थापनका बखत संरक्षणसम्बन्धी सिद्धान्तहरू;
- मानवीय सहायतासम्बन्धी सिद्धान्तहरू; र
- फिर्ति, पुनर्वास र पुनःर्समायोजन सम्बन्धी सिद्धान्तहरू ।


निर्देशक सिद्धान्तहरूले राज्य र गैरराज्य पक्षहरूका लागि अनुगमन, शैक्षिक चेतना तथा पैरवीका लागि व्यवहारिक टूलको रुपमा उल्लेखनीय भूमिका खेल्न सक्दछन् । तिनीहरूले एउटा कार्यढाँचा पनि प्रदान गर्न सक्दछन् जसबाट विस्थापित समुदायहरूको पक्षमा संरक्षणका रणनीतिहरू र नितिहरू निर्माण गर्न सकिन्छ । निर्देशक सिद्धान्तहरूले विस्थापित जनसङ्ख्याका अधिकारहरूको संरक्षण गर्ने प्रमुख जिम्मेवारी सरकारमा निहित हुन्छ भन्ने कुरामा जोड दिन्छन् । अन्तर्राष्ट्रिय र राष्ट्रिय ग्रैहसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसंघीय निकायहरूको सर कारहरूलाई उनीहरूका दायित्वहरू र तीसँग सम्बन्धित कार्यहरूमा सहयोग गर्ने भूमिका हुन्छ ।

## शिविर व्यवस्थापनमा संरक्षण

शिविर समन्वय तथा शिविर व्यवस्थापनमा संरक्षणलाई विस्थापित जनसङ्ख्याको शारीरिक, कानूनी र भौतिक सुरक्षाको रुपमा परिभाषित गर्न सकिन्छ । तसर्थ, शिविरमा संरक्षण क्रियाकलापहरूले विस्थापित जनसङ्ख्याले विना भेदभाव जीवन निर्वाह गरुन् भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ ।

- शारीरिक सुरक्षा : शारीरिक हानि हुन दिनबाट संरक्षण, हिंसाबाट संरक्षण;
- कानूनी सुरक्षा : न्यायमा पहुँच, कानूनी हैसियत, र पहिचानसम्बन्धी कागजातहरू (जस्तै, जन्म तथा मृत्यु प्रमाण पत्र) र सम्पत्तिको अधिकारको सम्मान;
- भौतिक सुरक्षा : आधारभूत सामग्रीहरू र सेवाहरू (जस्तै, पानी, आवास, खानेकुरा) मा समान पहुँच ।

राष्ट्रिय निकायहरूको प्राथमिक जिम्मेवारी विस्थापित जनसङ्ख्याको संरक्षणसम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भन्ने कुरा सुनिश्चित गर्नु हो । संयुक्त राष्ट्रसंघीय निकायहरू तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गै.स.सहरूले अनुरोध गरेका आधारमा राष्ट्रिय निकायहरूलाई सहयोग गर्न सक्दछन् । विस्थापित जनसङ्ख्या र आतिथ्यता प्रदान गर्ने समुदायहरू दुवैको संरक्षणका सबै तहहरूमा खेल्नुपर्ने महत्वपूर्ण भूमिका हुन्छ - योजना तर्जूमा, कार्यान्वयन, अनुगमन र पैरवी ।



यस चित्रले कसरी विभिन्न पक्षहरूले आकस्मिक सेवाहरू सञ्चालन भएका बखत सबैले आफ्ना औपचारिक, कार्यादेश प्राप्त, अनौपचारिक वा सिद्धान्तमा आधारित दायित्वहरूलाई पूरक भूमिकाहरूमार्फत सहयोग गर्न सक्दछन् भन्ने देखाउंदछ । वास्तवमा राज्यको भूमिका सर्बोच्च हुन्छ भने त्यहाँ यस्ता परिवेशहरू पनि हुन्छ, जहाँ अरुले सहायता प्रदान गरेर सहयोग गर्न सक्दछन् । स्वयंसेवी संस्थाहरूको हैसियतले गैससहरूले आफ्नो कार्यलाई अघि बढाउँदछन् किनभने यो उनीहरूको कानूनी दायित्व भन्दा पनि नैतिक कर्तव्य हो । तसर्थ, उनीहरूले राष्ट्रिय निकायहरू वा सैनिकजस्ता अन्य पक्षहरूको तुलनामा आफ्नो भूमिका पहिचान गर्नु पर्दछ ।

### मानवीय सहायताका सिद्धान्तहरू

मानवीय सहायताका सिद्धान्तहरू नैतिक मापदण्डहरूको एउटा नैतिक स्तरको संहिता हो जसले सबै सहायताहरू निश्पक्षता, तटस्थता, मानवीयता र सञ्चालनमा स्वतन्त्रताको हिसाबले उपलब्ध गराइनु पर्दछ । यी सिद्धान्तहरू सबै उपकारी कार्यमा लागू हुन्छन्, चाहे त्यो राज्यद्वारा प्रदान गरिने, शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्त वा रेडक्रसको अन्तर्राष्ट्रिय समिति वा कुनै स्वयंसेवी समूह जस्ता स्वीकृति प्राप्त एजेन्सीद्वारा प्रदान गरिने होस् । निष्पक्षताले बिनापक्षपात र आवश्यकताको आधारमा मात्र उपलब्ध गराइनु पर्छ भन्ने मान्यता राख्दछ । तटस्थताले द्वन्द्वमा गैरसहभागितालाई मान्यता दिनुका साथै युद्धमा कसैको पनि पक्ष लिने कुरालाई निषेध गर्दछ । मानवीयताले मानव उत्पीडनलाई सम्बोधन गर्नुपर्ने र जीवन र स्वास्थ्य मर्यादित र सम्मानित तवरले संरक्षण गनुपर्ने कुरा जनाउंदछ । स्वतन्त्रता कायम गर्न मानवीय सहायताका लागि संलग्न व्यक्तिहरू राजनीतिक, आर्थिक, सैन्य वा अन्य उद्देश्यहरूलाई प्रवर्द्धन गर्ने कार्यबाट अलग्गै रहनु पर्दछ । सहायता प्रदान गर्दा पारदर्शी, प्रभावकारी र नियमनका प्रावधानहरू अनुरुप गरिनु पर्दछ । सहायता प्रदान गर्ने सबै निकायहरूलाई आफ्ना कार्यक्रमहरूको अनुगमन गर्न, समन्वयकारी संयन्त्रहरूमा भाग लिन र सम्भव भएसम्म मानवीय सहायतासम्बन्धी तथ्याङ्क आदानप्रदान गर्नका लागि आग्रह गर्नु पर्दछ । परिणामस्वरुप, दोहोरोपनबाट मुक्त हुन र सुसंगत र पूरक दृष्टिकोणलाई प्रश्रय दिनका लागि रणनीतिक, सहयोगात्मक र परिचालनको तरिकालाई प्रवर्द्धन गरेर काम गर्न सकिन्छ ।

## मुख्य परिभाषाहरू

### शरणार्थी

शरणार्थीको हैसियतसम्बन्धी महासन्धिको धारा १, १९६७ को थप आलेखमा संशोधित

"शरणार्थी भन्नाले त्यस्तो व्यक्तिलाई बुझाउँछ जो जात, धर्म, राष्ट्रियता, कुनै विशेष सामाजिक समूहको सदस्यता वा राजनीतिक विचारधाराका कारण उत्पीडन हुनसक्ने प्रबल भयका कारण आफ्नो राष्ट्रिय तथा पूर्ववत स्वाभाविक वासस्थान भएको राष्ट्र बाहिर छ र अर्का देशको नागरिक नभएको समेत कारणबाट आफ्नो मुलुकबाट संरक्षण प्राप्त गर्न वा उत्पीडनको भयले त्यहाँ फर्कन असमर्थ वा अनिच्छुक छ ।"

### आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू

आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तहरू

"आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू भन्नाले त्यस्ता व्यक्ति वा समूहहरूलाई बुझाउँदछ जो आफ्नो घर तथा पूर्ववत बासस्थान छोडेर, कुनै विशेष परिस्थितिका कारण वा सशस्त्र द्वन्द्वबाट हुने प्रभावबाट मुक्त हुनको लागि हिंसाव्याप्त भएको अवस्था, मानव अधिकारको उल्लङ्घन वा प्राकृतिक र मानवीय प्रकोपहरूको कारणले पलायन भएका व्यक्तिहरूलाई बुझाउँदछ, जसले अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त राज्यको सीमाना पार गरेका छैनन्" ।

## संरक्षण र विशेष आवश्यकताहरू

विस्थापित समुदायभित्र व्यक्तिहरूका समूहहरू छन् जसलाई विशेष परिस्थितिका आधारमा विशेष आवश्यकताहरू र विशेष ध्यान दिनुपर्ने हुनसक्दछ । शिविरमा प्रायः देखापर्ने संरक्षणसम्बन्धी जोखिमहरूदेहायबमोजिम छन् :

- हिंसा : शारीरिक वा मनोवैज्ञानिक कार्य वा धम्की ।
- जोरजुलूम र शोषण : कसैलाई निजको संकटासन्न अवस्था, शक्तिहिनता, विश्वास वा मानवीय सहायताका स्रोतसाधनहरू र सहायतामा पहुँचजस्ता कुराको दुरुपयोग गरी उनीहरूको इच्छा विपरित केही गर्न दबाब दिनु ।
- सुविधा वा अधिकारबाट बञ्चित र उपेक्षा : सम्बन्धित व्यक्तिहरूलाई जानिबुझिकन वा नजानीकन, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उनीहरूलाई आवश्यकपर्ने सेवाहरूबाट बञ्चित गर्नु । यस्तो प्रकारको विभेद सुविधा वा अधिकारबाट बञ्चित वा उपेक्षातर्फ अग्रसर हुन सक्दछ ।

कुनै पनि विस्थापित जनसङ्ख्याको विशेष संरक्षण आवश्यकताहरू वस्तुस्थितिमा निर्भर रहन्छ । उदाहरणका लागि, शिविरका सबै महिला, बालबालिका र युवाहरूका विशेष आवश्यकताहरू हुन्छन् नै भन्ने होइन । विशेष आवश्यकताहरू व्यक्ति र समाजको वस्तुस्थिति र परिवेशहरूमा धेरै हदसम्म निर्भर रहन्छन् । शिविरमा संरक्षणलाई प्रवर्द्धन गर्नका लागि केही विशेष पूर्वसावधानिक क्रियाकलापहरूको आवश्यकता पर्न सक्दछ ।

विशेष आवश्यकताहरू भएका व्यक्तिहरूको पहिचान गरी उनीहरूका आवश्यकताहरू शिविर जीवन चक्रको तीनवटै चरणहरूमा पूर्ति गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ । उदाहरणका लागि, यदि दर्ता गर्ने क्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान भएको छ भने शिविरमा उनीहरूको पहुँच र हिंडडुल गर्न सक्ने उपायहरू सुनिश्चित गर्नु पर्दछ ।

विस्थापित व्यक्तिहरूको जीवनको संरक्षण, व्यक्तिगत सुरक्षा र शारीरिक निष्ठा र मर्यादालाई शिविरमा स्वीकार गरिनु पर्दछ । विपद्बाट विस्थापित भएका व्यक्तिहरूलाई चाँडोभन्दा चाँडो पुनर्लाभ प्राप्त गरी आत्मनिर्भर हुनका लागि आवश्यक पर्ने सहयोग सम्भव भएसम्म अधिकतम रुपमा उपलब्ध गराइनु पर्दछ । शिविरहरू अन्तिम उपाय भएको हुनाले आत्मनिर्भरताका सम्भावना भएको अवस्थामा वा शीघ्र पुनर्स्थापना सहायता उपलब्ध नहुने अवस्थामा मात्र स्थापित गरिनु पर्दछ । यसका अतिरिक्त, शिविरहरू प्राकृतिक प्रकोपको न्यून जोखिम भएका स्थानहरूमा अवस्थित हुनु पर्दछ, विस्थापित व्यक्तिहरूको सुरक्षा र संरक्षण वृद्धि गर्ने तवरले डिजाइन गरिनु पर्दछ, र हिंसा र मानव अधिकारका अन्य प्रकारका उल्लङ्घनलाई सम्बोधन गर्ने उपयुक्त संयन्त्र हुनु पर्दछ ।

विपद्बाट प्रभावित व्यक्तिहरूलाई शिविरको भित्र र बाहिर निर्वाध रुपमा घुमफिर गर्न दिइनु पर्दछ । यस्तो हिंड्डुललाई बासिन्दाहरूको सुरक्षा वा स्वास्थ्य वा आसपासको जनसङ्ख्याको संरक्षणका लागि आवश्यक नपरुन्जेल नियन्त्रित वा निषेधित गरिनु हुन्न । यदि कुनै नियन्त्रणहरू भएमा तिनीहरू पूर्णरुपमा आवश्यक भएको समयभन्दा बढि लागू हुनु हुदैन । शिविरको स्वरुप सदैव गैरसैनिक प्रकृतिको कायम राख्नका लागि अनियन्त्रित सशस्त्र तत्वहरूको उपस्थितिलाई टाढै राख्न उपयुक्त कदम लागू गरिनु पर्दछ । यस्ता तत्वहरूको उपस्थिति भएको अवस्थामा तिनीहरूलाई शिविरको नागरिक/गैरसैनिक जनसङ्ख्याबाट अलग्याइनु पर्दछ । राज्यको सशस्त्र प्रहरी वा सुरक्षाबलको उपस्थितिलाई आवश्यक सुरक्षाको प्रयोजनका लागि मात्र सख्त सीमित गरिनु पर्दछ । तत्कालीन रुपमा आकस्मिक चरण पूरा भइसकेपछि सशस्त्र बलहरू व समूहहरूले निर्माण गरेका शिविरहरू नागरिक निकायहरू वा संगठनहरूद्वारा व्यवस्थापन गरिनु पर्दछ । प्रहरी र सुरक्षाबललाई सुरक्षा प्रदान गर्ने कार्यमा सीमित गरिनु पर्दछ ।

## विशेष आवश्यकता भएका व्यक्तिहरू

| सम्भावित विशेष आवश्यकता भएका व्यक्तिहरूका समूहहरू | विस्थापित समुदायभित्र विशेष आवश्यकता भएका व्यक्तिहरू | विस्थापित समुदायभित्र संरक्षणको जोखिम र संकटासन्नताका उदाहरणहरू |
|---|---|---|
|  बालबालिहकाहरू तथा युवाहरू | • संरक्षणबिहीन तथा बिछोडिएका बालबालिकाहरू;<br>• विगतमा सशस्त्र बलहरू व समूहहरूमा आवद्ध भएका बालबालिकाहरू;<br>• बालबालिका घरमूली भएको परिवार;<br>• विद्यालयभन्दा बाहिर रहेका र बेरोजगार युवा; | • हिंसा, मानव ओसारपसार, यौन दुर्व्यवहार, मनोवैज्ञानिक तथा शारीरिक दुर्व्यवहार;<br>• बलपूर्वक भर्ती र/वा बलपूर्वक श्रमिक बनाउने;<br>• जन्मदर्ता गर्न र अन्य कागजातबाट बञ्चित;<br>• शिक्षाको पहुँचबाट बञ्चित । |
|  महिलाहरू तथा केटिहरू | • लैङ्गिक हिंसा र यातनाबाट बचेका महिलाहरू ;<br>• पारिवारिक संरक्षण र सहायता बिनाका महिलाहरू विधवा, महिलामूली भएका परिवारहरू, स्तनपान गराइरहेका आमाहरू, र परित्यक्त वृद्ध महिलाहरू लगायत; | • लैङ्गिक हिंसा, मानव ओसारपसारको उच्च जोखिम;<br>• आवास, सरसफाइ स्थल र अन्य साझा स्थलहरूमा शारीरिक निजत्व र सुरक्षामा सीमितता;<br>• विभेद्, उत्पीडन्, यौन शोषण, बलात्कार र/वा शारीरिक दुर्व्यवहार । |
|  वृद्धवृद्धा | • पारिवारिक वा समुदायको सहयोग नपाएका वृद्धवृद्धा;<br>• हजुरबा हजुरआमा घरमूली भएका परिवारहरू;<br>• सीमित स्वास्थ्य अवस्था वा मानसिक वा शारीरिक क्षमता भएका, आफ्नो रेखदेख गर्न नसक्ने वृद्धवृद्धाहरू । | • कम हिंडडुल गर्ने अवस्था भएका, कमजोर शारीरिक शक्ति, सुन्ने तथा देख्ने कठिनाइका कारण सेवाहरूको पहुँचमा कठिनाइ;<br>• जीर्ण रुपमा कमजोर स्वास्थ्य, विशेष पोषणको आवश्यकताहरू;<br>• जीविकोपार्जन क्रियाकलापहरूमा समावेशीताको अभाव;<br>• अलग, एक्लोपन र नैराश्यता । |

| | | | |
|---|---|---|---|
|  | अपाङ्गता भएका र/वा स्वास्थ्यमा समस्या भएका व्यक्तिहरू | • सहायता बिनाका बिरामी व्यक्तिहरू (परिवार/समुदाय);<br>• दीर्घ रोगी व्यक्तिहरू;<br>• शारीरिक अपाङ्गता भएका व्यक्तिहरू;<br>• मानसिक अपाङ्गता भएका व्यक्तिहरू;<br>• एचआइभी/एड्स भएका वा यसको उच्च जोखिममा भएका व्यक्तिहरू;<br>• यातनाबाट बचेकाहरू । | • सीमान्तकृत र विभेदकारी व्यवहार;<br>• आधारभूत र/वा जीवन बचाउ सेवाहरूको पहुँचमा कठिनाइहरू;<br>• औषधी उपचारहरूमा सिमित पहुँछ;<br>• एक्लोपन, अलग र नैराश्यता । |
| | अन्य समूहहरू | जातीय वा राजनीतिक अल्पसङ्ख्यकहरू | सेवाहरूमा पहुँच पाउन वा शिविरको प्रतिनिधिमूलक संरचनाहरूमा सहभागी हुनका लागि विशेष संकटासन्नता । |

## शिविरमा अवलम्वन गरिने संरक्षणका उपायहरू

सबै बासिन्दाहरू र खासगरी विशेष आवश्यकता भएका व्यक्तिहरूको उपयुक्त संरक्षण सुनिश्चित गर्नका लागि, शिविर निर्माण, मर्मत सम्भार र बन्द गर्ने चरणहरूमा क्रमश: तलका क्रियाकलापहरू लागू गर्न सकिन्छ ।

| | | योजना तर्जूमा तथा निर्माण | रेखदेख तथा मर्मतसम्भार | बन्द गर्ने र दीर्घकालीन समाधानहरू |
|---|---|---|---|---|
|  | शिविरका सबै बासिन्दाहरूका लागि | • आश्रयस्थलमा विजुली बत्ति जडान गर्ने;<br>• स्थानीय निकायहरू/प्रहरीसँग सम्पर्क स्थापित गर्ने;<br>• एउटा सुरक्षा समितिको गठन गर्ने;<br>• निशस्त्र सुरक्षा गस्तीहरूको व्यवस्था गर्ने;<br>• एउटा संरक्षण सिफारिस प्रणालीको स्थापना गर्ने । | • सम्भावित सुरक्षा तथा संरक्षणका चुनौतीहरूसम्बन्धमा नियमित लेखाजोखा गर्ने;<br>• सुरक्षा र संरक्षणसम्बन्धी चुनौतीका जानकारी विस्तार गर्ने;<br>• मानव अधिकारहरू, लैङ्गिक हिंसा र संरक्षणका अन्य सरोकारहरूसम्बन्धी सूचनाको विषयमा अभियान सञ्चालन गर्ने;<br>• बासिन्दाहरूसँग कानूनी कागजातहरू र परिचय पत्र छन् भन्ने सुनिश्चित गर्ने । | • दीर्घकालीन समाधानहरूमा सुरक्षित पहुँच;<br>• शिविर छोड्ने आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई सहायता उपलब्ध गराउने । |

| | | | | |
|---|---|---|---|---|
|  | विशेष आवश्यकता भएका व्यक्तिहरूका लागि | • विशेष आवश्यकता भएका व्यक्तिहरूको पहिचान गर्ने;<br>• शिविरका सुविधाहरूमा कम हिंड्डुल गर्नसक्ने व्यक्तिहरूको सुरक्षित पहुँच सुनिश्चित गर्ने (पानीका बिन्दूहरू, सरसफाइ सुविधाहरू, शौचालय, वितरण बिन्दूहरू र अन्य साझा स्थलहरू);<br>• विशेष आवश्यकता भएका व्यक्तिहरूको संरक्षणका लागि समितिहरूको गठन गर्ने । | • सम्भावित सुरक्षा तथा संरक्षण चुनौतिको नियमित लेखाजोखा गर्ने;<br>• सुरक्षा तथा संरक्षण चुनौतीको बारेमासूचना विस्तार गर्ने;<br>• मानव अधिकार, लैङ्गिक हिंसा तथा संरक्षणका अन्य सरोकारहरूको बारेमा जानकारी अभियानको आयोजना गर्ने;<br>• बासिन्दाहरूसँग कानुनी कागजातहरू र परिचय पत्र छन् भन्ने कुरा सुनिश्चित गर्ने; | • उत्पत्तिस्थलमा सुरक्षित एवं मर्यादित तवरले फिर्ति हुनका लागि अतिरिक्त तथा लक्षित सहायता उपलब्ध गराउने ।<br>• उत्पत्तिस्थलमा संस्थाहरूलाई फाइलहरू र/वा अभिलेखहरू हस्तान्तरण गर्ने – आवश्यक परेमा पुनरावलोकन सहायताका लागि । |
|  | बलबालिका र युवाहरूका लागि | • मनोरन्जनात्मक तथा बालमैत्री स्थलहरू र विद्यालयहरू निर्माण गर्ने;<br>• संरक्षणबिहीन र बिछोडिएका, टुहुरा/संकटासन्न अवस्थामा रहे का बालबालिकाहरूको नाम दर्ता गने र लैङ्गिग समानता ताथ बाल कल्याण मन्त्रालयका साथै सक्रिय रहेका ठाउँहरूमा क्लस्टर को अगुवाइ गर्ने निकायहरूमा सिफारिस गर्ने;<br>• बालबालिकाहरू र युवाहरूको समिति निर्माण गर्ने । | • खोजी तथा पुनर्मिलन प्रणालीहरू/साथमा नरहेका/बिछोडिएका, टुहुरा र संकटासन्न अवस्थामा रहेका बालबालिका र युवाहरूका लागि सम्बन्धित पक्षहरूसँग मिलेर कार्य गर्ने;<br>• शिविरमा सामाजिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरू लागु गर्ने । | • बिछोडिएका बालबालिकाहरूको फिर्तिका लागि विशेष व्यवस्था मिलाउने (सूचना, साथलागेर फिर्ति) ।<br>• आवश्यकता अनुसार लालनपालन गर्ने बाबुआमाको प्रावधानसँग सम्बन्धित प्रणालीको पुनः मूल्याङ्कन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | महिलाहरूका लागि | • सामुदायिक आवस, सरसफाइ सुविधाहरू तथा शौचालय परिवार वा लिङ्गका आधारमा छुट्याउने;<br>• लैङ्गिक हिंसाका आधारमा सबभन्दा बढि जोखिममा रहेका समूहहरूको पहिचान गर्ने;<br>• महिलाहरूको अधिकारहरू स्थापित गर्ने । | • गर्भवती तथा स्तनपान गराउने महिलाहरूलाई चिकित्सा सेवाको पहुँचका लागि सहयोग गर्ने;<br>• समुदायका लागि लैङ्गिक हिंसासँग सम्बन्धित विषयमा चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने – युवा, पुरुष, सामुदायिक नेताहरू समेतलाई लक्षित गरेर;<br>• बालिकाहरूको शिक्षा र मनोरञ्जनलाई प्रवर्द्धन गर्ने खालका क्रियाकलापहरूको आयोजना गर्ने । | • गर्भवती महिलाहरू र साथमा शिशु भएका महिलाहरूको फिर्तिका लागि विशेष व्यवस्था गर्ने;<br>• महिला घरमूली भएका परिवारहरूका लागि उत्पत्तिस्थलहरूमा आवास पुनर्निमाण र जीविकोपार्जनका लागि सहायता उपलब्ध गराउने । |
| | वृद्धवृद्धाहरूका लागि | • पुनर्वास प्रक्रियामा सहायता;<br>• वितरण बिन्दूहरूतथा सुविधाहरू;<br>• वितरण बिन्दूहरूतथा सुविधाहरूमा कम हिंड्डुल गर्नसक्ने वृद्धवृद्धाहरूको पहुँचको लागि सहजीकरण गर्ने;<br>• वृद्धवृद्धाहरूका लागि एउटा समिति वा वृद्धवृद्धा परिषदको स्थापना गर्ने । | • अतिरिक्त आहार कार्यक्रम समावेश । | • हिडडुल गर्ने सहायता लगायत उत्पत्तिस्थलमा फिर्तिका लागि सहायता उपलब्ध गराउने,<br>• उत्पत्तिस्थलमा आश्रयस्थलको पुनर्निमाण तथा जीविकोपार्जनका लागि सहयोग उपलब्ध गराउने । |
| | अपाङ्गता भएका र/वा स्वास्थ्यको ख्याल गर्नुपर्ने व्यक्तिहरूका लागि | • पुनर्वास प्रक्रियामा सहयोग गर्ने;<br>• वितरण बिन्दूहरूअपाङ्गता भएका व्यक्तिहरूका लागि सेवा सुविधाहरूमा पहुँचका लागि सहजीकरण गर्ने;<br>• स्वास्थ्यका लागि अनुगमन र सिफारिस प्रणाली कायम गर्ने;<br>• स्वास्थ्य समितिको गठन गर्ने । | • स्वास्थ्य सहायता, औषधोपचार र पुनर्स्थापना सेवाहरूप्रतिको पहुँच सुनिश्चित गर्ने;<br>• एचआइभी/एड्सका् रोकथाम र उपचारप्रतिको पहुँच सुनिश्चित गर्ने । | • हिड्डुलका लागि सहायताका साथै उत्पत्ति स्थलमा फिर्तिका लागि सहयोग गर्ने ।<br>• उत्पत्ति स्थलमा आश्रयस्थलको पुनर्निमाण तथा जीविकोपार्जनका लागि सहयोग उपलब्ध गराउने । |

## सिफारिस प्रणालीहरू र गोपनीयता

विशेष आवश्यकता भएका र बढ्दो संकटासन्नताबाट गुज्रिएका व्यक्तिहरूको प्रभावकारी संरक्षणका लागि विशेष संरक्षणका मामिलाहरूसम्बन्धी सूचना सङ्कलन गरेर नियमित रुपमा अध्यावधिक गर्ने एउटा प्रभावकारी अनुगमन र मूल्याङ्कनको आवश्यकता पर्दछ। शिविर समन्वय तथा शिविर व्यवस्थापनको शिविर व्यवस्थापक वा शिविर समिति संरक्षणका घटनाहरूको पहिचान गरी आवश्यकता अनुसार समुदायका सदस्यहरू वा संरक्षणमा संलग्न पक्षहरू समक्ष सिफारिस गर्नु पर्दछ। ख्याल राख्नुपर्ने महत्वपूर्ण कुरा के छ भने शिविरमा बसोबास गर्ने आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूका लागि शिविर व्यवस्थापक पहिलो सम्पर्क व्यक्ति भए तापनि उनी संरक्षण विज्ञ नभएको हुनाले उनले विज्ञको रुपमा काम गर्नु हुँदैन। शिविरमा प्रभावकारी संरक्षण कार्य गर्नका लागि उपयुक्त फोकल प्वाइन्टसमक्ष सिफारिस गर्नु अत्यावश्यक हुन्छ।

शिविरको तहमा अन्य सान्दर्भिक र कार्यादेश प्राप्त पक्षहरूसँग सूचना आदानप्रदान गर्ने सिद्धान्तमा आधारित सिफारिस प्रणालीहरूले संरक्षणसँग सम्बन्धित सरोकारहरू, सवालहरू र घटनाहरूप्रति सम्बोधन गर्नका लागि उपयुक्त कदम चाल्न सहयोग गर्न सक्दछ। कुनै पनि एक्लो संस्था वा व्यक्तिले समग्र प्रतिकार्य गर्न तथा संरक्षणसँगका सरोकार वा घटनालाई सम्बोधन गर्न आवश्यक पर्ने सहायता उपलब्ध गराउन नसक्ने हुनाले योजनावद्ध र स्थापित सिफारिस प्रणालीहरू महत्वपूर्ण हुने गर्दछन्। उदाहरणका लागि बलात्कारबाट बचेकी एकजना महिलाका लागि चिकित्सा सेवा र मनोसामाजिक सहायतादेखि लिएर सम्बन्धित निकायहरूमा घटनाको प्रतिवेदन गर्न कानूनी सहायतासम्मका धेरै प्रकारका सेवाहरू र सहायताको आवश्यकता पर्न सक्दछ। राज्य वा विभागीय धेरै निकायहरूले उपयुक्त, सर्वाङ्गीण सहायता र पृष्ठपोषण उपलब्ध गराइको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आफ्नो विशेष भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। सरकारी मन्त्रालयहरू, संरक्षणको कार्यादेश पाएका एजेन्सीहरू र विशेषज्ञता भएका क्षेत्रविशेषका मानवीय संस्थाहरूले उत्पन्न हुनसक्ने कुनै पनि आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि आकस्मिक अवस्थाहरूमा सँगै काम गर्नुपर्ने आवश्यकता हुनेछ।

संरक्षणको सरोकार वा घटनासँग सम्बन्धित सूचना व्यवस्थापन गर्दा सधैं उच्चतहको पेशागत गोपनीयताकायम हुनु पर्दछ। संरक्षणका सरोकारहरू, सवालहरू र घटनाहरूमा प्रायः संवेदनशील सूचना संलग्न भएको हुनाले यसले कहिलेकाहीँ सम्बन्धित व्यक्तिलाई ठूलो नोक्सान पुऱ्याउन सक्दछ। सिफारिस गर्ने कार्य सुसूचित परामर्श र स्वीकृति लिएर गरिनु पर्दछ (अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनहरूलाई मध्यनजर राख्दै) र कार्यादेश पाएका र विश्वासिलो पात्रहरूलाई मात्र थाहा दिनु पर्दछ। संरक्षणको सवाल भएको सम्बन्धित व्यक्तिले व्यक्तिगत र संवेदनशील सूचना उपयुक्त संरक्षण पात्रलाई दिनका लागि सक्रिय रुपमा मञ्जुर गर्नु पर्दछ।

## मानिसलाई थप हानीको परिस्थिति आउन रोकौं- हानी नपुऱ्याऔं

शिविर व्यवास्थापन निकाय र शिविरमा कार्यरत अन्य पात्रहरूले कनै सहायता कार्यक्रम वा पैरवी गतिविधिबाट शिविर र त्यहाँ रहने मानिस अथवा अरुलाई सुरक्षा खतरा, आधारभूत सेवाको वञ्चित स्थिति र/अथवा उनीहरूको प्रतिष्ठा र इज्जतमा जोखिम पुऱ्याउँछ कि सोबारे सावधानीपूर्वक विचार गर्नुपर्दछ। सबै सहायता कार्यक्रमको केन्द्र विस्थापित मानिसको सुरक्षा, प्रतिष्ठा र इज्जत हुनुपर्दछ।

'हानी नपुऱ्यऔं' भन्ने सिद्धान्त अनुरुप मानवीय निकायहरू तथा अन्य पात्रहरूले आफ्नो हस्तक्षेपबाट हुने प्रत्याशित वा अप्रत्याशित परिणामबारे विचार गुर्नपर्दछ। यो (सिद्धान्त) अन्तर्राष्ट्रिय मानवीय तथा/अथवा विकास सहायताले विपद्को समयमा विभाजन र द्वन्द्वको स्रोत बढाउनुको सट्टा द्वन्द्वका कारण भएका विभाजनबाट पर रहन र समस्याहरूको समाधान गर्न उपायहरू पहिचान गर्न सम्बन्धित छ। सिद्धान्तले सहायताको जटिलताहरू–स्पष्टता हासिल गर्न र सहायता प्राप्त गर्ने समाजलाई हुनसक्ने हानीको जोखिमलाई न्युन गर्न मानवीय कार्यकर्ताहरूलाई अनुरोध गर्दछ। (शिविर व्यवस्थापनको टूलकीटबाट लिइएको )

स्फेयर प्रोजेक्ट ह्याण्डबुकमा उल्लेखित सुरक्षा सिद्धान्त १ मा यो विषय उल्लेख छ र तपाइँहरूको कार्यबाट मानिसलाई थप हानी नहोस् भन्ने कुरामा उन्मुख छ ।

स्फेयर प्रोजेक्ट ह्याण्डबुकको सुरक्षा सिद्धान्त १ देहाय बमोजिम छ :

**सुरक्षा सिद्धान्त १ : तपाइँको कार्यबाट मानिसलाई थप हानी हुनबाट रोक्नुहोस्**

आफ्नो हस्तक्षेपबाट हुनसक्ने प्रतिकूल प्रभाव विशेषतः मानिसलाई बढ्दो खतरा वा अधिकारको दुरुपयोग रोक्न वा न्यून गर्न मानवीय प्रतिकारमा संलग्न व्यक्तिहरूले पाइला चाल्नुपर्दछ ।

यो सिद्धान्तको देहायअनुसार तत्वहरू छन् :

- मानवीय सहायताको स्वरुप र जुन वातावरणमा यो प्रदान भएको छ त्यसले मानिसहरूलाई थप भौतिक खतरा, हिंसा वा अधिकारको दुरुपयोगको अवस्थामा नपुऱ्याओस् ।
- प्रभावित जनसंख्याको स्वयंसुरक्षित रहने क्षमतालाई सहायता र सुरक्षा कदमले नकरात्मक प्रभाव नपारोस् ।
- सूचकहरूको सुरक्षामा असर गर्ने वा सूचनाबाट पहिचान हुनसक्ने स्थिति नआउने गरी संवेदनशील सूचनाको मानवीय निकायले व्यवस्थापन गरुन् ।

मार्गदर्शन बुँदाहरू

परिवेशको मूल्याङ्कन र विपद् प्रभावित जनसंख्याको सुरक्षा र भलाइका लागि गरिने मानवीय कार्यको परिणामको पूर्वानुमान

१. अधिकार दुरुपयोगमा शरीक हुने अवस्थाबाट जोगिनुहोस् । शिविरमा इच्छाविपरित बस्न बाध्य मानिसलाई सहायता दिने निर्णय गर्ने जस्ता उदाहरणमा निर्णय र छनौट जटील हुनसक्तछ । यस्ता निर्णय पटकेरुपमा मामिला हेरि गरिनुपर्दछ र समय र परिस्थिति बदलिँदा सँधै पुनर्मूल्याङ्कन गर्नुपर्दछ ।

२. निर्णय गर्दा चालिने कदमको सूची (चेकलिष्ट) : क्रियाकलापको विश्लेषण गर्दा मानवीय प्रतिकार र विशेष कार्यमा सहयोग पुग्नसक्ने र चेकलिष्टका रुपमा राख्न सकिने केही संभावित प्रश्नहरूको सूचीबारे नियमित रुपमा विचार गर्नुपर्दछ :

- हाम्रा क्रियाकलापबाट प्रभावित जनसंख्याले के पाउँछन् ?
- हाम्रो क्रियाकलापले जनताको सुरक्षामा केकस्तो अप्रत्याशित नकरात्मक परिणाम ल्याउन सक्तछ र यस्तो परिणामबाट जोगाउन वा न्यूनीकरण गर्न हामी के गर्न सक्तछौं ?
- के यी क्रियाकलापले प्रभावित जनसंख्याको सुरक्षा जोखिमबारे विचार गरेको छ ? के यसले जनताको स्वयंसुरक्षित रहने प्रयासलाई नकरात्मक प्रभाव पार्दछ ?
- के क्रियाकलापले कुनै समूहलाई भेदभाव गरेको छ वा यस्तो आभास देखिन्छ ? के क्रियाकलापले ऐतिहासिकरुपमा सीमान्तकृत र भेदभावमा परेका जनताको अधिकार सुरक्षित गर्दछ ?
- यी समूहलाई सुरक्षाका अधिकार दिंदा र प्रबर्द्धन गर्दा समुदायभित्र र समुदायबाहिरको सम्बन्धलाई के प्रभाव पार्दछ ?
- के क्रियाकलापले समुदायभित्र वा छिमेकी समुदायबीच विद्यमान विभाजन बढाउन सक्तछ ?

- के क्रियाकलापले सशस्त्र समूह वा अन्य पात्रहरूलाई अप्रत्याशितरुपमा सशक्तिकरण वा बल प्रदान गर्दछ ?
- के क्रियाकलाप फौजदारी शोषणको रुप बन्दछ ?

३. प्रतिकार र विशेष क्रियाकलापका सकरात्मक र हुनसक्ने नकरात्मक परिणामको मूल्यांकन गर्ने प्रभावित जनसंख्या र संगठनका विभिन्न समूहसँग परामर्श लिनुहोस् ।

४. सहायता दिने स्वरुपबाट मानिसलाई अझ बढी हमलाको जोखिम बढ्न सक्तछ । उदाहरणका लागि सुख्खा खाना लुटिनसक्तछ र सो प्राप्त गर्नुपर्ने व्यक्तिहरूलाई हानी र वञ्चितिको जोखिममा पर्नसक्तछ । बढी जोखिम हुनसक्ने अवस्थामा वैकल्पिक सहायताका स्वरुप (उदाहरणका लागि चुल्हामा वा सेवाकेन्द्रमा पकाइएका खानाको व्यवस्था) बारे विचार गर्नुहोस् । प्रभावित समुदायसँग अपेक्षित सहायताको स्वरुपबारे परामर्श गर्नुपर्दछ ।

५. सहायता दिइने वातावरण सकेसम्म सम्बन्धित जनताका लागि सुरक्षित हुनुपर्दछ । सहयोग लिन आवश्यक पर्ने मानिसलाई खतरायुक्त क्षेत्रमा वा सोमार्फत् यात्रा गर्न बाधय गरिनुहुन्न । जहाँ शिविर वा वस्ती स्थापना गरिन्छ त्यहाँ रहने व्यक्तिहरूका लागि सम्भव भएसम्म सुरक्षित रहनुपर्दछ र हमला वा अन्य जोखिम हुनसक्ने क्षेत्रभन्दा टाढा राखिनुपर्दछ ।

प्रभावित जनसंख्याको स्वयंसुरक्षा

६. आफू आफ्ना परिवार र समुदायको सुरक्षाका लागि मानिसले अपनाउने आधारबारे बुझ्नुहोस् । समुदाय आत्म-सहयोग सक्रियतालाई समर्थन गर्नुहोस् (सुरक्षा सिद्धान्त ३, मार्गर्दन बुँदा १३-१४) । मानवीय निकायले हस्तक्षेपका लागि अपनाउने कदमहरूले सुरक्षित स्थानमा सर्ने र सशस्त्र समूहसँगको संपर्कबाट बाहिर रहने लगायत आफूलाई सुरक्षित राख्ने जनताको क्षमतामा नकरात्मक प्रभाव पार्नुहुँदैन ।

७. बाँच्नसक्ने आवश्यकताहरू : आफ्नो बाँच्नसक्ने आवश्यकताहरू पूरा गर्न जनतालाई सुरक्षित विकल्प खोज्न मद्दत गर्नुहोस् । यस अन्तर्गत उदाहरणका लागि जोखिम र कठिन यात्राबिना दैनिक आवश्यकताका वस्तुहरू पानी, दाउरा वा पकाउने तेल पर्न सक्तछन् । यो वृद्धवृद्धा, महिला, बालबालिका र अशक्त व्यक्तिहरूका लागि खास विषय हुनसक्तछ ।

संवेदनशील सूचनाको व्यवस्थापन

८. सुरक्षासम्बन्धी तथ्यांक संवेदनशील हुनसक्तछ । सम्बन्धित सूचनाको गोपनीयता र दुरुपयोगको सजगता वा साक्षी रहेको अवस्थामा कसरी प्रतिकार गर्न सकिन्छ भनी आफ्ना कर्मचारीलाई मार्गदर्शन गर्न मानवीय निकायहरूमा स्पष्ट नीति र प्रक्रिया हुनुपर्दछ । साक्षी रहेका घटना र आरोपको उपयुक्त सूचनाबारे कर्मचारीलाई जानकारी गराइनुपर्दछ ।

९. संवेदनशील सूचनाको प्रक्षेपण : सान्दर्भिक सुरक्षा जनादेशसाथ उपयुक्त पात्रहरूलाई दुरुपायेग सम्बन्धी सूचना प्रक्षेपण गर्न विचार गर्नुहोस् । सूचना प्राप्त भएको स्थानबाहिर यी पात्रहरू उपस्थित हुनसक्तछन् ।

१०. संवेदनशील सूचनालाई प्रक्षेपण गर्ने नीति अपनाइनु पर्दछ र यसमा घटनाको प्रतिवेदन अथवा झुकाव विश्लेषण पर्दछ । यसमा संवेदनशील सूचना र सूचना प्रक्षेपणका वस्तुस्थितिबारे विशेषरुपमा व्यवस्थापन गर्नुपर्दछ । सकभर, यस्तो सूचनाको उपयोगका लागि नियकाहरूले व्यक्तिहरूको सहमति लिनुपर्दछ । कुनैपनि सूचनाको प्रक्षेपण यसरी गरिनुपर्दछ कि सूचनाको स्रोत वा सोमा उल्लेखित मानिस(हरू) खतरामा नपरुन् ।

११. घोषित उपयोग स्पष्ट छ र घोषित उपयोगसँग सम्बन्धित विषयमा विवरण मागिएको छ भने मात्र अधिकारको खास दुरुपयोग र हननबारे सूचना संकलन गर्नुपर्दछ । यस्तो


सुरक्षात्मक सुरक्षा व्यवस्था भएका वा आवश्यक क्षमता, सीप, प्रणाली र नियम विद्यमान रहेका निकायले गर्नुपर्दछ । सूचित सहमतिका आधारमा सूचना संकलन गर्ने र सबै अवस्थामा व्यक्तिको सहमति तेस्रो पक्षलई सूचनामा सहभागी गराउँदा जरुरी हुन्छ ।

१२. दुरुपयोगबारे सूचनाको संकलन र उपयोगबारे सरकार वा सम्बद्ध अधिकारीको हुनसक्ने प्रतिक्रियाको मूल्यांकन गरिनुपर्दछ । कार्यसंचालनको निरन्तरताको आवश्यकता सूचनाको उपयोगको आवश्यकतासँग तौलिनुपर्दछ । विभिन्न मानवीय निकायको यससम्बन्धमा पृथक छनौट हुनसक्तछ ।

## कार्यस्थलका आवाज तथा मामिलाहरू

२६ वर्ष उमेरकी शर्मीलाको पूर्वबासस्थान रुकुम जिल्लाको दुर्गम गाउँमा हो । केही वर्ष अघि उनी आफ्नो श्रीमान श्याम र ७ वर्षे छोरो सँग राम्रो अवसरको खोजीमा काठमाडौं आइन् । श्याम वैदेशिक रोजगारीका लागि कतार गए भने शर्मीलाले एउटा दोहोरी रेष्टुरेन्टमा सेविकाको रुपमा काम गर्न थालिन् । शर्मिलाले रातिको पालोमा काम गर्नुपर्ने हुनाले आफ्नो छोरालाई डेरामा छोडेर काममा जानुको विकल्प थिएन ।

भूकम्पछि उनले डेरा लिएको घर भत्किएकोले उनले अन्यत्र डेरा सर्नुको विकल्प थिएन । उनले कामगर्ने रेष्टुरा सञ्चालन भएको भवन पनि भूकम्पले चर्किएको हुनाले त्यो रेष्टुरा बन्द भयो । शर्मीलाको आम्दानीको अर्को स्रोत नभएकोले उनी संकटासन्न अवस्थामा पुगिन । उनले केही हप्तासम्म आफ्नै छिमेकीहरूसँग तरकारी बजारमा बिताइन । उनीहरूले धेरै रात एउटा पालमुनी बिताउनु पर्‍यो त्यहाँ धेरै जना थिए र जहाँ उनीहरूको कुनै गोपनीयता थिएन ।



यसै बखत, आइओएमले स्थानीय गैससँगको साझेदारीमा काठमाडौंमा भूकम्पपश्चाात संरक्षणका आवश्यकता भएका व्यक्तिहरूको लेखाजोखा गर्ने क्रममा शर्मीलाजस्ता संकटासन्न अवस्थामा रहेका महिलाहरूको पहिचान गर्‍यो ।



स्थानीय गैससले संकटासन्न जनसङ्ख्याका लागि पाल टांग्न सुरक्षित क्षेत्रमा जमिन भाडामा लिएपछि आइओएमले ताक्कालीन सहयोगको रुपमा त्रिपाल, ब्ल्याङ्केट सौर्य बत्ति र र अन्य गैरखाद्य सामग्रीहरू उपलब्ध गरायो । संकटासन्न अवस्थामा रहेका महिलाहरूको मध्यकालीन र दीर्घकालीन आवश्यकताहरू पूरा गर्नका लागि आइओएमले उनीहरूको अनौपचारिक शिक्षाका लागि सहयोग गर्न शुरु गर्नुका साथै सीप विकास तालीमहरू समते प्रदान गर्‍यो । शर्मीला पनि यी लाभग्राहीमध्येकी एक हुन् । उनी नियमित रुपमा गणित, अङ्ग्रेजी र नेपाली कक्षहरू लिने गर्दछिन् र लुगा सिलाई सीपहरू पनि सिकिरहेकी छिन् । उनले आफ्नो परिवारको राम्रो जिविकाका लागि भविष्यमा आफ्नै सिलाइ व्यवसाय सुरु गर्ने अपेक्षा गरेकी छिन् ।

# बिरामीलाई घरवापसीमा सहयोग-रेफ्रल पद्धति-स्वास्थ्य

अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आइ.ओ.एम.)को डिस्चार्ज र रेफ्रल सेवा मार्फत हालै सिन्धुपाल्चोक जिल्ला स्थित मेलम्ची गाउँ विकास समितिमा रहेको आफ्नो घर फर्कने ६५ वर्षीय नेपाली पुरुष मणि राईले भन्नुभयो, "मेरो गाउँ नजिकै सार्वजनिक यातायातको बिसौनी नभएको र म हिड्न नसक्ने अवस्थामा आई.ओ.एम्.नभएको भए म कसरी घर फर्कन्थे होला थाहा छैन ।"

"मेरा परिवारका लागि बिसौनीबाट घरसम्म घण्टौं लगाएर ष्ट्रेचरमा राखी मलाई ल्याउने एकमात्र विकल्प थियो", उहाँले भन्नु भयो ।

पहिलो भूकम्प अप्रिल २५ मा जाँदा मणि एउटा गिर्जाघरमा थियो । भवन भत्कियो र भत्केको पर्खालले मणिलाई लाग्यो र उसको तिघ्रा भाँचियो । "त्यो दिन गिर्जाघरमा रहेको ६४ जनामध्ये २५ जना सख्त घाइते भए र एउटा केटीको मृत्यु भयो", उहाँले स्मरण गर्नुभयो, "त्यो केटी केवल १६ वर्षकी थिइन् ।"

अर्को दिन मणिलाई नेपाली सेनाले औषधी उपचारका लागि काठमाडौं सैनिक अस्पतालमा विमानबाट पुऱ्यायो । उहाँ त्यहाँ एघार दिन रहनु भयो र सहायताका लागि ओइरिरहेका बिरामीको चाप थेक्न त्यहाँ पर्याप्त शैया नभएका कारण उहाँले त्यहाँबाट हट्नु पऱ्यो । मणि काठमाडौं एक निजी अस्पतलामा पुग्नु भयो तर अस्पतालको खर्च व्यहोर्न नसक्ने कारण अर्को दिन त्यहाँबाट पनि सर्नु पऱ्यो । मणि र निजकी पत्नी पवित्राको एकमात्र सन्तान २६ वर्ष छोरा कुमार राईले भन्नु भयो "तसर्थ उहाँका लागि अर्को ठाउँ तुरुन्त हामीले खोज्नु पऱ्यो" भाग्यले भुकम्पबाट प्रभावित बिरामीलाई सेवा दिन सुविधा खोलेको आनन्दवन अस्तपालले मणिलाई आश्रय दियो । उहाँ ६ हप्ता त्यहाँ रहनु भयो भने परिवार आफ्नै मेलम्भी गाउँ विकास समितिमा रह्यो ।

"केही समयपछि मलाई घरको याद आउन थाल्यो । कुनै खास काम नभएपनि परिवारसँग बस्न जान मलाई इच्छा भयो" भन्दै आफ्नो दुई वर्षको नातिलाई हेर्दै मणिले भन्नुभयो, " तर म कसरी जाने । मेरै घर पुऱ्याउने सार्वजनिक यातायातको व्यवस्था थिएन ।"

यसैबीच मणिको भनाइमा आश्चर्य भयो । मणिको अवस्था बुझेका आनन्दवन अस्तपतालका एक डाक्टरले भुकम्प पश्चात अस्पतालबाट छुट्टि पाएका बिरामीलाई घर फर्कन, अस्थायी आश्रय वा अन्य सुविधाको आवश्यक परेमा सहायता दिन आसष्टेट डिस्चार्ज र रेफ्रल सेवा प्रदान गर्ने आइ.ओ.एम्.को चिकित्सा टोलीसँग परिचय गराईदिनु भयो ।

"केही दिन पछि म भ्रमण गर्न सक्छु सक्तिन बुझ्न आइ.ओ.एम.का कर्मचारी म कहाँ आए ।" डाक्टरको स्वीकृतिलाई अर्को दिन एम्बुलेन्समा हाली मणिलाई घरतर्फ पठाइयो । पवित्रा र कुमारले यो खबर पाई स्थानिय बसबाट उहाँको साथै फर्कन काठमाडौं आउनु भयो । "उहाँ फर्कनु भएकोमा हामी अत्यन्त प्रशन्न छौं यद्यपि उहाँ पुरै ठीक हुनु भएको छैन । अर्को महिना अनुगमनका लागि हामी काठमाडौं जानुपर्दछ" भन्दै एम्बुलेन्सको अगाडिको सीटमा रहेका आइ.ओ.एम्.का कर्मचारीलाई हेर्दै कुमारले भन्नु भयो । अस्पताल छोड्नु अघि परिवारले आइ.ओ.एम.का कर्मचारीसँग अनुगकनका लागि गर्नुपर्ने यात्रा र उपलब्ध निःशुल्क सुविधा र चिकित्सा शुल्कबारे छलफल गरेको थियो ।

"अनुगमन सेवाबारे मार्गदर्शन पाउँदा खुशी लाग्यो । अनुगमनका समयमा यातायात सुविधा दिइने कुर आई.ओ.एम.का कर्मचारीले जानकारी दिए" भन्दै कुमारले राहत महसु गर्दै भन्नुभयो ।

काठमाडौं सिन्धुपाल्चोकसम्मको तीन घण्टाको यात्रा सजिलो थिएन । सडक खावडखुबड र हिलाम्य थियो र एम्बुलेन्स जब सडकमा ठोकिन्थ्यो मानिसहरू कराउँदथे । यद्यपि साथै घर फर्कन पाएकोमा उहाँहरूको चेहरा प्रशन्न देखिन्थ्यो ।

मणिको पेशा के थियो भन्ने प्रश्न कुमारले भन्नुभयो, “मेरो बुवा ढुँगा माटो प्रयोग गरी घर बनाउने काम गर्नु हुन्थ्यो ।”, “दुई वर्ष अघि यो काम छोडी हाम्रो घरसँगै एउटा सानो पसल खोल्नुभयो” जुन पसल पहिलो भुकम्पमा पूर्णरुपले भत्कियो । कुमारले उत्साहित हुँदै भन्नुभयो, “हामीलाई थाहा छैन के काम गर्ने हो तर हाललाई भत्केको पसलसँगै हामीले अस्थायी पसल बनाएका छौं । पसल हाम्रो परिवार बस्न एउटा सानो कोठा पनि छ ।” मलाई आशा छ मेरो बुवालाई यो मन पर्दछ ।

मणिको घरमा एम्बुलेन्स रोकिँदा प्रशन्न परिवार सदस्य र छिमेकीहरू मणिको घरवापसीमा स्वागत गर्न जम्मा भएका थिए । मणिको अस्थायी पसलको सामुन्ने दुई साना टेबुललाई घेरेर मानिसहरू काठमाडौं जानुअघिको समयभन्दा धेरै राम्रो अवस्थामा रहेका मणिलाई देखेर खुशी थिए उहाँको अनुपस्थितिमा के भयो भन्ने बारे बुझ्न उत्सुक थिए ।

हालको नगरीमा बसेको कति भयो भन्ने प्रश्नको जवाफमा मणिले “हामी एघार वर्ष अघि यहाँ सरेका हौं” भन्नुभयो । सिन्धुपाल्चोकमा घर बनाउने काम पाउनु अघि उनीहरू दोलखामा बस्दथे । पछि २५ वर्षको कुमार श्रीमती र दुई बच्चा मातापितालाई छोडी घर छोड्नु भयो ।

रसुवा जिल्लामा बिजुलीको काम गर्ने (इलेक्ट्रिसियन) कुमारले भन्नुभयो, “हाम्रो परिवार मेरो कामका कारण छुट्टियो ।” भुकम्पपछि आफ्नो काम गुमाएका कुमारको भनाइमा “हामीलाई पैसा आवश्यक परेकाले अब विकल्प थिएन । मेरो बुवा पूण रुपले ठीक नहुन्जेल म यहाँ बस्दछु तर कामको खोजीमा म छिट्टै जानु पर्दछ” कुमारले भन्नु भयो । “मलाई थाहा छैन तर शायद म समुद्रपार जानुपर्ला” उहाँले थप्नु भयो ।

“म फर्के पछि नेपालको पूर्वी भागमा एउटा घर बनाउछु जहाँ हाम्रो परिवार एकसाथ बस्न सक्तछ । मेरो बच्चाहरूलाई राम्रो शिक्षा दिन मैले धेरै पैसा कमाउँछु जसबाट उनीहरूले यस्तो पेशा अपनाउन जसबाट जनता र विशेषत : बिरामी मानिसको सेवा गर्न सक्तछन् ।”

# कानूनी संरक्षण कार्यढाँचा तथा शिविरहरूमा संरक्षण । १९० मिनेट

यस अध्यायको समग्र उद्देश्य  कानूनी संरक्षण कार्यढाँचा तथा आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तहरूलाई विस्थापित व्यक्तिहरूप्रति गरिने व्यवहारका लागि दिशानिर्देश गर्ने मुख्य सन्दर्भ सामग्रीको रुपमा जानकारी अभिवृद्धि गर्नु हो । यस अध्यायले शिविरमा विशेष आवश्यकताहरू भएका निश्चित व्यक्तिहरूलाई केन्द्रित गरी शिविर समन्वय तथा शिविर व्यवस्थापनमा संरक्षणको व्यवहारिक उपयोगिताको परीक्षण समेत गर्दछ ।

## सिकाइका उद्देश्यहरू

यस सत्रको अन्त्यसम्ममा सहभागीहरू देहाय अनुसारको कार्य गर्न सक्षम हुनेछन् :

- विस्थापित जनसङ्ख्यासँग सम्बन्धित कानूनी दस्तावेजहरू र राष्ट्रिय अधिकारीहरूका भूमिका र जिम्मेवारीहरूमा यी दस्तावेजहरूको प्रभावको बारेमा जानकार रहन ।
- प्रभावित जनसङ्ख्याका मर्यादा र अधिकारहरूलाई समर्थन गर्ने खालका संरक्षणका लागि उपयुक्त योजना बनाउन ।
- आन्तरिक रुपमा विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तहरूले प्रवर्द्धन गरेका सिद्धान्तहरूको बारेमा छलफल गर्न ।
- विशेष आवश्यकता भएका व्यक्तिहरूलाई विशेष लक्षित गरी कानूनी संरक्षण कार्यढाँचाको व्यावहारिक प्रयोगहरूको सराहना गर्न ।
- विस्थापित समुदायभित्र विशेष आवश्यकताहरू भएका व्यक्तिहरूको पहिचान गर्न ।

## मुख्य सन्देशहरू

- राष्ट्रिय कानूनहरू र संविधानहरूका साथै क्षेत्रीय तथा आन्तरिक कानूनहरूले विस्थापित जनसङ्ख्याका अधिकारहरूको रुपरेखा प्रस्तुत गर्दछन् । राष्ट्रिय कानूनहरू ज्यादै महत्वपूर्ण हुन्छन् किनभने ती कानूनहरूमार्फत अन्तर्राष्ट्रिय कानूनहरूको अनुमोदन भइ निर्दिष्ट मुलुकको परिवेशमा लागू हुने गर्दछन् ।
- अन्तर्राष्ट्रिय कानूनले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू, शरणार्थीहरू र राज्यबिहीन व्यक्तिहरूलाई संरक्षण गर्न र सहायता प्रदान गर्न राष्ट्रिय निकायहरूका मुख्य जिम्मेवारीहरूलाई तोक्ने गर्दछ ।
- आन्तरिक रुपमा विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तहरूले आन्तरिक रुपमा विस्थापित जनसङ्ख्यालाई संरक्षण र सहायता प्रदान गर्ने विषयसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनका मुख्य धारणाहरू र अवयवहरूलाई एकै थलोमा ल्याउंदछ । यी निर्देशक सिद्धान्तहरूले के कुरामा पुनर्बल प्रदान गर्दछ भने विस्थापित जनसङ्ख्याका अधिकारहरूको संरक्षण गर्ने प्रमुख जिम्मेवारी सरकारको हो । अन्तर्राष्ट्रिय र राष्ट्रिय गैससहरू तथा संयुक्त राष्ट्रसंघीय निकायहरूको भूमिका सरकारहरूलाई उनीहरूका दायित्वहरू र त्यससँग सम्बन्धित कार्यहरूमा सहयोग गर्नु हो ।
- समुदायमा आधारित संरक्षण शिविरको सबै चरणहरूको अवधिमा संरक्षणका लागि सबभन्दा बढि शक्तिशाली टूल हुन सक्दछ ।
- शिविरका सबै चरणमा सुरक्षाका लागि समुदायमा आधारित सुरक्षा एक अत्यन्त शक्तिशाली औजार हो ।

- स्थल व्यवस्थापकले सुरक्षा घटना सम्बोधन पूर्णरुपले गर्न नसक्ने हुँदा सिफारिस प्रणाली महत्वपूर्ण हुन्छ ।
- गोपनीयतालाई सदैब ध्यानमा राख्नु पर्दछ किनभने संरक्षणका मामिलाहरूमा संवेदनशील सूचनाहरू समावेश हुने गर्दछन् जसले सम्बन्धित व्यक्तिका लागि जोखिम बढाउन सक्दछ ।

| क्रियाकलाप | समय | विवरण | टूल (Tool) हरू | तयारी |
|---|---|---|---|---|
| १<br>मानव अधिकार र शिविर समन्वय तथा शिविर व्यवस्थापन | २० मिनेट | शिविर व्यवस्थापन मानव अधिकारमा आधारित पद्धत्तिमा केन्द्रित हुनेगर्छ र यसको लक्ष्य विस्थापित समुदायहरूको आधारभूत मानव अधिकारमा पहुँच सुनिश्चि गर्ने हो भन्ने अवधारणको अन्वेषण गर्नुहोस् । | टूल (Tool) १५ “मानव अधिकारको विश्वव्यापी घोषणापत्रका धाराहरू” | - उद्देश्यहरूका लागि फ्लिपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्नुहोस् ।<br>- सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्नुहोस् । |
| २<br>संरक्षणका लागि अन्तर्राष्ट्रिय कानूनी कार्यढाँचाको परिचय | १५ मिनेट | आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू र शरणार्थीहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी कार्यढाँचाको संरक्षणको मुख्य स्रोतको रुपमा शरणार्थी र आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको परिभाषा खोज्नुहोस् । | टूल (Tool) १६ “आन्तरिक रुपमा विस्थापित व्यक्ति र शरणार्थीको परिभाषाहरू” | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्नुहोस् । |
| ३<br>संरक्षणका लागि अन्तर्राष्ट्रिय कानूनी कार्यढाँचा | १० मिनेट | संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी कार्य ढाँचा, अन्तर्राष्ट्रिय मानव अधिकार कानून, अन्तर्राष्ट्रिय मानवीय कानून, शरणार्थी कानून र राष्ट्रिय संविधानहरूका चारवटा अवयवहरू पत्ता लगाउने । | टूल (Tool) १७ “अन्तर्राष्ट्रिय कानूनी कार्यढाँचा” | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्नुहोस् । |
| ४<br>आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूका निर्देशक सिद्धान्तहरू | २० मिनेट | आन्तरिक रुपमा विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरूको संरचनालाई बुझेर र विस्थापित जनसङ्ख्याको सुधार कालागि यसका सिद्धान्तहरूको प्रयोगलाई दृष्टिगत गरेर पढ्ने । | टूल (Tool) १८ “आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरू”<br>टूल (Tool) १९ “विस्थापनको अवस्थाका लागि मुख्य सिद्धान्तहरू” | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्नुहोस् ।<br>- विकल्प २ को क्रियाकलाप वितरण गर्नका लागि फ्लिपचार्ट तयार गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| छोटो विश्राम ५/१० मिनेट | | | | |
| ५<br>सञ्चालनका बखत संरक्षण | १० मिनेट | यस सत्रको अघिल्लो भागमा प्रस्तुत गरिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनहरूमा आधारित भएर शिविर मा संरक्षण सुनिश्चित गर्ने खालका क्रियाकलापहरूको अन्वेषण गर्ने । | | |
| ६<br>विशेष आवश्यकता भएका व्यक्तिहरूको पहिचान | २० मिनेट | शिविरमा प्रदान गरिएका सेवाहरूमा सुधार गर्नका लागि शिविरमा विशेष आवश्यकताहरू भएका समूहहरू र तिनीहरूका विशेष आवश्यकताहरू पहिचान गर्नुको महत्व बुझेर त्यस्ता समूहहरूको पहिचान गर्ने । | टूल (Tool) २० "विशेष आवश्यकता कार्डहरू" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्नुहोस् । |
| छोटो विश्राम १० मिनेट | | | | |
| ७<br>सिफारिस प्रणाली | २० मिनेट | शिविरमा संवेदनशील संरक्षण सूचनाको प्रयोग गर्दा संरक्षणका मामिलाहरू र उच्च तहको गोपनीयताको आवश्यकतालाई सम्बोधन गर्ने सिफारिस प्रणालीको महत्वको अन्वेषण गर्ने । | टूल (Tool) २१ "सुरक्षा प्रदान भएको घटना"<br>टूल -५४ "पात्रहरू" | – सहभागीहरूलाई वितरण गर्न टूलहरूका प्रति तयार गर्नुहोस्<br>– क्रियाकलापमा प्रयोग हुने सूत्र तयार गर्नुहोस् । |
| ८<br>गोपनीयताको महत्व | १५ मिनेट | संवेदनशील सूचनाको प्रयोग गर्दा उच्च तहको गोपनीयताको आवश्यकता र महत्वको अन्वेषण गर्ने । | | |

| | | | | |
|---|---|---|---|---|
| ९<br>संरक्षण तथा शिविर जीवन चक्र | १५ मिनेट | शिविर जीवनचक्रको सबै चरणहरूमा संरक्षणको आवश्यकताको बारेमा जानकारी हासिल गर्ने र अन्वेषण गर्ने । | टूल (Tool) ०६ "शिविरको जीवनचक्र"<br>टूल (Tool) २० "विशेष आवश्यकता कार्डहरू" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्नुहोस् । |
| १०<br>संरक्षक क्रियाकलापहरू तथा पात्रहरू | २० मिनेट | शिविरमा संरक्षणको घटनाका लागि प्रतिकार्य गर्न संलग्न विभिन्न संरक्षण संस्थाहरूको सूची बनाउने र अन्वेषण गर्ने । | टूल (Tool) २१ "संरक्षणसम्बन्धी घटना"<br>टूल (Tool) २२ "संरक्षण संकेत प्याज" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्नुहोस् । |
| ११<br>नोक्सानी नपुऱ्याउनुहोस् | २० मिनेट | मानवीय कार्यबाट जनतालाई थप हानि नहोस् भन्ने सम्बन्धी नोक्सानी नपुऱ्याऔं सम्बन्धी सिद्धान्त अवलम्बन गर्ने । | टूल ५५ "जनतालाई थप नोक्सानी नपुऱ्याऔं" | सहभागीहरू समक्ष वितरण गर्न टूलहरूका प्रतिहरू तयार गर्नुहोस् । |
| १२<br>समापन | ५ मिनेट | उद्देश्यहरूको परिमार्जन । | | - उद्देश्यहरूका लागि फ्लिपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्नुहोस् । |

# क्रियाकलाप १

## मानव अधिकार तथा शिविरको समन्वय तथा शिविर व्यवस्थापन

- यस सत्रको उद्देश्यहरू भएको फ्लिपचार्ट (वा परियोजनाको पावरप्वाइन्ट) देखाउनुहोस् ।
- तालीमका उद्देश्यहरू ठूलो स्वरमा पढ्नुहोस्, वा एकजना सहभागीलाई पढ्न लगाउनु होस् । प्रश्नहरू प्रष्ट पार्नुहोस् ।
- सहभागीहरूलाई सोध्नुहोस् :
  - o मानव अधिकार भनेको के हो ?
  - o मानव जाति भएको हैसियतले हाम्रा विश्वव्यापी अधिकारहरू के हुन् ?
  - o हाम्रा मानव अधिकारहरूका स्रोतहरू के हुन् ?
- उनीहरूलाई छलफल गर्ने अवसर गर्नुहोस् । प्रस्तुत विचारहरू फ्लिपचार्टमा अभिलेख गरेर प्लेनरीमा पृष्ठभूमिका लागि सहजीकरण गर्नुहोस् ।
- सहभागीहरूलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक सानो समूहलाई टूल (Tool) १५ "नेपालको संविधान २०७२ को धाराहरू" बाट नेपालको संविधान २०७२ को एउटा धारा दिनुहोस् ।
- उनीहरूले प्राप्त गरेका टूल (Tool) १५ "नेपालको संविधान २०७२ का धाराहरू" देखाउन र उनीहरूले छनोट गरेको धाराको बारेमा छलफल गर्न लगाउनुहोस् । सहभागीहरूलाई यी धाराहरू शिविरको समन्वय तथा शिविर व्यवस्थापन गृहको कुन अवयवहरू अन्तर्गत पर्दछन् भनेर सोध्नुहोस् ।
- उनीहरूले छनोट गरेको धारा तद्अनुसारको ब्लक वा शिविरको समन्वय तथा शिविर व्यवस्थापन गृहको पिलरको छेउमा टाँसेर त्यसबाट आएको निचोड प्लेनरीमा प्रस्तुत गर्न लगाउनुहोस् ।

  धारा २८ र २९ संरक्षणसँग सम्बन्धित छन् भने, ३२ सामुदायिक सहभागितासँग सम्बन्धित छ । २७ अन्तर्राष्ट्रिय मापदण्डहरू तथा ३०, ३१, ३५ र ३६ सहायतासँग सम्बन्धित छन् ।

  शिविर व्यवस्थापन मानवअधिकारमा आधारित पद्धतिमा केन्द्रित छ भन्ने कुरा प्रकाश पार्नुहोस्, जस्तै, शिविरको समन्वय तथा शिविर व्यवस्थापनको लक्ष्य विस्थापित समुदायहरूका आधारभूत मानव अधिकारमा पहुँच सुनिश्चित गर्नु हो ।

  नेपालमा आधारभूत मानव अधिकार प्रबर्द्धन र संरक्षण गर्न नेपालको संविधान मार्गदर्शक दस्तावेज हो भन्ने कुरा बताउनुहोस् । सन् १९४८ मानव अधिकारको विश्वव्यापी घोषणा पत्र त्यसपछिका सम्पूर्ण कानूनी दस्तावेजहरूको प्रेरणाको स्रोत हो जसले शिविरको समन्वय र शिविर व्यवस्थापनको संरक्षणका लागि आधार निर्माण गर्दछ भन्ने कुरामा जोड दिनुहोस् ।

**उद्देश्यहरुः**

- विस्थापित जनसङ्ख्यासँग सम्बन्धित कानूनी दस्तावेजहरु र राष्ट्रिय निकायहरुको भूमिका तथा जिम्मेवारीमा ती दस्तावेजहरुको प्रभावका बारेमा जानकार रहने ।
- प्रभावित जनसङ्ख्याको मर्यादा र अधिकारहरुको समर्थन गर्ने खालका उपयुक्त संरक्षण कार्यक्रमहरुको लागि यो जना तर्जूमा गर्ने ।
- आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तहरुद्वारा प्रवर्द्धन गरिएका सिद्धान्तहरुको बारेमा छलफल गर्ने ।
- विशेष आवश्यकता भएका व्यक्तिहरुका लागि प्राथमिकता दिइ तयार गरिएको कानूनी संरक्षण कार्यढाँचाको व्यावहारिक कार्यान्वयनको सराहना गर्ने ।
- विस्थापित समुदाय भित्र विशेष आवश्यकता भएका व्यक्तिहरुको पहिचान गर्ने ।

### टूल (Tool) १५ "नेपालको संविधान २०७२ को धाराहरू"

**धारा ४**
बाँधा वा दास बनाइ कसैलाई राखिने छैन । सब प्रकारको दासत्व र दासव्यापार निषेध गरिने छ ।

**धारा ५**
कसैलाई पनि शारीरिक यातना दिइने छैन अथवा अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन ।

**धारा १९**
प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ । यस अधिकारमा कुनै हस्तक्षेप बिना आफ्ना मतहरु अभिव्यक्त गर्ने र कुनै पनि अवरोध र सीमाहरुबिना सञ्चार माध्यमद्धारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार समावेश छ ।

**धारा २५**
प्रत्येक व्यक्तिलाई आफू र आफ्नो परिवारको स्वास्थ्य र कल्याणका लागि खाना, कपडा, घर तथा औषधोपचारका सुविधाहरु र आवश्यकता अनुसारको सामाजिक सेवाहरु सहित स्तरयुक्त जीवन यापन गन आधिकार छ, र साथै बेराजगारी, बिरामी, असमर्थता, विधवा, वूढेसकाल वा निजको नियन्त्रण बाहिरका अन्य परिस्थितिमा साधन अभाव भएमासुरक्षाको अधिकार छ ।

**धारा २६**
प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार छ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । कम्तिमा प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ ।

**धारा २७**
प्रत्येक व्यक्तिलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्रतापूर्वक भाग लिने, कलाहरुको आनन्द लिने तथा वैज्ञानिक प्रगति र यसको फाइदाहरूको हिस्सेदार हुने अधिकार छ ।

टूल (Tool) १५ "नेपालको संविधान २०७२ को धाराहरू"

- आन्तरिक रुपमा विस्थापित जनसङ्ख्याले पनि सम्पूर्ण अन्य मानवजातिहरू सरहका अधिकार प्राप्त गर्दछन् भन्ने कुराको व्याख्या गर्नुहोस् । आन्तरिक रुपमा विस्थापित जनसङ्ख्यालाई मानव अधिकार कानून र सम्बन्धित कानूनी दस्तावेजहरूका साथै आफ्नो देशमा उनीहरूले नागरिकको हैसियतले सम्पूर्ण स्तरीय अधिकारहरू प्राप्त गर्ने भएकोल राष्ट्रिय कानूनले संरक्षण प्रदान गरेका हुन्छन् भन्ने कुरामा जोड दिनुहोस् ।
- शिविरको समन्वय र शिविर व्यवस्थापन अधिकारमा आधारित पद्धतिको केन्द्रबिन्दूमा पर्दछ भन्ने कुराको स्मरण गराउँदै र मानव अधिकारको विश्वव्यापी घोषणापत्रले प्रत्येक मानवजातीको विश्वव्यापी अधिकारहरूको व्याख्या गर्दछ र शिविरको समन्वय र शिविर व्यवस्थापनमा विस्थापित जनसङ्ख्याको संरक्षण (शरणार्थीहरू र आन्तरिक रुपमा विस्थापित जनसङ्ख्या) का लागि आधार निर्माण गर्दछ भन्ने कुरामा जोड दिँदै क्रियाकलापको समापन गर्नुहोस् ।

## क्रियाकलाप २

### अन्तर्राष्ट्रिय कानूनी संरचनाको परिचय

- अर्को क्रियाकलापले विस्थापित जनसङ्ख्याहरूको संरक्षणका लागि आधारशीलाको रुपमा सहभागीहरूलाई कानूनी संरचनाको बारेमा सिक्नका लागि अवसर प्रदान गर्ने कुराको व्याख्या गर्नुहोस् ।
- यस क्रियाकलापको अवधिमा तपाईंले मानव अधिकारको विश्वव्यापी घोषणापत्रद्वारा प्रेरित भएका कानूनका मुख्य संचरनाहरूको बारे मा प्रस्तुत गर्ने कुराको व्याख्या गर्नुहोस् ।
- सहभागीहरूलाई शरणार्थी र आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको परिभाषा सोध्नुहोस् ।
- छलफललाई प्रश्रय दिइ कुनै प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।
- शरणार्थीको कानूनी परिभाषा र आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको विवरणात्मक परिभाषा प्रष्ट रुपमा बुझिएका छन्भन्ने कुरा सुनिश्चित गर्नका लागि **टूल (Tool) १६ "आन्तरिक रुपमा विस्थापित व्यक्ति र शरणार्थीका परिभाषाहरू"** को प्रयोग गरी परिभाषाहरू प्रस्तुत गर्नुहोस् ।

**टूल (Tool) १६ "आन्तरिक रुपमा विस्थापित व्यक्ति र शरणार्थीका परिभाषाहरू"**

**शरणार्थी**

शरणार्थी भन्नाले त्यस्तो व्यक्तिलाई बुझाउँछ जो जात, धर्म, राष्ट्रियता, कुनै विशेष सामाजिक समूहको सदस्यता वा राजनीतिकविचारधाराका कारण उत्पीडन हुनसक्ने प्रवल भयका कारण आफ्नो मुलुकभन्दा बाहिर छ र जो त्यस मुलुकबाट संरक्षण प्रप्त गर्न वा उत्पीडनको भयले त्यहाँ फकर्न असमर्थ वा अनिच्छुक छ ।

शरणार्थीको हैसियतसम्बन्धी महासन्धीको धारा १, १९६७ को थप आलेखमा संसोधित

**आन्तरिक रुपमा विस्थापित व्यक्ति**

आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु भन्नाले त्यस्ता व्यक्ति वा समूहहरुलाई बुझाउँछ जो आफ्नो घर तथा पूर्ववत बासस्थान छोडेर, कुनै विशेष परिस्थितिका कारणले वा सशस्त्र द्वन्द्वबाट हुने प्रभावबाट मुक्त हुनको लागि हिंसाव्याप्त भएको अवस्था, मानवअधिकारहरुको उल्लङ्घन वा प्राकृतिक र मानवीय प्रकोपहरुको कारणले पलायन भएका व्यक्तिहरुलाई बुझाउँदछ, जसले अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त राज्यको सिमाना पार गरेका छैनन् ।

आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरु

टूल (Tool) १६ आन्तरिक रुपमा विस्थापित व्यक्ति र शरणार्थीको परिभाषाहरु

- आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू र शरणार्थीहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनको मुख्य स्रोत अन्तर्राष्ट्रिय कानूनी संरचनाका चारवटा अवयवहरू हुनभन्ने कुराको व्याख्या गर्नुहोस् ।

# क्रियाकलाप ३

## संरक्षणका लागि अन्तर्राष्ट्रिय कानूनी संरचना

**टूल** (Tool) **१७ "अन्तर्राष्ट्रिय कानूनी संरचना"** को प्रयोग गरी संरक्षणका लागि अन्तर्राष्ट्रिय कानूनी संरचनाका चारवटा अवयवहरू प्रस्तुत गर्नुहोस् । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनबाट शुरु गर्नुहोस् । एक सहभागीलाई बाँकी समूह समक्ष पढ्न लगाउनुहोस । यस कानूनको भागको पृष्ठभूमिको व्याख्या गर्नुहोस् र सहभागीहरूको प्रश्न स्पष्ट पार्नुहोस् ।

संरक्षणका लागि अन्तर्राष्ट्रिय कानूनी संरचनाका अन्य तीनवटा अवयवहरूको प्रक्रिया दोहोऱ्याउनुहोस् - **अन्तर्राष्ट्रिय मानवीय कानून, शरणार्थी कानून र राष्ट्रिय संविधानहरू** ।

**टूल** (Tool) **१७ "अन्तर्राष्ट्रिय कानूनी संरचना"**

| | |
|---|---|
| **अन्तर्राष्ट्रिय मानव अधिकार कानून**<br>अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि तर्जुमा गरिएको हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) ले त्यसपछिका मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरु र अन्तर्राष्ट्रिय कानूनसम्बन्धी महासन्धिहरुलाई आधार प्रदान गर्दछन् । | **अन्तर्राष्ट्रिय मानवीय कानून**<br>अन्तर्राष्ट्रिय मानवीय कानूनका मुल दस्तावेजहरु चारवटा जेनेभा महासन्धिहरु र तिनका थप आलेखहरु हुन् । अन्तर्राष्ट्रिय मानवीय कानून सशस्त्र द्वन्द्वको गैरसैनिक (सर्वसाधारण नागरिकहरु) मा पर्ने प्रभावलाई सीमित गर्न प्रयास गर्ने नियमहरुको संगालो हो । यसले युद्धमा संलग्न नभएका व्यक्तिहरुको संरक्षण गर्नुको साथै युद्धका तरिका र साधनहरुलाई नियन्त्रण गर्दछ । |
| **शरणार्थी कानून**<br>अन्तर्राष्ट्रिय शरणार्थी कानून शरणार्थीको संरक्षण गर्ने उद्देश्यले तर्जुमा गरिएका नियमहरु तथा कार्यविधिहरुको संगालो हो । शरणार्थी कानूनले शरणार्थीहरुलाई आफूले शरण खोजिरहेको मुलुक (प्राय: आतिथ्यता प्रदान गर्ने मुलुक भन्ने गरिन्छ) का नागरिकहरु सरहको अधिकार प्रदान गर्दछ । शरणार्थी कानूनको प्रमुख स्रोत शरणार्थीको हैसियतसँग सम्बन्धित महासन्धि १९५१ हो । | **राष्ट्रिय संविधान**<br>राष्ट्रिय स्तरमा देशको कार्यक्षेत्राधिकार भित्र नागरिकहरुका मानवअधिकारहरुको रक्षा गर्ने राष्ट्रिय विधानहरु सबभन्दा बढि महत्वपूर्ण दस्तावेजहरु हुन् । अधिकांश मुलुकहरुमा राष्ट्रिय कानून (संविधान) सबभन्दा बढि प्रचलित तरिका हो जसको माध्यमद्वारा अन्तर्राष्ट्रिय कानून र महासन्धिहरुलाई कानूनी अभ्यासमा समाहित गरी राष्ट्रिय स्तरमा लागू गरिन्छ । आधारभूत मानव अधिकारहरु तथा स्वतन्त्रताहरुको संरक्षण गर्न, मानवको प्रतिष्ठाको सम्मान, समानता र विभेदबाट मुक्त गर्नका लागि बनेका नेपालको संविधानका केही धाराहरु १६, १७, १८, १९, २०, २४, २६ हुन् । |

टूल (Tool) **१७** अन्तर्राष्ट्रिय कानूनी कार्यढाँचा

# क्रियाकलाप ४

## आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरू

आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरू यसरी प्रस्तुत गर्नुहोस् की यसले सहभागीहरूलाई पुस्तिकाको क्षेत्र र संरचना कसरी गरिएको छ, यसको इतिहास, र त्यसपछि विकास गरिएका अन्तर्राष्ट्रिय कानून र सम्झौताहरूको सन्दर्भहरू लगायत यसको क्षेत्रको बारेमा ज्ञान र जानकारी हासिल गर्ने अवसर प्रदान गरोस् ।


<u>विकल्प १ (२० मिनेट)</u>

**टूल** (Tool) **१८ "आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरू"** सबै सहभागीहरूलाई वितरण गर्नुहोस् । यो दस्तावेज पढ्नका लागि सहभागीहरूलाई पर्याप्त समय दिनुहोस् ।

समूहलाई अझ साना समूहहरूमा विभाजन गर्नुहोस् । सबै सहभागीहरूलाई **टूल** (Tool) **१९ "विस्थापनका समयमा अपनाउनुपर्ने प्रमुख सिद्धान्तहरू"** सबै सहभागीलाई वितरण गर्नुहोस् र त्यसपछि सबै सहभागीलाई आन्तरिक विस्थापनका मुख्य निर्देशक सिद्धान्तहरू झल्काउने काटुन देखाउनुहोस् ।

चित्रको माध्यमद्वारा प्रस्तुत गरिएका सिद्धान्तहरूको बारेमा छलफल गर्नुहोस् (प्रत्येक चित्रको देब्रेपट्टिको कुनाको सानो पहेँलो बक्समा इङ्गित गरिएका सिद्धान्तहरू) ।

**टूल** (Tool) **१८ "आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरू"**




टूल (Tool) १८ आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरु

**टूल** (Tool) **१९ "विस्थापनका समयमा अपनाउनुपर्ने प्रमुख सिद्धान्तहरू"**




टूल (Tool) १९आन्तरिक विस्थापनका प्रमुख सिद्धान्तहरु

**छोटो विश्राम**

**यस सत्रमा छोटो विश्राम लिनुहोस् (१० मिनेट)**

## क्रियाकलाप ५

### शिविर सञ्चालनका क्रममा संरक्षण


- यस खण्डको मुख्य विषयको परिचय दिनुहोस्, जसले अघिल्लो सत्रको एउटा अंशमा प्रस्तुत गरिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनहरूमा आधारित भएर शिविरमा कसरी संरक्षण सुरक्षित गर्ने भन्ने क्रियाकलापहरू उजागर गर्दछन् ।
- विस्थापित जनसङ्ख्याको मानवअधिकारको समर्थन गर्नका लागि आवश्यक संरक्षण सुनिश्चित गर्ने गरी शिविर समन्वय तथा शिविर व्यवस्थापनमा जोड दिने ।
- सत्रमा गरिने क्रियाकलापहरूको बारेमा प्रकाश पार्ने र संरक्षणले शिविरमा आन्तरिक रुपमा विस्थापित जनसङ्ख्याले बिना विभेद उनीहरूकादेहायसेवाहरू प्राप्त गर्दछन भन्ने कुरा सुनिश्चित गर्ने प्रयत्न गर्दछ भन्ने कुरा सहभागीहरूलाई स्मरण गराउने :
  - o शारीरिक सुरक्षा : शारीरिक नोक्सानी र हिंसाबाट संरक्षण;
  - o कानूनी सुरक्षा : न्यायमा पहुँच, यसलाई प्रमाणित गर्नका लागि कानूनी हैसियत र कागजातको व्यवस्था तथा सम्पत्तिको अधिकार माथिको सम्मान;
  - o सामग्रीको सुरक्षा : आधारभूत सामग्रीहरू र सेवाहरूमा समान पहुँच ।

## क्रियाकलाप ६

### विशेष आवश्यकता भएका व्यक्तिहरूको पहिचान गर्ने

- तपाईंको शिविरमा विस्थापित जनसङ्ख्याले कस्ता विशेष प्रकारका संरक्षणका आवश्यकताहरूको सामना गरेका छन् भनेर सहभागीहरूलाई सोध्नुहोस् ?
- विभिन्न प्रकारका उदाहरणहरूको टिपोट गर्नुहोस् (यिनीहरूमा युवा र बालबालिकाहरू, वृद्धवृद्धा, महिला, अपाङ्गता भएका व्यक्तिहरू र विशेष स्वास्थ्य अवस्था भएका व्यक्तिहरू समक्ष पर्ने जोखिम पर्दछन्) । खास समूहभित्र सबैजनालाई संरक्षणको आवश्यकता छैन भन्ने कुरा संकेत गर्नुहोस्, जस्तै, शिविरमा सबै महिलाहरू "जोखिममा" हुँदैनन् ।
- उनीहरूलाई लक्षित सहायता उपलब्ध गराउन र विस्तृत शिविर समन्वय तथा शिविर व्यवस्थापन प्रतिकार्यमा मूलप्रवाहको संरक्षणका लागि योजना बनाउनका लागि शिविरमा विशेष आवश्यकता भएका व्यक्तिहरूको पहिचान गर्नु महत्वपूर्ण हुन्छ भन्ने कुराको व्याख्या गर्नुहोस् ।
- समूहसँग सम्बन्धित विषयमा छलफल गर्नका लागि **टूल** (Tool) **२० को "विशेष आवश्यकता कार्डहरू"** को प्रयोग गर्नुहोस् । प्लेनरीमा समूहलाई सबै कार्डहरू प्रस्तुत गर्नुहोस् । प्रत्येक कार्डका लागिदेहायकुराहरू छलफल गर्नुहोस् :

टूल (Tool) २० को "विशेष आवश्यकता कार्डहरू"




टूल (Tool) २० विशेष आवश्यकता कार्डहरु

- o यस व्यक्तिलई किन विशेष आवश्यकताका खाँचो छ ?
- o जोखिम न्यून गर्न वा सम्बोधन गर्नका लागि के गर्न सकिन्छ ?
- o यी जोखिमहरूलाई तपाईंले कसरी प्राथमिकीकरण गर्नुहुन्छ - कुन घटना सबभन्दा बढि महत्वपूर्ण छ ?
- o कुन शिविर स्थलको व्यवस्थापकले यो समस्या समाधान गर्ने क्षमता राख्दछन् ? कसरी ?
- o यस सवालको समाधान गर्नका लागि समुदायको कुन व्यक्तिले सहयोग गर्न सक्छ होला ? कसरी ?
- o के सामान्य परिवेशहरूमा माथिको समस्या समाधान गर्ने कुनै जिम्मेवार निकाय छ ?
- o के अहिलेको आकस्मिक परिवेशहरूमा माथिको समस्या समाधान गर्ने कुनै जिम्मेवार निकाय छ ?
- o के यहाँ सूचिकृत नगरिएका तर तपाईंको विचारमा गर्नुपर्ने कुनै अन्य बुदाँहरू छन् ?

- सहभागीहरूलाई नेपालका शिविरसम्बन्धी उनीहरूको अनुभवको बारेमा सोच्न लगाउनुहोस् । के कस्ता अवस्थाहरूले शिविरमा जोखिम बढाउने गर्दछन् भन्ने कुराको उनीहरूलाई प्रतिविम्वन गर्न लगाउनु होस् ।

## क्रियाकलाप ७

## सिफारिस प्रणाली

- कुनै पनि शिविरमा संरक्षणका मामिलाहरूलाई सम्बोधन गर्ने (सरोकारहरू, सवालहरू र घटनाहरू) र संरक्षणसम्बन्धी संवेदनशील सूचनाको व्यवस्थापन गर्दा उच्च तहको गोपनीयता अपनाउनुपर्ने आवश्यकता (पृष्ठभूमि जानकारी हेर्नुहोस्) सहितको सिफारिस प्रणालीको महत्व सहभागीहरू समक्ष स्थापित गर्नुहोस् ।
- **टूल २१ "संरक्षण घटना"** उपयोग गरी संरक्षणसम्बन्धी मामिला अध्ययनको परिचय दिनुहोस् ।
- **सहभागिमध्ये एकजनालाई टूल २९ "संरक्षण घटना"** बारे समूह समक्ष जोडले पढ्न लगाउनुहोस् ।
- कुनै प्रश्न छन् कि भनी सोध्नुहोस् । यो प्रसंगको पूर्ण विवरण सबैले सुनुन र बुझून भन्ने सुनिश्चित गर्नुहोस् ।
- सहभागीहरूलाई योजनाबद्ध, परिभाषित र कार्यगत सुरक्षासम्बन्धी सिफारिस प्रणालीका महत्व दर्शाउन उनीहरूलाई संरचनागत भूमिका खेलमा कसरी अन्तरक्रिया गरिरहनेछन् भन्ने कुरा बुझाउनुहोस् ।
- **टूल ५४ "पात्र"** बाट नामहरूको संकेत उपयुक्त संख्याका मानिसहरूलाई बाँड्नुहोस् । धेरै ठूलो समूह भए एकभन्दा बढी व्यक्तिले पहिचान पात्रको भूमिका निभाउन सक्तछन् ।

नामहरूको संकेतमा देहाय अनुसारको भूमिका लेखिएको हुन्छ :

- प्रहरी (प्रहरी अधिकृत, प्रहरी अनुसन्धानकर्ता);

- न्याय (न्यायाधिश अथवा मेजिष्ट्रेट, अदालतका प्रोफेसर, वकील) ;
- परम्परागत नेता (सामुदायिक नेता, मूली पुरुष);
- स्वास्थ्य प्रतिनिधि (डाक्टर, परिचारिका र मिडवाइफ);
- परिवार सदस्य (आमा वा जीवित व्यक्तिको विश्वासिलो परिवार सदस्य);
- मनोसामाजिक सहयोग (सामुदायिक सेवा कार्यकर्ता, सामाजिक कार्यकर्ता, परामर्शदाता);
- समुदाय सदस्य (छिमेकी);
- सुरक्षा अधिकरी
- शिविर व्यवस्थापक
- (सान्दर्भिक र शिविरको समुदायको हिस्सा हुने भए पात्रहरूको नाम समावेश गर्न सक्नु हुन्छ । )

यो भुमिका खेलको भन्ने सम्झाउनुहोस्

१. उनीहरू पात्रहरू हुन् र नाम संकेतमा उल्लेख भएको व्यक्तिको भूमिका निर्वाह गर्दछन् भनी सहभागीहरूलाई बताउनुहोस् ।
२. सहभागीहरूलाई एक वृत्तमा उभिन ल्याउनुहोस् ।
३. धागोको भकुण्डो ल्याउनुहोस् । धागोको भकुण्डोले घटनाको अध्ययनस्थलमा बलात्कार गरिएको सानी बालिका सीताको प्रतिनिधित्व गर्ने कुरा व्याख्या गर्नुहोस् ।
४. सानी बालिका सीताले आफ्नी काकीलाई घटनाबारे बताएकी भन्ने कुरा भन्नुहोस् । वृत्तभन्दा बाहिरबाट सीताले बलात्कार घटनाबारे पहिलो सूचना दिइएकी काकीलाई धागोको भकुण्डो हस्तान्तरण गर्नुहोस् ।
५. काकीलाई धागोको टुप्पो नखस्ने गरी जोडले समाउन भन्नुहोस् । काकीले धागोलाई औंलामा बेर्न पनि सक्नु हुन्छ । काकीलाई घेरामा रहेका अर्को व्यक्तिलाई (शिविर व्यवस्थापन) लक्षित गरी भुकण्डो फाल्न भन्नुहोस् ।
६. काकीले सीतालाई के भयो भनी शिविर व्यवस्थापनलाई बताउनु हुनेछ ।
७. शिविर व्यवस्थापकले धागो औंलामा बेर्नु हुन्छ । शिविर व्यवस्थापकले घटनाबारे बताउन चाहाने जोकसैलाई संपर्क गरी त्यो पात्र समक्ष भकुण्डो फाल्नु हुन्छ ।

यस्तो आदान प्रदान गरी रहन्छ .....प्रत्येक पटक एक पात्र संलग्न रहन्छ र धागोको भकुण्डो घटनासँग प्रतिकार गर्ने वृत्त बाहिर विभिन्न व्यक्तिहरूसमक्ष पठाइन्छ । हरेक पात्रले औंलामा भकुण्डो अड्काई आफूले चाहेको पात्र समक्ष फाल्ने गर्दछ ।

क्रियाकलापलाई मार्गदर्शन गर्न केही उदाहरण देहाय अनुसार दिइन्छ :

| | | | |
|---|---|---|---|
| १. **काकी**ले बालिकालाई **शिविर व्यवस्थापक** समक्ष पुऱ्याउनु हुन्छ । शिविर व्यवस्थापनले घटनाबारे **परिचारिका**लाई जानकारी गराउनु हुन्छ । | २. परिचारिकाले मद्दत गर्नुहुन्छ । तर बालिकालाई थप स्वास्थ्य सहयोगको जरुरत पर्दछ र **मिडवाइफ** समक्ष पुऱ्याइन्छ । | ३. मिडवाइफले **डाक्टर** बोलाउनु हुन्छ । | ४. डाक्टरले उपचार गरी बालिकालाई **मिडवाइफ** समक्ष फर्काउनु हुन्छ । |

| | | | |
|---|---|---|---|
| ५. मिडवाइफले बालिकालाई **सामुदायिक सेवा कार्यकर्ता**लाई बुझाउनु हुन्छ । | ६. सामुदायिक सेवा कार्यकर्ताले आत्मिय सहयोग दिनुहुन्छ र सहायताका लागि **संरक्षण अधिकृत**लाई सम्पर्क गर्नुहुन्छ । | ७. संरक्षण अधिकृतले बालिकासँग कुरा गर्नुहुन्छ र बालिकाले प्रहरीलाई संलग्न खोजेको बुझ्नु हुन्छ । बालिकाले **डाक्टर** समक्ष पुनः लगि केही प्रश्नहरू सोधिन्छ र विस्तृत परिक्षण गरिन्छ । | ८. डाक्टरले बालिकालाई पुनः **संरक्षण अधिकृत** समक्ष फर्काउनु हुन्छ । |
| ९. संरक्षण अधिकृतले बालिकालाई **प्रहरी** समक्ष बुझाउनु हुन्छ र आफैं साथ जानुहुन्छ । | १०. प्रहरीले थप विवरण सहितको चिकित्सकिय सूचना संकलनका लागि **डाक्टर**सँग सम्पर्क गर्नुहुन्छ । | ११. डाक्टरले **काकी**सँग सम्पर्क गरी घटनाबारे उहाँलाई बताउन स्वीकृति माग्न हुन्छ । | १२. काकी बालिकालाई **संरक्षण अधिकृत**समक्ष लानुहुन्छ । |
| १३. संरक्षण अधिकृतले बालिकालाई **वकील**समक्ष लानु हुन्छ । | १४. वकिलले **प्रहरी**सँग सम्पर्क गर्नुहुन्छ । | १५. प्रहरीले मामिलाबारे **प्रोफेक्यूटर**लाई सम्पर्क गर्नुहुन्छ । | १६. प्रोसेक्यूटरले मामला बारे **वकील**सँग छलफल गर्नु पर्दछ । |
| १७. वकीलले मामिलाबारे **प्रोसेक्यूटर**सँग छलफल गर्नुहुन्छ । | १८. प्रोसेक्यूटरले चिकित्सकीय परिक्षणको सूचना लिन **डाक्टर** बोलाउनुहुन्छ । | १९. डाक्टरले यो मामिला **सामाजिक कार्यकर्ता** समक्ष लानुहुन्छ । | २०. सामाजिक कार्यकर्ताले प्रहरीसँग सम्पर्क गरी केही थप सूचना दिनुहुन्छ । |

८. कम्तीमा एकपटक प्रत्येक पात्रले धागो पाएपछि वा ५ मिनेट पछि खेल बन्द गर्नुहोस्

९. वृत्तको केन्द्रमा एक ठूलो जाली राखिएको छ जब प्रत्येक पात्र आफ्नो हातमा धागोको भाग राखेको हुन्छ । जालीमा हेर्दा रोकिनुहोस् । सामान्य छलफल वा आत्मविश्लेषण गर्न केही प्रश्न सोध्नुहोस ।

- वृत्तको बीचमा के देख्नुहुन्छ ? यसले के प्रतिनिधित्व गर्दछ ?
  (यो प्रश्नले बीचमा रहेको जालीलाई सहभागीहरूको ध्यानाकर्षण गर्दछ जसले राम्रो समन्वयात्मक सिफारिस (रेफुरल) प्रणालीको कमी विभिन्न सरोकारवालाहरूको पृथक भूमिकाबारे स्पष्टताको अभाव तथा सरोकारवालाहरू बीच एकाकीको भूमिकाबारे साझा समझदारी नहुनु लगायत विभिन्न विषयहरूलाई प्रतिनिधित्व गर्दछ ।)
- सरक्षा घटनामा बालिकाका लागि के यि कुराहरू सहयोगी छन् ?
  (यो प्रश्नको आदर्श उत्तर छैन हुनु पर्दछ । सहभागीहरूले जटिलताहरू र धागोले गर्ने अघिपछिको संचालन प्रक्रियाले सुरक्षा घटना पीडितलाई सहयोग पुगेको छैन भन्ने स्पष्टरुपमा देख्नुहुन्छ ।
- धागोको जालो छुटाउन के गर्न सकिन्थ्यो ?

(यहाँ सिफारिस प्रणालीलाई दक्ष र प्रभावकारी बनाउन सिफारिस प्रणाली बनाउन सहभागीहरूले विभिन्न विचारका उपायहरू अपनाउनु पर्दछ । सुझावहरूमा सिफारिस प्रणालीको स्थापना र शिविर जनसंख्यालाई सुरक्षा घटनाका अवस्थामा के गर्ने, प्रमुख सरोकारवालाहरू र प्रहरी, एम्बुलेन्स आदि बारेको सम्पर्क सूचना सहित स्थलका बैठकमा सबै सरोकारवालाहरूलाई भेला गर्न शिविर व्यवस्थापकले प्रबन्ध गर्नु पर्दछ ।

सुरक्षा चिन्ता, विषय र घटनाबारे सूचना व्यवस्थापन गर्न हरहमेशा गोप्यता कायम र अभ्यास गरिनु पर्ने कुरा सहभागीहरूलाई याद गराउनुहोस् । प्रभावित व्यक्तिको पूर्ण सहमति ( अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरू) पछि मात्र सूचना बाँडिन्छ र यो अधिकार प्राप्त र विश्वासी पात्रहरूमा साझेदारी गरिन्छ ।

## क्रियाकलाप ८

### गोपनीयताको महत्व

- सहभागीहरूलाई स्मरण गराउनुहोस् की संरक्षणका सरोकारहरू, सवालहरू र घटनाहरूसम्बन्धी सूचनालाई व्यवस्थापन गर्दा सदैब गोपनीयतालाई मध्यनजर गर्दै अभ्यास गरिनु पर्दछ ।
- सहभागीहरूलाई एउटा घेरमा बस्न वा उभिन लगाउनु होस् । सबै सहभागीहरूलाई एउटा कलम र सानो कागज लिन भन्नुहोस् ।
- सहभागीहरूलाई एउटा गोप्य कुरा सोचेर सानो कागजमा लेख्न लगाउनुहोस् ।
- प्रत्येक सहभागीलाई त्यो कागज पट्याएर आफ्नो गोप्य कुरा उसको बायाँपट्टि बसिरहेको व्यक्तिलाई दिन लगाउनु होस् । **महत्वपूर्ण : सहभागीहरूलाई कुनै पनि कागज नखोल्न र त्यस कागजमा लेखिएको कुनै पनि गोप्य कुरा पढ्न पाउँदैनन भन्ने कुराको जानकारी गराउनुहोस् ।**
- घेरामा भएको प्रत्येक सहभागीलाई उनीहरूको गोप्य कुरा अरु कसैको हातमा हुँदा कस्तो अनुभूति हुन्छ भनेर सोध्नुहोस् ।
- कसैको गोप्य कुरा उनीहरूको हातमा हुँदा कस्तो लाग्छ भनेर प्रत्येक सहभागीलाई सोध्नुहोस् ।
- अन्त्यमा सहभागीहरूलाई सम्बन्धित व्यक्तिको गोप्य कुरा उसैलाई फिर्ता दिन भन्नुहोस् ।
- सबैजनाले उनीहरूको कागज फिर्ता गरिसकेपछि सहभागीहरूलाई बताउनुहोस् की उनीहरू सबैले आफ्नो कागजको टुक्रा नष्ट गर्न सक्दछन् ।
- देहायका प्रश्नहरू सोधेर क्रियाकलापको अन्त्य गर्नुहोस् :
  - तपाईंको एकजना सहकर्मीले तपाईंको एउटा गोपनीयता हात पारेपछि तपाईंले आफ्नो बारेमा के सिक्नु भयो ?
  - यस अभ्यासको परिणामस्वरुप गोपनीयताको बारेमा तपाईंका विचारहरू कसरी परिवर्तन भएका छन् ?
  - यस अभ्यासले शिविरमा तपाईंको भावी काममा कसरी प्रभाव पार्ने छ ?
  - यस अभ्यासको परिणामस्वरुप तपाईंले सिक्नु भएको आधारमा शिविरमा आकस्मिक अवस्थामा प्रोटोकललाई परिवर्तन गर्नका लागि तपाईंले के कस्ता कदमहरू/उपायहरू सिफारिस गर्न सक्नुहुन्छ ?
  - तपाईंका सबैजना कर्मचारीहरूले गोपनीयताको उही सिद्धान्तहरूको सम्मान गर्दछन् भन्ने कुरा तपाईंले कसरी सुनिश्चित गर्न सक्नु हुन्छ ? संरक्षणसम्बन्धी सरोकार वा घटनाको बारेमा सूचनाको व्यवस्थापन गर्दा अधिकतम पेशागत गोपनीयता अपानाउनु पर्दछ भन्ने कुरा सहभागीहरूलाई स्मरण गराउनुहोस् ।

# क्रियाकलाप ९

## संरक्षण र शिविरको जीवन चक्र


- **टूल** (Tool) **०६ "शिविरको जीवन चक्र"** प्रयोग गरी सहभागीहरूलाई शिविरको जीवन चक्रका चरणहरू सम्झाउनु होस् ।
- विशेष आवश्यकता भएका व्यक्तिहरूलाई शिविरको जीवनचक्रका सबै चरणहरूमा ध्यान दिइनु पर्दछ भन्ने कुरा सहभागीहरूलाई व्याख्या गर्नुहोस् ।
- सहभागीहरूले जोखिम रहेका र बढ्दो संकटासन्न अवस्थामा रहेका व्यक्तिहरूका विशेष आवश्यकताहरूलाई शिविरको जीवनचक्रको प्रत्येक चरणसँग जोडेर पत्ता लगाउने छन् भन्ने कुराको व्याख्या गर्नुहोस् ।
- **टूल** (Tool) **२० - "विशेष आवश्यकता कार्डहरू"**बाट एउटा कार्ड छान्नुहोस् (समूहसँग सहकार्य गरेर) ।
- सहभागीहरूलाई शिविरको स्थापना, रेखदेख र मर्मत सम्भार तथा शिविर बन्द गर्ने बेलामा यो विशेष समुदायको संरक्षणका लागि यो जना बनाउन सकिने खालका शिविर समन्वय तथा शिविर व्यवस्थापन क्रियाकलापहरूका लागि मस्तिष्क मन्थन गर्न लगाउनुहोस् ।
- सहभागीहरूका सुझावहरूलाई आवश्यक भएमा थपेर पुनरावलोकन गर्नुहोस् (पृष्ठभूमि जानकारी हेर्नुहोस्) ।

# क्रियाकलाप १०

## संरक्षण क्रियाकलापहरू र संलग्न पक्षहरू

- यस क्रियाकलापले सहभागीहरूलाई शिविरमा संरक्षणका सवालहरूलाई कसरी सम्बोधन गर्ने भन्ने कुरा प्रतिविम्वन गर्ने अवसर प्रदान गर्नेछ भन्ने कुराको व्याख्या गर्नुहोस् ।
- **टूल** (Tool) **२१ "संरक्षण घटना"** प्रयोग गरी संरक्षण मामिला अध्ययनको परिचय दिनुहोस् ।
- एकजना सहभागीलाई **टूल** (Tool) **२१ "संरक्षण घटना"** बाँकी समूहलाई पढेर सुनाउन लगाउनु होस् ।
- सहभागीहरूका केही प्रश्नहरू छन्की सोध्नुहोस् । सबै सहभागीहरूले कथा विवरण बुझ्नेछन् भन्ने कुरा सुनिश्चित गर्नुहोस् ।

**टूल** (Tool) **०६ "शिविरको जीवन चक्र"**




टूल (Tool) ०६ "शिविरको जीवन चक्र"

**टूल** (Tool) **२० को "विशेष आवश्यकता कार्डहरू"**



**देहायका कुराहरु पर्दछन्**

- संरक्षण विहीन र बिछोडिएका बालबालिकाहरु
- विगतमा शसस्त्र बलहरु वा समूहरुमा आवद्ध भएका बालबालिकाहरु
- बालबालिका घरमुलि भएको परिवार
- विद्यालयभन्दा बाहिर रहेका र बेरोजगार युवा

**जोखिम**

- हिंसा, यौन दुर्व्यवहार र शोषण, संवेगात्मक, मनोवैज्ञानिक र शारीरिक दुर्व्यवहार
- बलपूर्वक भर्ति र /वा बलपूर्वक श्रमिक बनाउने जन्मदर्ता गर्न र अन्य कागजात प्राप्तगर्नबाट बञ्चित
- शिक्षाको पहुँचबाट बञ्चित

टूल (Tool) २० विशेष आवश्यकता कार्डहरु

**टूल** (Tool) **२१ "संरक्षण घटना"**

सिता नाम गरकी किशोरी एउटा शिविरको पालमा उनकी हजुरआमासँग बस्दै आएकि छिन् ।


एक दिन उनले शिविर व्यवस्थापक समक्ष गएर भनिन्कि आफू अघिल्लो रात उनकी असक्त हजुरआमाका लागि पानी ओसार्न गइरहेको बेला उनी कसैको आक्रमणमा परिन र बलात्कृत भइन ।

यस्तो घटना अरु केटीहरुमाथी पनि भएको छ भन्ने कुरा सितालाई थाहा छ, तर उनीहरु अघि बढेर घटनको रिपोर्ट गर्न डराउनुका साथै उनीहरुमाथि भएको दुर्व्यवहारको बारेमा बोल्न ज्यादै लाज र शरम मान्ने गर्दछन् । सिताले पनि डरका कारण शिविरकी महिला व्यवस्थापक बाहेक अरु कसैलाई यो कुरा बताएकी छैनन् र स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य क्लिनिक पनि गएकी छैनन् ।

उनी राष्ट्रिय प्रहरी समक्ष जान पनि डराएकि छिन् किनभने त्यो पीडक प्रहरी कार्यालयको नजिकै बस्ने गर्दछ र उनले प्रहरीसँग कुराकानी गरेको देखेर बदला लिने गरी शिविरमा फर्केर आउन सक्छ भन्ने उनलाई लाग्छ ।

टूल (Tool) २१ संरक्षणसम्बन्धी घटना

- **टूल** (Tool) **२२ "संरक्षण संकेत प्याज"** मा आधारित भएर सहभागीहरूलाई सोध्नुहोस् :
    - o कुन संस्थाहरू, सम्बन्धित मन्त्रालयहरू, वा आकस्मिक वा उपकारी एजेन्सीहरूले कथाको मूल पात्रको संरक्षण गर्न र सहायता प्रदान गर्न सक्दछन् भन्ने सङ्केत गर्नुहोस् ।
    - o के कस्ता संरक्षण क्रियाकलापहरू सञ्चालन गरिने छन् र कोद्वारा गरिने छ ?




- सहभागीहरूलाई आफ्ना विचारहरू आदानप्रदान गर्न पर्याप्त समय दिनुहोस् । प्लेनरीमा रिपोर्ट गर्दा निर्देशन/मार्गदर्शन प्राप्त गर्नका लागि तलका उदाहरणहरू प्रयोग गर्न सकिन्छ ।
    - o स्वास्थ्य कार्यकर्ताहरू

      तत्काल चिकित्सकीय सहयोग तथा मनोसामाजिक सहायता प्रदान गर्नका लागि । कानूनी कार्वाही गर्नुपर्ने भएमा स्वास्थ्य अवस्थासम्बन्धी कागजात तयार गर्नुहोस् र यस विषयको जानकारी प्रहरीसमक्ष प्रदान गर्नुहोस् ।
    - o प्रहरी

      यदि सम्बन्धित व्यक्तिले अभियोग दर्ता गर्न खोज्दछ भने कानूनी/कानून अनुसारको कार्वाही गर्न । शिविरमा बिजुली वत्तिको अवस्था र समग्र सुरक्षाको अवस्थामा सुधार गर्न ।
    - o समुदाय

      समुदायमा आधारित समितिहरू र महिला समूहहरूजस्ता सामुदायिक संरक्षण संयन्त्रहरू । सरोकारवाला व्यक्तिहरूले आफ्ना अनुभवहरू तथा त्रासहरू एवं सहायता सेवाहरूमा पहुँचको बारेमा कुरा गर्नसक्ने सुरक्षित स्थानहरू । दोब्बर संरक्षणको दोधारको सामना गरिरहेका परिवारहरूलाई अतिरिक्त सहायता (जस्तै, यौन हिंसाबाट बचेको युवा सदस्य घरमा भएको वृद्ध घरमूली) ।
    - o व्यक्ति

      आत्म-सुरक्षात्मक व्यवहार सम्बन्धी उत्थानशील परामर्श ।
- छलफलका मुख्य बूँदाहरूको सार खिच्नुहोस् र समुदाय, परिवार, र व्यक्तिका उत्तानशील प्रावधानहरू सबैको सुरक्षात्मक वातावरण सिर्जना गर्ने जिम्मेवारी हुन्छ भन्ने कुरामा पुनर्बल प्रदान गर्नुहोस् ।

## क्रियाकलाप ११

### हानी नगर्नुहोस्

- मानवीय सहायताको सेवाबाट विस्थापित समुदायलाई थप हानी नहोस् भन्ने कुराको महत्व सहभागीहरूलाई आत्मबोध गराउन या क्रियाकलाप संचालन भएको कुरा व्याख्या गर्नुहोस् ।
- शिविर व्यवस्थापन निकाय र राष्ट्रिय सुरक्षा अंगहरू सहित अब पात्रहरूको कार्यबाट शिविर र त्यहाँ रहने जनसंख्या वा अरुलाई सुरक्षा खतरा, आधारभूत सेवाहरूको वन्चिती र इज्जत र प्रतिष्ठानल आँच आउने जोखिम आफ्नै कार्यले ननिम्त्यायोस् भन्ने कुरामा सतर्क रहन सहभागीहरूलाई सम्झाउनुहोस् । सबै सहायता कार्यक्रमको केन्द्रमा विस्थापित व्यक्तिहरूको सुरक्षा, इज्जत र प्रतिष्ठा रहनु पर्दछ ।
- आफ्नो कार्यको लक्षित र अनपेक्षित परिणामहरूबारे सबै मानवीय पात्रहरूले सोच्नु पर्ने कुरा व्याख्या गर्नुहोस् । स्थलगत सबै कार्यहरू आवश्यक पर्ने व्यक्तिहरूलाई सहयोगी रहनु र विभाजन अथवा द्वन्दको शुरुवातका रुपमा हुनुहुदैंन ।
- आपतकालीन समयमा गरिएका कुनै गलत कार्यबाट उब्जेका अवस्थासँग जुद्धन सहभागीको कुनै पुरानो अनुभव भए सोध्नुहोस् । छलपल अघि बढाउनुहोस र कुनै प्रश्न उठमा सोबारे स्पष्ट गर्नुहोस् ।
- **“टूल ५६ : हानी नगर्नुहोस”** बाँडनुहोस् ।
- सहभागीहरूलाई प्रत्येक तस्वीर हेरी द्वन्दको शुरुवात गर्ने वा समुदायलाई हानी पुऱ्याउने कामको पहिचान गर्नुहोस् । सहभागीहरूलाई अघिल्लो टूलका छलफल बारे विचरा गर्न भन्नुहोस् ।

प्रत्येक तस्वीर बारे छलफल अघि बढाउनुहोस् र उठेका प्रश्नहरूको समाधान गर्नुहोस् ।

विशेषतः आपतकालीन समयमा अगाडि बढ्ने सबैभन्दा राम्रो उपाय के हो वा छनौट कसरी गर्ने भन्ने निर्णय गर्न कठिन हुने कुरा बताउनुहोस् । देहायको टूलले निर्णय गर्ने प्रक्रियामा सहयोग पुऱ्याउने कुरा व्याख्या गर्नुहोस् ।

- **“टूल ५७ : हानी नगरौं-चेकलिष्ट”** बाँडनुहोस् ।
  सहभागिहरूलाई चेकलिष्ट बढी प्रत्येक बुँदामा उठ्न सक्ने प्रश्नको जवाफ दिनुहोस् ।
- हाम्रो क्रियाकलापले प्रभावित जनसंख्याले के लाभ पाउँछ ?
- जनसुरक्षामा हाम्रो क्रियाकलापको अप्रत्यासित केके नकारात्मक परिणाम निस्कन सक्तछ र यस्तो अवस्था आउन नदिन वा यस्ता परिणामहरूलाई न्यूनिकरण गर्न कसरी सकिन्छ ?

- प्रभावित जनसंख्यालाई हुन सक्ने सम्भावित सुरक्षा खतरालाई क्रियाकलापले विचार गरेको छ ? के यसले आफूलाई सुरक्षित राख्ने जनताको आफ्नै प्रयासलाई पनि कुठाराघात गर्दछ ?
- क्रियाकलापले कुनै समूहलाई विभेद गर्दछ वा गरेको जस्तो देखिन्छ ? के क्रियाकलापले ऐतिहासिकरुपमा सीमान्तकृत वा भेदमा परेका मानिसहरूको अधिकारको सुरक्षा गर्दछ ?
- यस्ता समूहहरूको अधिकारको सुरक्षा र प्रवर्द्धन गर्दा समुदाय भित्र र बाहिर के प्रभाव पर्न सक्तछ ?
- के क्रियाकलापले समुदाय भित्र वा छिमेकी समुदायबीच विद्यमान विभाजन झन बढाउँला ?
- के क्रियाकलापले अनपेक्षित रुपमा सशस्त्र समूह वा अरु पात्रहरूलाई सबलीकरण गर्न वा बलियो पार्न सहयोग पुऱ्याउँला ?
- के क्रियाकलाप फौजदारी शोषणको द्योतक होला ?
- प्रभावित जनसंख्या वा संस्थाहरूले समग्र प्रतिकार र खास क्रियाकलापका सकारात्मक र सम्भावित नकारात्मक परिणामहरूबारे मूल्यांकन गर्ने विश्वासमा विभिन्न क्षेत्रसँग परामर्श गर्नु जरुरी भएको कुरा व्याख्या गर्नुहोस् ।
- सहयोगको प्रकृतिका कारण जनतालाई हमलाको शिकार बनाउन सक्ने कुरा सहभागीलाई सम्झाउनुहोस् । उदाहरणका लागि सुख्खा खाद्य पदार्थ जस्ता महत्वपूर्ण सामाग्री लुटिन सक्तछ र सेवाग्राहीलाई हानि र बन्चितीको जोखिम निम्त्याउन सक्तछ ? निकै जोखिम हुने अवस्थामा चूल्होमा पकाएको खाना वा ख्वाउने केन्द्रको व्यवस्था जस्ता सहयोगका वैकल्पिक उपायहरू उपलब्ध गराउन सोच्नुहोस् । प्रभावित समुदायसँग उनीहरूको मनपर्ने सहायता प्रणाली बारे परामर्श गरिनु पर्दछ ।
- सहायता दिइने वातावरण सकभर सम्बन्धित व्यक्तिहरूका लागि सुरक्षित हुनुपर्ने कुरा व्याख्या गर्नुहोस् । सहायता लिन आवश्यक परेका व्यक्तिहरूलाई सहायता हासिल गर्न खतरायुक्त क्षेत्रमा वा यस्ता क्षेत्र भई यात्रा गर्न बाध्य पार्न हुँदैन । जहाँ शिविर वा अन्य आश्रयस्थल स्थापना गरिन्छ सो क्षेत्र सकभर बासिन्दाहरूलाई सुरक्षित र हमला वा अन्य खतरा हुने क्षेत्र भन्दा टाढा राखिनु पर्दछ ।
- छलफल अघि बढाउनुहोस् र उठन सक्ने प्रश्नहरू स्पष्ट गर्नुहोस् ।

## क्रियाकलाप १२

### समापन

- उद्देश्यहरूको पुनरावलोकन गरेर सत्रको समापन गर्नुहोस् ।



# लैङ्गिक हिंसा ५

लैङ्गिक हिंसा र खासगरी यौन हिंसा एउटा गम्भीर जीवन जोखिममा पार्ने मुख्य रुपमा महिला र बालबालिकाहरूलाई प्रभावित गर्ने संरक्षणको सवाल हो। लैङ्गिक हिंसा व्यापक अन्तर्राष्ट्रिय जनस्वास्थ्य तथा मानव अधिकारको सवाल हो र विश्वका अधिकांश मुलुकहरूमा पर्याप्त, उपयुक्त र विस्तृत रोकथाम र प्रतिकार्यको अभाव छ भनेर राम्ररी अभिलेखन गरिएको छ।

लैङ्किक हिंसा विशेषत जटिल आकस्मिक अवस्थाहरू र प्राकृतिक विपद्हरूको अवस्थामा समस्याजन्य हुन्छ जहाँ गैरसैनिक महिलाहरू र बालबालिकाहरू उनीहरूको लैङ्गिकता, उमेर र सामाजिक हैसियतका कारणले प्रायः दुर्व्यवहार, शोषण, र हिंसाका लागि लक्षित र संकटासन्न अवस्थामा हुन्छन्।
लैगिंक हिंसा मानव सुरक्षा भौतिक र मानसिक स्वास्थ्यको प्राप्त हुने, सर्वोच्च स्तर, यातना वा क्रूर, अमानवीय वा तल्लोतरको मानव अधिकारको उल्लंघन हो।

## आकस्मिक अवस्थाहरूमा लैङ्किक हिंसालाई सम्बोधन गर्ने पहलहरू

प्राकृतिक विपद्जस्तो सङ्कटको घडीमा भौतिक वा सामाजिक संरक्षणका लागि कामगर्ने संस्था तथा प्रणालीहरू कमजोर वा ध्वस्त भएको हुन सक्दछन्। प्रहरी, कानूनी, स्वास्थ्य, शिक्षा, र सामाजिक सेवाहरू प्रायः बीचछेद हुने गर्दछन्; धेरै मानिसहरू पलायन हुने गर्दछन्; र रहने व्यक्तिहरूको क्षमता वा कामगर्ने उपकरण नहुन सक्दछ। परिवारहरू तथा समुदायहरू प्रायः अलग्गिने गर्दछन् जसको परिणाम भविष्यमा सामुदायिक सहयता प्रणालीहरू र संरक्षण संयन्त्रहरू भंग हुन्छन्।

आकस्मिक अवस्थाको प्रारम्भिक चरणबाटै लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्य गरी जीवन रक्षा गर्न तथा अधिकतम रुपमा संरक्षण प्रदान गर्नका लागि समन्वयकारी तवरले न्यूनतम क्रियाकलापहरू तीव्रताका साथ सञ्चालन गरिनु पर्दछ। लैङ्गिक हिंसाबाट बचेका व्यक्तिहरू/पीडितहरूलाई नोक्सानदायी परिणामहरूको सामना गर्नका लागि सहायताको आवश्यकता पर्दछ। उनीहरूलाई स्वास्थ्य सेवा, मनोवैज्ञानिक र सामाजिक सहयोग, सुरक्षा र कानूनी उपचारको आवश्यकता पर्न सक्दछ। साथै आश्रयस्थलमा लैङ्गिक हिंसाका कारक तथा त्यसमा सघाउ पुऱ्याउने तत्वहरूलाई सम्बोधन गर्नका लागि रोकथाम क्रियाकलापहरूको व्यवस्था गरिनु पर्दछ। शिविर स्थलका सबै सेवाप्रदायकहरू बचेका व्यक्तिहरू/पीडितहरूलाई सहयोग गर्न र रोकथामका प्रभावकारी उपायहरू अवलम्वन गर्नका लागि जानकार, दक्ष र दयालु हुनु पर्दछ। तसर्थ, लैङ्गक हिंसाको रोकथाम र प्रतिकार्यका लागि विभिन्न क्षेत्रहरू र एजेन्सीहरूका सम्बद्ध पक्षहरूबाट संयोजनकारी कार्य गर्नु आवश्यक हुन्छ।

## मानवीय आकस्मिक अवस्थाहरूमा लैङ्गिक हिंसाको प्रकृति र मात्रा

कम्तिमा पनि विश्वमा महिलाको जनसङ्ख्याको तीनजनामध्ये एकजना आफ्नो जीवनको कुनै समयमा या त शारीरिक या यौनजन्य दुर्व्यवहारमा पर्ने गरेका छन्। अधिकांश मुलुकहरूमा यस समस्याको बारेमा थोरै अनुसन्धान भएको भए तापनि उपलब्ध तथ्याङ्कबाट के जानकारी प्राप्त हुन्छ भने कुनै मुलुकहरूमा करिब चारजना महिलाहरूमध्ये एकजना आफ्नो अंतरङ्ग साथीबाट यौनजन्य हिंसाको सामना गर्न सक्ने सम्भावना छ भने एक तीहाइसम्म किशोरीहरूले जानकारी दिएअनुसार उनीहरूको पहिलो यौन अनुभव बलजफ्ति भएको थियो। सशस्त्र द्वन्द्व र विस्थापनको अवस्थामा शोषण र दुर्व्यवहार लगायतका यौनजन्य हिंसा धेरैलाई थाहा भएको र उच्च जोखिमयुक्त समस्या हो। यौन हिंसा प्रायः गैर सैनिक महिला र बालबालिकाहरूलाई लक्षित गरी युद्धका बखत हतियारको रुपमा प्रयोग गर्ने गरिन्छ।

यौनजन्य हिंसा लगायतका लैङ्कि हिंसा मुख्यततया महिला र केटीहरूमाथि पुरुषहरूद्वारा हुने गर्दछ । पुरुष र केटाहरूपनि यौनजन्य हिंसाको संकटासन्न अवस्थामा रहन्छन् खासगरी उनीहरूले यातना र/वा थुनाको सामना गर्नुपर्दा । तथापि, अधिकांश यौनजन्य हिंसाबाट बचेका/पीडितहरू महिलाहरू रहेका छन् ।

## न्यून जाहेरी

लैङ्गिक हिंसा, खासगरी यौन हिंसाका विशेषताहरूमध्येको एउटा न्यून जाहेरी हो । बचेका व्यक्तिहरू/ पीडितहरू सामान्यतः आत्म दोष, प्रतिशोधको डर, सम्बन्धित अधिकारीप्रतिको अविश्वास र पुनः उत्पीडनमा पर्ने जोखिम/डर लगायतका धेरै कारणहरूले त्यस्ता घटनाहरूको बारेमा बोल्दैनन् । लैङ्गिक हिंसाजन्य कार्यहरूले लज्जा तथा दोषारोपण, सामाजिक कलंक र प्रायः बचेका व्यक्तिहरू/पीडितहरूका परिवार एवं समुदायले तिरस्कार गर्ने कुरा पैदा गर्दछन् । कलंक र तिरस्कार त्यसबेला बढि गम्भीर हुन सक्दछ जुनबखत बचेका व्यक्तिहरू/पीडितहरू घटनाको बारेमा बोल्दछन् वा जाहेरी गर्दछन् । कुनै पनि आश्रयस्थलमा लैङ्गिक हिंसासम्बन्धी प्रहरी, कानूनी, स्वास्थ्य वा अन्य स्रोतका प्रतिवेदनहरूबाट प्राप्त तथ्याङ्कले लैङ्गिक हिंसाका घटनाहरूको वास्तविक सङ्ख्याको ज्यादै सानो अनुपातको मात्र प्रतिनिधित्व गर्दछन् ।

## परिणामहरू

लैङ्गिक हिंसाबाट बाँचेका/पीडितहरू चोटपटक वा आत्महत्याबाट हुने मृत्यु लगायतका गम्भीर तथा दीर्घकालीन स्वास्थ्य समस्याको उच्च जोखिममा हुने गर्दछन् । स्वास्थ्यसँग सम्बन्धित परिणामहरूमा इच्छाविपरितको गर्भावस्था, असुरक्षित आत्मप्रेरित गर्भपतन, शिशुहत्या, एचआइभी/एड्स लगायतका यौनजन्य सङ्क्रमण पर्दछन् । मनोवैज्ञानिक आघातका सार्थ सामाजिक कलंक र तिरस्कार पनि देखापर्ने सामान्य लक्षण हुन् । अधिकांश समाजहरूले यौनजन्य हिंसाको मामिलामा पीडितलाई आरोप लगाउने प्रचलन भएको कारण उनीहरूलाई मनोवैज्ञानिक नोक्सानी पुग्ने गर्दछ । शारीरिक तथा संवेगात्मक आघातको प्रकृति र तीव्रता बचेका व्यक्तिहरू/पीडितहरूको बीचमा उल्लेखनीय रुपमा फरक पर्दछ । सबै बचेका व्यक्तिहरू/पीडितहरूले सबै उपलब्ध प्रतिकार्य सेवाहरू चाहंदैनन् वा आवश्यकता पर्दैन । तथापि, नोक्सानदायी परिणामहरू कम गर्न तथा बचेका व्यक्तिहरू/पीडितहरूलाई थप चोट वा हानीको रोकथाम गर्नका लागि लैङ्गिक हिंसाको प्रतिकार्यका लागि उपलब्ध सेवाहरूको एउटा फेहरिस्त समावेश हुनै पर्दछ ।

## बालबालिकाहरू तथा युवाहरू

बालबालिकाहको निर्भरताको मात्रा, उनीहरूले आफूलाई संरक्षण गर्न सक्ने सीमित क्षमता र निर्णय प्रक्रियाहरूमा उनीहरू सीमित अधिकार तथा सहभागिताका कारण आकस्मिक अवस्थाहरूमा उनीहरू लैङ्गिक हिंसाको विशेष जोखिममा हुन सक्दछन् । उनीहरूको जीवनसँग सम्बन्धित थोरै अनुभव हुने भएकोले बालबालिकाहरू वयस्कहरूको तुलनामा सजिलै शो षित हुने, छकिने र बलजफतीमा हुने गर्दछन् । उनीहरूको विकासको स्तरअनुरुप, उनीहरूले यौन प्रकृतिका निश्चित व्यवहारहरू पूर्ण रुपमा बुझ्न नसक्ने हुनाले उनीहरू आफ्नो सहमति दिन सक्षम हुंदैनन् । सशस्त्र द्वन्द्वका बखत वा गम्भीर आर्थिक कठिनाइ भएको अवस्थामा किशोरीहरू तथा युवतीहरू यौन हिंसाका लागि विशेष रुपमा लक्षित हुने गर्दछन् ।

## आकस्मिक अवस्थाहरूका कारणहरू र जोखिम पक्षहरू

लैङ्गिक असमानत र विभेद लैङ्गिक हिंसाका जड कारणहरू हुन भने हरेक आश्रयस्थल मा हिंसाका प्रकार र  मात्रा अन्य धेरै तत्वहरूले निर्धारण गर्दछन् । आकस्मिक अवस्थाहरूमा सामाजिक व्यवहारलाई नियमन गर्ने मान्यताहरू कमजोर भएका हुन्छन् र परम्परागत सामाजिक प्रणालीहरू प्रायः भङ्ग हुने गर्दछन् । महिला तथा बालबालिकाहरू परिवार र सामाजिक

सहयताबाट अलगिएका हुन सक्दछन् जसको कारण उनीहरूको लिङ्गीय, उमेर र सहयोग र सुरक्षित मार्गका लागि अरुमाथिको निर्भरताका कारण दुर्व्यवहार र शोषणका लागि अझ बढि संकटासन्न अवस्थामा पुग्दछन् । सशस्त्र द्वन्द्वका बखत गैर सैनिक महिला तथा बालबालिकाहरूलाई लक्षित गरेर यौन हिंसालाई प्रायः युद्धको हतीयारको रुपमा प्रयोग गर्ने गरिन्छ । युद्धसँग सम्बन्धित यौन हिंसामा प्रायः अपहरण र यौन दासता पर्ने गर्दछन् ।

**(अन्तर एजेन्सी स्थायी समिति लैङ्गिक हिंसा निर्देशिकाबाट लिइएको पृष्ठभूमि जानकारी)**

## कार्यस्थलका आवाज तथा मामिलाहरू

बीना, उनको मादक पदार्थका अम्मली पति र दुईजना नानीहरूसँग सिन्धुपाल्चोक जिल्लाको फूल्पिङ्ग गाविसमा बस्दछिन् । भूकम्पपश्चात उनको एउटा खुट्टामा चोट लाग्यो । नजीकको जिल्ला अस्पतालमा उनको उपचार भइरहेको बेला आइओएमका एकजना मनोसामाजिक विर्मशकर्ताले बीनालाई परामर्श दिए । एउटा सत्रमा उनले आइओएमका कर्मचारीलाई जानकारी दिइनकी उनको आफ्ना पतिसँग राम्रो सम्बन्ध छैन । उनले भनिनकी हालसालै एउटा जोडदार छलफलपछि उनको श्रीमानले उनलाई खुकुरी र पिर्काले प्रहार गरे । उनले आफ्नो जीवन खतरामा पर्न सक्ने कुरा बताइन् । उनलाई आफ्ना बाबुआमा तथा सासु ससुराको सहयोग छैन । कुनै संस्थाले उनलाई आवास र आफ्ना नानीहरूको शिक्षाका लागि सहयोग गरे ज्यादै ठूलो सहयोग हुने थियो ।



आइओएमले उनलाई अर्को कुनै उपयुक्त सेवा प्रदायकसँग सम्पर्क गराइदिने हो की भनेर सोध्दा उनी अन्योलमा परिन् र आइओएमा केही गरोस् भन्ने चाहिनन् । उनको चाहनाको सम्मान गर्दै र गोपनीयताका सिद्धान्तहरूलाई पालना गर्दै आइओएमले केही पनि कदम चालेन । अस्पतालमा उपचार भएको केही दिनपछि आइओएमको स्वास्थ्य इकाइले उनलाई आफ्नो बासस्थानमा फिर्नका लागि यातायात सुविधा उपलब्य गरायो ।



त्यसबखत उनले फेरी आइओएमका स्वास्थ्यसम्बन्धी कर्मचारीसँग उल्लेख गरिन की उनी आफ्नो श्रीमानसँग बस्न डराएकी छिन् र उनलाई संरक्षण चाहिन्छ । यस पटक उनले आइओएमका स्वास्थ्य कर्मचारीलाई आफ्नो मामिला सम्बन्धित ठाउंमा सिफारिस गर्न अनुमति दिइन् । तत्पश्चात, आइओएमका स्वास्थ्य कर्मचारीले आइओएमका संरक्षण सम्पर्क व्यक्तिसमक्ष सम्बन्धित विवरण प्रस्तुत गरेपछि उनको मामिला जिल्लामा महिला तथा बालबालिका विकास कार्यालयमा सिफारिस गरियो । महिला तथा बालबालिका विकास कार्यालयले तुरुन्तै बीनाको मामिला अध्ययन गरेर उनका तत्कालीन आवश्यकताहरू सम्बोधन गर्न एकजना कर्मचारी खटायो ।

# लैङ्गिक हिंसा । १२० मिनेट

यस अध्यायको समग्र उद्देश्य सहभागीहरूलाई लैङ्गिक हिंसाको अवधारण र बाँचेका व्यक्तिहरूमा यसको हानिकारक असरको बारेमा परिचित गराउनु हो । यस सत्रले खासगरी शिविर र शिविरजस्तो आश्रयस्थलमा महिला तथा बालबालिकाहरूले सामना गर्नु परेका बढ्दो चुनौती देखि लैङ्कि हिंसासम्मको विश्लेषण गर्नुका साथै सरक्षण र प्रतिकार्यका उपायहरूको खोजी गर्दछ ।

## सिकाइका उद्देश्यहरू

यस सत्रको अन्त्य सम्ममा सहभागीहरू देहायका कार्य गर्न सक्षम हुनेछन् :

- यौन र लिङ्गको भिन्नताको व्याख्या गर्न ।
- लैङ्गिक हिंसा र यसका स्वरुपहरूलाई परिभाषित गर्न ।
- लैङ्गिक हिंसासँग सम्बन्धित आधारभूत अवधारणाहरूको व्याख्या गर्न (जस्तै, हिंसा, नोक्सान र शक्ति) ।
- हिंसाका सामान्य प्रकारहरूको सूचीकृत गर्न ।
- लैङ्गिक हिंसाका जड कारणहरूको पहिचान गर्न ।
- लैङ्कि हिंसाका सम्भावित परिणामहरूको पहिचान गर्न ।
- लैङ्गिक हिंसाका परिणाम र जड कारणहरूको व्याख्या गर्न ।
- तपाईंको सन्दर्भमा लैङ्गिक हिंसाप्रतिको जोखिम कम गर्ने र प्रतिकार्यका उपायहरूको खोजी गर्न ।

## मुख्य सन्देशहरू

- यौन हिंसा ज्यादै आकस्मिक अवस्थाहरूमा सबभन्दा आसन्न र भयानक प्रकारको लैङ्गिक हिंसा हो । लैङ्गिक हिंसाबाट बचेकाहरू/पीडितहरू चोटपटक वा आत्महत्या लगायतका गम्भीर तथा दीर्घ प्रकृतिका स्वास्थ्य समस्याहरूको उच्च जोखिमबाट गुज्रिएका छन् ।
- सबै मानवीय कार्यमा संलग्न पक्षहरू यौन हिंसा रोक्न र बँचेकाहरू/पीडितहरूलाई उचित सहायता प्रदान गर्नका लागि सबभन्दा प्रारम्भिक चरणहरूबाटै संयोजनकारी कार्य गर्नु पर्दछ । यसैसाथ आश्रयस्थलमा लैङ्गिक हिंसाका कारणहरू र यसलाई सघाउन पुऱ्याउने तत्वहरूलाई सम्बोधन गर्ने रोकथामका लागि क्रियाकलापहरूको व्यवस्था गरिनु पर्दछ ।

- गम्भीर आपतकालकमा हुने शीघ्र र खतरनाक प्रकारको लैगिंक हिंसामा यौनिक हिंसा हो । लैंगिक हिंसाका जीवित/पीडितहरू चोट वा आत्महत्या लगायत तीव्र र दीर्घकालीन स्वास्थ्य जोखिममा पर्दछन् ।
- आपतकालीन स्थितिका शुरुकै अवस्थामा यौनिक हिंसा बचाउन र जीवित/पीडिहलाई उपयुक्त सहायता पुऱ्याउन सबै मानवीय पात्रहरूले समन्वयात्मक कार्य गर्नु पर्दछ । साथै विद्यमान स्थितिमा लैंगिक हिंसाका कारण र कारक तत्वको संशोधन गर्न बचाव क्रियाकलाप लागू गर्नुपर्दछ ।
- शिविर व्यवस्थापन एजेन्सीले शिविरमा सबै संकटासन्न जनसङ्ख्याका समूहहरू, विशेषगरी महिला र केटीहरूका लागि लैङ्गिक हिंसाको जोखिम घटाउने सुनिश्चित गर्ने जिम्मेवारी प्रदान गर्नु पर्दछ ।
- तसर्थ सबै मानवीय कार्यमा संलग्न कर्मचारीहरूले लैङ्गिक हिंसा र विशेषगरी यौन हिंसा भइरहेको छ भन्ने अनुमान गर्नुपर्छ र यो ठोस र भरपर्दो प्रमाण भए वा नभए तापनि ( लैङ्गिक हिंसा, खासगरी यौन हिंसाका  विशेषताहरूमध्यको एक न्यून जाहेरी हो) एउटा गम्भीर जीवनको चुनौतीबाट संरक्षणको सवाल हो भन्ने विश्वास गर्नु पर्दछ ।
- शिविरको आश्रयस्थलमा संकटासन्नता भएका समूहहरू, विशेषतः महिला र केटीहरूले सामना गरेका जोखिमका पक्षहरू र यस्ता जोखिमका कारणहरू को विस्तृत जानकारी प्रभावकारी रुपमा लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य सहायताका लागि आवश्यक हुन्छ ।

| क्रियाकलाप | समय | विवरण | टूल (Tool) हरू | तयारी |
|---|---|---|---|---|
| १<br>लैङ्गिकताको परिभाषा | १५ मिनेट | लिङ्ग र यौनबीचको परिभाषा र भिन्नताको अन्वेषण गर्ने ।<br>(यो क्रियाकलाप IPAS. http://www. ipas. org/en. aspx) बाट लिइएको हो | टूल (Tool) ४३ “लिङ्ग र यौन बीचको तुलना” | - उद्देश्यहरूका लागि फ्लिपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने ।<br>- सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २<br>लैङ्गिक हिंसाको परिभाषा | ५० मिनेट | लैङ्गिक हिंसाको परिभाषा, यसका स्वरुपहरू, यसका परिणामहरू, यसका कारणहरू र शिविर र शिविरजस्ता आश्रयस्थलहरूमा यसलाई सघाउने तत्वहरूको अन्वेषण गर्ने । (यो क्रियाकलाप शिविर समन्वय तथा शिविर व्यवस्थापन विश्वव्यापी तालीम सामग्रीहरूमा आधारित छ) । | टूल (Tool) ४४ "लैङ्गिक हिंसा"<br>टूल (Tool) ४५ "लैङ्गिक हिंसाका स्वरुपहरू"<br>टूल (Tool) ४६ "लैङ्गिक हिंसा वृक्ष"<br>टूल (Tool) ४७ "लैङ्गिक हिंसाका परिणामहरू"<br>टूल (Tool) ४८ "लैङ्गिक हिंसाका जड कारणहरू"<br>टूल (Tool) ४९ "शिविरमा लैङ्गिक हिंसालाई सघाउने तत्वहरू" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३<br>हिंसाको रोकथाम र प्रतिकार्य | ५० मिनेट | शिविर र शिविरजस्तो आश्रयस्थलहरूमा लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्यमा सहयोगी उपायह तथा क्रियाकलापहरूको अन्वेषण गर्ने ।<br>(यो क्रियाकलाप शिविर समन्वय तथा शिविर व्यवस्थापन विश्वव्यापी तालीम सामग्रीहरूमा आधारित छ) । | टूल (Tool) ५० "लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्य"<br>टूल (Tool) ५१ "कार्य पाना - "लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्य"<br>टूल (Tool) ५२ "अन्तर एजेन्सी स्थायी समिति लैङ्गिक हिंसासम्बन्धी निर्देशिका" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| ४<br>समापन | ५ मिनेट | उद्देश्यहरूको परिमार्जन । | | - उद्देश्यहरूका लागि फ्लिपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने । |

# लैङ्गिक हिंसा

## अभ्यास १

### लैंङ्गिकताको परिभाषा

- यो सत्रका उद्देश्यहरू लेखिएको फिल्पचार्ट वा पावर पोइन्ट स्लाइड देखाउनुहोस् ।
- तालीमका उद्देश्यहरू आफैंले ठुलो स्वरमा बाचन गर्नुहोस् वा कुनै एउटा सहभागीलाई पढ्न लगाउनुहोस् । केही प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।
- तीनवटा स्तम्भहरू भएको फि्लप चार्ट तयार गर्नुहोस् ।
- तयार पारिएका फि्लपचार्टको पहिलो स्तम्भमा 'महिला' भनेर (लेवल) नामाङ्कक गर्नुहोस् । अरु दुइवटा स्तम्भहरू खालि राख्नुहोस् ।
- सहभागिहरूलाई महिलाहरूसंगसम्बन्धित व्यक्तिगत व्यवहार, गुण र भूमिको पहिचान गर्न लगाउनुहोस् । यीमध्ये सहभागीहरूका रुढिबादी चिन्तनहरू वा उनीहरूका आफ्नै विचारहरू सम्मिलित हुनसक्छन् ।
- फि्लपचार्टको तेस्रो स्तम्भलाई 'पुरुष' भनेर नामाङ्कक गर्नुहोस्  र 'पुरुष' सँग संलग्न व्यक्तिगत व्यवहार, गुण र भूमिकाको सूची तयार गर्न लगाउनुहोस् ।

  यदि सहभागीहरूले दुई लिङ्गहरूमध्ये कुनै पनि एउटाको सकारात्मक वा नकारात्मक व्यवहार, क्षमता वा भूमिका दिन सकेनन् भने दुवै स्तम्भमा सकारात्मक र नकारात्मक शब्दहरू पर्ने गरी आफैले थपिदिनुहोस् । यदि सहभागीहरूले जैविक/प्राकृतिक विशेषताहरू (जस्तै स्तन, दाह्री, लिङ्ग, योनी, रजोनिवृत्ति भन्न सकेनन् भने आफैले दुई स्तम्भमा थपिदिनुहोस् ।

- अब पहिलो र तेस्रो स्तम्भको शीर्षकलाई उल्ट्याई पहिलो स्तम्भको माथी 'पुरुष' र तेस्रो स्तम्भको माथी 'महिला' लेख्नुहोस् ।

  सूचीलाई पहिल्याउँदै सहभागीहरूलाई पुरुषले महिलासँग संलग्न गुण र व्यवहार र महिलाले पुरुषसँग संलग्न गुण प्रदर्शन गर्न सक्छन् वा सक्दैनन् भनि सोध्नुहोस् ।

  असमानार्थी गुणहरूलाई बीचको स्तम्भमा राखि 'लिङ्ग' भनि नामाङ्कन र्नुहोस् ।

- 'पुरुष' र 'महिला' स्तम्भमा पर्ने सवै शब्दहरू लैङ्गिकतासँग सम्बन्धित छन् भनी बुझाउनुहोस् ।
- लिङ्ग भन्नाले जैविक र वंशाणु तत्वहरूलाई मानिन्छ भने लैङ्गिकताले समाजमा रहेका महिला र पुरुषको सामाजिक/सांस्कृतिक विचारहरू र अपेक्षा गरिएका भूमिकाहरू बुझाउंछ भन्नुहोस् ।
- मानिसहरूले लिङ्गलाई लैङ्गिकता र लैङ्गिकतालाई लिङ्गसंग संलग्न गर्छन् जसलेगर्दा उही शब्दलाई लिङ्ग र लैङ्गिकता दुबै अन्तर्गत सूचीकृत

**उद्देश्यहरू:**

- यौन र लिङ्गबीचको भिन्नताको बारेमा व्याख्या गर्ने ।
- यौन हिंसा र यसका स्वरुपहरूलाई परिभाषित गर्ने ।
- लैंगिक हिंसासँग जोडिने (जस्तो हिंसा, हानी र शक्ति) आधारभुत धारणाहरूको बयान गर्ने ।
- प्रचलित प्रकारका लैंगिक हिंसाको सूची बनाउने ।
- लैंगिक हिंसाका खास कारणहरू पहिचान गर्ने ।
- लैंगिक हिंसाका सम्भावित परिणामहरू पहिचान गर्ने ।
- लैङ्गिक हिंसाका परिणामहरू र जड कारणहरूको वर्णन गर्ने ।
- तपाईंको परिवेशमा जोखिम कम गर्न लैङ्गिक हिंसाजन्य कार्यका लागि प्रतिकार्य गर्ने उपायहरूको अन्वेषण गर्ने ।

गर्छन्; लैङ्गिकता शब्द लिङ्गको सट्टामा प्राय असान्दर्भिक तरिकाले प्रयोग गर्छन् -उदाहरणको लागि मानिसहरूलाई आफ्नो लिङ्गको सट्टामा लैङ्गिकता सम्बन्धी सोध्ने गरिन्छ भनेर सहभागीहरूका गल्ती औल्याउनुहोस् ।

- **टूल** (Tool) **४३ "लिङ्ग तथा यौनबीच तुलना"** सहभागीहरूलाई वितरण गर्नुहोस् ।
- 'लिङ्ग' शब्दले पुरुष र महिला बीचको शारीरिक/जैविक भिन्नतालाई जनाउंछ र यो जिव विज्ञानले निर्धारण गर्ने भएकाले अपरिवर्तित हुन्छ भनेर जोड हिोस् ।
- लैङ्गिकता भन्नाले पुरुष र महिला विचको भिन्नता/पृथकता जनाउंछ भनेर महत्व दिनुहोस् । यी भिन्नता सामाजिक तत्वहरू, इतिहास, संस्कृति, परम्परा, सामाजिक प्रचलन र धर्मले निर्धारण गर्दछन् ।
- कुनै पनि समाजमा लैङ्गिकता भन्नाले केटा र केटी समाजीकरण प्रक्रियामा सम्मिलित हुन्छन भनी जोड दिनुहोस् ।
- सहभागीहरूलाई आ-आफ्ना संस्कृतिमा लिङ्ग र यौनबीच भिन्नता सम्बन्धी उदाहरणहरू सोध्नुहोस् ।
- लैंगिकता नत असल र खराब न ठीक न बेठिक तटस्थ शब्द हो । लैंगिकताले पुरुष र महिला दुवैलाई जनाउँछ । "लैंगिकता" शब्द मानवीय सहायता कार्यक्रममा व्यापक रुपमा प्रयोग हुन्छ । दुर्भाग्यवश धेरै मानवीय कार्यकर्ताले यसको अर्थ बुझ्दैनन् । लैंगिकता अंग्रेजी शब्द हो र समयसँग यसको अर्थ बदलिएको छ । बीस वर्ष अघि लैंगिकता र यौनको एकै परिभाषा थियो । यो शब्द त्यति सजिलोसँग अब भाषामा उल्था हुन सक्दैन । अंग्रेजीको लैङ्गिकता शब्द सजिलै चलाउनु भन्दा पनि, हरेक भाषामा लैङ्गिकताको धारणा वर्णन गर्दा बुझ्ने तरिका खोज्न जरुरी छ । केहि सहभागीहरूलाई 'लिङ्ग' र 'यौन' आफ्ना स्थानीय भाषाहरूमा उल्था गर्न लगाउंदा उपयोगी हुनेछ ।

**टूल (Tool) ४३ "लिङ्ग तथा यौनबीचको तुलना"**

| यौन | लिङ्ग |
|---|---|
| पुरुषहरू र महिलाहरूबीचको शारीरिक/जैविक विशेषताहरू | पुरुषहरू र महिलाहरूबीचका सामाजिक भिन्नताहरू |
| जैविकताद्वारा निर्धारित | सामाजिक अवयवहरूद्वारा निर्धारित - इतिहास, संस्कृति, परम्परा, सामाजिक मान्यताहरू, धर्म |
| परिवर्तन हुँदैन | "लिङ्ग"मा केटाहरू र केटिहरू, पुरुषहरू र महिलाहरूका लागि |

टूल (Tool) ४३ लिङ्ग र यौनबीचको फरक

## अभ्यास २

### लैङ्गिक हिंसाको परिभाषा

- हरेक फ्लिपचार्टमा एउटा शब्द पर्ने गरी यी शब्दहरू लेख्नुहोस् : शक्ति, शक्तिको प्रयोग,सहमति, मानव अधिकारहरू, हिंसाबाट बचेका व्यक्तिहरू र पीडक । त्यसपछि सबै फ्लिपचार्ट भित्तामा टास्नुहोस् ।
- सहभागीहरूलाई उठ्न लगाउनुहोस्, एउटा शब्द चुन्न लगाउनुहोस् र फ्लिपचार्ट टांसेको ठाउंमा जान भन्नुहोस् । प्रत्येक समूहमा ४ व्यक्तिहरू मात्र हुनेछन् । आफूले चुनेको शब्दको मनन गर्न लगाउनुहोस् र लैङ्गिक हिंसासँग सम्बन्धित परिभाषा दिन लगाउनुहोस् । यो कार्य गर्नलाई उनीहरूले लैङ्गिक हिंसासँग सम्बन्धित मुख्य शब्दहरू सूचीकृत गर्ने छन्, नमूनाहरू दिनेछन् र परिभाषित गर्नेछन् । यसको लागि केही समय दिनुहोस् ।
- हरेक समूहलाई आफ्नो परिभाषा सबै समूहसँग आदानप्रदान गर्न लगाउनुहोस् ।

- आवश्यक परेमा परिपूरक बनाउनुहोस् :

शक्ति : लैङ्गिक हिंसा शक्तिको दुरुपयोगसँग सम्बन्धित छ भनेर बुझाउनुहोस् । शक्ति सामाजिक, आर्थिक, शारीरिक, राजनीतिक, लैङ्गिकतामा आधारित, उमेरसँग संबन्धित र रोजाईसँग सम्बन्धित हुनसक्छ । जति धेरै शक्ति त्यति धेरै रोजाईको अवसर हुन्छ । लैङ्गिक हिंसा असमान शक्तिको सम्बन्धसँग सम्बन्धित हुन्छ ।

बलको प्रयोग : बल भन्नाले शारीरिक, आर्थिक, सामाजिक, भावनात्मक बललाई संकेत गर्छ । यसमा बाध्यता वा दबाब संलग्न हुन्छ । यसमा भय, सास्ती वा अरु किसिमका मनोवैज्ञानिक वा सामाजिक दबाब सम्मिलित हुन्छन् । हिंसा प्रयोग गर्नु भन्नाले कसैलाई आफ् नो इच्छा विपरित जर्बजस्ती कार्य गर्न लगाउनु मानिन्छ ।

सहमति : सहमतिको अर्थ 'हुन्छ' भन्नु, मान्नु, अनुमति जनाउनु, स्वीकृति दिनु हो । सहभागीहरूले दिएका उत्तरहरूमा छलफल गर्नुहोस् र लैङ्गिक हिंसा अन्तर्गत पर्ने दुईवटा आवश्यक भागहरू : जानकारी प्राप्त र स्वेच्छालाई जोड दिन नबिर्सनुहोस् । लैङ्गिक हिंसाबारे पीडितले पर्याप्त जानकारी नपाएका कारणले लैङ्गिक हिंसाका घटनाहरू घट्दछन् ।

मानव अधिकार : लैङ्गिक हिंसालाई रोक्न र प्रतिकार्य गर्न मानव अधिकारको रक्षासँग प्रत्यक्ष सम्बन्ध छ । लैङ्गिक हिंसाका कार्यहरूले अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजमा सम्मानजनक सुरक्षित धेरैजसो मानव अधिकार सम्बन्धी सिद्धान्तहरू उलङ्घन गरेका हुन्छन् ।

समूहहरूलाई यी अधिकारहरू केसँग सम्बन्धित हुन्छन् भनी प्रश्न गर्नुहोस् ।

उत्तर :

- o बांच्न पाउने अधिकार, व्यक्तिगत स्वतन्त्रता र सुरक्षासम्बन्धी अधिकार
- o भौतिक र मानसिक स्वास्थ्यसम्बन्धी अधिकतम सुविधाहरू प्राप्त गर्न पाउने मापदण्डसम्बन्धी अधिकार
- o यातना वा क्रूर, अमानवीय, वा अपमानजनक व्यवहार वा दण्ड सजायबाट मुक्त हुनेसम्बन्धी अधिकार
- o व्यक्तित्व विकास, सामाजिक सुरक्षा, शिक्षा साथै व्यक्तिगत विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार

हिंसाबाट बचेका ब्यक्ति/पीडित : लैङ्गिक हिंसा अनुभव गर्ने ब्यक्ति । हिंसाबाट बचेका ब्यक्ति/पीडित भन्ने शब्दहरू समानार्थी रुपमा प्रयोग सकिन्छ । पीडित शब्द प्रायः कानूनी र चिकित्सा क्षेत्रमा प्रयोग गर्ने गरिन्छ । हिंसाबाट बचेको ब्यक्ति भन्ने शब्द प्रायः मनोवैज्ञानिक र सामाजिक सहयोगको क्षेत्रमा प्रयोग गरिन्छ । किनकी यो शब्दले उत्थानशीलतालाई बुझाउंछ । तंपाईहरूको सन्दर्भमा कसलाई पीडित/हिंसाबाट बचेको ब्यक्ति भनिन्छ भनेर सहभागीहरूलाई सोध्नुहोस् ।

सम्भावित उत्तरहरू :

- बालबालिका, विशेषगरी विछोडिएका बालबालिकाहरू, धर्मपुत्र वा धर्मपुत्रीहरू

- समाजमा महिलाहरूको कम आर्थिक अवस्था र कानूनी तथा समाजिक सुरक्षाको कमी भएकाले सांस्कृतिक रुपमा उनीहरूलाई समाजमा दोस्रो दर्जा र दोस्रो नागरिकको रुपमा हेरिने गरिन्छ ।
- विछोडिएका महिलाहरू, पूरुषको सुरक्षा बिहीन महिला
- एकल महिलाहरू, महिला घरमूली भएको परिवार
- मानसिक रुपमा र/ वा शारीरिक रुपमा असक्षम महिला र पुरुषहरू
- आर्थिक रुपले विपन्न व्यक्तिहरू
- कनिष्ट पुरुष तथा महिला कर्मचारीहरू, छात्र छात्राहरू र सुविधामा कम पहुँच भएका समुदायका सदस्यहरू
- अल्पसंख्यक समूह; आदिवासी जनजाति, धार्मिक
- शरणार्थीको रुपमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू

पीडक : एक ब्यक्ति, समूह; उदाहणका लागि संस्था हो जसले हिंसा गर्छ र त्यसको समर्थन गर्छ, बेवास्ता गर्छ वा अन्य दुरुपयोग ब्यक्तिलाई वा समूहको ब्यक्तिलाई गर्छ ।

पीडकका विशेषताहरू :

- बास्तविक वा कथित शक्ति भएका ब्यक्तिहरू
- निर्णायक स्थानमा रहेका ब्यक्तिहरू
- अधिकार सम्पन्न ब्यक्ति
- संभावित पीडकहरू को हुन सक्छन् भनेर सहभागीहरूलाई सोध्नुहोस् ।

उत्तरहरू :

- उत्तर घनिष्ठ साथीहरू, (श्रीमानहरू, केटा साथीहरू)
- समुदायमा प्रभावपार्ने ब्यक्तिहरू (शिक्षकहरू, नेताहरू, राजनीतिज्ञहरू)
- सुरक्षा बल, सिपाही, शान्ति सुरक्षाकर्ताहरू
- मानवीय सहायतामा संलग्न कार्यकर्ता (अन्तर्राष्ट्रिय, राष्ट्रिय, शरणार्थी कर्मचारीहरू)
- अपरिचित ब्यक्तिहरू
- समुदायका सदस्यहरू
- आफन्तहरू -(दाजु/भाई, काका/मामा,आमा/बुबा,काकी, फुपु/सानिमा, दिदी/बहिनी इत्यादि)
- आफूसँग शक्ति भएका व्यक्तिहरू

- हिंसाबाट बचेका व्यक्तिहरू र पीडितहरू लैङ्गिक हिंसाका दोषी हुँदैनन् भनेर निष्कर्षमा पुग्नुहोस् ।

- **टूल** (Tool) ४४ **"लैङ्गिक हिंसा"** सहभागीहरूलाई बांड्नुहोस् ।

प्रायः विश्वमा लैङ्गिक हिंसाका शिकार पुरुषभन्दा महिलाहरू हुने गरेका छन् । लैङ्गिक हिंसाको सट्टामा महिला विरुद्धको हिंसा शब्द पनि प्रयोग गर्ने गरिन्छ । जटिल आपतकालीन र प्राकृतिक प्रकोपमा लैङ्गिक हिंसा मुख्यत समस्याग्रस्त हुन्छ । जहां गैरसैनिक महिला र बालबालिकालाई प्रायः समाजमा उनीहरूको लैङ्गिकता, उमेर र अवस्थाकै कारण दुरुपयोगको लागि लक्षित हुन्छन् र शोषण, हिंसा र दुरुपयोगका लागि सजिलै प्रहार हुनसक्छन् । पुरुष र केटाहरू पनि लैङ्गिक हिंसा, मुख्यतः यौनजन्य हिंसाको पीडित हुने गर्दछन् भन्ने ख्याल गर्नु आवश्यक हुन्छ ।

- **टूल** (Tool) ४५ **"लैङ्गिक हिंसाका फारमहरू"** सहभागीहरूलाई वितरण गर्नुहोस् ।

- यौनजन्य हिंसानै मुख्य रुपमा थाहा पाउन र व्यापक रुपमा चिनिन सकिने यौन हिंसाको प्रकार हो यो महिला र बालबालिकालाई असर गर्ने र यसको प्राथमिकतामा पर्ने उनीहरूको लागि गम्भीर जीवन सुरक्षा चुनौती हो । (लैङ्गिकतामा आधारित हिंसा मानवीय सन्दर्भमा हरप्रकारले बढ्न सक्छ । घनिष्ठ साथीबाट हुने यौन हिंसा, यौन शोषणको लागि मानव तस्करीबाट, बाल विवाह र जबर्जस्ती विवाह, घातक परम्परागत अभ्यास, यौन शोषण गर्ने उद्देश्यले, र वेश्यावृतिमा लाग्न बाध्यता गर्ने अवस्थाबाट ।

- **टिप्पणी :** कुनै सहभागीहरूले दिएका उदाहरणहरू लैङ्गिक हिंसा हुँदैनन् । जस्तै बाल दुराचार (बालबालिकाहरूलाई कुटपिट गर्नु जुन लैङ्गिक मुद्दासँग संबन्धित छैन ।) यसो भएमा लैङ्गिक हिंसाको व्याख्या फेरी पुनर्ताजगी गर्नुहोस् र प्रष्ट्याउनुहोस् की धेरै प्रकार का हिंसाहरू हुन्छन् । लैङ्गिक हिंसा र अन्य प्रकारको हिंसामा फरक छुट्याउन गाह्रो छ । सबै प्रकारको हिंसाको र हिंसाबाट बचेका व्यक्तिरुलाई दिने सहयोग एकै किसिमका हुन्छन् । हाम्रो उद्देश्यका लागि यहाँ लैङ्गिक हिंसालाई मात्र केन्द्रित गरिन्छ ।

- समुदायको सुरक्षा संयन्त्र कमजोर वा ध्वस्त हुनसक्ने भएकाले विस्थापित अवस्थाले लैङ्गिक हिंसाको जोखिम बढाउँछ भनि व्याख्या गर्नुहोस् । हिंसा आन्तरिक हुनसक्छ अथवा परिवार, समुदाय र संघसंस्थाहरू जसमा विद्यालयहरू र धार्मिक स्थलहरू पर्छन् यि संस्थाबाट वार्ता नहुनु सक्छ । तिनीहरूको हिंसाप्रतिको बेवास्ताको कारणले महिला र केटीहरूलाई सुरक्षा दिनुपर्छ भनेर परिवार, समुदाय र संघसंस्थाले सामान्यतया सोच बनाएता पनि बास्तवमा त्यसो हुदैन । आन्तरिक रुपमा विस्थापित शिविरमा बसेका व्यक्तिहरूलाई सुरक्षित वातावरण दिनुको सट्टा कहिलेकांही महिलाहरू र केटीहरूप्रति हिंसा बढाउँछ ।

शिविरको जीवन र शिविरजस्तै आश्रयस्थलले लैङ्गिक हिंसाको जोखिम बढाउँछ, अनि लैङ्गिक हिंसाको प्रकार र मात्रालाई प्रभाव पार्छ, र बर्तमान अवस्थामा भएको जोखिमलाई पनि प्रभाव पार्छ । उल्लेखित तत्वहरू र जोखिम लैङ्गिक हिंसाको कारक तत्व नभए तापनि लैङ्गिक हिंसाका केही कार्यहरूसँग संबन्धित हुन्छन् ।

**टूल (Tool) ४४ "लैङ्गिक हिंसा"**

व्यक्तिको इच्छा विपरित गरिने कुनै पनि हानीकारक कार्यलाई यौन हिंसा भन्ने शब्दावलीले समेट्ने गर्दछ र यो सामाजिक रुपमा उत्तरदायी (लैङ्गिक) पुरुष र महिलाहरूबीचका भिन्नताहरूसँग सम्बन्धित छ ।

टूल (Tool) ४४ लैङ्गिक हिंसा

**टूल (Tool) ४५ "लैङ्गिक हिंसाका फारमहरू"**


- यौन हिंसा
- यौन शोषण गर्ने उद्देश्यले मानव ओसारपसार
- कलिलो उमेरमा र जवर्जस्ती विवाह
- हानिकारक परम्परागत प्रचलनहरू
- यौन शोषण
- जवर्जस्ती वश्यावृत्तिमा लगाउने

टूल (Tool) ४५ लैङ्गिक हिंसाका स्वरुपहरू

सहभागीहरूलाई उनीहरूको सन्दर्भमा शिविर र शिविरजस्तो आश्रयस्थलमा केन्द्रित हुन लगाउनुहोस् ।

- लैङ्गिक हिंसाको वृक्ष चित्र (**टूल** (Tool) **४६ वृक्ष**) फ्लीप चार्टमा बनाउनुहोस र भित्तामा टाँस्नुहोस् ।
- त्यो चित्रले लैङ्गिक हिंसा वृक्षको प्रतिनिधित्व गर्छ भनेर ब्याख्या गर्नुहोस् । सबै रुखका जराहरू, काण्ड र हांगाहरू भएजस्तै प्रस्तुत गर्नुहोस् ।
- हामी यसको अन्वेषण कान्डबाट शुरु गर्नेछौ भनेर ब्याख्या गर्नुहोस् ।
- सहभागीहरूलाई मार्कर लिएर रुखको वरीपरी जम्मा हुनुहोस् भनेर निर्देशन दिनुहोस् र लैङ्गिक हिंसाका कार्य र विशेष रुपलाई काण्डको पोष्टमा राख्न लगाउनुहोस् ।
- यो सकिएपछि उनीहरूलाई लैंगिक हिंसाजन्य कार्यहरू (स्वरुप/प्रकार)का परिणामहरू विचार गर्न उनीहरूलाई भन्नुहोस् र पोष्ट-इट-नोटमा टिप्न र हाँगाहरूमा राख्न लगाउनुहोस् ।
- **टूल** (Tool) **४५ "लैङ्गिक हिंसा फारमहरू"** फेरी हेर्नुहोस र सहभागीहरूको उत्तरसँग तुलना गर्दै यो "लैङ्गिक हिंसा फारमहरू" लाई पुन अध्ययन गर्नुहोस् ।
- सवै लैङ्गिक हिंसा फारमहरू स्वभाविक नै जीवनकै खतरामा पर्ने किसिमका छन् भनेर ब्याख्या गर्नुहोस् ।
- **टूल** (Tool) **४७ "लैङ्गिक हिंसाको परिणामहरू"**सहभागीहरूलाई वितरण गर्नुहोस् ।
- लैङ्गिक हिंसाका परिणामहरू प्रस्तुत गर्नुहोस् ।
- रुखको हांगाहरूमा सहभागीहरूले पोष्ट गरेका लैङ्गिक हिंसाका परिणामहरू एकजना स्वयंसेवकलाई पढ्न लगाउनुहोस्, र उनीहरूलाई एउटै वर्गमा-भौतिक, शारीरिक, सामाजिक-समूह बनाउनुहोस् जुन **टूल** (Tool) **४७ "लैङ्गिक हिंसाको परिणामहरू"** लेखिएका छन् ।
- विश्वव्यापी सार्वजनिक स्वास्थ्यमा प्रकाशित लेख अनुसार ''प्रजनन् स्वास्थ्यको नतिजाहरूमा यी बूंदाहरू समावेश छन् : प्रजनन् अंगहरूमा आघात साथै फिस्टूला, यौन सम्बन्धबाट सर्ने संक्रमण साथै एचआइभी, र अनिच्छित गर्भधारणको परिणाम असुरक्षित गर्भपतन र अरु जटिलता तर्फ धकेल्छ ।'' फेरीपनि विश्वव्याप स्वास्थ्यमा केही यौन हिंसाका मनोवैज्ञानिक परिणामहरू साथै ''चिन्ता, लाज, आघातक पछिको तनाव, निराशा, यौन सुख गुमाउनु, यौन डर र समाजमा कार्य गर्ने क्षमता गुमाउनु पनि समावेश छन् ।'' ( Laurie & Petchesky, 2008)
- अस्थिर वातावरण, अपरिचित इलाका, र हिंसाप्रतिको बढ्दो जोखिमका कारण संकटको अवस्थामा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू/शरणार्थीहरू भएका पीडितहरू चिकित्सासम्बन्धी जटिल परिस्थितिको कारण अझ उच्च जोखिममा पर्दछन्  भनेर व्याख्या गर्दै निष्कर्षमा पुग्नुहोस् ।
- नेपालको सन्दर्भलाई ध्यानमा राख्दै, सहभागीहरूलाई लैङ्गिक हिंसाका मुख्य कारणहरू मनन गर्न लगाउनुहोस् ।

**टूल (Tool) ४६ वृक्ष**




टूल (Tool) ४६ लैङ्गिक हिंसा सांकेतिक वृक्ष

**टूल (Tool) ४७ लैङ्गिक हिंसाको परिणामहरू**

| **शारीरिक स्वास्थ्यसम्बन्धी परिणामहरु** | **मनो-स्वास्थ्यसम्बन्धी परिणामहरु** | **सामाजिक स्वास्थ्यसम्बन्धी परिणामहरु** |
|---|---|---|
| शारीरिक चोटपटक | उदास | पीडित माथिको आरोप |
| एचआइभी / एड्स | डर | कलंकित गर्ने |
| अनिच्छापूर्वक गर्भ धारण | आत्म-लान्छना | अस्वीकार |
| सुरक्षित गर्भपतन | चिन्ता | एकान्तपन |
| नालब्रण मृत्यु | मानसिक अस्वस्थता | |
| यौनजन्य संक्रमित रोगहरु | आत्महत्या गर्ने सोचहरु वा प्रयासहरु | |

टूल (Tool) ४७ लैङ्गिक हिंसाका परिणामहरू

- सवै प्रकारका लैङ्गिक हिंसाहरूका मुख्य कारणहरू लैङ्गिक भेदभाव/भूमिकाहरू, जिम्मेवारीहरू, सीमितताहरू, विशेषाधिकारहरू, र अवसरहरूप्रति समाजको मनोवृत्ति र अभ्यास नै हुन् भनेर सहभागीहरूलाई ब्याख्या गर्नुहोस् ।
- सहभागीहरूलाई पोस्ट इन नोट प्रयोग गर्न लगाउनुहोस् र हरेक व्यक्तिलाई एउटा कुरा लेख्न लगाउनुहोस् ।
- सहभागीहरूलाई ती परिणामहरू वितरण गरिदिनुहोस् र रुखको जराहरूमा पोस्ट गर्न लगाउनुहोस् ।
- **टूल** (Tool) **४८ "लैङ्गिक हिंसाको मुख्य कारणहरू"** सहभागीहरूलाई वितरण गरिदिनुहोस् अनि लैङ्गिक हिंसाका मुख्य कारणहरूमा आधारीत सहभागीहरूको पोष्ट पढ्नुहोस् । टूलमा समावेश भएका तपसीललाई आधार मानी सच्याउनुहोस् :
    - o महिलाहरूप्रति पुरुष र/वा समाजको मनोवृति र अनादर
    - o सवैको लागि समान मानव अधिकारप्रति विश्वासको कमी
    - o लैङ्गिक असमानताप्रति सांस्कृतिक/सामाजिक मान्यता
    - o महिलाहरू र/वा महिलाहरूका कामप्रतिको मूल्यमा कमी
- सहभागीहरूलाई सोध्नुहोस् : शिविर र शिविरजस्ता आश्रयस्थलमा बस्ने विस्थापित व्यक्तिहरूले भोगेका लैङ्गिक हिंसाको बढ्दो जोखिम/हिंसालाई सघाउने कारक तत्वहरू के हुन् ।
- **टूल** (Tool) **४९ "शिविरमा लैङ्गिक हिंसालाई योगदान गर्ने कारक तत्वहरू"** सहभागीहरूलाई वितरण गर्नुहोस्, र उनिहरूसँग छलफल गर्नुहोस् ।
    - o मादक पदार्थ/लागूपदार्थको दुर्व्यसन
    - o गरिबी
    - o खाना, इन्धन, दाउराको उपलब्धता, आय आर्जन जस्ताको लागि महिला एकान्त क्षेत्रमा जानुपर्ने स्थिति
    - o सेवा, गतिविधिहरू र कार्यक्रमहरूको कमी, दिग्दारी
    - o शिविरको नेतृत्व गर्ने मुख्य रुपमा पुरुषहरू, महिलाका सुरक्षासम्बन्धी मुद्दाहरूको निर्णयमा विचार नहुनु
    - o परम्परागत समाज र पारिवारिक टेवा नहुनु
    - o धार्मिक, सांस्कृतिक, र/वा पारिवारीक विश्वासहरू र अभ्यासहरू

**टूल (Tool) ४८ "लैङ्गिक हिंसाको मुख्य कारणहरू"**

- महिलाहरूप्रति पुरुष र वा समाजको अनादर वा अवहेलनाका प्रवृत्तिहरू
- सबैकालागि मानवअधिकारहरूप्रतिको आस्थाको अभाव
- लैङ्गिक असमानताका सांस्कृतिक र सामाजिक मान्यताहरू
- महिला र वा महिलाहरूको कामको मूल्य नहुनु

टूल (Tool) ४८ लैङ्गिक हिंसाका जड कारणहरू

**टूल (Tool) ४९ "शिविरमा लैङ्गिक हिंसालाई योगदान गर्ने कारक तत्वहरू"**

- मध्यपान र लागूऔषध दुर्व्यसन्
- गरिबी
- खाध्यान्न, इन्धन, काठपात, एकान्त स्थानहरूमा प्रवेश गर्नका लागि महिलाहरूलाई आवश्यक पर्ने आय आर्जनको उपलब्धता
- सेवाहरू, क्रियाकलापहरू, कार्यक्रमहरूको अभावका कारण पट्यारलाग्दो अवस्था
- शिविरमा पुरुषको प्रबल नेतृत्व
- निर्णय प्रक्रियामा महिलाहरूको सुरक्षासम्बन्धी मुद्धाहरूले स्थान नपाउने
- परम्परागत समाज र पारिवारिक सहायताको अन्त्य
- धार्मिक, सांस्कृतिक, र रवा पारिवारिक आस्थाहरू र अभ्यासहरू
- शिविरको डिजाइन र संरचना (ठूलो भिडभाड, अपरिचित व्यक्तिहरूसँग बस्नुपर्ने)
- सेवा तथा सुविधाहरूको डिजाइन
- सामान्य अराजकता
- भौगोलिक स्थान / वातावरण (उच्च आपराधिक क्षेत्र)
- प्रत्येक आन्तरिक रुपमा विस्थापित व्यक्ति/ शरणार्थीहरूका परिचय पत्रहरू /दर्ता कार्डहरूको अभाव
- लैङ्गिक हिंसाका स्वरुपहरूको विरुद्धमा कानूनहरूको अभाव
- प्रहरी संरक्षणको अभाव
- शिविर संरक्षण एजेन्सीहरूको उपस्थितिको अभाव
- न्याय प्रणाली /कानूनहरूले मौन रुपमा यौन हिंसालाई सहने गर्दछन्
- परिवार तथा समुदायमा पुरुषहरूको शक्ति /भूमिका क्षिण; शक्ति प्राप्तगर्ने प्रयास
- शक्ति / नियन्त्रण / डर / जातीय सफायका लागि राजनीतिकउद्देश्य, युद्धको हतीयार
- प्रतिकार : आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू /शरणार्थीहरूलाई स्थानीय जनसङ्ख्याको तुलनामा भौतिक रुपमा बढि सुविधा सम्पन्न मान्ने गरिएको हुन सक्दछ ।

टूल (Tool) ४९ शिविरहरूमा लैङ्गिक हिंसाका सहयोगी तत्वहरू

- शिविरको सामाजिक संरचना र बनावट (भिडभाड, अपरिचित मान्छेसँगको बसाई)
- सेवा र सुविधाहरूको संरचना
- सामान्य अराजकता
- भौगोलिक स्थान/वातावरण (उच्च अपराधीक क्षेत्र)
- परिचय पत्रको कमी/शरणार्थी/आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको लागि दर्तापत्र
- लैङ्गिक हिंसाका प्रकारहरू विरुद्ध कानूनको कमी
- प्रहरीको संरक्षणको कमी
- शिविरमा सुरक्षा दिने एजेन्सीहरूको उपस्थितिको कमी
- कानूनी न्याय प्रणाली/लैङ्गिक हिंसालाई मौन रुपमा बेवास्ता गर्ने कानून
- राजनीतिकमनसाय, युद्धका हतियार, शक्ति/नियन्त्रण/त्रास/जातिय सफायाका लागि
- बदला : आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू/शरणार्थीहरू स्थानीय जनसंख्याको तुलनामा भौतिक सुअवसर पाउने रुपमा मानिने

- समुदायको सुरक्षा संयन्त्र कमजोर वा ध्वस्त हुनसक्ने भएमा विस्थापित अवस्थाले लैङ्गिकतामा आधारित हिंसाको जोखिम बढाउँछ भनी व्याख्या गर्नुहोस् । हिंसा आन्तरिक हुनसक्छ । परिवार, समुदाय र संघसंस्थाहरू जसमा विद्यालयहरू र धार्मिक स्थलहरू पर्छन् । तिनीहरूको हिंसाप्रतिको बेवास्ताको कारणले महिला र केटीहरूलाई सुरक्षा दिनुपर्छ भनेर परिवार, समुदाय र संघसंस्थाले सामान्यतया सोच बनाएता पनि बास्तवमा त्यसो गरेका हुदैनन् । त्यसैले आन्तरिक रुपमा विस्थापित शिविरमा बसेका व्यक्तिहरूलाई सुरक्षित वातावरण दिनुको सट्टा कहिलेकाँही महिलाहरू र केटीहरू प्रति हिंसा बढाउँछ ।
- शिविरको जीवन र शिविरजस्तो आश्रयस्थल भएकोले लैङ्गिक हिंसाको जोखिम बढाउँछ, अनि लैङ्गिक हिंसाको प्रकार र मात्रालाई प्रभाव पार्दछ । बर्तमान अवस्थामा भएको जोखिमलाई पनि प्रभाव पार्छ । उल्लेखित तत्वहरू र जोखिमहरू लैङ्गिक हिंसाको कारक नभए तापनि लैङ्गिक हिंसाका केही कार्यहरूसँग संबन्धित हुन्छन् ।

## अभ्यास ३

### लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्य

- यस क्रियकलापले यी उपायहरू र क्रियाकलापहरूको अन्वेषण गर्छ । यस अन्वेषणले लैङ्गिक हिंसाले शिविरहरू र शिविरजस्तो

आश्रयस्थलमा हुने हिंसाको रोकथाम र प्रतिकार्यतर्फ डोऱ्याउंछ भनी व्याख्या गर्नुहोस् ।

- **टूल** (Tool) **५० "लैङ्गिक हिंसाको रोकथाप र प्रतिकार्य"** सहभागीहरूलाई वितरण गर्नुहोस्, र उनीहरूसँग छलफल गर्नुहोस् । कुनै एकजना सहभागीलाई त्यो टूल पढ्न लगाउनुहोस् ।
- सबै सहभागीहरूलाई दुई ठूला समूहमा बांडनुहोस् ।
- एक समूहलाई शिविर र शिविरजस्तो आश्रयस्थलमा हुने लैङ्गिक हिंसाको रोकथामसम्बन्धी कार्य गर्न लगाउनुहोस् ।
- अर्को समूहलाई शिविर र शिविरजस्तो आश्रयस्थलमा हुने लैङ्गिक हिंसाका लागि प्रतिकार्यसँग सम्बन्धित कार्य गर्न लगाउनुहोस् ।

समूह क ले लैङ्गिक हिंसाको जोखिम घटाउने सम्बन्धमा काम गर्नेछ भनि व्याख्या गर्नुहोस् ।

समूह क लाई तीनवटा टिममा विभाजन गर्नुहोस् । उनीहरूलाई फ्लीपचार्ट, मार्करहरू र **टूल** (Tool) **५१ "लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य"** बाट निकालिएका कार्य पाना सिटहरू वितरण गर्नुहोस् ।

उल्लेखित सूचीले लैङ्गिक हिंसामा योगदान गर्ने धेरै सम्बन्धित राख्ने केही मुद्दाहरूको प्रतिनिधित्व गर्छ ।

हरेक समूहले एउटा (वा धेरै) मुद्दालाई प्राथमिकता दिनुपर्नेछ र लैङ्गिक हिंसाका जोखिम घटाउनु/हटाउनुको लागि रोकथामका संभावित रणनीतिहरूको पहिचान गर्नेछ ।

- सीमित सुरक्षा, नुहाउन र शौचालय सुविधाको कमी र गोपनीयताको कमी भएको धेरै घुइचो भएका निकासी केन्द्रहरू । यस्ता केन्द्रहरूमा रहेका विस्थापित व्यक्तिहरू प्रायजसो आर्थिक वा वैकल्पिक आश्रय खोज्ने सामर्थ्य भएका हुंदैनन् । त्यसकारण उनीहरू
  बढी कमजोर हुन्छन् ।
- आधारभूत आवश्यकता जुटाउन सक्ने क्षमता नहुनु र यी सुविधामा पहुँच नहुनु (नुहाउन, लुगाधुन र सरसफाईसम्बन्धी सामग्री; प्रभावित क्षेत्रमा विद्युतको कमी; खाद्य सुरक्षाको खस्कदो अवस्था; जीविकोपार्जनको माध्यमको क्षति र ठूलो परिमाणको आर्थिक कमजोरी) ।
- विशेषगरी महिलाहरू रातको समयमा असुरक्षित महसूस गर्ने र डराउने कुरा रिपोर्ट गर्छन् ।
- छुट्टिएको र अभिभावक बिहीन बालबालिका ।
- महिला र बालबालिका खानको लागि सडकमा भिख मागिरहेका ।
- सरकारले सञ्चालन गरेका सेवा सुविधा र संयोजन संयन्त्रमा अवरोध ।
- गम्भीर क्षती वा ध्वस्त स्वास्थ्य सुविधाहरू ।

**टूल (Tool) ५० "लैङ्गिक हिंसाको रोकथाप र प्रतिकार्य"**

**रोकथाम**

कारणहरू र त्यस्ता कारणहरूका सहयोगी तत्वहरूलाई बुझ्ने र तिनीहरूको न्यूनिकरण वा उन्मूलन गर्नका लागि रणनीतिहरूको तर्जुमा गर्ने ।

**प्रतिकार्य**

सेवाहरू उपलब्ध गराउने र नोक्सानदायी परिणामहरूको न्यूनिकरण गर्न भावी नोक्सानी, मानसिक आघात र हानीको रोकथामका लागि सहायता गर्ने ।

टूल (Tool) ५० लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य

**टूल (Tool) ५१ "लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य"**

**समूह क - जोखिम न्यूनिकरण गर्ने**

तपाईं शिविर व्यवस्थापन टोलीमा संलग्न हुनुहुन्छ । तपाईंको शिविर वा शिविरजस्तो स्थापनामा,दे हा य सवालहरूले जोखिममा रहेका समूहहरूको लैङ्गिक हिंसाका लागि टेवा पुऱ्याइरहेका छन् :

- सीमित सुरक्षा व्यवस्थाभएका बढि भिडभाड भएका शिविर / शिविरजस्तो बासस्थान, अपर्याप्त स्नान गृह र शौचालय सुविधा र निजत्वको अभाव । यी बस्तीमा रहने विस्थापित व्यक्तिहरूमा वैकल्पिक आवासको प्रवन्ध गर्नका लागि प्राय: आर्थिक वा अन्य हैसियत नभएको हुनाले विशेषगरी सङ्कटोन्मुख हुने गर्दछन् ।
- जीवन जिउने आधारभूत आवश्यकताहरू पूरा गर्न तथा नुहाइधुवाइ, लुगाधुने र स्वास्थ्य सामग्रीहरूमा पहुँच पाउन असमर्थ; धेरै प्रभावित क्षेत्रहरूमा विद्युतको अभाव, खाद्य सुरक्षाको बिग्रदो अवस्था, जिविकोपार्जनमा क्षति र ठूलो परिणाममा आर्थिक सङ्कटोन्मुख ।
- महिलाहरूले आफू खासगरी रातको समयमा असुरक्षित र त्रसित महशुस गरेको कुरा बताइरहेका हुन्छन् ।
- संरक्षणविहीन र बिछोडीएका बालबालिकाहरू
- महिला र बालबालिकाहरूले खानाको लागि सडकमा माग्ने गरेको ।
- सरकारी सेवाहरू तथा समन्वयका संयन्त्रहरूमा अवरोध ।
- स्वास्थ्य सेवाहरूमा गम्भीर अवरोध तथा क्षति ।
- सीमित सङ्ख्यामा महिला प्रहरी अधिकृतहरू ।
- प्रहरी, सेना र दातृ निकायका कर्मचारीहरूको ठूलो सङ्ख्यामा आगवन, जसमध्ये केहीले यौन शोषण र दुर्व्यवहारसम्बन्धी संस्थागत आचार संहिताको पालना नगर्न सक्दछन् ।
- नयाँ विस्थापित व्यक्तिहरूको जनसङ्ख्याको अन्य प्रवाहित नभएका क्षेत्रहरूमा प्रवाह हुने गर्दछ जहाँ सेवाहरूको बढ्दो माग पुरा गर्नका लागि पर्याप्त व्यवस्था भएको हुँदैन; यी स्थानहरूमा महिला तथा केटीहरू यौन शोषणतर्फ संकटोन्मुख हुने गर्दछन् ।
- मुख्य सवालहरूलाई प्राथमिकतामा राखी जोखिमहरूको अल्पीकरण/उन्मूलन गर्नका लागि रोकथामका सम्भावित रणनीतिहरूकको पहिचान गर्नुहोस् । मानवीय सेवाहरूका लागि लैङ्गिक हिंसाका कार्यक्रमहरूसम्बन्धी निर्देशिकाको प्रयोग गर्नुहोस् ।

टूल (Tool) ५१ अभ्यास पाना - लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य

- o सीमित महिला प्रहरी अधिकृतहरू ।
- o धेरै प्रहरी, सेना र सहयोगकर्मीको अचानक आगमन हुनु, जसमध्ये केहीले आफ्ना संस्थाले तोकेअनुसारको यौन शोषण र दुरुपयोग सम्बन्धी आचार संहिताको पालना नगर्नु ।
- o नयाँ विस्थापित व्यक्तिहरूको जनसङ्ख्या आगमन अप्रभावित क्षेत्रतिर जानु जहाँ उनीहरूले आफूले माग गरेअनुसार सेवा सुविधा पाउन नसक्नु; यस्ता क्षेत्रहरूमा यौन शोषणमा महिला र बालबालिका बढी प्रभावित ।

**टूल** (Tool) **५२ "अन्तर एजेन्सी स्थायी समिति लैङ्गिक हिंसा निर्देशिका"** सहभागीहरूलाई वितरण गर्नुहोस् ।


**समूह ख** ले **लैङ्गिक हिंसा प्रतिकार्यसम्बन्धी** कार्य गर्ने छ भनेर व्याख्या गर्नुहोस् :

- o समूह ख लाई तिनवटा टीममा विभाजन गर्नुहोस् र **टूल** (Tool) **५१ "लैङ्गिक हिंसको रोकथाम र प्रतिकार्य - कार्य पाना"** वितरण गर्नुहोस् ।
- o लैङ्गिक हिंसा रुखको काण्ड हो । त्ससको नकरात्मक असारहरू (हांगाहरू) र काण्डको पुनरावोलोकन गर्न लगाउनुहोस् ।
- o रुखबाट कुनै एउटा लैङ्गिक हिंसा फारम समूहहरूलाई टिप्न लगाउनुहोस् र शिविरमा भएका लैङ्गिक हिंसाको हानिकारक परिणाम कम गर्नको लागि हिंसाबाट बचेका व्यक्तिहरूलाई कस्तो मद्धत चाहिन्छ पहिचान गर्न लगाउनुहोस् ।


**टूल** (Tool) **५२ "अन्तर एजेन्सी स्थायी समिति लैङ्गिक हिंसा निर्देशिका"** वितरण गर्नुहोस् ।

- हरेक समूहले आफ्नो अभ्यासबाट निस्केका परिणामहरू सामूहिक रुपमा सबैको सामुन्ने प्रस्तुत गरी रिपोर्ट गर्न लगाउनुहोस् । हरेक समूहलाई तीन मिनेटको समय दिइनेछ । समूहले एकअर्काको योगदानबाट विकास गर्दै लानुपर्नेछ ।
- तलका कुरालाई आधार मान्दै जोखिम घटाउने क्रियाकलापको समापन गर्नुहोस् ।
  - o शिविरमा विशिष्टकृत लैङ्गिक हिंसा दक्षता र कार्यक्रमलाई शिविर व्यवस्थापन कर्ताले वकालत गर्नुपर्नेछ ।
  - o शिविरहरूमा र शिविरजस्तो आश्रयस्थलमा काम गर्ने मानवीय सहायतामा संलग्न  कर्मचारीहरूलाई लैङ्गिक हिंसा निर्देशित गर्ने सिद्धान्त सिफारिस सम्बन्धी प्रणाली र उचित रोकथाम र प्रतिकार्यसम्बन्धी तालीम दिईनेछ ।
  - o महिला र केटीप्रतिको सम्भावित जोखिमहरू र शिविरको वातावरणमा भएका परिवर्तनहरूको नियमित अवलोकन र अनुगमन ।
  - o सकेसम्म लैङ्गिक हिंसा जोखिम कम गर्ने उद्देश्यले महिलाहरूसँगको परामर्शमा मात्रै शिविर र शिविरजस्तो आश्रयस्थलको आधार तय गर्नुपर्छ ।

**टूल (Tool) ५२ "अन्तर एजेन्सी स्थायी समिति लैङ्गिक हिंसा निर्देशिका"**




**टूल (Tool) ५१ "लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य - कार्य पाना**


**समूह क - जोखिम न्यूनिकरण गर्ने**


तपाईं शिविर व्यवस्थापन टोलीमा संलग्न हुनुहुन्छ । तपाईंको शिविर वा शिविरजस्तो स्थापनामा,दे हा य सवालहरूले जोखिममा रहेका समूहहरूको लैङ्गिक हिंसाका लागि टेवा पुऱ्याइरहेका छन् :

- सीमित सुरक्षा व्यवस्थाभएका बढि भिडभाड भएका शिविर / शिविरजस्तो बासस्थान, अपर्याप्त स्नान गृह र शौचालय सुविधा र निजत्वको अभाव । यी बस्तीमा रहने विस्थापित व्यक्तिहरूमा वैकल्पिक आवासको प्रबन्ध गर्नका लागि प्राय: आर्थिक वा अन्य हैसियत नभएको हुनाले विशेषगरी सङ्कटोन्मुख हुने गर्दछन् ।
- जीवन जिउने आधारभूत आवश्यकताहरू पूरा गर्न तथा नुहाइधुवाइ, लुगाधुने र स्वास्थ्य सामग्रीहरूमा पहुँच पाउन असमर्थ; धेरै प्रभावित क्षेत्रहरूमा विद्युतको अभाव, खाद्य सुरक्षाको बिग्रदो अवस्था, जिविकोपार्जनमा क्षति र ठूलो परिणाममा आर्थिक सङ्कटोन्मुख ।
- महिलाहरूले आफू खासगरी रातको समयमा असुरक्षित र त्रसित महशुस गरेको कुरा बताइरहेका हुन्छन् ।
- संरक्षणविहीन र बिछोडीएका बालबालिकाहरू
- महिला र बालबालिकाहरूले खानाको लागि सडकमा माग्ने गरेको ।
- सरकारी सेवाहरू तथा समन्वयका संयन्त्रहरूमा अवरोध ।
- स्वास्थ्य सेवाहरूमा गम्भीर अवरोध तथा क्षति ।
- सीमित सङ्ख्यामा महिला प्रहरी अधिकृतहरू ।
- प्रहरी, सेना र दातृ निकायका कर्मचारीहरूको ठूलो सङ्ख्यामा आगवन, जसमध्ये केहीले यौन शोषण र दुर्व्यवहारसम्बन्धी संस्थागत आचार संहिताको पालना नगर्न सक्दछन् ।
- नयाँ विस्थापित व्यक्तिहरूको जनसङ्ख्याको अन्य प्रवाहित नभएका क्षेत्रहरूमा प्रवाह हुने गर्दछ जहाँ सेवाहरूको बढ्दो माग पुरा गर्नका लागि पर्याप्त व्यवस्था भएको हुँदैन; यी स्थानहरूमा महिला तथा केटीहरू यौन शोषणतर्फ संकटोन्मुख हुने गर्दछन् ।
- मुख्य सवालहरूलाई प्राथमिकतामा राखी जोखिमहरूको अल्पीकरण/उन्मूलन गर्नका लागि रोकथामका सम्भावित रणनीतिहरूकको पहिचान गर्नुहोस् ।
- मानवीय सेवाहरूका लागि लैङ्गिक हिंसाका कार्यक्रमहरूसम्बन्धी निर्देशिकाको प्रयोग गर्नुहोस् ।

टूल (Tool) **५१** अभ्यास पाना - लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य

USAID

**टूल (Tool) ५२ "अन्तर एजेन्सी स्थायी समिति लैङ्गिक हिंसा निर्देशिका"**



- हरेक लैङ्गिक हिंसामा पीडक र पीडित हुन्छन् । रोकथामसम्बन्धी रणनीतिहरूले संभावित पीडक र हिंसाबाट बचेको व्यक्ति दुवै लाई लक्षित गर्नुपर्छ ।

- तलका बूंदाहरूलाई आधारमान्दै प्रतिकार्यसंबन्धी क्रियाकलापलाई  निष्कर्षमा पुचाउनुहोस् ।
    - हिंसाबाट बचेको व्यक्तिलाई सहयोग गर्नुहोस् ।
    - पीडकलाई उपयुक्त परिणाम प्रदान गर्नुहोस् ।
    - हिंसाबाट बचेको व्यक्ति र समुदायको लागि सुरक्षा कायम र पुनर्स्थापना गर्नुहोस् ।
    - प्रतिकार्य, तपसील क्षेत्र/कार्य क्षेत्रमा भएको कार्यहरू समावेश
        - स्वास्थ्यको हेरविचार
        - मनोसामाजिक सहायता
        - मनोवैज्ञानिक र भावनात्मक समर्थन
        - सामाजिक स्वीकृति र पुनर्एकीकरण
        - सुरक्षा र संरक्षण
        - कानूनी न्याय-औपचारिक र परम्परागत
    - सवैजनाले आपसी सहयोगमा काम गर्नुपर्छ ।
    - हिंसाबाट बचेका सबै व्यक्तिहरूलाई यस प्रकारको सहयोग आवश्यक पर्दैन वा उनीहरले चाहदैनन् । हाम्रो काम सेवाहरू उपलब्ध गराउनु, सेवामाथी पहुंच पुचाउनु र गुणस्तर सुनिश्चीत गराउनु हो ।
    - कार्यक्रमको विज्ञापन गर्नुभन्दा अघि हामीले त्यस्ता सेवा दिने व्यक्तिहरूलाई शिक्षित गराउनु महत्वपूर्ण छ । यदि यी सेवाप्रदायकहरूले उचित तालीम प्राप्त गरेका छैनन् भने हिंसाबाट बचेका व्यक्तिहरू सहयोगका लागि जांदा उनिहरूले अझ बढि आघात र हानी झेल्नुपर्ने हुन सक्दछ ।

प्रतिकार्यमा समावेश हुनै पर्ने :

- संलग्न सबै पक्षहरू, सबै क्षेत्रहरू, सवै तहहरूलाई तालीम दिने - स्वयंसेवक वा कर्मचारी - नरम स्वभावले, गोपनीय तरिकाले र उचित तरिकाले व्यवहार गर्ने ।
- रिपोर्टिङ र सिफारिस प्रणाली ।
- मामिलाको रिपोर्ट, तथ्याङ्क विश्लेषण, अनुगमन र मूल्याङ्कनको अभिलेखिकरण ॥
- विभिन्न सम्बद्ध व्यक्तिहरू र संघसंस्थाहरूबीच समन्वय र सूचना आदानप्रदान प्रणाली ।

- मानवीय सहायतामा संलग्न सबैले लैङ्गिक हिंसा, विशेषगरी यौन हिंसा, घटिरहेको छ अनि ठोस र भरपर्दो प्रमाण भए वा नभए पनि यो गम्भीर र जीवन खतरा सुरक्षा सम्बन्धी मुद्दा हो भनी मान्नु पर्दछ र विश्वास गर्नु पर्दछ । हो हुनत ठोस र विश्वसनीय प्रमाण (लैङ्गिक हिंसाको एउटा विशेषता, विशेषगरी यौन हिंसाको रिपोर्ट हुँदैन ।) भनी ब्याख्या गर्नुहोस् । त्यसकारण, सवै मानवीयकर्मीहरूले समन्वय कार्य गर्नैपर्छ, आपतकालीन सुरुवाती अवस्थादेखि, यौन हिंसा रोक्न र लैङ्गिक हिंसाबाट बचेका/पीडितहरूलाई उपयुक्त सहायता प्रदान गर्नुपर्छ । त्यसको साथसाथै लैङ्गिक हिंसालाई योगदान पुचाउने कारकहरू र कारणहरूलाई सम्बोधन गर्नका लागि रोकथाम क्रियाकलापहरूलाई संरचना भित्र राख्नु पर्छ ।

  हामीले पीडित/हिंसाबाट बचेका व्यक्तिलाई समर्थन गर्नेछौं र उनीहरूका आरोपलाई उन्मूलन गर्नेछौं भनेर निष्कर्षमा पुग्नुहोस् । लैङ्गिक हिंसामा अपराधीहरू जिम्मेवार हुन्छन् । लैङ्गिक हिंसाको रोकथाम र प्रतिक्रियाको जवाफदेहिता सरकार र समुदायको साझेदारीमा मानवीयकर्मीले गर्नुपर्छ ।

## क्रियाकलाप ४

### समापन गर्नुहोस्

- उद्देश्यहरूको परिमार्जन गर्दै सत्रको समापन गर्नुहोस् ।

# समन्वय तथा सूचना व्यवस्थापन ०६



# समन्वय तथा सूचना व्यवस्थापन । पृष्ठभूमि जानकारी

समन्वय शिविर व्यवस्थापन एजेन्सीको मूलभूत जिम्मेवारी हो र यो सूचना व्यवस्थापन र तथ्याङ्क सङ्कलनसँग निकटतम रुपमा सम्बन्धित छ । शिविरमा को उपस्थित छ, उनीहरूका विशेष आवश्यकताहरू के हुन्, यी सेवाहरू उपलब्ध गराउनका लागि को जिम्मेवार छ, सेवाका प्रावधानहरूमा दोहोरोपन वा रिक्तता छन् की र कुन एजेन्सीले यी रिक्तताहरू पूरा गर्न सक्दछन् जस्ता प्रश्नहरू शिविर व्यवस्थापनका सबै चरणहरूमा सोध्नु ज्यादै आवश्यक हुन्छ । सामान्यतः शिविर व्यवस्थापन एजेन्सीहरूले शिविरको जनसङ्ख्यासम्बन्धी बहुक्षेत्रगत लेखाजोखा गर्दछन्, आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको अवस्था र उनीहरूले प्राप्त गरिरहेका सहयोगको अनुगमन गर्दछन् र केही सरोकार उत्पन्न भएमा त्यसको अभिलेख राख्ने गर्दछन् । यस्ता लेखाजोखाहरू बाहय सहायतासहित वा बेगर गर्न सकिन्छ र यिनीहरू आकस्मिक सहायताको प्रत्यक्ष विश्लेषण गर्ने अवसर प्रदान गर्ने सही समयका मूल्याङ्कनहरू हुन् । शिविर व्यवस्थापकहरू यो सूचना शिविरको स्तरीय ढाँचामा सङ्कलन गर्न र सेवा र सहयोग उपलब्ध गराउने सम्बन्धित निकायहरू तथा एजेन्सीहरू समक्ष  प्रसार गर्न जिम्मेवार हुन्छन् ।

विपद्को आकार र परिमाणको आधारमा र शिविर समन्वय तथा शिविर व्यवस्थापन क्लस्टर/क्षेत्रको सूचकहरूको आधारमा शिविर व्यवस्थापकले एउटा प्रश्नावलीको प्रयोग गर्नेछन् । सेवाका प्रमुख क्षेत्रहरूको अनुगममन गर्ने यो प्रश्नावली गणकहरूले भर्नेछन् । पानी, सरसफाइ तथा स्वच्छता, आवास, खाना, स्वास्थ्यका साथै विशेष संकटासन्न अवस्थामा रहेका व्यक्तिहरूको बारेमा सूचना सङ्कलन गरिन्छ । त्यसपछि, यो सूचना प्रमुख सूचना प्रदायकसँगको अन्तर्वार्ताहरू, दर्ता फारमहरू र अन्य प्रोफाइल तयार गर्ने तरिकाहरूबाट सङ्कलन गरिएका तथ्याङ्कमा समावेश गरी शिविरको स्तरीय प्रोफाइल प्रतिवेदनमा संग्रह गरिन्छ । यस्ता प्रोफाइलहरूले शिविरको स्थितिको संक्षिप्त जानकारी प्रदान गर्नुका साथै समयक्रमसँगै स्थितिको विश्लेषण र मूल्याङ्कन गर्ने अवसर प्रदान गर्दछन् । तत्कालीन आकस्मिक आवश्यकताहरू पूरा भइसकेपछि विशेष प्रश्नावलीहरू पनि निर्माण गर्न सकिन्छ, जस्तैः आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको पूर्ववत बासस्थानमा फिर्ति हुने मनसाय, वा शिविरमा रहने अपेक्षित अवधि ।

कुनै पनि मापदण्ड अनुसारको शिविरको प्रोफाइलमा प्रारम्भिक जनसङ्ख्याको अनुमान, जनसाङ्खिकीय तथा भौगोलिक तथ्याङ्कका साथै विस्थापित जनसङ्ख्याका खास आवश्यकताहरू लगायत त्यहाँको स्थितिबारे जानकारी समावेश हुन्छ । यसका अतिरिक्त, यसमा आकस्मिक अवस्थामा प्रतिकार्यमा संलग्न साझेदारहरूले प्रदान गर्ने सेवामा दोहोरोपना वा रिक्तता पनि पर्दछ । शिविर प्रोफाइलमा प्रारम्भिक आकस्मिक आवश्यकताहरूको लेखाजोखाको अवधिमा सङ्कलन गरिएको सूचनाका साथै पहिलो प्रतिकार्यकर्ताहरूबाट हस्तान्तरण गर्दा प्राप्त गर्ने सूचना पर्दछन् । सम्भव भएसम्म, शिविर प्रोफाइलमा कुन सूचना राख्ने वा नराख्ने भन्ने कुरा साझेदारहरूसँगको सहकार्यमा गरिनु पर्दछ, जसलाई प्रोफाइलका लागि सूचना उलब्ध गराउनका लागि प्रोत्साहित गरिनु पर्दछ ।

शिविरको प्रोफाइल तयार गर्नका लागि सामना गनुपर्ने एउटा चुनौती अन्य क्षेत्रहरूबाट सूचना प्राप्त गर्नु हो । शिविर व्यवस्थापकको प्राथमिक जिम्मेवारी शिविरमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको मर्यादाको समर्थन भएको छ भन्ने सुनिश्चित गर्ने भएकोले सेवा प्रदायकहरू वा अन्य सम्बन्धित मन्त्रालयहरू/वा एजेन्सीहरूलाई उनीहरूको कार्य योजनाको बारेमा सूचना प्रदान गर्नका लागि शक्ति प्रयोग गर्नुपर्ने हुन सक्दछ । यदि उनीहरूले सूचना आदानप्रदान गर्न अस्वीकार गरेमा, यस्तो सूचना उपलब्ध गराइएको कुरा सुनिश्चित गर्नका लागि उच्च तहका अधिकारीहरू/निकायहरूलाई आग्रह गरिनु पर्दछ । सम्भव भएको अवस्थामा विद्यमान तथ्याङ्क प्रणालीहरूबाट तथ्याङ्क तान्न वा सेवाहरूको स्तर अनुमान गर्नसक्ने तथ्याङ्क सङ्कलन गर्ने रणनीति विकास गर्न सकिन्छ । आकस्मिक सेवामा संलग्न सबैलाई यो कुरा जानकारी गराउनु पर्दछ की शिविरको प्रोफाइल प्रतिवेदनहरूको अन्तिम उद्देश्य आफ्नो घर छोड्न बाध्य भएका व्यक्तिहरूलाई प्रदान गरिने सेवाहरूमा सुधार गर्न र सहयोग गर्नु हो ।

शिविरको व्यवस्थापन एजेन्सीको पहलमा सहायताको स्तरको प्रमाणीकरण र विश्लेषण संलग्न हुनु पर्दछ । आकस्मिक सहायताको पहिलो चरणमा मानवीय सहायता प्रदान गर्ने समुदाय,

सञ्चार माध्यम र अन्य सम्बन्धित मन्त्रालयहरूलाई शिविरको प्रोफाइलको समन्वय बैठकहरू मार्फत प्रायः दैनिक रुपमा विस्तार गर्नु प्रायः आवश्यक हुन्छ । सम्भव भएमा शिविरको प्रोफाइल सूचना व्यवस्थापकद्वारा शिविर समन्वय तथा शिविर व्यवस्थापनको वेब पोर्टलमा अपलोड् गर्न सकिन्छ । शिविरका प्रोफाइलहरू पाहुनाहरू आएका बेला उनीहरूका लागि कार्यालयभित्र पनि उपलब्ध गराइनु पर्दछ वा शिविर सूचना केन्द्रमा र इमेलद्वारा सूचना वितरण गरिने सूचिमार्फत सम्प्रेषण गरिनु पर्दछ । अतिरिक्त दर्ता वा जनसाङ्ख्यिकीय सूचना सहित जीवन सुरक्षाका क्षेत्रहरूका सूचना तयार गरेर वा आकस्मिक अवस्थाप्रति प्रतिकार्य गर्नका लागि उपयोगी हुने अन्य कुनै सूचनाका साथ शिविरको प्रोफाइललाई नियमित रुपमा अध्यावधिक गरिनु पर्दछ । आकस्मिक सेवाहरूका शुरुका चार महिनामा शिविरको प्रोफाइलमादेहायविवरण समावेश भएको हुनु पर्दछ :

- शिविरको बारेमा जानकारी : शिविरको नाम, खुलेको मिति, भौगोलिक जानकारी (GPS coordinates/ जिपिएस कोअर्डिनेट्स सहित), शिविरको चरणका साथै आकस्मिक सेवाहरू र सम्भव भएमा शिविरको योजनासम्बन्धी जानकारी, जस्तै, शिविरले ओगट्ने क्षेत्रफल, प्लटहरूको सङ्ख्या, शिविरको अधिकतम क्षमता, आदि ।
- जनसङ्ख्याको आँकडा : व्यक्तिगत वा घरपरिवार तहमा तथा तथ्याङ्क सङ्कलन गरिएको मिति, जनसाङ्ख्यिकीय सूचना र बासिन्दाहरूको सांस्कृतिक पृष्ठभूमि । यस प्रोफाइलमा ती बासिन्दाहरूको परिचय खुलाउने कागजात, राशन कार्डहरू, पोषणको अभिलेखहरू, वा व्यक्तिगत वा परिवारको मामिला व्यवस्थापनको सहजीकरण गर्नका लागि सहयोग गर्ने अन्य कागजात पनि समावेश गरिनु पर्दछ ।
- जीवन सुरक्षासम्बन्धी क्षेत्रविशेष सूचना : मृत्यु दर, अस्वस्थताको तथ्याङ्क, पानी, सरसफाइ तथा स्वच्छताका सूचकहरू, आवास, खाना, संरक्षण एवं संकटासन्नता लेखाजोखा ।
- शिविर समन्वयका संरचनाहरूको बारेमा जानकारीः तीनवटा सूचना सञ्चालनको सूची, आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको नेता वा सम्पर्क व्यक्तिहरूको सम्पर्क ठेगाना सामेल गर्नुहोस् । अन्तरालहरू र/वा हालसालै पहिचान गरिएका आवश्यकताहरू भएका क्षेत्रहरूको पहिचान गर्नु पनि महत्वपूर्ण हुन्छ । यसले दाताहरू तथा नव आगन्तुक साझेदारहरू कुन काममा संलग्न हुन सक्दछन् भन्ने कुरा उनीहरूलाई जानकारी प्रदान गर्दछ ।

आकस्मिक अवस्थाको प्रारम्भिक चरणमा परिस्थितिमा तीव्र परिवर्तन भइरहने हुनाले र सूचना प्राप्त गर्न कठिन हुने हुनाले शिविरको प्रोफाइल एउटा तरल दस्तावेज हुन पुग्दछ ।

## समन्वय प्रक्रिया

समन्वयलाई सहमति गरिएका लक्ष्यहरूको सन्दर्भमा सूचना र योजनालाई आदानप्रदान गर्ने प्रक्रियाको रुपमा परिभाषित गरिएको छ । यसको उद्देश्य विस्थापित जनसङ्ख्याको जीवनस्तर उकास्न र आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूका आधारभूत मानव अधिकारहरूमा पूर्ण तथा समान पहुँच सुनिश्चित गर्नु हो ।

समन्वय समूह र यसका सदस्यलाई आपसमा मिलेर केही कामको योजना तर्जूमा गर्न वा कार्यान्वयन गर्ने प्रयासहरूलाई सहक्रियात्मक बल प्रदान गर्न आवश्यक पर्दछ । दुईजना वा सो भन्दा बढि व्यक्तिहरूले सँगसँगै कामगर्न शुरु गरे देखि नै प्रभावकारी हुनका लागि  समन्वयको आवश्यकता पर्दछ । प्रभावकारी रुपमा सहकार्य गर्नका लागि टीमका सदस्यहरूको साझा उद्देश्य हुनु अत्यावश्यक हुन्छ । टिमका प्रत्येक सदस्यले सुसंगत कार्यका लागि उनीहरूको भूमिका र जिम्मेवारी के हुन भन्ने थाहा पाउनु पर्दछ । यसका अतिरिक्त, स्पष्ट रुपमा सूचना आदानप्रदान गर्ने प्रणालीले संलग्न सबै पक्षहरूको स्थितिको बारेमा साझा बुझाइ रहेको छ र समिकरणात्मक तवरले काम गर्न सक्दछन् भन्ने सुनिश्चित गर्दछ  ।

समन्वय विभिन्न संस्थाहरू/समूहहरूको योगदानलाई प्रशंसा गर्न तथा संयुक्त रुपमा योजना तर्जूमा गर्नका लागि आवश्यक पर्दछ । प्रभावकारी समन्वय भरपर्दो, अध्यावधिक सूचना सङ्कलन र वितरणद्वारा पुनर्बल प्रदान गरिएको हुन्छ । सूचनाको आदानप्रदान तथा संयुक्त रुपमा योजना तर्जूमाका लागि बैठकहरू, क्षेत्रगत समूहहरू, शिविर समितिहरू/उपसमितिहरू, अनौपचारिक आदानप्रदानहरू, कार्यदलहरू, कार्य समूहहरू, सूचना पाटीहरू र घरदैलो भ्रमणहरू लगायतका विभिन्न प्रकारका समन्वय टूलहरू उपलब्ध छन् ।

## राष्ट्रिय विपत प्रतिकार संरचना


(स्रोत : राष्ट्रिय विपद् प्रतिकार संरचना, नेपाल सरकार, गृह मन्त्रालय, मार्च २०१३) यस परिच्छेदका लागि सान्दर्भिक हुने हुँदा राष्ट्रिय विपद् प्रतिकार संरचनाबाट उद्धृत गरिएका देहाय अनुसारका खास खण्ड, बुँदा र चित्रहरू (डायग्राम)ले नेपालमा विपद् प्रतिकार कार्यमा सम्मिलित विभिन्न पात्रबीच स्थापित समन्वय पद्धति दर्शाउदछन् :

- राष्ट्रिय विपद् प्रतिकार संरचनाको उद्देश्य वृद्ध स्रतको विपद्का समयमा प्रभावकारी तथा समन्वयात्मक राष्ट्रिय प्रतिकारको मार्गदर्शन गर्नु हो । यसको क्षेत्रमा विपद्को ठीक अघि, हुनासाथ वा पछि गरिने कार्यहरू अथवा प्रत्यक्षमा जनधनको रक्षा, शान्ति सुरक्षाको आवश्यक सेवाको प्रबन्ध र सार्वजनिक सम्पत्तिको सुरक्षा पर्दछन् । राष्ट्रिय विपद् प्रतिकार संरचनाको कार्यक्षेत्र राष्ट्रिय, क्षेत्रिय, जिल्ला र स्थानिय तहमा विपद् तयारी र आपतकालीन प्रतिकारमा सीमित रहेको छ ।
- नेपाल सरकारको कार्य विभाजन नियमावली २००७ अनुसार गृह मन्त्रालय विपद् व्यवस्थापनका लागि पूर्ण रुपले जवाफदेही रहन्छ । तसर्थ, विपद् तयारी र विपद् पश्चात पुनर्स्थापनाको समन्वय गरिरहेको छ ।
- नेपालमा समग्र विपद् प्रतिकारका निम्ति राष्ट्रिय दैवी विपद् राहत ऐन, १९८२ अनुरुप केन्द्रिय दैवी विपद् राहत समिति, क्षेत्रिय विपद् राहत समिति जिल्ला विपद् राहत समिति र स्थानिय विपद् राहत समिति बनाइएको छ । साथै आपूर्ति आश्रय तथा पुनर्स्थापना, राहत तथा उपचार उपसमितिहरू स्थापना गरिनेछ । विपद् व्यवस्थापन विश्लेषण, प्रवाह र समन्वय सम्बन्धी सूचना संकलनका निमित्त आपतकालीन संचालन केन्द्रहरू राष्ट्रिय क्षेत्रिय, जिल्ला र स्थानिय तहमा कार्यरत छन् ।


## नेपालमा विपद् प्रतिकारका लागि अन्तर्राष्ट्रिय सहायता

- आवश्यक परेमा नेपाल सरकारले विपद् प्रतिकारका लागि नगद वा जिन्सी वा सेवाका लागि अन्तर्राष्ट्रिय सहयोगका निमित्त संयुक्त राष्ट्रसंघीय मानवीय समन्वयकर्ता, विदेशी सरकारहरू, रेडक्रस आन्दोलन, क्षेत्रिय संगठनहरू, दाता समुदाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय व्यावसायिक संगठनतर्फ तथा गैरआवासीय नेपाली समुदायलाई अनुरोध गर्न सक्तछ ।
- अन्तर्राष्ट्रिय सहायतका लागि बनाइने मार्गदर्शनका आधारमा विभिन्न निकायको दर्ता र सहयोगको क्षेत्र निर्धारण गरी नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय समुदायलाई सहजीकरण र समन्वय गर्नेछ ।
- वृद्ध स्तरको विपद्का दौरान संयुक्त राष्ट्रसंघीय मानवीय समन्वयकर्ताले संयुक्त राष्ट्रसंघीय कृष्टर प्रणालीलाई सक्रिय बनाउने छन् । समन्वयपूर्वक कृष्टर पद्धति अनुसार विपद् प्रतिकार गर्न प्रत्येक कृष्टरका लागि नेपाल सरकारले पूर्णकालीन फोकल व्यक्ति मनोनित गर्नेछ ।

## नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता तथा समन्वय संरचना



- देश भित्र आफ्नो कार्यगत अवधिबारे नेपाल आउने अन्तर्राष्ट्रिय खोजी तथा बचावट टोलीहरू र मानवीय सहायता समूहहरूका सदस्यहरू बारे आगमन अगावै राष्ट्रिय आपतकालीन संचालन केन्द्रलाई सूचना गर्नेछन् ।
- हवाई मार्ग र सडकको बाटो आउने खोजी तथा बचावट उपकरण र टोली सदस्यहरू तथा मानवीय सहायता टोली सदस्यहरूबारे राष्ट्रिय आपतकालीन संचालन केन्द्रले प्राथमिकता कार्य योजना तयार गर्नेछ ।
- वृद्धस्तरको विपद्का समयमा राष्ट्रिय आपतकालीन संचालन केन्द्र/स्थानिय आपतकालीन व्यवस्था केन्द्र, स्थलगत समन्वय संचालन केन्द्र तथा बहुराष्ट्रिय सैनिक समन्वय समिति बीच समन्वय व्यवस्था स्वतः स्थापित गरिनेछ । यस्तो अवस्थामा राष्ट्रिय आपतकालीन संचालन केन्द्रले राष्ट्रिय विपद् राहत केन्द्रको सचिवालयको काम गर्नुको साथै समन्वय केन्द्रका रुपमा समेत काम गर्नेछ । चालू कार्यबारे छलफल गर्न राष्ट्रिय आपतकालीन संचालन केन्द्रले खोजी तथा बचावट टोलीहरू तथा मानवीय निकायहरूलाई आमन्त्रण गर्न सक्नेछ । विपद् प्रभावित क्षेत्रको समन्वय व्यवस्थापन केन्द्र तथा सैनिक समन्वय केन्द्रका गतिविधिबारे राष्ट्रिय आपतकालीन संचालन केन्द्र मार्फत जानकारी गराइने छ । यो संरचना देहाय अनुसार छ :



- अन्तर्राष्ट्रिय प्रतिकार क्रियाकलापको सहजीकरण, सहयोगका लागि कार्यगत मंच प्रदान गर्न तथा सूचना आदान प्रदानका लागि सरकार र अन्तर्राष्ट्रिय प्रतिकार निकायहरूसँग स्थलगत संचालन समन्वय केन्द्रले सम्बन्ध स्थापना गर्नेछ । संयुक्त राष्ट्रसंघीय मानवीय समन्वयकर्ताले समग्र समन्वयका लागि विशेष व्यक्ति र अधिकारीलाई घटाउने छन् । जिल्ला आपतकालीन संचालन केन्द्रको सक्रियता र संजाल, टिभि, रेडियो र एम.एस.एस. मार्फत सूचनाको प्रक्षेषण तथा सर्वसाधारण र विपद् पीडितका लागि नियमित रुपमा सूचनाको अद्यावधिक स्थिति कायम गर्न राष्ट्रिय आपतकालीन संचालन केन्द्रलाई सक्रिय गराइने छ ।
- जिल्ला विपद् राहत समितिबाट घटनाको प्रतिवेदन प्राप्त हुनासाथ आपतकालीन कार्यकारिणी सदस्यहरूको बैठक बस्नेछ । गृह मन्त्रालयका सचिवको अध्यक्षतामा हुने यो बैठकमा अन्य सदस्यमा विपद् व्यवस्थापन महाशाताका सहसचिव, राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुख तथा विपद् व्यवस्थापन शाखाका प्रमुख रहने तथा बैठकले घटना प्रतिवेदनका आधारमा विपद् परिस्थितिको मात्राको पहिचान सहित विश्लेषण तथा समन्वय र थप कारवाहीका लागि निर्णय गर्नेछ ।
- खोजी तथा बचावट कार्य तुरुन्त शुरु गर्न राष्ट्रिय आपतकालीन संचालन केन्द्रको हाताभित्र कमाण्ड पोष्ट स्थापना गरिनेछ । विपद् व्यवस्थापन महाशाखाका प्रमुख (सहसचिव)को नेतृत्वमा रहने कमाण्ड पोष्टका अन्य सदस्यमा नेपाली सेनाको सैनिक संचालन महानिर्देशनालय सहायक रथी र सशस्त्र प्रहरी बलका नायक महानिरीक्षक रहनेछन् ।
- राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुखले विपद् परिस्थितिमा विपद् प्रतिकार संचालन सम्बन्धी फो........ व्यक्तिका रुपा कार्य गर्नेछन् । राष्ट्रिय आपतकालीन संचालन केन्द्रका प्रमुखका नेतृत्वमा विभिन्न सम्बद्ध मन्त्रालय विभाग र राष्ट्रिय सुरक्षा अंगका फूोकल व्यक्तिहरूले कार्य गर्नेछन् ।

## राष्ट्रिय विपद् प्रतिकारका लागि विशेष व्यवस्था

- विपद् प्रतिकारका लागि तयारी अन्तर्गत शिघ्र सूचना, सूचनाको विश्लेषण र प्रवाह हानी मूल्यांकन सजगता तथा क्षमता अभिवृद्धिको तयारी, समन्वय तथा बन्दोबस्ती र राहत सामाग्रीको अग्रीम तयारी आदि पर्दछन् । निश्चित समयसीमा भित्र यि कार्यहरूले उपलब्धिका लागि सहयोगकर्ताहरू जिम्मेवार हुनेछन् ।
- मानवीय सहायतामा आपतकालीन प्रतिकारमा समन्वय मूल्यांकन, खोजी र बचावट, बन्दोबस्ती, स्वास्थ्य सुरक्षा र सरसफाई, अवास, सडक, बिजुली, विमानस्थल, जल आपूर्ति, दुरसंचार, सम्पदाकृ पुनर्स्थापना, विस्थापित व्यक्तिहरूको दर्ता र तथ्यांक, खाद्य पदार्थ गैरखाद्य सामाग्री, औषधी, इन्धन आपूर्ति, पीडित व्यक्तिहरूले सुरक्षा, ५ वर्ष मुनिका बालबालिकालाई पौष्टिक आहार, बालबालिका र दूध खुवाउने आमाहरूको हेरचाह, सुरक्षा, खाली गराउने र सुरक्षित खुला क्षेत्रको व्यवस्था अग्नी नियन्त्रण, फोहो र लासको व्यवस्थापन आदि पर्दछन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप यि कार्यहरू सम्पन्न गर्नु सहयोगकर्ताहरूको प्रमुख दायित्व हुनेछ ।
- राष्ट्रिय आपतकालीन संचालन केन्द्रले विद्यमान संगठन क्षमता जस्तो विशेषज्ञहरूको सूची, आवश्यक उपकरण सहितका खोजी तथा बचावट टोलीहरू, अस्पतालको सूची र क्षमता, रक्तसंचारको अवस्था र जगेडा, आपतकालीन संचार व्यस्था तथा एम्बुलेन्स सेवा बारे तथ्यांक राखी विश्लेषण गर्नेछ ।
- आपतकालीन प्रतिकारका अवस्थामा राष्ट्रिय आपतकालीन संचालन केन्द्रको स्तरीय संचालन मापदण्डमा उल्लेख भए अनुसार चौथो तहको आपतकालका व्यवस्था अनुरुप राष्ट्रिय आपतकालीन संचालन केन्द्रको हाताभित्र कमाण्ड पोष्टको स्थापना, राष्ट्रिय आपतकालीन संचालन केन्द्रमा प्रतिनिधि रहेका सम्बद्ध मन्त्रालयहरूका फोकल व्यक्तिहरूको परिचालन, आपतकालीन संचालन केन्द्र भित्र संचार व्यवस्थापन केन्द्रको स्थापना, राहत आपूर्तिको उचित व्यवस्था,
- राष्ट्रिय आपतकालीन संचालन केन्द्रले आपतकालीन प्रतिकार संचालनमा लाग्ने यो संरचनाका साथसाथै विभिन्न मन्त्रालय विभाग र कार्यालयहरूसँग शिघ्र सामान्य अवस्था ल्याउने त्रिया गर्न सहजीकरण र समन्वय गर्नेछ ।

- राष्ट्रिय तथा जिल्ला स्तरमा बचावट तथा मानवीय सहायतासँग सम्बद्ध क्रियाकलापको अनुगमन र मूल्यांकन गरिनेछ । राष्ट्रिय विपद् राहत केन्द्रले राष्ट्रियस्तरको संचालनको अनुगमन र मूल्यांकन गर्नेछ । स्थानियस्तरको संचालनको अनुगमन र मूल्यांकन जिल्ला विपद् रद्ध समितिले गर्नेछ । क्षेत्रिय विपद् राहत केन्द्रले जिल्ला स्तरको अनुगमन र मूल्यांकन गर्नेछ । जिल्लास्तरीय एकीकृत सूचना राष्ट्रिय विपद् राहत समितिमा प्रेषित गरिनेछ ।

## राष्ट्रिय आपतकालीन संचालन केन्द्र स्तरीय संचालन प्रक्रिया

(नेपाल सरकार, गृह मन्त्रालय)

राष्ट्रिय आपतकालीन संचालन केन्द्रका स्तरिय संचालन प्रक्रिया विविध क्षेत्रसँग सम्बद्ध छन् र देहाय अनुसार छन् :

– राष्ट्रिय आपतकालीन संचालन केन्दको संगठन रचनाको प्रक्षेपण;
– केन्द्र संचालनका लागि आवश्यक पर्ने न्यूनतम स्रोतको पहिचान ;
– केन्द्रको र सम्बद्ध अधिकारीहरूको काम कर्तव्य र अधिकारहरूको पहिचात;
– केन्द्रको सक्रियतास्तरको प्रक्षेपण;
– केन्द्रमा प्राप्त सूचनाको प्रशोधन प्रणालीको प्रक्षेपण;
– विपद् तयारी र विपद् प्रतिकारमा संलग्न सरोकारवालाहरू बीच समन्वय प्रणालीबारे परिभाषा;
– विपद्का कारण हुने हानी सम्बन्धी तथ्यांकको अद्यावधिक गर्ने प्रणालीको स्थापना;
– विपद्का समयमा खोजी, बचावट तथा मानवीय सहायता संचालन तथा समन्वय पद्धतिको स्थापना र विकास, विपद् प्रतिकारमा
– महिला, बालबालिका, जेष्ठ नागरिक र असक्त व्यक्तिहरूको अधिकारको सुनिश्चित गर्ने प्रावधानको व्यवस्था ।

**राष्ट्रिय आपतकालीन संचालन केन्द्रका आधारभूत कार्यहरू :**

१६. विपद् प्रतिकारलाई केन्द्रिय तहमा संचालन तथा खोजी, बचावट तथा राहत व्यवस्थापनमा सूचना संकलन, समन्वय र सहयोगको विकास गर्ने,
१७. केन्द्रिय विपद् राहत केन्द्र तथा गृह मन्त्रालयका निर्णयहरू कार्यान्वयन गर्ने,
१८. विपद् प्रतिकारमा संलग्न सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोजी तथा बचावट समूहहरूबीच समन्वय गर्ने,
१९. मानवीय सहायता क्रियाकलापमा अग्रणी तथा समन्वयकारी संगठनको कार्य गर्ने,
२०. सम्बद्ध निकायबाट विपद् सम्बन्धी सूचना संकलन गरी सोको विश्लेषण र प्रसार गर्ने,
२१. विपद् तयारी, योजना तर्जूमा, योजना तुर्जमा तथा कार्यान्वनयमा सबे तहका सरकारी संगठनहरूलाई आवश्यक सहयोग पुऱ्याउने,
२२. विभिन्न सरकारी र गैरसरकारी क्षेत्रका विषय सम्बन्धित कार्यहरू तथा शिघ्र प्रभाव पार्ने राहत क्रियाकलापको कार्यान्वयनको समन्वय गर्ने,
२३. सम्भावित विपद् जोखिम तथा अग्रीम चेतावनी बारे सूचना दिने र जोखिमको समाप्ती पश्चात पूर्वविपद् सूचना प्रणालीको समन्वय गर्ने ,

२४. विपद् घटना र त्यसबाट भएका नोक्सानीको विवरण संकलन, विश्लेषण तथा अत्यावधिक गर्ने तथा विपद्बारे वार्षिक प्रतिवेदन प्रकाशन गरी लिंग र समावेशीताका आधारमा छुट्याउने ।

२५. विपद् सम्बन्धी सूचना र भएको नोक्सानीको विवरण संकलन, विश्लेषण र अद्यावधिक गर्ने अधिकारी संगठनका रुपमा विपद् प्रतिकार तयारी र प्रतिकारका विवरण नियमितरुपमा प्रकाशन गर्ने,

२६. सबै जिल्लामा आपतकालीन संचालन केन्द्रको संजाल स्थापना र व्यवस्थापन गर्ने,

२७. विद्युतिय सूचना बोर्ड स्थापना गरी महत्वपूर्ण सार्वजनिक स्थानमा अन्य यसैप्रकारका पद्धति विपद्सम्बन्धी सूचना, सजगता बढाउने सामाग्री तथा पूर्व चेतावनी सम्बन्धमा सार्वजनिक सचेतना बढाउने तथा यस्ता क्रियाकलापको समन्वय गर्ने,

२८. प्राथमिक शिघ्र मूल्यांकन बहुकल्ष्टर/क्षेत्रिय प्राथमिक शिघ्र मूल्यांकन तथा स्थान विशेष जोखिम मूल्यांकन अपनाइ विपद् प्रभाव र नोक्सानीको मूल्यांकनका माध्यमबाट विपद् प्रतिकारका लागि आवश्यक पर्ने आवश्यक उपकरण र स्रोतको पहिचान गर्न सहयोग पुऱ्याउने ।

२९. क्षेत्रीय आपतकालीन स्थितिको उचित व्यवस्थापन गर्न राष्ट्रिय स्तरमा आवश्यक समन्वय गर्ने,

३०. राहत तथा खोजी सम्बन्धी उपकरण र सामग्रीको केन्द्रीय अभिलेख तयार गर्ने तथा यसलाई नियमित रुपमा अद्यावधिक गर्ने ।

## विस्थापन पत्ता लगाउने म्याट्रिक्स (DTM/डिटिएम)

विस्थापन पत्ता लगाउने म्याट्रिक्स सूचना सङ्कलन गर्न, लेखाजोखा गर्न र व्यवस्थापन गर्नका लागि शिविर समन्वय तथा शिविर व्यवस्थापन क्लस्टर भित्र विकसित गरिएको सञ्चालनको एउटा टूल हो । यसले शिविर व्यवस्थापकलाई विस्थापनको प्रवृत्तिहरूको नक्साङ्कन गर्न र प्रभावित जनसङ्ख्याको अवस्थिति र जनसाङ्ख्यिकीय जानकारी पाउनका लागि सहयोग गर्दछ। यसले संकटासन्नतालाई इङ्गित गर्नुका साथै शिविर व्यवस्थापन एजेन्सी र यसका साझेदारहरूको सेवाका प्रावधानहरूको आवश्यकताहरूलाई प्राथमिकीकरण गर्न सहयोग पुऱ्याउन सक्दछ।

आइओएमको सदस्य राष्ट्रहरूलाई सेवाप्रदायकको हैसियतले आकस्मिक अवस्थाहरूको सिर्जना भइरहेका अधिकांश मुलुकहरूभित्र सवल सम्वन्ध र सञ्जाल भएको हुनाले स्थानीय र राष्ट्रिय साझेदारहरूसँग साझेदारका लागि शिविर व्यवस्थापन तथा शिविर व्यवस्थापनका प्रावधानहरू निर्माण गर्नका लागि तयार छ। शिविर समन्वय तथा शिविर व्यवस्थापनको राष्ट्रिय साझेदारहरूलाई विस्थापन पत्तालगाउने म्याट्रिक्स उपलब्ध गराएर जिम्मेवार राष्ट्रिय सरकारका शिविरका अवस्थाहरूको बारेमा दुरुस्त, अध्यावधिक सूचनामा पहुँच दिने क्षमताहरू वृद्धि भएको छ र यी शिविरहरूमा उनीहरूको संरक्षण र सेवाहरू प्रदान गर्ने क्षमता वृद्धि भएको छ। तसर्थ, विस्थापन पत्तालगाउने म्याट्रिक्स विभिन्न मुलुकहरूका विभिन्न परिवेशहरूमा प्रयोग गर्नका लागि सफल अनुकूलन सहित एउटा लचक टूलको रुपमा प्रमाणित भएको छ।

# कार्यस्थलका आवाज तथा मामिलाहरू




जब २५ अप्रिल र १२ मे २०१५ का दिन क्रमश: ७.८ र ७.३ रेक्टर स्केलको भूकम्पको धक्का नेपालमा आयो यसबाट करिब ८० लाख नेपालीहरू प्रभावित भए । भूकम्पका कारण करिब ७८४००० घरहरू या त भत्किए वा क्षति हुन पुगे भने सोही सङ्ख्याको परिवारहरू विस्थापित हुन पुगे । उनीहरूको सबै मालमत्ता तथा खानेकुरा कंकडले पुरिएर जिउ ज्यान र सम्पत्ति अझ थप पहिरोले नोक्सान गर्ने अवस्थाका साथ जीविकोपार्जनमा क्षति भइरहेको हुनाले उनीहरूको अन्यत्र जाने ठाउँ कतै पनि नभएको हुनाले एउटै मात्र उपाय थियो बाँकी समुदायसँग आफ्नो पूर्ववर्ती बासस्थानबाट नजीक वा टाढा अस्थायी आश्रयस्थलहरूमा जानुपर्ने बाध्यता थियो । आन्तरिक रुपमा विस्थापित जनसङ्ख्याले यस्तो बासस्थानको सिर्जना गर्न थालेकी जहाँ उनीहरूले आफ्नो क्षति हुने सम्पत्तिको रक्षा गर्न सक्दथे जसले उनीहरूको आवाससम्बन्धी सवाल केही समस्याका लागि समाधान हुन सक्दथ्यो, तर मनसून आइरहेको हुनाले अझ ठूलो जोखिमले उनीहरूलाई घेरिरहेको थियो । खाना, पानी, आवास, शौचालय, संरक्षण, आदिजस्ता आधारभूत आपूर्तिहरूको अभावमा उनीहरूको बसोबासको अवस्था कठोर हुन गइरहेको थियो । यसै बखत भूकम्पबाट प्रभावित व्यक्तिहरूलाई सहायता उपलब्ध गराउनका लागि विश्वका मानवीय सहायता उपलब्ध गराउने संस्थाहरूको नेपालमा बाढि आइरहेको थियो ।



आकस्मिक सहायता उपलब्ध गराउने चरणमा सबैतिर अस्तव्यस्त भएको हुनाले राहत वितरण गर्ने कार्यमा राम्ररी समन्वय हुन सकेन । राहत वितरणको क्रममा समन्वयलाई सहजीकरण गर्न र दोहोरो सुविधा वितरण हुने सम्भावनाबाट जोगिनका लागि शिविर समन्वय तथा शिविर व्यवस्थाप क्लस्टरको सह-नेतृत्व भएको नाताले आइओएमले शिविरजस्ता आश्रयस्थलहरूमा विस्थापित जनसङ्ख्यालाई पत्ता लगाउन गर्न र विस्थापन पत्तालगाउने म्याट्रिक्स मार्फत उनीहरूका आवश्यकता बुझ्ने कार्य शुरु गर्‍यो । यस्तो सूचना पछि सङ्कलन गरेर मानवीय सहायतामा संलग्न निकायहरू समक्ष पठाएर यी एजेन्सीहरूका आधारमा उनीहरूका राहत प्रयासहरूमा समन्वय गरियो । यसको परिणाम सहक्रियात्मक थियो किनभने उनीहरूले दोहोरोपन हटाए र विभिन्न विज्ञहरूले शिविर स्थलमा बसोबास गरिरहेका व्यक्तिहरूको जीवनस्तर उकास्नका लागि संयुक्त रुपमा काम गरे । आइओएमले जिल्ला दैबी प्रकोप उद्धार समिति तथा स्थानीय शान्ति समितिसँगको सहकार्यमा शिविरजस्तो आश्रयस्थलको पहिचान गर्न र यस्ता स्थलहरूमा बसोबास गर्दै आएका व्यक्तिहरूका आवश्यकता र अन्तरालहरूको जानकारी लिनका लागि १४ वटा सबभन्दा बढि प्रभावित जिल्लाहरूमा कार्यस्थलमा एउटा लेखाजोखा सञ्चालन गर्‍यो । आइओएमले यी जिल्लाहरूमा कामगर्ने संस्था र व्यक्तिहरूको रोष्टर तयार गर्‍यो र पछि सरोकारवालाहरूलाई वितरण गर्‍यो ।




आइओएमले केन्द्रीय तथा जिल्ला तहमा शिविर समन्वय तथा शिविर व्यवस्थापन क्लस्टर समन्वय वैठक सञ्चालन गर्‍यो । यी वैठकहरूले कार्यस्थलमा कामगर्ने एजेन्सीहरूलाई त्यहाँको बस्तुस्थिति, उनीहरूले सामना गरेका चुनौतीहरू, यसपछि के अपेक्षा गर्ने कोसँग काममा साझेदारी गर्ने कुरा अध्यावधिक गर्नका लागि कार्यमञ्च उपलब्ध गराए । कुनै एजेन्सीहरूले साइटहरूमा आवासमा सुधार गर्ने काम गरे, कुनैले ढलनिकास र पानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको सुधार गरे भने कुनैले त्यहाँका बासिन्दाहरूलाई संरक्षणका सवालहरू जीविकोपार्जनका सवालहरूलाई समाधान गर्ने विषयमा शिक्षा दिने काम गरे । यस्तो प्रकारको समन्वयले साइटका बासिन्दाहरूको जिविकाको अवस्थाहरू आमूल सुधार गर्न मद्धत गर्‍यो । विस्थापन पत्तालगाउने म्याट्रिक्स साइट लेखाजोखाको चरण अघि बढ्दै गर्दा मानवीय सहायतामा संलग्न एजेन्सीहरूले साइटहरूमा सहायता प्रदान गर्नका लागि विस्थापन पत्तालगाउने म्याट्रिक्स सूचनामा निर्भर हुन थाले । शिविर समन्वय तथा शिविर व्यवस्थापनको वेबसाइटमार्फत आइओएमले सम्बन्धित सबै सूचना आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई सहायता प्रदान गर्ने सम्बन्धित सबैलाई प्रदान गर्‍यो । सबै विस्थापन पत्तालगाउने म्याट्रिक्स तथ्याङ्क अनलाईन http://cccmnepal.org/ and www.tinyurl.com/ nepal DTM मार्फत प्राप्त गर्न सकिन्छ ।

यस अध्यायको समष्टिगत लक्ष्य प्रभावकारी समन्वयका मुख्य विशेषताहरूको बारेको जानकारी अभिवृद्धि गर्नु हो ।

## सिकाइका उद्देश्यहरू

सत्रको अन्त्यमा सहभागीहरू देहाय कुरा गर्न सक्षम हुनेछन् :

- प्रभावकारी समन्वयले विस्थापितहरूका अधिकारहरू र आत्मसम्मानको समर्थन गर्दै कसरी शिविरहरूको स्तर उठाउनका लागि योगदान पुऱ्याउन सक्दछ भन्ने कुराको व्याख्या गर्न ।
- शिविरमा प्रभावकारी समन्वय र सूचनाको व्यवस्थापनको महत्वको सराहना गर्न ।
- समन्वय र सूचना व्यवस्थापनको उद्देश्यका लागि सम्बन्ध स्थापित गर्ने पक्षहरूको पहिचान गर्न ।
- प्रभावकारी समन्वयका चुनौतीहरू बारे छलफल गर्न ।
- शिविर व्यवस्थापनसम्बन्धी सूचना सङ्कलन गर्ने टूलहरूको विश्लेषण गर्न ।

## मुख्य सन्देशहरू

- शिविर समन्वय तथा शिविर व्यवस्थापनमा मुख्य लक्ष्य शिविरको जनसङ्ख्याको जीवनस्तर उकास्नु उनीहरूका आधारभूत मानवअधिकारहरूमा पूर्ण तथा समान पहुँच सुनिश्चित गर्नु हो ।
- समन्वयले सेवा प्रदान गर्दा देखिने रिक्तता/अन्तरहरूको पहिचान गर्नका साथै विस्थापन स्थलमा स्तर उकास्नका लागि सहजीकरण गर्दछ ।
- प्रभावकारी समन्वयले विस्थापितहरूको मर्यादा र अधिकारहरूको समर्थन गर्नका लागि योगदान पुऱ्याउंदछ ।
- समन्वय सान्दर्भिक र अध्यावधिक सूचना तथा सूचना व्यवस्थापनमा निर्भर रहन्छ ।
- प्रभावकारी समन्वय प्रभावित जनसङ्ख्या लगायतका सम्बन्धित सबै पक्षहरूको सहभागितामा निर्भर रहन्छ ।
- सफल समन्वय मनोवृत्ति, सीप तथा सक्षमताका साथै सक्रिय सुनाई, असल नेतृत्व, स्पष्ट र पारदर्शी सञ्चार, सम्झौतामा पुग्नसक्ने क्षमतामा निर्भर रहन्छ ।

| क्रियाकलाप | समय | विवरण | टूल (Tool) हरू | तयारी |
|---|---|---|---|---|
| १<br>समन्वयको परिभाषा | १० मिनेट | समन्वयको अवधारणा पत्ता लगाउनुहोस् र सोही अवधारणामा सहभागीहरूका विचार हरूसँग तुलना गरेर यसको परिभाषा स्थापित गर्नुहोस् । | टूल (Tool) २३ "समन्वयको परिभाषा" | - उद्देश्यहरू भएको फ्लीपचार्ट ( वा पावरप्वाइन्ट) तयार गर्ने ।<br>- सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| २<br>समन्वय गृह | २० मिनेट | समूह क्रियाकलापमा आधारित भएर समन्वयको प्रक्रिया पत्ता लगाउनुहोस् जहाँ विभिन्न पक्षले विभिन्न भूमिकाहरू सहित "समन्वय गृह निर्माण गर्नका लागि" संलग्न भएका छन् । | टूल (Tool) २४ "समन्वय गृह" | - समूहहरूका लागि टूल (Tool) २४ "समन्वय गृह"बाट पजल टुक्राहरूको प्रयोग गरी खामहरू बनाउने ।<br>- सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| ३<br>समन्वय गृह, छलफल तथा प्रतिविम्वन | १५ मिनेट | समन्वयसँग सम्बन्धित क्रियाकलापमा भएका विभिन्न पक्षहरू र व्यवहारहरूलाई प्रतिविम्वन र छलफल गरी अघिल्लो क्रियाकलापको रिपोर्ट गर्ने । | टूल (Tool) २४ "समन्वय गृह" | - सहभागीहरूका लागि टूलका प्रति तयार गर्ने । |
| ४<br>सूचना तथा समन्वय चक्र (वैकल्पिक) | ३० मिनेट | चक्रको प्रत्येक चरणलाई र त्यसपछि आउने अर्को चरणतर्फ डोऱ्याउने प्रश्नहरूलाई बुझेर समूह क्रियाकलापको अवधिमा सूचना तथा समन्वय चक्रको स्थापना गर्ने । | टूल (Tool) २५ "समन्वय चक्रको बारेमा सूचना"<br>टूल (Tool) २६ "के को बारेमा सूचना ? | - समूह क्रियाकलापका लागि टूल (Tool) २५ "सूचना तथा समन्वय चक्र" को सबैलाई पुग्ने गरी प्रतिहरू तयार गर्ने ।<br>- सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ५<br>राष्ट्रिय विपद् प्रतिकार संरचना-राष्ट्रिय आपतकालीन संचालन केन्द्र बीच समन्वय | २० मिनेट | विपद् प्रतिकारमा संलग्न पात्रहरूका लागि राष्ट्रिय विपद् प्रतिकार संरचना र राष्ट्रिय आपतकालीन केन्द्रबाट स्थापित समन्वय ढाँचा बारे जानकारी लिने । | टूल (Tool) ५८ "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता तथा समन्वय संरचना"<br>टूल (Tool) ५९ "समन्वय संचार पद्धति" | |
| ६<br>तथ्याङ्क सङ्कलन | २५ मिनेट | विस्थापन पत्तालगाउने म्याट्रिक्स नेपालको तथ्याङ्क सङ्कलन फारम तथा सूचना व्यवस्थापन प्रवाहको बारेमा जानकार हुने । | टूल (Tool) २८ "तथ्याङ्क सङ्कलन फारम"<br>टूल (Tool) २७ "विस्थापन पत्ता लगाउने म्याट्रिक्स नेपाल" | - सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने । |
| ७<br>समापन | ५ मिनेट | उद्देश्यहरूको परिमार्जन । | | - उद्देश्यहरूका लागि फ्लीप चार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने । |

# क्रियाकलाप १

## समन्वयको परिभाषा

- यस सत्रको उद्देश्य भएको फ्लीपचार्ट (वा पावरप्वाइन्ट स्लाइड) देखाउनुहोस् ।
- तालीमका उद्देश्यहरू सबैले सुन्ने गरी पढ्नुहोस् वा एकजना सहभागीलाई पढ्न लगाउनुहोस् । कुनै प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।
- "समन्वय भनेको के हो ?" भन्ने प्रश्नका लागि सहभागीहरूलाई दौंतरी/जोडी साथीमा मस्तिष्क मन्थन गर्न लगाउनु होस् ।
- अध्यावधिक, सान्दर्भिक र दुरुस्त सूचना आदानप्रदान भन्ने शब्दहरू रेखांकन गर्नुहोस् । तथ्याङ्कको विश्लेषण गर्नु महत्वपूर्ण भएजस्तै यसको आदानप्रदान हुनु पर्दछन् भन्ने कुराको टिपोट गर्नुहोस्/ख्याल राख्नुहोस् । संयुक्त योजना तर्जूमा गरिरहेका बेला प्रतिकार्य क्षमताहरूका सीमीतताहरूको टिपोट गर्नु पर्दछ ।
- समन्वय के कुराले प्रभावकारी बनाउंदछ भन्ने प्रश्न सोध्नुहोस् ? फ्लीपचार्टमा उत्तर टिपोट गर्नुहोस् ।
- सहभागीहरूले दिएका उत्तरहरूलाई **टूल** (Tool) **२३ "समन्वयको परिभाषा"** मा समावेश गरिएको समन्वयको परिभाषासँग तुलना गर्नुहोस् ।

**उद्देश्यहरू:**

- प्रभावकारी समन्वयले कसरी विस्थापितहरूको मर्यादा र अधिकारहरूलाई समर्थन गर्दै शिविरको स्तर उकास्नका लागि योगदान पुऱ्याउन सक्दछ भनेर व्याख्या गर्ने ।
- शिविरमा प्रभावकारी समन्वय र सूचना व्यवस्थापनको महत्वको सराहना गर्ने ।
- समन्वय तथा सूचना व्यवस्थापन प्रयोजनका लागि सम्पर्क गर्ने सम्बद्ध पक्षहरूको पहिचान गर्ने ।
- प्रभावकारी समन्वयका चुनौतीहरू बारे छलफल गर्ने ।
- शिविर व्यवस्थापनमा सूचना सङ्कलन गर्ने टूल (Tool) हरूको विश्लेषण गर्ने ।

**टूल** (Tool) **२३ "समन्वयको परिभाषा"**

"समन्वय भनेको सूचना आदानप्रदान गर्ने र आपसी र संयुक्त रुपमा याजना तर्जूमा गर्ने सहमति भएका लक्षहरूको अनुशरण गर्ने प्रक्रिया हो ।

शिविर व्यवस्थापन टूलकिट, २०१५, पाना नं. ६०

टूल (Tool) **२३** समन्वयको परिभाषा

# क्रियाकलाप २

## समन्वय गृह

- आठजनाका दरले समूहहरू बनाउनुहोस्, सातजना सहभागीहरू र एकजना अवलोकनकर्ता ।
- प्रत्येक समूहलाई (टूल (Tool) "समन्वय गृह" बाट थुप्रै ) पजलका टुक्राहरू भएको एउटाको दरले खाम दिनुहोस् । प्रत्येक खाममा फरक सङ्ख्यामा टुक्राहरू राख्नुहोस् । त्यो खाममा पर्याप्त सेटहरू छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस्, अनि प्रत्येक समूहले एउटा सिंगो घर बनाउन दिनुहोस् ।
- प्लेनरीमा देहाय कुरा बताउनु होस् :
  - o प्रत्येक समूहसँग पजलका टुक्राहरू भएको एउटा खाम हुनेछ - प्रत्येक खामपिच्छे टुक्राको सङ्ख्या फरकफरक हुनेछ (**टूल २४ "समन्वय गृह"** बाट) ।
  - o कसैले पनि मौखिक वा लिखित रुपमा कुराकानी गर्न पाउने छैन, तर आँखाको सम्पर्क र साङ्केतिक भाषाको प्रयोग गर्न सकिन्छ ।

- o कसैले पनि दिइएको टुक्रा लान ('चोर्न') पाउंदैन, तर टुक्राहरू स्वेच्छाले अरुलाई दिन वा समूहहरूबीच किनबेच⁄साटासाट गर्न सकिन्छ ।
- o कुनै एउटा समूहले घर निर्माण गरिसकेपछि यो अभ्यास सम्पन्न हुन्छ ।
- o यो अभ्यास सम्पन्न गर्नका लागि १० मिनटको समय उपलब्ध छ ।
- o अवलोकनकर्तालाई छुट्टै प्रस्तुत गर्नुहोस् । उनीहरूको काम अवलोकन गर्ने, टिपोट गर्ने र त्यसपछि आफ्नो अवलोकनबाट आएका कुराहरूलाई समेटेर अन्त्यमा समूह छलफलका लागि सहजीकरण गर्ने हो । उनीहरू नकारात्मकभन्दा पहिले सकारात्मक कुरामा केन्द्रित हुनु पर्दछ र सहभागीहरूलाई आफ्नो व्यवहार⁄बानीव्यहोराको बारेमा छलफल गर्न लगाउनु पर्दछ । अवलोकनकर्ताहरूलाई तलका बूँदाहरूका साथै समूहको बानीव्यहोरा⁄व्यवहारको बारेमा केही उल्लेखनीय कुरा भएमा - हात र आँखाहरूको अवलोकन गर्ने, सहभागीहरूले के महसूस गरिरहेका छन् उनीहरूले आफ्ना अनुभूतिहरू कसरी अभिव्यक्त गर्दछन् भन्ने कुराको टिपोट गर्न प्रोत्साहित गर्नुहोस् ।
- यी कुराहरूमा ध्यान दिनुहोस् - सहभागीहरू विचारहरूको आदानप्रदान गर्न कतिको इच्छुक देखिन्छन्, समूहले कुन बखत सहयोग गर्न शुरु गर्दछ, कसैले आफ्ना कार्डहरू लुकाउंदछ की, कसले धेरै कार्डहरू आफूसँग राख्दछन् की, कसलै आफ्ना सबै कार्डहरू अरुलाई दिन्छन् की, के हुन्छ ?

**टूल (Tool) २४ "समन्वय गृह"**




## क्रियाकलाप ३

### समन्वय गृह, छलफल तथा प्रतिविम्वन

- कुनै एउटा समूहले आफ्नो घर पूरा गरिसकेपछि, यसका सबै सदस्यहरूलाई घेराको छेउमा बस्न लगाउनुहोस् र यस अभ्यासलाई प्लेनरीमा रिपोर्ट गर्नुहोस् ।
- समूहसँग छलफल गर्ने प्रश्नहरू :
  - o उद्देश्यमा पुग्नका लागि कुन तत्वहरूले योगदान पुऱ्याए ?
  - o जिम्मेवारीहरू कसरी बाँडफाँड गरिएको थियो ?
  - o के कस्ता  व्यक्तिगत सीपहरूको आवश्यकता परेको थियो ?
  - o यस खेलले हामीलाई के कुराको सन्देश दिन्छ ?
- प्लेनरी छलफल प्रतिविम्वन र सिकाइका लागि एउटा राम्रो अवसर हो । धेरै हतार नगर्नुहोस, छलफलदेहायसवालहरू आउन सक्दछन् :
  - o हामी समूहहरूमा कस्तो व्यवहार गर्दछौं;

- o गैर शाब्दिक सञ्चार;
- o समन्वय प्रणालीहरू/संरचना वा प्रतिवेदन दिने संरचनाहरूको बारेमा विचार तथा अभिमतहरू ।


- प्रभावकारी समन्वयका मुख्य अवयवहरूमा जोड दिंदै क्रियाकलापको समापन गर्नुहोस् (एउटा साझा लक्ष्य, परिभाषित भूमिका र जिम्मेवारीहरू, सूचना सङ्कलन र आदानप्रदान गर्ने संयन्त्र) ।
- अर्को अभ्यास शुरुगर्नुभन्दा अघि प्रत्येक सहभागीले कस्तो अनुभव गरे र के सिके भनेर टिपोट गर्दै शान्तसँग प्रतिविम्वन गर्न केही समय दिनुहोस् ।

## क्रियाकलाप ४ (वैकल्पिक)

### सूचना तथा समन्वय चक्र


- सहभागीहरूलाई व्याख्या गर्नुहोस् की यस क्रियाकलापले प्रभावकारी समन्वय र सूचना व्यवस्थापन पछाडीको चक्रको अन्वेषण गर्नेछन् ।
- यस क्रियाकलापलाई कसरी सञ्चालन गर्ने भन्नका लागि तलका चरणहरू अवलम्वन गर्नुहोस् :
  - o सहभागीहरूलाई साना समूहहरूमा विभाजन गर्नुहोस् ।
  - o साना समूहहरूलाई अग्रिम रुपमा तयार गरिएका कार्डहरू उपलब्ध गराउनु होस् । प्रत्येक समूहका लागि सूचना र समन्वय चक्र (**टूल** (Tool) **२५ "सूचना तथा समन्वय चक्र"** बाट) १८ वटा छुट्टाछुट्टै कार्डको आवश्यकता पर्दछ ।
  - o यस चक्रमा प्रत्येक समूहलाई कार्डहरूलाई चरणअनुसारको क्रममा मिलाउन लगाउनुहोस् । प्रत्येक चरणमा सोध्ने मुख्य प्रश्न के हो ?
  - o सहभागीहरूलाई तथ्याङ्क सङ्कलन कार्डबाट शुरु गर्न निर्देशन दिनुहोस् ।
  - o पाँच मिनेटको समय दिनुहोस् ।
  - o सहायता प्रदान गर्न र मार्ग निर्देश गर्न सूचना जारी गर्नुहोस् ।
- सहभागीहरूले कार्डहरू कसरी मिलाएका छन् भन्ने प्रश्न सोध्दै प्लेनरीमा यसको क्रम प्रस्तुत गर्नुहोस् ।
- **टूल** (Tool) **२५ "सूचना तथा समन्वय चक्र"** देखाउनुहोस् वा वितरण गर्नुहोस् ।
- चक्रको आसपासका प्रत्येक चरणको बारेमा छलफल गर्नुहोस् ।

**टूल (Tool) २५ "सूचना तथा समन्वय चक्र"**



- केही प्रश्नहरू भए तिनीहरूको जवाफ दिनुहोस् ।
- सहभागीहरूलाई व्याख्या गर्नुहोस् की शिविर व्यवस्थापनसम्बन्धी मुख्य भूमिका भनेको प्रभावकारी रुपमा सूचना आदानप्रदान गर्न र संयुक्त रुपमा योजना तर्जूमा गर्नका लागि समन्वय संयन्त्रको निर्माण गर्नु र त्यसको अनुगमन गर्नु हो ।
- कसैले समन्वय संयन्त्र र टूलको कुनै उदाहरण दिन सक्दछकी भनेर समूहलाई सोध्नुहोस् । सुझावहरू लिनुहोस् र आवश्यकता परेमा समन्य संयन्त्रहरू वा टूलहरूको सूची पूरा गर्नुहोस् (पृष्ठभूमि जानकारी हेर्नुहोस्) ।
- यसलाई सूचना र समन्वय चक्रको तथ्याङ्क सङ्कलनको चरणमा जोडेर सहभागीहरूले शिविरमा कुन सूचना सङ्कलन गर्न चाहन्छन् भनेर उनीहरूलाई मस्तिष्क मन्थन गर्न लगाउनु होस् ।
- सहभागीहरूका टिप्पणीहरू सङ्कलन गरेर सूची तयार गर्नुहोस् ।
- **टूल** (Tool) **२६ “के को बारेमा सूचना”** देखाएर र वितरण गरेर प्रस्तुत गर्नुहोस् । कुनै प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।

**टूल (Tool) २६ “के को बारेमा सूचना”**





टूल (Tool) २६ “के को बारेमा सूचना”

# क्रियाकलाप ५

## राष्ट्रिय विपद् प्रतिकार संरचना – राष्ट्रिय आपतकालीन संचालन केन्द्रबीच समन्वय

- यो क्रियाकलाप राष्ट्रिय विपद् प्रतिकार संरचना तथा राष्ट्रिय आपतकालीन केन्द्रका स्तरीय संचालन प्रक्रियामा उल्लेखित विपद् प्रतिकारका लागि नेपालमा स्थापित समन्वय पद्दतिबारे छोटकरीमा अन्वेषण गर्नुरहेको कुरा सहभागीहरूलाई व्याख्या गर्नुहोस् ।
- **टूल ५८ “राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता र समन्वय संरचना”** लाई देखाउने वा वितरण गर्नुहोस् तथा यो चित्र (डायग्राम) ले विपद् आएदेखि क्लस्टरहरूको सक्रियतासम्मका विभिन्न पाइला र पात्रहरूको संलग्नतामा भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता तथा समन्वय तथा निर्णय गर्ने प्रक्रियासम्बन्धी निरन्तर संकलन, विश्लेषण तथा सूचनाको साझेदारीका साथ नेपालमा विद्यमान समन्वय पद्दति दर्शाउँछ भन्ने कुरा व्याख्या गर्नुहोस् ।
- सहभागीसाथ डायग्राम हेर्नुहोस् र अग्रीमसमयमा घटेका आपतकालीन समयका उनीहरूका अनुभवहरूबारे सोध्नुहोस् ।
- कुनै प्रश्न उठे सोको समाधान गर्नुहोस् ।
- **टूल ५९ “समन्वय तथा संचार संरचना”** देखाउनुहोस् वा वितरण गर्नुहोस् र यो डायग्रामले केन्द्रीय राष्ट्रिय विपद् राहत समिति र राष्ट्रिय आपतकालीन संचालन केन्द्र तथा स्थलगत संचालन समन्वय केन्द्र र बहुराष्ट्रिय सैनिक समन्वय समितिबीच स्थापित समन्वयबारे चर्चा गर्ने कुरा व्याख्या गर्नुहोस् ।
- सहभागीहरूलाई स्थलगत संचालन समन्वय केन्द्र तथा बहुराष्ट्रिय सैनिक समन्वय समितिका भूमिकाबारे परिचित भएनभएको कुरा सोध्नुहोस् । यसबारे छलफल अघि बढाउनुहोस् र सहभागीका कुनै प्रश्न भए सोको जवाफ दिनुहोस् ।

**टूल (Tool) ५८ “राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता र समन्वय संरचना ”**




टूल (Tool) ५८ “राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता र समन्वय संरचना ”

- सहभागीहरूलाई स्थलगत संचालन समन्वय केन्द्र तथा बहुराष्ट्रिय सैनिक समन्वय समिति र यिनीहरूको राष्ट्रिय आपतकालीन संचालन केन्द्रसंगको समन्वयबारे कुनै अग्रीम अनुभव छ कि भनी सोध्नुहोस् ।
- सहभागीहरूलाई जिल्लास्तरमा समन्वय कुन अवस्थामा भंग हुन सक्तछ सोबारे प्रश्न गर्नुहोस् ।
- सहभागीहरूसँगै पूरै डायग्राम अध्ययन गर्नुहोस् र प्रश्न भए जवाफ दिनुहोस् ।

## क्रियाकलाप ६

### तथ्याङ्क सङ्कलन

- शिविरहरूमा बसोबास गरिरहेको जनसङ्ख्याको विस्थापनको मामिलामा शिविरका बासिन्दाहरूलाई सहयोग र संरक्षण प्रदान गर्नु र त्यहाँको अवस्थाको अनुगमन गर्नु ज्यादै महत्वपूर्ण हुन्छ भन्ने कुराको व्याख्या गर्नुहोस् ।
- आन्तरिकरुपमा विस्थापित जनसंखयाको आपतकालीन प्रतिकार अवस्थामा यथाशीघ्र गर्नुपर्ने कुराको महत्व दर्शाउनुहोस् । नेपालका राष्ट्रिय सुरक्षा अंगको एक भूमिकामा शिविरको स्थापना पर्ने कारण उनीहरू आन्तरिक रुपमा विस्थापित जनसंख्याको दर्ता र सो गर्न प्रयोग गरिएका औजारहरूबारे परिचित हुनु जरुरी छ ।
- कुनै शिविरमा आन्तरिक रुपमा विस्थापित जनसंख्याको दर्ता गर्दा कुन प्रकारको सूचना हामीले संकलन गर्दछौं भनी सहभागीहरूलाई सोध्नुहोस् । उत्तरहरू संकलन गरी फ्लिपचार्टमा लेख्नुहोस् र यस विषयमा छलफल अघि बढाउनुहोस् ।
- काम सकिएपछि टूल ६३ "आन्तरिकरुपमा विस्थापित जनसंख्या दर्ता फारम" बाँड्नुहोस् । २०१५ को भूकम्पको आपतकालीन समयमा नेपालमा आन्तरिकरुपमा विस्थापित जनसंख्याको दर्ताका लागि यो टूल प्रयोग भएको कुरा व्याख्या गर्नुहोस् ।
- सहभागीहरूसँगै आन्तरिकरुपमा विस्थापित जनसंख्याको दर्ता फारम क्षेत्रानुसार हरेक क्षेत्रको उद्देश्य व्याख्या गर्दै पढ्नुहोस् । सहभागीहरूको कुनै प्रश्न भए उत्तर दिनुहोस् ।
- आन्तरिकरुपमा विस्थापित जनसंख्याको दर्ता निरन्तररुपमा गरिनुपर्ने र अद्यावधिक राखिनुपर्ने कुरामा व्याख्या गर्नुहोस् । शिविर जनसंख्याबारे बुझ्न यो सूचना अहं उपयोग र महत्वको छ ।
- सहभागीहरूलाई समूहमा विभक्त गर्नुहोस् र उनीहरूले शिविरको प्रोफाइल स्थापना गर्नका लागि शिविरभित्रको सूचनाको बारेमा एउटा सूची तयार गर्नु पर्दछ भन्ने कुराको व्याख्या गर्नुहोस् । अभ्यास पूरा गर्नका लागि समय छुट्याउनुहोस् ।
- आफ्नो काम सम्पन्न गरिसकेपछि उनीहरूलाई आफ्नो प्रतिविम्वन प्रस्तुत गर्न लगाउनुहोस् ।
- विस्थापन पत्ता लगाउने म्याट्रिस तथ्यांक संकलन फारम नेपालमा प्रयोग भएको अर्को सूचना व्यवस्थापन टूल हो र यसले शिविरका मुख्य विशेषताहरू र यस अन्तर्गतका सहायता र सुरक्षा व्यवस्थाको विवरण पार्न सहयोग गर्दछ भन्नुहोस् ।
- **टूल** (Tool) २७ **"विस्थापन पत्तालगाउने म्याट्रिक्स तथ्याङ्क सङ्कलन फारम"** को बारेमा जानकारी दिनुहोस् - सबै सहभागीहरूलाई एकप्रतिको दरले वितरण गर्नुहोस् ।


- विस्थापन पत्तालगाउने म्याट्रिक्स तथ्याङ्क सङ्कलन फारमलाई सहभागीसँगै पुनरावलोकन गर्नुहोस् ।
- समूहलाई स्मरण गराउनु होस्की विस्थापन पत्तालगाउने म्याट्रिक्स एउटा बहु-क्षेत्रगत लेखाजोखा र विश्लेषण टूल हो यसलाई आकस्मिक अवस्थामा शिविरहरूको स्थितिको अनुगमन गर्नका लागि प्रयोग गरिन्छ । विस्थापन पत्तालगाउने म्याट्रिक्स लेखाजोखा सयम क्रममा सङ्कलन गरिएको सूचनाको विश्लेषण गर्न, शिविरको अवस्थाहरूमा भएमा परिवर्तनहरूको संकेत दिन र विस्थापित जनसङ्ख्याको आवश्यकताहरूलाई विश्लेषण गर्नका लागि जतिसम्भव हुन्छ त्यति नै निरन्तर रुपमा सञ्चालन गरिनु पर्दछ ।
- टूल २७ “विस्थापन पत्ता लगाउने म्याट्रिक्स तथ्यांक फारम” पढ्नुहोस विशेषत : यसको संरचना छलफल गर्दै प्रतिवेदन अंगमा जोड दिनुहोस्
- विस्थापन पत्तालगाउने म्याट्रिक्सको लेखाजोखा चक्रमा समय क्रममा शिविरको अवस्थाहरूमा हुने परिवर्तनलाई विश्लेषण गर्दै निरन्तर रुपमा तथ्याङ्क सङ्कलन गर्ने र अन्त्यमा विस्थापन पत्ता लगाउने म्याट्रिक्स डेटावेसद्वारा उत्पादन गरिने प्रतिवेदन तयार गर्ने कुरा समेत समावेश हुन्छ र यस्तो तथ्याङ्कलाई कार्यक्रमको समन्वय र कार्यान्वयनमा कसरी प्रत्यक्ष रुपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरालाई प्रकाश पारिन्छ भनेर विस्थापन पत्तालगाउने म्याट्रिक्स प्रक्रियाको व्याख्या गर्नुहोस् ।
- **टूल** (Tool) **२८ “सूचना व्यवस्थापन प्रवाह”**लाई सूचना सङ्कलन गर्ने आवश्यकतासँग जोडेर (हामी “किन” सूचना सङ्कलन गर्दछौं ?) सत्रको समापन गर्ने तरिकाको रुपमा परिचित गराउँदै यसको बारेमा जानकारी दिनुहोस् । उपयुक्त समन्वयका साथ प्रभावकारीरुपमा सूचना सङ्कलन र व्यवस्थापन गर्दा यसले शिविरमा भएका विस्थापित जनसङ्ख्याको अवस्थामा सुधारगर्ने प्रक्रियाको जानकारी गर्दै सेवा प्रदान कार्यमा भएका अन्तराल/रिक्तताको पहिचानका लागि सहजीकरण गर्दछ भन्ने कुराको व्याख्या गर्नुहोस् ।

**टूल (Tool) २७ “विस्थापन पत्ता लगाउने म्याट्रिक्स तथ्याङ्क सङ्कलन फारम”**


नेपाल भुकम्प प्रभाव संबोधन 2015
विस्थापन अभिलेख तालिका (DTM)
साइट मुल्यांकन फारम
चरण 6

टूल (Tool) २७ “विस्थापन पत्ता लगाउने म्याट्रिक्स तथ्याङ्क सङ्कलन फारम”

**टूल (Tool) २८ “सूचना व्यवस्थापन प्रवाह”**




टूल (Tool) २८ “सूचना व्यवस्थापन प्रवाह”

# क्रियाकलाप ६

## समापन

- उद्देश्यहरूको पुनरावलोकन गर्दै सत्रको समापन गर्नुहोस् ।

# न्यूनतम मापदण्डहरू ०७



# न्यूनतम मापदण्डहरू । पृष्ठभूमि जानकारी

शिविरहरूको डिजाइन, सुदृढीकरण र सुधारहरू सधैं सुरक्षित र स्वास्थ्य वातावरण सुनिश्चित गर्नका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको हुनु पर्दछ । शिविर व्यवस्थापनमा विभिन्न मापदण्डहरू लागू गरिएको भए तापनि शिविरको योजना र डिजाइनमा सहयोग गर्नका लागि अधिकांश संलग्न पक्षहरूले साझा मापदण्डहरूको प्रयोग गर्ने गर्दछन् । साझा मापदण्डहरू मध्येको स्फियर परियोजना हाते पुस्तिका अन्तर्राष्ट्रिय र राष्ट्रिय मानवीय सहायतामा संलग्न पक्षहरूद्वारा प्रयोग गरिने मुख्य सन्दर्भ सामग्री भएको छ ।

स्फियर मापदण्डहरू गैससहरू र रेड क्रस तथा रेडक्रस क्रिसेन्ट अभियानहरूद्वारा सन् १९९४ मा रुवान्डामा सिकिएका पाठहरूको परिणामस्वरुप तयार गरिएका थिए । मानवीय सहायता प्रदान गर्ने क्रममा सामना गर्नुपर्ने चुनौतीहरूका आधारमा प्राकृतिक विपद्हरू, द्वन्द्व र ग्रामीण तथा शहरी दुवै वातावरणहरूमा जटिल आकस्मिक अवस्थाहरूमा लगायत विपद्द्वारा प्रभावित व्यक्तिहरूलाई सहायता प्रदान गर्दा प्रभावकारिता र जवाफ देहितामा सुधार गर्ने लक्ष्यसहित सन् १९९७ मा स्फियर परियोजना शुरु गरिएको थियो ।

यसको परिणामस्वरुप, स्फियर हाते पुस्तिकाको पहिलो संस्करण सन् २००० मा विकसित भयो र सन् २०११ मा प्रकाशित भयो । यस हाते पुस्तिकाको लक्ष्य कार्यसम्पादनमा सुधार गर्नु हो, जसको परिणामस्वरुप यसले व्यक्तिको जीवन गुमाउनुपर्ने अवस्थामा प्रत्यक्ष र उल्लेखनीय न्यूनीकरण गर्न र प्रभावित जनसङ्ख्याहरूबीचको पीडा कम गर्नु हो । स्फियर हाते पुस्तिका २०११ मा उल्लेख गरिएको छ कि विपद् र द्वन्द्वबाट उत्पन्न मानव कष्टहरूलाई न्यून गर्नका लागि सबै पाइलाहरू चाल्नुपर्ने (...) र विपद्बाट प्रभावित व्यक्तिहरूको मर्यादासँग बाँच्न पाउने अधिकार भएको हुनाले सहयोग पाउने अधिकार छ" ।

स्फियर हाते पुस्तिका विस्थापित जनसङ्ख्याको संरक्षण र सहयोगका प्रावधानहरूमा लक्षित स्फियर हाते पुस्तिका सन् २०११ का चारवटा संरक्षण सिद्धान्तहरूद्वारा निर्देशित छ । यी सिद्धान्तहरू निम्नअनुसार छन् :

- तपाईंको कामहरूका कारण अरुलाई हानी नगर्ने;
- व्यक्तिहरूलाई निष्पक्ष पहुँचको सुनिश्चित गर्ने;
- हिंसा/जोरजुलूमका कारण व्यक्तिहरूलाई शारीरिक र मनोवैज्ञानिक हानिबाट संरक्षण;
- अधिकारहरूको दाबी गर्न, उपचारमा पहुँच र दुर्व्यवहारबाट पूर्वावस्थामा आउनका लागि सहयोग गर्ने ।

स्फियरका मापदण्डहरू विश्वभरका मानवीय प्रतिकार्यका असल अभ्यासहरूमा आधारित भइ सहमतिद्वारा विकास गरी स्वीकार गरिएका थिए । यी मापदण्डहरू थप विपद् वा द्वन्द्वबाट प्रभावित सबै व्यक्तिहरूलाई मर्यादाका साथ बाँच्न पाउने अधिकार छ भन्ने सिद्धान्तमा आधारित भएको हुनाले उनीहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानून, मानव अधिकार र शरणार्थी कानूनका आधारमा सहयोग प्राप्त गर्ने र मर्यादाका साथ बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका लागि सहयोग र संरक्षण प्राप्त गर्ने अधिकार छ । यस्तो अधिकारको कुरा खासगरी संकटासन्न समूहहरू र विशेष आवश्यकता भएका व्यक्तिहरूका लागि पर्याप्त भोजन, खाने पानी, लत्ता कपडा, आवास तथा राम्रो स्वास्थ्य, सुरक्षा र निर्भयताका लागि आधारभूत आवश्यकता लगायतका पर्याप्त जीवन निर्वाहका प्रावधानको सवालमा लागू हुन्छ ।

मर्यादाका साथ बाँच्न पाउने अधिकारहरूमा पर्याप्त समग्र जीवन स्तर तथा अमानवीय वा अपमानजनक व्यवहारबाट मुक्त हुने कुरा पर्दछन् । मर्यादाले शारीरिक हितका साथै प्रभावित जनसङ्ख्या र समुदायको मूल्य, आस्था र स्वतन्त्रताहरूप्रतिको सम्मान पनि पर्दछन् ।

स्फियर मापदण्डहरूले मापनीय - गुणस्तरीय र/ वा गुणात्मक न्यूनतम स्तरको सहायताका लागि मार्गदर्शन उपलब्ध गराएर मर्यादा सहितको बाँच्न पाउने अधिकारको अभिव्यक्तिको सङ्केत गर्दछन् । यी मापदण्डहरूले बढ्दो संकटासन्नताको सामना गर्नुपर्ने विशेष आवश्यकता भएका व्यक्तिहरू, जस्तैः बालबालिकाहरू, महिलाहरू, वृद्धवृद्धा तथा स्वास्थ्य अवस्थामा ध्यान दिनुपर्ने व्यक्तिहरू र/वा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित सवालहरूलाई सम्बोधन गर्दछन् ।

स्फियर मापदण्डहरू आकस्मिक अवस्थाको सबै चरणहरूमा लागू हुन्छन् : विपद्को पूर्व तयार, प्रतिकार्य तथा शिघ्र पुनर्लाभ । कुनै स्थितिहरूमा, विभिन्न कारणहरूले गर्दा मापदण्डहरू पूरा हुन सक्दैनन, जस्तै, विस्थापित जनसङ्ख्याका लागि सीमित पहुँच र/वा प्रतिकार्यका लागि सीमित स्रोतसाधनको उपलब्धता । स्फियर मापदण्डहरूको पूर्ण परिपालना सधैं सम्भव नभए तापनि यी मापदण्डहरूले एउटा मूल्याङ्कनको आधार उपलब्ध गराउनुका साथै स्थितिअनुसार क्षमताअनुरुप सहयोग प्रदान गरिएको कुरा सुनिश्चित गर्न एउटा मार्ग निर्देश प्रदान गर्दछ ।

## शिविर व्यवस्थापनका अन्तर्राष्ट्रिय मापदण्डहरू

शिविर व्यवस्थापनमा अन्तर्राष्ट्रिय मापदण्डहरू शिविर जीवनचक्रको तीन चरणमा प्रयोग गरिन्छन् : निर्माण, रेखदेख र मर्मत सम्भार, तथा शिविर बन्द एवं दीर्घकालीन समाधानहरूमा । शिविर व्यवस्थापन गर्दा मापदण्डहरूको प्रयोगले शिविरमा बसोबास गरिरहेको विस्थापित जनसङ्ख्याको स्तरलाई वृद्धि गर्दै त्यसलाई निरन्तरता दिएर जीवनको गुणस्तर वृद्धि गर्ने लक्ष्य राख्दछ ।

शिविर व्यवस्थापनमा प्रयोग भएका मापदण्डहरूमध्ये केही मापदण्डहरूका उदारहणहरूदेहायबमोजिम छन् :

- स्थलको लेखाजोखा, स्थल चयन तथा शिविरको योजना र डिजाइन - सुरक्षा, निर्भयता तथा स्वास्थ्य वातावरण - उदाहरण : तोकिएको स्थलमा न्यूनतम मापदण्ड अनुरुप ( प्रतिव्यक्ति ४२ मि$^{३}$) का आधारमा प्रभावित जनसङ्ख्यालाई समायोजन गर्ने गरी पर्याप्त क्षेत्रफल उपलब्ध गराइनु पर्दछ ।

- विस्थापित जनसङ्ख्याका मानव अधिकारहरूको समर्थन तथा उनीहरूका सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरू पूरा गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि क्षेत्रविशेषको विद्यमान रेखदेख र मर्मत सम्भार तथा प्रतिकार्यको रुपमा प्रदान गरिएको समग्र संरक्षण र सहयोगको अनुगमन गरिएको छ, जस्तै, प्रभावित जनसङ्ख्यालाई पर्याप्त खाने कुरा वितरण गरिएको छ कि छैन भनेर अनुगमन गर्ने; पुनर्वास स्थलमा सुरक्षासँग सम्बन्धित घटनाहरूको सङ्ख्याको अनुगमन गर्ने ।

- सामुदायिक सहभागिता र संलग्नताको प्रवर्द्धन गर्ने - उदाहरण : शिविर समिति क्रियात्मक छ र यसमा सबै समूहहरूको प्रतिनिधित्व छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- तथ्याङ्क सङ्कलन, अन्तराल पहिचान र समन्वयका लागि - प्रभावित जनसङ्ख्याको दर्ता मापदण्डअनुसारको फारमहरूमा आधारित भएर गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

सम्बन्धित मानवीय प्रतिकार्यका लागि असल अभ्यासलाई प्रवर्द्धन गर्ने प्रमुख भूमिका र जिम्मेवारी सरकारको हुने गर्दछ । तथापि, आतिथ्यता प्रदान गर्ने समुदाय र विस्थापित जनसङ्ख्याका साथै आवश्यकता भएमा प्राविधिक विज्ञहरू लगायतका सबै सरोकारवालाहरूलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहहरूमा संलग्न गराउनु अत्यावश्यक हुन्छ ।

यस अध्यायको समग्र उद्देश्य शिविर व्यवस्थापनमा स्फियरका न्यूनतम मापदण्डहरूको व्यवहारिक प्रयोगहरूको जानकारी अभिवृद्धि गर्नु रहेको छ ।

## सिकाइका उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूदेहायकुरा गर्न सक्ने छन् :

- शिविर/सङ्कलन केन्द्र स्थल/संरचनाको छनोटसँग सम्बन्धित प्राविधिक मापदण्डहरूको पहिचान गर्न ।
- स्फियरलाई शिविर व्यवस्थापनमा प्रयोग गरिएका प्राविधिक मापदण्डहरूको मुख्य स्रोतको रुपमा छलफल गर्न ।
- स्फियरको मानवीय बडापत्र, संरक्षणका सिद्धान्तहरू, मापदण्डहरू, सूचकहरू तथा निर्देशन टिप्पणीमा भिन्नता फरक छुट्याउने ।

## मुख्य सन्देशहरू

- शिविर तथा शिविरजस्ता आश्रयस्थलहरू विस्थापित समुदायहरूको सहयोग र संरक्षणको प्रावधानसहित अस्तित्वमा रहन्छन् । सबभन्दा प्रारम्भिक निर्णय भनेको विस्थापित जनसङ् ख्याका लागि तिनीहरू सबभन्दा उपयुक्त तत्कालीन विकल्पहरू हुन की होइनन् भन्ने कुरामा हुने गर्दछ ।
- कुनै पनि शिविर र शिविरजस्तो आश्रयस्थालको प्राथमिकता भयरहित, सुरक्षित तथा स्वस्थकर वातावरण सुनिश्चित गर्नु हो । यस्तो वातावरण प्रभावकारी रुपमा व्यवस्थापन गर्न, सामुदायिक सहभागितालाई सहायता प्रदान गर्न र आधारभूत मानव अधिकारहरूमा पहुँच प्रदान गर्न सक्रिय हुनु पर्दछ ।
- शिविर र शिविरजस्तो बासस्थान, क्षेत्रफल, डिजाइन र अस्तित्वको अवधि परिस्थिति विशेष हुन्छन् । शिविर व्यवस्थापन टीम स्थल/संरचनाको छनोट गर्नमा संलग्न हुनेछ तर वास्तविक रुपमा धेरै सङ्ख्याका विस्थापितहरूका आश्रयस्थलहरू आफैं बस्ती बसाइएका हुन्छन् ।
- शिविर बन्द गर्ने दीर्घकालीन समाधानहरू शिविर/सामूहिक केन्द्रको सञ्चालनको शुरु देखिनै योजना बनाएको हुनुपर्छ ।
- सबै सरोकारवालाहरू (राष्ट्रिय निकायहरू, अन्य क्षेत्रहरू, स्थानीय समुदाय र शिविरका बासिन्दाहरू) का साथै प्राविधिक बासस्थान योजनाकारहरूलाई स्वामित्व एवं उपयुक्त अवस्थाहरू सुनिश्चित गर्नका लागि स्थलको छनोट तथा बासस्थानको डिजाइन गर्नका लागि संलग्न गराउनु अत्यावश्यक हुन्छ । राट्रिय निकायहरूले आवास, जमिन र सम्पत्तिका सवालहरू शिविर समन्वय तथा शिविर व्यवस्थापन कार्यभन्दा पहिल्यै निर्धारण गरेको हुनुपर्छ ।

- स्थलको अवधि प्रायः पूर्वानुमान गर्न नसकिने हुन्छ, शिविरहरू र शिविरजस्ता आश्रयस्थलहरू प्रायः शुरुमा योजना गरेको समयावधिभन्दा बढि सञ्चालन हुने गर्दछन्। डिजाइन गर्दाखेरीसम्भावित भावी परिवेशहरू (जस्तै, जनसङ्ख्या वृद्धि), मर्मत र स्तरोन्नती, स्रोतसाधनहरूको स्थीर आपूर्ति तथा दीर्घकालीन समाधानहरूलाई ध्यानमा राख्नु पर्दछ। सम्भावित समेकन र बहिर्गमन रणनीतिको निर्माणको चरणमा नै योजना बनाइनु पर्दछ।

| क्रियाकलाप | समय | विवरण | टूल (Tool) हरू | तयारी |
|---|---|---|---|---|
| १<br>विपद्सम्बन्धी फ्ल्यास समाचार | १५ मिनेट | मानवीय सहायतामा मापदण्डहरू प्रयोग गर्नका लागि पूर्वाधारको रुपमा मर्यादाका साथ बाँच्न पाउने अधिकारको अवधारणाको अन्वेषण गर्ने। | टूल (Tool) ०५ "शिविर व्यवस्थापन घर"<br>टूल (Tool) २९ "विपद् अध्यावधिक" | - उद्देश्यहरूका लागि फ्लीप चार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने।<br>- सहभागीहरूका लागि टूलहरूको प्रति तयार गर्ने। |
| २<br>न्यूनतम मापदण्डहरू र यसको भूमिका | ३० मिनेट | मापदण्डहरू के हुन्, तिनीहरू के का लागि प्रयोग गरिन्छन्, र तिनीहरू कहाँबाट आउंदछन् भन्ने कुराको जानकारी हासिल गर्ने। स्फियर हाते पुस्तिका, यसको मुख्य संरचना<br>र तत्वहरूको अन्वेषण गर्ने। | टूल (Tool) ३० "मापदण्डहरू हुन् ..."<br>टूल (Tool) ३१ "हामीलाई ... लागि मापदण्डको आवश्यकता पर्दछ"<br>टूल (Tool) ३२ "मापदण्डहरू ... का लागि प्रयोग गरिन्छ"<br>टूल (Tool) ३३ "स्फियर हाते पुस्तिका सन् २०११ संस्करणको परिचय"<br>टूल (Tool) ३४ "स्फियर हाते पुस्तिका"<br>टूल (Tool) ३५ "न्यूनतम मापदण्डहरू र सूचकहरू - शिविरको खाका" | - उद्देश्यहरूका लागि फ्लीप चार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने।<br>- भिडीओ देखाउनका लागि तयार गर्ने (सम्भव भएमा)। |

| | | | | |
|---|---|---|---|---|
| ३<br>अभ्यासमा न्यूनतम मापदण्डहरू | १० मिनेट | टूल (Tool) ३६ “न्यूनतम मापदण्डहरू र अभ्यास । स्थलको चयन र योजना तर्जूमा” को प्रयोग गरेर केही न्यूनतम मापदण्डहरूको अन्वेषण गर्ने । | टूल (Tool) ३६ “न्यूनतम मापदण्डहरू र अभ्यास । स्थलको चयन र योजना तर्जूमा” | - उद्देश्यहरूका लागि फ्लीप चार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने । |
| ४<br>समापन | ५ मिनेट | उद्देश्यहरू परिमार्जन । | | - उद्देश्यहरूका लागि फ्लीप चार्ट (वा पावरप्वाइन्ट) तयार गर्ने । |

# क्रियाकलाप १

## विपद् सम्बन्धी समाचारको झलक

- यस सत्रको उद्देश्यहरू भएको फ्लीपचार्ट देखाउनुहोस् (वा पावरप्वाइन्ट स्लाइड देखाउनुहोस्) ।
- तालीमका उद्देश्यहरू ठूलो स्वरमा पढेर सुनाउनु होस् वा एकजना सहभागीलाई पढेर सुनाउन लगाउनु होस् । केही प्रश्नहरू भएमा स्पष्ट पार्नुहोस् ।
- **टूल** (Tool) **०५ "शिविर व्यवस्थापन गृह"** बाट शिविर व्यवस्थापन गृहको चित्र सहभागीहरूलाई देखाउनुहोस् । समूहलाई प्रतीक चिन्हको मुख्य अवधारणाहरूको बारेमा स्मरण गराउनुहोस् ।
- अन्तर्राष्ट्रिय मापदण्डहरू अन्तर्राष्ट्रिय कानूनी कार्यढाँचा सरहको शिविर व्यवस्थापनको मुख्य ब्लकहरूमध्येको एक हो भन्ने कुरामा जोड दिनुहोस् । हामीले विस्थापित जनसङ्ख्याका लागि सहयोग तथा संरक्षण प्रदान गरिरहेका बखत हामीले विस्थापित व्यक्तिहरूका अधिकारहरूको समर्थन (र विस्थापनको अवधिमा सबैजनाका लागि शिविरको आश्रयस्थलमा मर्यादित जीवनयापनका लागि सहयोग प्रदान) गर्दछौं भन्ने कुरा सुनिश्चित गर्न मापदण्डहरूको प्रयोग गर्दछौं भन्ने कुराको व्याख्या गर्नुहोस् ।
- यस सत्रमा समूहले अन्तर्राष्ट्रिय मापदण्डहरूको बारेमा छलफल गर्नेछ र  शिविर व्यवस्थापनको कार्यढाँचाभित्र सहयोग र संरक्षण प्रदान गर्नका लागीय यिनीहरू किन महत्वपूर्ण हुन्छन् भन्ने कुरा थप्नुहोस् ।
- सहभागीहरूलाई समूहहरूमा विभाजन गर्नुहोस् (प्रति टेवल) ।
- **टूल** (Tool) **२९ "विपद् अध्यावधिक"** वितरण गर्नुहोस् ।
- समूहहरूलाई यो सूचना भर्खरै प्राप्त भएको हो भन्ने जानकारी दिनुहोस् । कार्ड ठूलो स्वरमा पढेर सुनाउनु होस् :


  "आकस्मिक अवस्थापश्चात एउटा कार्यस्थलमा ५०० व्यक्तिहरू आफैं बस्ती बसाएर बसेका छन् । केही बालबालिकाहरूलाई झाडापखाला लागेको पाइएको छ । नजीकको विद्यालयमा दुईवटा शौचालयहरू छन् ।"

- समूहहरूलाई व्याख्या गर्नुहोस् की उनीहरूले कार्डको पछाडी पट्टिका प्रश्नहरूका प्रश्नहरूको जवाफ दिनुपर्ने हुन्छ ।
- सहभागीहरूसँग तीनवटा प्रश्नहरू पढ्नुहोस् :
  - ○ कतिवटा शौचालय निर्माण गरिनु पर्दछ ?
  - ○ पहिलो २४ घण्टामा कति पानी चाहिन्छ ?
  - ○ नयाँ स्थापित समुदायको सहायताका लागि हामीले कस्ता प्रकारका सामग्रीहरू र कति परिमाणमा ढुवानी गर्नु पर्दछ ?

**उद्देश्यहरू:**

- शिविरको सङ्कलन केन्द्र स्थल संरचनाको छनोटसँग सम्बन्धित प्राविधिक मापदण्डहरूको पहिचान गर्ने ।
- स्फियरलाई शिविर व्यवस्थापनमा प्रयोग गरिएका प्राविधिक मापदण्डहरूको मुख्य स्रोतको रुपमा छलफल गर्ने ।
- स्पियरका मानवीय सहायतासम्बन्धी बडापत्र, संरक्षणका सिद्धान्तहरू, मापदण्डहरू, सूचकहरू र निर्देशन टिप्पणीहरूबीचको भिन्नता छुट्याउने ।

**टूल (Tool) ०५ "शिविर व्यवस्थापन गृह"**




**टूल (Tool) २९ "विपद् अध्यावधिक"**

स्थिति:

"आपतकालसँगसँगै ५०० जना व्यक्तिहरूलाई एक क्षेत्रमा स्थानान्तर गरी शिविरमा बसोबासको व्यवस्था मिलाइएको छ । अवलोकनगर्दा केही बालबालिकाहरूलाई झाडापखाला लागेको पाइयो । नजीकको विद्यालयमा दुईवटा शौचालयहरू उपलब्ध भएका छन् ।"

टूल (Tool) २९ विपद् अध्यावधिक

- प्लेनरीमा रिपोर्टिङ्गको सहजीकरण गर्नुहोस् ।
- एउटा फ्लीपचार्टको प्रयोग गर्दै प्रत्येक समूहले दिएका उत्तरहरूको टिपोट गर्नुहोस् र प्रत्येक समूहद्वारा प्रस्तावित विभिन्न जवाफहरूको पुनरावलोकन गर्नुहोस् ।
- मर्यादासहितको जीवनमा पर्याप्त जीवनस्तर र मूल्यहरू र आस्थाहरू सहितको बाँच्न पाउने अधिकारहरू पर्दछन् भन्ने कुरामा जोड दिनुहोस् । हरेक व्यक्तिले मर्यादाका साथ आफ्नो बाँच्न पाउने अधिकारको उपभोग गर्दछ भन्ने कुरा सुनिश्चित गर्नका लागि पर्याप्त जीवनस्तर, जसको अर्थ न्यूनतम तहका सेवा र संरक्षणहरूको आवश्यकता पर्दछ भन्ने कुरामा साझा बुझाइ हुनु महत्वपूर्ण हुन्छ ।
- सहभागीहरूलाई सोध्नुहोस् :
    - o उनीहरूका लागि न्यूनतम तहको सहयोगको अर्थ के हो ?
    - o एकजना व्यक्तिका लागि कति खानेकुराको आवश्यकता पर्दछ ?
    - o एकजना व्यक्तिका लागि कति पानीको आवश्यकता पर्दछ ?
    - o एउटा पालमा कतिजना मानिसहरू बस्न सक्दछन् ?
- समूहलाई व्याख्या गर्नुहोस् की यी उत्तर दिनका लागि कठिन प्रश्नहरू हुन् र विभिन्न मानिसहरूमा आफ्ना अवश्यकता, चाहना र सुविधाहरूप्रति उनीहरूको अधिकार सम्बन्धमा विभिन्न विचारहरू छन् । हामीलाई विपद्को अवस्थामा न्यूनतम स्तरको सेवा प्रदान गर्न सहयोगी स्पियर मापदण्डहरू विश्वव्यापी रुपमा मान्यता प्राप्त र सहमति मानवीय सहायतामा संलग्न समुदाय तथा राज्य पक्षहरूद्वारा प्रयोग गरिने निर्देशक संगालो हो ।

## क्रियाकलाप २

### न्यूनतम मापदण्डहरू तथा यसको भूमिका

- मापदण्डहरू के हुन् भन्ने कुरा सहभागीहरूलाई सोध्नुहोस् ? वृहत अर्थमा मापदण्डहरू के हुन् ? प्लेनरीमा शब्दहरू र तिनीहरूको संयोजनलाई ल्याएर छलफललाई प्रवर्द्धन गर्नुहोस - मापदण्डहरू भनेका स्तरहरू, लक्ष्यहरू, मापन, साझा कार्यढाँचा र स्वीकार गरिएका भाषा हुन भन्ने निचोड निकाल्नुहोस् ।
- शिविरहरूसँग सम्बन्धित मापदण्डहरू के हुन भनेर सहभागीलाई सोध्नुहोस् ?
- शिविरसँग सम्बन्धित मापदण्डहरू भनेका शिविरको जनसङ्ख्याको मर्यादासहितको जीवनयापन सुनिश्चित गर्नका लागि हामीले गर्ने कामका लागि योजना बनाउने, अनुगमन गर्ने र मूल्याङ्कन गर्ने तरिका हुन भन्ने निचोड निकाल्दै प्लेनरीमा छलफललाई प्रवर्द्धन गर्नुहोस् । मापदण्डहरू भनेका खाना, आवास, पानी र अन्य सेवाहरूसँग सम्बन्धित अधिकारहरूको भौतिक प्रतिबिम्ब हुन् । यिनीहरू नै हाम्रा स्तरका मापन हुन् ।

- **टूल** (Tool) **३० "मापदण्डहरू भनेका ... हुन"** सहभागीहरूलाई वितरण गर्नुहोस्, र उनीहरूसँगै बूँदाहरूको पुनरावलोकन गर्नुहोस् ।
- हामीलाई किन मापदण्डहरूको आवश्यकता पर्दछ भन्ने कुरा सहभागीहरूलाई सोध्नुहोस् ?
- **टूल** (Tool) **३१ "हामीहरूलाई मापदण्डहरू ... का लागि आवश्यक पर्दछन्"** सहभागीहरूलाई वितरण गर्नुहोस्, र उनीहरूसँगै बूँदाहरूको पुनरावलोकन गर्नुहोस् ।

समता - मापदण्डहरूको प्रयोगले उपयुक्त सेवा प्रदान गर्ने कुरा सुनिश्चित गरेर शिविरहरू र व्यक्तिहरूको बीचका द्वन्द्व न्यूनीकरण गर्नका लागि सहयोग गर्न सक्दछन् ।

जवाफदेहिता - यसले प्रभावित जनसङ्ख्यालाई सहायता प्रदान गर्नेहरूको जवाफदेहितालाई जनाउंदछ । यस अवधारणाले मानिसहरूलाई उनीहरूका अधिकारहरूको बारेमा सुसूचित गराउने र सहायता प्रदान गर्नेहरूलाई जवाफदेहि बनाउन (सामान्यतः सरकारहरू र गैससहरू दुवैलाई लगभग नयाँ अवधारणा) का लागि शिविरका बासिन्दाहरूलाई संयन्त्रहरूको जानकारी प्रदान गर्ने उपायको प्रवर्द्धन गर्दछ ।

पैरवी - मापदण्डहरूले सहयोग प्राप्त गर्ने अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताहरूको प्रतिनिधित्व गर्ने भएकोले मानिसहरूका अधिकारहरूको संरक्षणका लागि अतिरिक्त स्रोतसाधनहरूका साथै संयन्त्रहरूको पैरवी गर्ने उपयोगी कार्यमञ्च उपलब्ध गराउंदछन् ।

कार्यसम्पादन मापन - मापदण्डहरूले व्यक्ति र संस्थाहरू दुवैको कार्यसम्पादन मापन गर्ने मापदण्ड उपलब्ध गराउंदछन् । अन्ततोगत्वा,, यसले सहयोग र संरक्षणका प्रावधानमा अझ बढि गुणस्तर अभिवृद्धि गर्नु पर्दछ ।

स्रोत प्रयोगको औचित्य - जसरी मापदण्डहरू योजना तर्जूमा गर्नका लागि प्रभावकारी टूल हुन, त्यसैगरी यिनीहरूले हामीले कहिले र कहाँ स्रोतसाधनहरूको प्रयोग गर्नु पर्दछ भन्ने उपयोगी मार्गदर्शन प्रदान गर्दछन् । उदाहरणका लागि, यदि आवास वातावरणीय, आर्थिक र सांस्कृतिक रुपमा उपयुक्त स्रोतसाधनहरूको प्रयोग गरी निर्माण गर्न सकिन्छ भने यसले अनुपयुक्त सामग्रीहरूको प्रयोग नगर्नु भन्ने उपयोगी तर्क प्रदान गर्दछ ।

समन्वयका लागि सहजीकरण - अन्तर्राष्ट्रिय मापदण्डहरूले के गरिनु पर्दछ भन्ने कुरामा प्रकाश पार्दै साझा भाषा प्रदान गर्दछन् ।

सहभागिताप्रवर्द्धन - अन्तर्राष्ट्रिय मापदण्डहरूले प्रभावित व्यक्तिहरूको सहभागिताका लागि तथा यो कसरी गर्न सकिन्छ भन्ने उपयोगी मार्गदर्शन प्रदान गर्नका लागि तर्क गर्दछन् ।

सुसूचित प्रक्रियाहरू - हामीहरूलाई मापदण्डहरूले के गरिनु पर्दछ मात्र भन्दछन्, तिनीहरूले यो कसरी गरिनु पर्दछ भन्ने उपयोगी जानकारी समेत प्रदान गर्दछन्, र अन्य क्षेत्रहरूसँगको अन्तरसम्बन्धलाई जोड दिन्छन् ।

थप नोक्सानी हुन नदिने - 'हानी नगर' पद्धत्ति लाभग्राहीको संकटासन्नतालाई शारीरिक तथा मनोसामाजिक दुवै खालका जोखिमहरू बढाउन सक्ने खालको सहायताको कुनै पनि नकारात्मक असरको रोकथाम तथा न्यूनीकरण गर्नका लागि हो । अन्तत यी मापदण्डहरूको लक्ष्य मर्यादाका साथ बाँच्न पाउने अधिकारको रक्षा गर्नु हो ।

**टूल (Tool) ३० "मापदण्डहरू भनेका ... हुन"**

मापदण्डहरूदेहायअनुसार छन् .......

- न्यूनतम स्वीकारयाग्य तह वा अवस्थासम्मका लागि निर्देशिका
- प्रगति मापन गर्ने मापदण्डहरू
- सहमति गरिएको साझा "भाषा"
- योजनालाई मार्गदर्शन गर्ने उद्देश्यहरू
- मूल्याङ्कनका लागि मापन
- अधिकारको प्रस्फुठित अभिव्यक्ति .........

टूल (Tool) ३० मपदण्डहरू .......

**टूल (Tool) ३१ "हामीहरूलाई मापदण्डहरू ... का लागि आवश्यक पर्दछन्"**

**हामीहरूलाईदेहायकुराका लागि मापदण्डहरूको आवश्यकता पर्दछ .......**

- समता
- सांस्कृतिक रुपमा स्वीकारयोग्य हुने गरी लैङ्गिक समानताको प्रबर्द्धन गर्ने
- जवाफदेहिता
- पैरवी
- कार्यसम्पादन मापन गर्ने
- स्रोत साधनको परिचालनलाई औचित्यपूर्ण बनाउने
- समन्वयका लागि सहजीकरण गर्ने
- सहभागिताको प्रबर्द्धन गर्ने
- प्रक्रिया । नीतिहरूसम्बन्धी सुसूचित गर्ने
- योजना निर्माणको महत्वपूर्ण चरण
- थप नोक्सान पुऱ्याउने कारणहरूबाट अलग रहने

टूल (Tool) ३१ हामीहरूलाई मापदण्डहरूको आवश्यकता पर्दछ .......

हामीहरूलाई मापदण्डहरू हामीले शिविरको जनसङ्ख्याका लागि मर्यादाका साथ बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका लागि गर्ने कामको योजना बनाउन, अनुगमन तथा मूल्याङ्कन गर्नका लागि आवश्यक पर्दछन् भन्ने कुरा थप्नुहोस् । मापदण्डहरू भनेका खाना, आवास, पानी र अन्य सेवाहरूसँग सम्बन्धित भौतिक प्रतिबिम्ब हुन् । व्याख्या गर्नुहोस् की मापदण्डहरू **टूल** (Tool) **३१ "हामीहरूलाई मापदण्डहरू ... का लागि आवश्यक पर्दछन्"** मा उल्लेख गरिएका सबै कारणहरूका लागि तथा स्थलको योजना तर्जूमा गर्नका लागि साझा भाषा उपलब्ध गराउनका लागि महत्वपूर्ण हुन्छन् । अधिकांश मानवीय सहायताका लागि संलग्न एजेन्सीहरूले उनीहरूका कार्यक्रमहरूको डिजाइन र कार्यन्वयनमा यी मापदण्डहरू र सूचकहरू नियमित रुपमा प्रयोग गर्ने गर्दछन् । यिनीहरूले सरकारहरूलाई अन्य एजेन्सीहरूसँग समन्वय गर्ने तरिका प्रदान गर्न सक्दछन् ।

- सहभागीहरूलाई सोध्नुहोस्, मापदण्डहरू केका लागि प्रयोग गरिन्छन् ?
- सहभागीहरूलाई **टूल** (Tool) **३२ "मापदण्डहरू ... का लागि प्रयोग गरिन्छन्"** प्रस्तुत गर्नुहोस् र उनीहरूसँगै प्रत्येक बूँदाको पुनरावलोकन गर्नुहोस् ।
  उल्लेख गर्नुहोस् की यो ज्यादै परिस्थिति विशेष हुने गर्दछ तर मापदण्डहरू शिविर जीवनचक्रको सबै चरणहरूमा लागू हुन्छ र सबै तीन चरणहरूमा यिनीहरूले महत्वपूर्ण भूमिका खेल्दछन् ।

**टूल (Tool) ३२ "मापदण्डहरू ... का लागि प्रयोग गरिन्छन्"**

**देहायकाकुराका लागि मापदण्डहरूको प्रयोग गरिएको छ .....**

- निर्माण स्थल । संरचनाको छनोट
- संरचना र निर्माण स्थलको मूल्याङ्कन (योजना तर्जूमा । डिजाइन । नविकरण)
- रेखदेख तथा मर्मत सम्भारको निरन्तरता
- समग्र संरक्षण र सहयोगको अनुगमन
- सामुदायिक सहभागिताको प्रवर्द्धन
- तथ्याङ्क सङ्कलन, अन्तरको पहिचान तथा समन्वय
- आकस्मिक अवस्थाका लागि योजना तजुमा (पूर्व तयारी)

टूल (Tool) ३२ मापदण्डहरूको प्रयोग ......

- सहभागीहरूलाई सोध्नुहोस्, मापदण्डहरू कहाँबाट आउंदछन् ?
- व्याख्या गर्नुहोस् की यस सत्रमा स्फि्यर मुख्य सन्दर्भ सामग्री हुनेछ । धेरै एजेन्सीहरूका आफ्नै चालू मापदण्डहरू हुन्छन् भन्ने कुरा स्वीकार गर्नुहोस् । तथापि, जटिल आश्रय स्थलहरूमा विभिन्न खाले पक्षहरूसँग कामगर्दा साझा मापदण्ड प्रयोग गर्नाले योजना तर्जूमा गर्न र डिजाइन गर्न उल्लेखनीय मद्धत पुग्नेछ ।

  विपद्को समयमा हामीहरूलाई न्यूनतम स्तरको सहायताका प्रदान गर्नका लागि सहयोग गर्न यस्तो समयमा मानवीय सहायता समुदायहरू राज्यका सम्बद्ध पक्षहरूले प्रयोग गरेका विश्वव्यापी रुपमा पहिचान पाएका स्वीकार गरेका स्फि्यर मापदण्डहरू अग्रणी संगालो हुन् ।

  स्फि्यर मापदण्डहरू विश्वमा सबै प्रकारका आकस्मिक प्रतिकार अवस्थाहरूमा प्रयोग गर्नका लागि विभिन्न मानवीय कार्यमा संलग्न पक्षहरूद्धारा तयार गरिएका थिए । स्पियर मापदण्डहरू विश्वव्यापी मानव अधिकारहरूलाई समर्थन गर्दै तिनीहरूका न्यूनतम आधारहरूलाई सम्मान गर्दै सहायता र संरक्षण प्रदान गरिन्छ भन्ने कुरा सुनिश्चित गर्नका लागि महत्वपूर्ण हुने गर्दछन् ।

- व्याख्या गर्नुहोस् की स्फि्यर परियोजना हाते पुस्तिका सबभन्दा सामान्य मापदण्डहरूमध्येको एक मानिने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहका मानवीय कार्यमा संलग्न पक्षहरूका लागि प्रयोग गर्ने मुख्य सन्दर्भ सामग्री भएको छ ।

  स्फि्यर मापदण्डहरू गैससहरू र रेडक्रस तथा रेडक्रस क्रिसेन्ट अभियानहरूद्वारा सन् १९९४ मा रुवान्डामा सिकिएका पाठहरूको परिणामस्वरुप तयार गरिएका थिए । मानवीय सहायता प्रदान गर्ने क्रममा सामना गर्नुपर्ने चुनौतीहरूका आधारमा प्राकृतिक विपद्हरू,

द्वन्द्व, र ग्रामीण तथा शहरी दुवै वातावरणहरूमा जटिल आकस्मिक अवस्थाहरूमा लगायत विपद्द्वारा प्रभावित व्यक्तिहरूलाई सहायता प्रदान गर्दा प्रभावकारिता र जवाफदेहितामा सुधार गर्ने लक्ष्य सहित सन् १९९७ मा स्फियर परियोजना शुरु गरिएको थियो ।

यसको परिणामस्वरुप, स्फियर हाते पुस्तिकाको पहिलो संस्करण सन् २००० मा विकसित भयो । सबभन्दा अन्तिम स्फियर हाते पुस्तिका सन् २०११ मा प्रकाशित भयो । यस हाते पुस्तिकाको लक्ष्य कार्यसम्पादनमा सुधार गर्नु हो, जसको परिणामस्वरुप यसले व्यक्तिको जीवन गुमाउनुपर्ने अवस्थामा प्रत्यक्ष र उल्लेखनीय न्यूनीकरण गर्न र प्रभावित जनसङ्ख्याहरूबीचको पीडा कम गर्नु हो । स्फियर हाते पुस्तिका २०११ मा उल्लेख गरिएको छ कि "विपद् र द्वन्द्वबाट उत्पन्न" मानव कष्टहरूलाई न्यून गर्नका लागि सबै (...) र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूको मर्यादासँग बाँच्न पाउने अधिकार भएको हुनाले सहयोग पाउने अधिकार छ" ।

- **टूल** (Tool) **३३ "स्फियर हस्त पुस्तिका सन् २०११ संस्करणको परिचय"** शिर्षकको भिडियो सहभागीहरूलाई देखाउनु होस् (यदि सम्भव भएमा भिडियो देखाउनुहोस् - यस भिडियो १० मिनेट अवधिको छ भन्ने कुरा ध्यान दिनुहोस्)
- **टूल** (Tool) **३४ "स्फियर हस्त पुस्तिका"** बारेमा सहभागीहरूसँग छलफल गर्नुहोस् र उनीहरूसँगै टूल (Tool) को पुनरावलोकन गर्नुहोस् ।

(टूल (Tool) ३३ "स्फियर हस्त पुस्तिका" को पाना नं. १)

दुईवटा मूलभूत विश्वास र छ वटा मूलभूत मापदण्डहरू हस्त पुस्तिकाका अत्यावश्यक कार्यमञ्च हुन् । स्फियरका मूलभूत विश्वासहरू अन्तर्राष्ट्रिय कानूनमा आधारित छन् भन्ने कुराको व्याख्या गर्नुहोस् ।

हस्त पुस्तिका समयको क्रमसँगै परिवर्तन भएको छ भन्ने कुराको व्याख्या गर्नुहोस् । टूल (Tool) मा समावेश गरिएको चाहीं हालको संरचना हो ।

(टूल (Tool) ३३ "स्फियर हस्त पुस्तिका" को पाना नं. २)

सहभागीहरूसँगै पाठको पुनरावलोकन गर्नुहोस् - सहभागीहरूलाई स-स्वर बाचन गर्न लगाउनु होस् ।

(टूल (Tool) ३३ "स्फियर हस्त पुस्तिका" को पाना नं. ३)


यो कुराको व्याख्या गर्नुहोस् की मापदण्डहरूले मानिसहरूका अधिकारहरू अभिव्यक्त गर्दछन् भने सूचकहरू परिस्थिति विशेषका हुन्छन् र निर्देशक टिप्पणीहरूसँगै जोडेर प्रयोग गरिनु पर्दछ । सूचकहरू मापदण्डहरू पूरा भए की भएनन् भनेर मापन गर्ने माध्यमहरू हुन् ।

- सहभागीहरूलाई **टूल** (Tool) **३५ "न्यूनतम मापदण्डहरू र सूचकहरू - शिविरको खाका"** को भिडियो देखाउनुहोस् (यदि सम्भव भएमा भिडियो देखाउनुहोस् - यो भिडियो नामिवियाको उस्तै क्षमता अभिवृद्धि परियोजनाको परिवेश अन्तर्गत तयार गरिएको हो भन्ने कुरा उल्लेख गर्नुहोस्) ।
- उठ्न सक्ने कुनै पनि प्रश्नहरूलाई प्रष्ट पार्नुहोस् ।

**टूल (Tool) ३३ "स्फियर हस्त पुस्तिका सन् २०११ संस्करणको परिचय"**




**टूल (Tool) ३४ "स्फियर हस्त पुस्तिका"**




**टूल (Tool) ३५ "न्यूनतम मापदण्डहरू र सूचकहरू - शिविर को खाका"**




- प्लेनरीमा सहभागीहरूलाई नेपालमा स्पियरका मापदण्डहरूको प्रयोगका सन्दर्भमा प्रतिविम्विन गर्न लगाउनुहोस्। के स्पियर मापदण्डहरूको प्रयोग गरिएको छ वा पूरा गरिएका छन् ? के पर्याप्त त्रिपालहरू उपलब्ध भएका छन् ? के शिविर स्थलमा त्यहाँको जनसङ्ख्याका लागि पर्याप्त सङ्ख्यामा शौचालयहरू तथा सरसफाइ सुविधाहरू छन् ? सुविधाहरूको गुणस्तर कस्तो छ ? छलफललाई प्रवर्द्धन गर्नुहोस् र केही प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस्।
- विस्थापित जनसङ्ख्याको संरक्षण र सहयोगमा यथेष्ठ पहुँच छ, विस्थापनको अवधिमा मर्यादाका साथ बाँच्न पाउने अधिकार छ र विस्थापनको अवधिमा सम्मानजनक गुणस्तरीय जीवन छ भन्ने सुनिश्चित गर्नका लागि  स्पियर अत्यावश्यक टूल हो भन्ने कुरालाई जोड दिंदै क्रियाकलापको अन्त्य गर्नुहोस्। शिविर स्थल निर्माणमा न्यूनतम मापदण्डहरूको प्रयोग गर्नका लागि विस्थापनको अवधिमा मर्यादाका साथ बाँच्न पाउने अधिकार सुनिश्चित गर्न योगदान योगदान पुऱ्याउन प्रत्येक व्यक्ति जिम्मेवार छ। यदि मापदण्डहरू पूरा नभएमा अन्तरालहरूको पहिचान गर्न र सवालहरूलाई सम्बोधन गर्नका लागि आवश्यक कार्वाही गर्नु जरुरी छ।

## क्रियाकलाप ३

### अभ्यासमा न्यूनतम मापदण्डहरू

- सहभागीहरू समक्ष **टूल** (Tool) **३६ "न्यूनतम मापदण्डहरू र अभ्यास। स्थलको छनोट र योजना तर्जूमा"** प्रस्तुत गर्नुहोस्।
- व्याख्या गर्नुहोस की यस टूलले स्थलको छनोट तथा योजना तर्जूमाका साथै अभ्यासमा न्यूनतम मापदण्डहरूको प्रयोगका लागि केही मार्गदर्शन प्रदान तथा दृष्टान्त प्रस्तुत गर्दछ।
- सहभागीहरूलाई आठ वटा समूहमा विभाजन गर्नुहोस् टूलको एक पानाको दरले एक समूह, र प्रत्येक समूहलाई यो पाना अध्ययन गर्न लगाउनुहोस्। प्रत्येक समूहले एकजना वक्ता तोक्नु पर्दछ। समूहलाई टूलको आफ्नो पानोको पुनरावलोकन गर्ने समय दिनुहोस्। यसपछि, प्रत्येक समूहले अन्य सहभागीहरू समक्ष **टूल** (Tool) **३६ "न्यूनतम मापदण्डहरू र अभ्यास। स्थलको छनोट र यो जना तर्जूमा"** को पाना समावेश भएका विभिन्न तत्वहरू र तिनीहरूको सान्दर्भिकताको व्याख्या गर्दै प्रस्तुत गर्नेछन्।
- आवश्यक भएमा सबै समूहहरूका प्रस्तुतीहरूलाई सच्याउनु का साथै पूरा गर्नुहोस् र प्रश्नहरू लिनुहोस्।
- व्याख्या गर्नुहोस् की यो अर्को सत्रसँग सम्बन्धित हुनेछ जसमा स्थलको योजना तर्जूमा र निर्माणको बारेमा विस्तृत रुपमा छलफल गरिने छ।

**टूल (Tool) ३६ "न्यूनतम मापदण्डहरू र अभ्यास। स्थलको छनोट र योजना तर्जूमा"**




## क्रियाकलाप ४

### समापन

- उद्देश्यहरूको पुनरावलोकन गरेर सत्रको समापन गर्नुहोस्।




# ०८

## शिविरको जीवन चक्र । निर्माण

शिविरको जीवनचक्रको हरेक चरणका आफ्नै विशेषताहरू र चुनौतीहरू छन् । निर्माण, रेखदेख, मर्मत सम्भार, र दीर्घकालीन समाधानहरू एवं शिविर बन्द गर्ने कुरा एकआपसमा सम्बन्धित हुन्छन् ।

शिविर स्थापना गर्ने कुरा अस्थायी आवासका अन्य कुनै समाधानहरू नभएको खण्डमा मात्र अन्तिम विकल्पको रुपमा गरिनु पर्दछ । तथापि, यदि आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई अस्थायी बासस्थानको आवश्यकता परेमा शिविरको जीवन चक्रलाई तीन चरणहरूमा विभाजन गर्न सकिन्छ :

- योजना तथा निर्माण
- रेखदेख तथा मर्मत सम्भार
- दीर्घकालीन समाधानहरू र बन्द गर्ने प्रक्रिया

## निर्माण चरण :

अस्थायी शिविर/स्थलहरूको छनोट र खाकाले विस्थापित व्यक्तिहरूको स्वास्थ्य तथा भावि जिविकोपार्जनका विकल्पहरूमा उल्लेखनीय प्रभाव पार्न सक्दछन् । स्थल चयन र स्थलको खाका सामान्यतः जमिनको उपलब्धता र जोखिम विश्लेषणमा निर्भर रहन्छ । जोखिम विश्लेषणले पनि आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको जिविकोपार्जनमा पार्ने प्रभावको बारेमा सुझाउनु पर्दछ । योजना तर्जूमा गर्दा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूका आवश्यकताहरू र पहिल्यैदेखि विद्यमान रहेका वा विस्थापनको बखत अझ खराब भएका संकटासन्नताहरूलाई समावेश गर्नु पर्दछ ।

विभिन्न प्रकारका शिविरहरू/स्थलहरू हुन्छन् जस्तैः आफैं बस्ती बसाइएका र योजनावद्ध रुपमा निर्मित स्थलहरू ।

## आफैं बस्ती बसाइएका पुनर्वास स्थलहरू

आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू सम्बन्धित निकायहरू वा सरकारका साझेदारहरूको सहयोग बिना आफूलाई सुरक्षित लागेको स्थानमा स्वतन्त्र हिसावले आश्रय लिन सक्दछन् । आफैं बस्ती बसाईका पुनर्वास स्थलहरू स्वतःस्फूर्त रुपमा प्रायः सामुदायिक जमिन वा कसैको स्वामित्व नभएको जमिन वा सम्पत्तिमा आश्रय स्थल बन्न पुग्दछन् । यो शिविरका प्रकारहरूमध्ये सबभन्दा सामान्य प्रकार हो ।

## योजनावद्ध अस्थायी स्थलहरू

योजनावद्ध वा सरकारी पुनर्वास शिविरहरूमा अरुभन्दा राम्रो पूर्वाधार तथा सेवाहरूका साथै स्तरीय संरक्षण प्रदान गर्दछन् । पानी, सरसफाइ सुविधाहरू, शिक्षा तथा स्वास्थ्य सेवाजस्ता अत्यावश्यक सेवाहरू स्थानीय प्रथाहरू अनुसार प्रदान गरिनु पर्दछ र सम्भव भएसम्म सबभन्दा उच्चस्तरीय सेवा प्रदान गर्ने प्रयास गरिनु पर्दछ । स्फियरले आवास तथा पानी, सरसफाइ तथा स्वच्छता सहयोगहरू प्रदान गर्ने राम्रो मार्गदर्शन र प्राविधिक सूचकहरू अघि सार्दछन् । शिविर बन्दगर्दा केवल एउटा मात्र सामान्य ‘विधि’ छैन ।

## स्थलको चयन र योजना तर्जूमा

स्थलको चयन गर्ने वा आश्रयस्थलका लागि भौतिक स्थान पत्ता लगाउने पहिलो कदम हो । यस्तो स्थल प्रकोपहरूबाट सुरक्षित हुनुपर्दछ र मानव बस्तीका लागि उपयुक्त हुनु पर्दछ र अस्थायी रुपमा मानव बस्तीका लागि ठीक छ भनेर टुंगो लगाउनुभन्दा पहिले यससँग सम्बन्धित जमिनको स्वामित्व र प्रयोगका बारेमा सबै कानूनी सवालहरूको पहिचान गर्नु पर्दछ ।

स्थलको चयन गर्दा तलका मापदण्डहरूलाई ध्यान दिनु पर्दछ :

## सुरक्षा

- प्राकृतिक र मानवसिर्जित प्रकोप । उदाहरण : यस्तो स्थलको आसपासमा औद्योगिक क्षेत्रहरू भएको ।
- ज्यादै खराव जलवायुको अवस्था । उदाहरणः स्थललाई बाढि, कडा बतास वा अन्य वातावरणीय जोखिमहरूबाट टाढा राखिनु पर्दछ ।
- वातावरणीय र स्वास्थ्य अवस्थाहरू । उदाहरण : यस्तो क्षेत्रमा खासगरी स्वास्थ्यसम्बन्धी जोखिमको लेखाजोखा गरिनु पर्दछ, जस्तै, औलो, क्षेय र हैजाको जोखिम ।
- संवेदनशील क्षेत्रको आसपासको क्षेत्रहरू (हालको वा पहिलेको द्वन्द्व क्षेत्रहरू) । उदाहरण : शिविर कम्तिामा पनि द्वन्द्वको सम्मुख/विवादित इलाका वा अन्य कुनै प्रकोपहरूबाट ५० कि.मि. को दुरीमा हुनु पर्दछ ।
- सुरक्षित स्थानमा सार्नका लागि बाटो भएको ।

## पहुँच भएको

- शिविरहरू सबै मौसमहरूमा सजिलै आवतजावत गर्न सकिने हुनु पर्दछ ।
- विस्थापित जनसङ्ख्याको आवागमन, सामान/सेवाहरूको आपूर्ति, यसको आसपासमा आधारभूत सेवाहरूमा पहुँछ । उदाहरणहरूः अस्पताल, बजार, विद्यालय ।
- जिविकोपार्जनका लागि पहुँचलाई ध्यान दिनु पर्दछ ।

## जमिनको उपलब्धता तथा भौगोलिक स्थिति र माटोका विशेषताहरू

- सतहको न्यूनतम क्षेत्रफल : प्रतिव्यक्ति ३५-४५ मि$^{२}$ (स्फियर मापदण्ड)।
- आवश्यकता भएमा विस्तार गर्न सक्ने सम्भावना।
- स्थलका लागि माटोको प्रकार र प्रयोग गरिएको जमिनलाई ध्यान दिनुहोस्।
- भौगोलिक स्थिति र जमिनको अवस्थाहरूलाई ध्यान दिनुहोस् (खासगरी मौसमहरूसँग सम्बन्धित) - हल्का भिरालो जमिन सुझाव गरिएको छ (१ देखि ५% को बीचमा)
- स्थानीय समुदाय र स्थानीय समुदायका सदस्यहरूसँग सहयोगात्मक सम्बन्ध स्थापित गर्ने कुरामा ध्यान दिनुहोस्।

## स्रोत साधन, पानी तथा इन्धनमा पहुँच

- स्थलको छनोट गर्दा पानीको उपलब्धता सबभन्दा महत्वपूर्ण आधारमध्येको एक हो।
- सुख्खा मौसममा पानीको मात्रा तथा विस्थापित जनसङ्ख्याको आधारभूत आवश्यकता (प्रति दिन प्रति व्यक्ति ७.५-१५ लिटर का दरले हिसाब गरिएको) लाई ख्याल गरी सबै मौसमहरूमा पर्याप्त परिमाणमा पानी उपलब्ध हुनु पर्दछ।
- खाना पकाउन र ताप्नका लागि मुख्य स्रोतको रुपमा दाउराको परिमाणलाई ख्याल गरिनु पर्दछ (प्रति दिन प्रति व्यक्ति ०.६-२.८ के.जी. का दरले हिसाब गरिएको)। दाउराको व्यवस्था गर्दा सम्भव भएसम्म सांस्कृतिक मान्यताहरू तथा स्थानीय तहमा वातावरणीय प्रभावलाई समेत ख्याल गरिनु पर्दछ।
- जुन तरिकाले दाउरा काट्ने गरिएको छ त्यसलाई पनि योजनावद्ध गरिनु पर्दछ। शिविरको आसपासमा पर्याप्त दाउरा उपलब्ध नहुंदा विस्थापित व्यक्तिहरूले प्रकोपको जोखिम निम्त्याएर लामो दुरीमा हिंड्नु पर्ने हुन्छ।
- आवश्यक परेका बखत स्थानीय समुदायमा सुविधाहरू/पूर्वाधारमा पहुँच सुनिश्चित गर्ने कुरामा ख्याल गरिनु पर्दछ।

## वातावरणीय सरोकारहरू

- शिविर स्थापना गर्दा स्थानीय वातावरणमा पर्ने नकारात्मक प्रभावलाई पत्ता लगाउनु महत्वपूर्ण हुन्छ - खासगरी शिविर जीवन चक्रको भावी चरणहरूमा (शिविर बन्द गर्ने र जमिनको प्रयोग र गुणस्तरलाई पूर्वावस्थामा ल्याउंने लगायत)।
- शिविरको हाता भित्र वा बाहिर फोहोरमैला र शौचालयको लागि खाल्डोको व्यवस्था गरेर ठोस फोहोरमैला विस्थापन उपयुक्त तवरले गरिनु पर्दछ।

स्मरण गर्नु पर्ने महत्वपूर्ण कुरा के छ भने स्थलको पहिचान गर्ने र उपयुक्त भएअनुसार शिविर व्यवस्थापनका सम्बद्ध पक्षहरूलाई नेतृत्व गर्ने प्रमुख जिम्मेवारी सरकार र शिविर व्यवस्थापनका अग्रणी पात्रहरूको हुन्छ। छलफल र सम्झौता गर्दा सम्बन्धित सरोकारवालाहरू, सामुदायिक नेताहरूका सार्थ आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू र स्थानीय समुदायका सदस्यहरूलाई समावेश गर्नु पर्दछ। विशेष स्थितिका आधारमा जमिनको वितरण र सम्पत्तिको अधिकारमा ध्यान दिइनु पर्दछ। स्थलको छनोट अस्थायी बस्ती बसाउने रणनीतिको परिवेशमा मात्र गरिनु पर्दछ जसलाई राष्ट्रिय स्तरमा बुझेर सहमति गरिनु पर्दछ। पूर्वतयारी कार्यको रुपमा प्रायः प्राकृतिक विपद्हरू दोहोरिरहने अवस्थासँग सम्बन्धित

विस्थापन दोहोरिने उच्च जोखिम भएका स्थानहरूमा स्थाई पुनर्वास स्थलहरूको पनि पहिचान गर्न सकिन्छ । विस्थापनको सिंगो चरणमा स्थलको छनोटको विस्थापित जनसङ्ख्या र स्थानीय समुदायहरूमा उल्लेखनीय प्रभाव पर्नुका साथै शीघ्र पुनर्लाभको सफलताको दर तथा दीर्घकालीन समाधानहरूकमा विकल्पहरूमा समेत प्रभाव पर्न सक्दछ । स्थलको छनोट गर्दा विस्थापित तथा स्थानीय समुदायका बासिन्दाहरूको सुरक्षा, संरक्षण, स्वास्थ्य र सुनिश्चित गर्दै बहु-क्षेत्रगत पद्धत्तिको प्रयोग गर्नु पर्दछ - विस्थापित जनसङ्ख्याका लागि दीर्घकालीन सहयोग र संरक्षण प्रदान गरिएको छ भन्ने कुरा सुनिश्चित गर्दै ।

## शिविरको खाकाका मापदण्डहरू

पुनर्वास स्थलको छनोट गरिसकेपछिको अर्को चरण भनेको शिविरको खाकाको योजना बनाउनु हो । शिविरको जग राख्दाखेरी मापदण्डहरू र न्यूनतम गुणस्तर पूरा भएको कुरा सुनिश्चित गर्नका लागि प्राविधिक विशेषज्ञताको आवश्यकता पर्न सक्दछ । स्फियरजस्तो अन्तर्राष्ट्रिय मापदण्डहरूको सन्दर्भ र प्रयोग अत्यावश्यक हुन्छ । मापदण्डहरू विश्वव्यापी हुन्छन् र यिनीहरूले शिविर व्यवस्थापनमा मानव अधिकारको ठोस अभिव्यक्ति तथा प्रत्याभूतिको प्रतिनिधित्व गर्दछन् ।

विभिन्न परिवेश/कार्यस्थल विशेषका कारणले गर्दा सधैं मापदण्डहरू पूरा गर्न सम्भव हुंदैन । यस्तो अवस्थामा त्यसको कारण र अन्तरालहरूलाई सम्बोधन गर्ने उपायहरूको पुनरावलोकनका लागि टिपोट गरिनु पर्दछ । आकस्मिक अवस्थामा प्रतिकार्य गर्ने भूमिका भएका सम्बन्धित सबै सरोकारवालाहरू र संलग्न पक्षहरूले आवश्यक पर्ने स्रोतसाधनहरूमा भएका अन्तरालहरूको पहिचान गर्न विस्थापित जनसङ्ख्या र स्थानीय समुदायका सदस्यहरूलाई समेत समावेश गरी समन्वयात्मक पद्धत्तिलाई प्राथमिकता दिनु पर्दछ ।

स्फियर परियोजना हाते पुस्तिाका सन् २०११ मा सिफारिस गरिएअनुरुप शिविरको योजना निर्माण गर्दा क्षमता र स्रोत साधनहरूले भ्याएसम्मदेहायकुराहरू समावेश गरिनु पर्दछ :

## आवास

- जमिनले ओगटेको क्षेत्रफल : प्रतिव्यक्ति ३.५ मि$^{२}$ ।
- आगोको जोखिम कम गर्नका लागि आवासहरूको बीचमा कम्तिमा २ मिटर छोड्नुहोस् ।

## ढलनिकास

- साइटको स्लोप ढलनिकास वा भूक्षय रोकथामको प्रवन्ध नहुन्जेल ५ प्रतिसतभन्दा बढि हुनु हुँदैन वा पर्याप्त ढलनिकासका लागि १ प्रतिशतभन्दा कम हुनुपर्छ ।
- साइटको सबभन्दा होचो भाग पानीको अनुमानित अधिकतम सतहबाट तीन मिटरभन्दा कम हुनुहुँदैन् ।

### पानीको धारा भएका स्थलहरू

- २०५ जना व्यक्तिका लागि एउटा पानीको धारो - आवासबाट अधिकतम दुरी : ५०० मिटर ।
- ५०० व्यक्तिका लागि एउटा हाते पम्प ।
- ४०० व्यक्तिका लागि एउटा इनार ।
- २० जना व्यक्तिका लागि एउटा शौचालय - आवासहरूबाट अधिकतम दुरी : ५० मिटर

### फोहोर मैलाको कन्टेनर

- १०० लिटरको क्षमता ।
- आवासहरूबाट १०० मिटरभन्दा टाढा होइन ।

### सामुदायिक भवनहरू

- स्वास्थ्य सुविधा ।
- विद्यालय/शिक्षाको बिन्दु ।
- वितरण बिन्दू ।
- प्रशासनिक केन्द्र/रिसेप्सन तथा दर्तास्थल ।

### सडकहरू, गोरेटोबाटोहरू, आगलागिमुक्त क्षेत्र

- सम्भव भएसम्म रातिको समयमा मुल सडमा केही वत्तिको व्यवस्था गरिनु पर्दछ । यदि विजुली वत्ति उपलब्ध नहुने भएमा वा ज्यादै महंगो भएमा सौर्य उर्जा उत्पादन गर्ने प्याने लहरू राख्ने कुरामा ध्यान दिन सकिन्छ ।
- भयरहित, सुरक्षित र संरक्षणका हिसावले सम्भव भएसम्म पुनर्वास स्थललाई जोडिने सार्वजनिक सडकबाट अलग्गै रहनु पर्दछ ।

## सामुदायिक, व्यावसायिक तथा मनोरन्जनात्मक स्थलहरू

- मनोरन्जनात्मक स्थल ।
- साधारण सभा स्थल ।
- धार्मिक भेला स्थल ।
- बालमैत्री स्थल वा खेल मैदान ।

## कृषि तथा पशुपालन

- यदि समुदायले पशुपालन गर्ने भए वा कृषिजन्य क्रियाकलापहरूमा संलग्न हुने भएमा अतिरिक्त जमिनको व्यवस्था गरिनु पर्दछ ।

## सांस्कृतिक तथा सामाजिक सवालहरू

- शिविरका लागि योजना तर्जूमा गर्दा सांस्कृतिक तथा सामाजिक सवालहरूलाई ध्यान दिइनु पर्दछ । यस सन्दर्भमा, विस्थापित समुदायको संलग्नता अत्यावश्यक हुन्छ ।
- परिवारको आवश्यकता र समुदायको संरचना/ढाँचालाई सुहाउँदो सम्भव भएसम्म उचित तवरले शिविरको खाका सांस्कृतिक परिवेशसँग मिल्दो हुनु पर्दछ ।

शिविर स्थलको खाका तयार गर्दा विशेष आवश्यकताहरू भएका र बढ्दो संकटासन्नतामा रहेका व्यक्तिहरूलाई कसरी सर्वोत्तम रुपमा सहयोग गर्ने भन्ने कुरामा ध्यान दिइनु पर्दछ । यी समूहहरूका लागि सेवाहरू तथा संरक्षणमा पहुँच शिविरले सुनिश्चित गर्न विभिन्न पहलहरू गर्न सकिन्छ ।

पुनर्वास स्थलमा बसोबास गरिरहेको जनसङ्ख्याका विशेष आवश्यकताहरू पहिचान गरिएको आधारमादेहायकुराहरूमा ध्यान दिइनु पर्दछ :

- अपाङ्गता भएका व्यक्तिहरू र/वा वृद्धवृद्धाहरूका लागि विशेष शौचालयको निर्माण तथा तोकिएको क्षेत्र;
- बालबालिकाहरू, गर्भवती महिलाहरू, स्तनपान गराइरहेका आमाहरू र महिला घरमूली भएका परिवारहरूका लागि संरक्षण संवेदनशील आवासहरू तथा पर्याप्त स्थान र गोपनीयता प्रदान गर्ने;
- खाडले शौचालय, सामुदायिक पाकस्थलहरू र आवश्यक परेमा सरसफाइ (र नुहाउने) सुविधाहरू रहेको स्थलजस्ता सामुदायिक/साझा स्थलहरूमा वत्तिको व्यवस्था सुनिश्चित गर्ने;
- साझा सुविधहरू (स्वास्थ्य क्लिनिक, विद्यालयल, प्रशासनिक भवन, आदि) सीमित रुपमा हिंडडुल गर्नसक्ने व्यक्तिहरू लगायतका समुदायका सबै सदस्यहरूको सहज पहुँचमा भएको कुरा सुनिश्चित गर्ने ।

# शिविरको जीवन चक्र । निर्माण । २१० वा ३६० मिनेट

यस अध्यायको समष्टिगत उद्देश्य विस्थापित जनसङ्ख्याका आधारभूत आवश्यकताहरूलाई सम्मान गर्नका साथै उनीहरूका अधिकारहरूलाई समर्थन गर्नका लागि पुनर्वास स्थलको छनोट र योजना तर्जूमा गर्ने मुख्या आधारहरूप्रतिको जानकारी अभिवृद्धि गर्नु हो ।

## सिकाइका उद्देश्यहरू

यस सत्रको अन्त्यसम्ममा सहभागीहरू देहायकुरा गर्न सक्षम हुनेछन् :

- शिविरको जीवन चक्रका तीन चरणहरूको सूची बनाउन ।
- अन्तर्राष्ट्रिय र राष्ट्रिय मापदण्डहरूको स्रोतहरूको नाम बताउन ।
- स्थल चयन तथा शिविरको योजनाका मुख्य आधार र मापदण्डहरूको रुपरेखा तयार गर्न ।
- स्थलको योजनाका लागि पूर्वाधारका अवयवहरूको सूची तयार गर्न ।
- स्थलको चयन र शिविरको खाकाको प्रक्रियामा आधार र मापदण्डहरू कसरी लागू गर्ने भन्ने विषयमा प्रतिविम्वन गर्न ।

## मुख्य सन्देशहरू

शिविरका लागि सबभन्दा उपयुक्त स्थान, क्षेत्रफल तथा डिजाइन परिस्थिति विशेष हुन्छन् ।

- शिविरहरू प्रायः विस्थापित व्यक्तिहरूले चाहेको क्षेत्रमा उनीहरूको आफैं बस्ती बसाइएको रुपमा देखा पर्दछन् ।
- शिविरको अवधि प्रायः पूर्वानुमान गर्न नसकिने भएको हुनाले डिजाइन गर्दा विभिन्न प्रकारका भावी परिवेशहरूलाई ध्यानमा राख्नु पर्दछ ।
- शिविरको डिजाइन र स्थानले शिविरमा बसोबास गरिरहेका व्यक्तिहरूले उपभोग गरेका जीवनको गुणस्तर तथा सुरक्षाको मात्रालाई महत्वपूर्ण आकार दिनेछ ।
- आश्रयस्थलका योजनाकारहरूको प्राविधिक विशेषज्ञतामा निर्भर रहने सल्लाह दिनु उपयुक्त हुन्छ - सम्भव भएसम्म प्रमुख सरोकारवालाहरू (आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू तथा स्थानीय समुदायका सदस्यहरू) सँग सम्पर्क गरिनु पर्दछ ।
- शिविरको योजना स्वतःस्फूर्त रुपमा तयार भएका शिविरहरूको सुधार कार्यका लागि पनि लागू हुन्छ ।

| क्रियाकलाप | समय | विवरण | टूल (Tool) हरू | तयारी |
| --- | --- | --- | --- | --- |
| १<br>स्थलको छनोट र योजना - परिचय | ४० मिनेट | शिविर जीवन चक्रको पहिलो चरणको अन्वेषण गर्ने - शिविर निर्माण - शिविर को स्थापना गर्नका लागि स्थल छनोट गर्ने आधारसँगै, र शिविरको योजना तर्जूमा गर्दा र डिजाइन गर्दा ध्यानदिनुपर्ने मुख्य तत्वहरू । | टूल (Tool) ६ "शिविरको जीवनचक्र"<br>टूल (Tool) ३७ "झोलाभित्र कागजहरू" | - उद्देश्यहरू सहितको फ्लीपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्नुहोस् ।<br>- सहभागीहरूका लागि टूलहरूका प्रतिहरू तयार पार्नुहोस् । |
| २<br>स्थलको छनोट र योजना - अभ्यास | ७५ मिनेट | शिविर कहाँ स्थापना गर्ने भन्ने छनोट प्रक्रियाका लागि व्यावहारिक तरिका पत्ता लगाउने र शिविरको डिजाइन तथा योजना तर्जूमा गर्ने प्रक्रियाका लागि क्रियाकलाप तयार गर्ने । | टूल (Tool) ३६ "न्यूनतम मापदण्डहरू तथा स्थलको छनोट र योजना तर्जूमा अभ्यास"<br>टूल (Tool) ३८ "विपद्को परिवेश"<br>टूल (Tool) ३९ "छनोट गर्नका लागि उपलब्ध स्थल"<br>टूल (Tool) ३६ "विपद् को परिवेशका लागि नमूना शिविर" | - सहभागीहरूका लागि टूलहरूका प्रतिहरू तयार पार्नुहोस् । |
| छोटो विश्राम १० मिनेट | | | | |
| ३ (विकल्प १) शिविर स्थापना स्वल्पाकारको शिविर | ९० मिनेट | स्वल्पाकारको शिविरलाई उपयोग गरी व्यवहारिकरुपमा शिविर स्थापना गर्ने कार्यको अन्वेषण गर्ने हिसाबले क्रियाकलाप बनाइएको । | टूल ६० "विपद् दृश्य१"<br>टूल ६१ "स्वल्पाकारको शिविर" | - फ्लिपचार्टलाई नक्साको धरातल संझी स्वल्पाकारको शिविर स्थापना गर्ने स्थानमा टेबुलहरू (तालिका) तयार गर्नुहोस् ।<br>- स्वल्पाकारको शिविरका सबै अंगहरू देखाउनुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| ४ (विकल्प २) शिविर स्थापना जीवन अवधि | २४० मिनेट | वास्तविक आकारका सामग्रीहरूको प्रयोगका साथ व्यवहारिक रुपमा शिविर व्यवस्थापन अन्वेषण गर्ने क्रियाकलाप बनाइएको ।<br><br>आवश्यक सामग्री प्राप्य भएमात्र गर्न सकिने । | टूल ६२ "शिविर स्थापना सूची" | सहभागीहरूले प्रयोग गर्ने "शिविर स्थापना सूची" मा प्रस्तुत आवश्यक पर्ने सबै सामग्री तयार गर्नुहोस् । |
| ५ समापन | ५ मिनेट | | | - उद्देश्यहरूसहितको फ्लीपचार्ट (वा पावरप्वाइन्ट) तयार गर्नुहोस् । |

# क्रियाकलाप १

## स्थलको छनोट र योजना - परिचय

- यस सत्रका उद्देश्य सहितको फ्लीपचार्ट देखाउनु होस् (वा पावरप्वाइन्ट स्लाइड देखाउनुहोस्) ।
- तालीमका उद्देश्यहरू ठूलो स्वरमा पढेर सुनाउनु होस् वा एकजना सहभागीलाई पढ्न लगाउनुहोस् । कुनै प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।
- सहभागीहरूलाई **टूल** (Tool) ०६ **“शिविरको जीवनचक्र”** को सङ्केत देखाउँदै शुरु गर्नुहोस् र यस संकेतका मुख्य अवयवहरू र मुख्य सन्देशहरूको बारेमा स्मरण गराउनुहोस् । अघिल्लो मोड्युलहरूको सम्बन्धमा प्रकाश पार्नुहोस् ।
- यो सत्रले शिविरको जीवनचक्रको पहिलो चरणमा केन्द्रित भइ त्यसको विश्लेषण गर्नेछ भन्ने कुराको व्याख्या गर्नुहोस् : पुनर्वास स्थलको योजना तथा निर्माण ।
- यो समूह आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको पुनर्वास स्थलको रुपमा प्रयोग हुने अवस्थितिको पहिचान, लेखाजोखा र छनोटका लागि प्रयोग हुने मुख्य आधारमा प्रतिविम्वन गर्न गइरहेको छ भन्ने कुरा उल्लेख गर्नुहोस् ।
- सहभागीहरूलाई अनुभवका आधारमा ६ वटा समूहहरूमा विभाजन गरेर स्थलको छनोट गर्नका लागि उनीहरूले प्रयोग गरेका/ सुनेका/कल्पना गरेका आधार र मापदण्डहरूको बारेमा मस्तिष्क मन्थन गर्न लगाउनुहोस् ।
  जोड दिनुहोस् की सबै सहभागीहरूले विस्थपित भएको कारण वा अघिल्ला वर्षहरूमा शिविर व्यवस्थापन प्रतिकार्यमा सहभागी भएको प्रत्यक्ष अनुभवहरूका आधारमा आफ्ना विचारहरू व्यक्त गरेर सक्रिय रुपमा योगदान दिनु पर्दछ ।

  मुख्य ध्यान साइटमा हो र साइटमा के हुन्छ भन्ने कुरा पछि छलफल गरिने छ भन्ने कुरामा जोड दिनुहोस ।

  फ्लीपचार्ट प्रयोग गरी सहभागीहरूको योगदानको टिपोट गर्नुहोस् र त्यसको प्लेनरीमा छलफल गर्नुहोस् ।


- व्याख्या गर्नुहोस् की ६ वटा समूहहरू अब **टूल** (Tool) **३७ “झोलामा कागजहरू”** को प्रयोगमा आधारित “झोलामा कागजहरू” भन्ने क्रियाकलापहरू तर्फ अघि बढ्नेछन् ।
- पहिलो प्रश्न सोधेर शुरु गर्नुहोस् : हामीहरूले विस्थापित जनसङ्ख्याका लागि शिविरको रुपमा प्रयोग गर्नका लागि विशेष भौतिक स्थानको पहिचान गर्दा के कुरामा ध्यान दिनु पर्दछ ?

प्रश्नको उत्तर दिएर एउटा उदाहरण प्रस्तुत गर्नुहोस् : “मेरो विचारमा शिविर पहिरो वा अन्य प्राकृतिक प्रकोपको जोखिममा छैन भन्ने कुरा सुनिश्चित गर्नु अत्यावश्यक हुन्छ ।”

**उद्देश्यहरू:**

- शिविर जीवन चक्रका तीनवटा चरणहरूको सूची बनाउने ।
- शिविरका लागि स्थलको छनोट तथा योजना तर्जूमाका मुख्य आधार तथा मापदण्डहरूको रुपरेखा तयार गर्ने ।
- शिविर स्थलको योजना तर्जूमा गर्दा पूर्वाधार अवयवहरूको सूची तयार गर्ने ।
- स्थलको छनोट तथा शिविरको खाका तयार गर्ने प्रक्रियामा आधार तथा मापदण्डहरू कसरी प्रयोग गर्ने भनेर प्रतिविम्वन गर्ने ।

**टूल (Tool) ०६ “शिविरको जीवनचक्र”**




टूल (Tool) ०६ शिविरको जीवन चक्र

सहभागीहरूलाई तपाईंको अभिव्यक्तिको कारणको व्याख्या गर्न लगाउनुहोस् - शिविर पहिरोको जोखिममा छैन भन्ने कुरा सुनिश्चित गर्न किन महत्वपूर्ण हुन्छ ?

- **टूल** (Tool) **३७ "झोलामा कागजहरू"** मा समावेश गरिएका पहिल्यै तयार गरिएका कागजहरू पट्याएर टोपिमा वा झोलामा राख्नुहोस् ।
- पहिलेकै ६ वटा समूहलाई कायम राख्दै टोपी समूहको वरिपरि घुमाउँदै प्रत्येक समूहबाट एकजनालाई टुक्रा छान्न लगाउनु होस् । सहभागीहरूलाई कागजको टुक्रामा के लेखेको छ भनेर अरु समूहका सहभागीहरूलाई नदेखाउन वा नबताउन भन्नुहोस् ।
- कागजको टुक्रा टिप्ने सहभागीलाई त्यस कागजमा लेखेको शीर्षक आफ्नो समूहमा पढेर सुनाउन र साइटको छनोटमा त्यो शीर्षकलाई किन ध्यान दिनु महत्वपूर्ण हुन्छ भन्ने कुराको व्याख्या गर्न लगाउनु होस् ।
- प्रत्येक समूहका सहभागीहरूलाई उनीहरूको कागजको टुक्रामा लेखिएको शीर्षक बारे छलफल गर्न र ध्यान दिन भन्नुहोस् ।
- प्रत्येक समूहलाई उनीहरूको कागजमा लेखिएको शीर्षक बारे आधार तथा यो किन महत्वपूर्ण हुन्छ भन्ने कुरामा केन्द्रित भइ अन्य समूहहरूका सहभागीहरूलाई प्लेनरीमा व्याख्या गर्न एकजना प्रतिनिधि चयन गर्न लगाउनुहोस् ।

  तपाईं अघि बढ्दै जाँदा अन्य सहभागीहरूका र प्रशिक्षकहरूका छोटा प्रश्नहरू/अवलोकनहरूको टिपोट गर्नुहोस् ।

- सबै शीर्षकहरू तथा पृष्ठभूमि जानकारीमा उल्लेख गरिएका तिनीहरूका विस्तृत विषयवस्तुहरू समेटिएपछि, सहभागीहरूलाई साइट छनोट भइसकेको छ भन्ने कल्पना गर्न लगाउनु होस् र यस साइटमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूका आवश्यकता र अधिकारहरूलाई समर्थन गर्नका लागि पूर्वाधारको सन्दर्भमा के कुराको आवश्यकता पर्दछ भन्ने कुरा आफ्नो छिमेकीसँग छलफल गर्न लगाउनुहोस् ।

हरेक जोडी/दौंतरीबाट एउटा बूँदा लिएर फ्लीपचार्टमा लेख्नुहोस् । आवश्यकता अनुसार उनीहरूका विचारहरूलाई समूहगत गर्नुहोस् । धेरै बूँदाहरू नआउन्जेल निरन्तरता दिनुहोस् । पूरा सूची तयार गर्नुको सट्टा सहभागीहरूले सोचिरहने लक्ष्य राख्नुहोस् ।

कृपया उत्तरहरू पूरा गर्नुहोस् । यसमा परिवारका लागि आवास, सडक, गोरेटो बाटो, स्वास्थ्य सेवाहरू, विद्यालय, बालमैत्री स्थानहरू, आदि पर्दछन् - पृष्ठभूमि जानकारी हेर्नुहोस् ।

- साइटको छनोट र साइटको योजना तर्जूमासम्बन्धी कामका उपलब्धीहरू छलफलको क्रममा आएका मुख्य बूंदाहरूलाई लिएर कुनै अन्तिम प्रश्नहरू आएमा तिनीहरूको जवाफ दिएर पुनरावलोकन गर्नुहोस् ।

**टूल (Tool) ३७ "झोलामा कागजहरू"**

| | | |
|---|---|---|
| रक्षा/सुरक्षा | पहुँच | क्षेत्रफल |
| स्रोतहरूको उपलब्धता | सांस्कृतिक तथा सामाजिक पनहरू | वातावरणीय चासो |

टूल (Tool) ३७ झोला भित्रका कागजहरू

# क्रियाकलाप २

## साइटको छनोट तथा योजना तर्जूमा - अभ्यास

- हामीले अहिले सम्ममा साइटको छनोट र योजना तर्जूमाका लागि आधार तथा मापदण्डहरू हेरिसकेका छौं भन्ने कुराको व्याख्या गर्नुहोस् ।
- सहभागिहरूलाई **टूल** (Tool) **३८ "विपद्को परिवेश"** वितरण गर्नुहोस् ।
- टूल (Tool) मा भएको विषयवस्तु एक जना सहभागीलाई समूहमा पढ्न लगाउनुहोस् ।
- सहभागीहरूलाई समूहहरूमा विभाजन गरेर व्याख्या गर्नुहोस् की उनीहरूको काम उपलब्ध भएका केवल दुईवटा साइटहरूमध्ये एउटा रोज्ने हो र **टूल** (Tool) **३९ "छनोटका लागि उपलब्ध साइटहरू"** र उनीहरूको छनोट स्फियरका सूचकहरूको आधारमा हुनुपर्दछ र **टूल** (Tool) **३८ "विपद्को परिवेश"** मा वर्णन गरिएको कुरालाई ध्यानमा राखिएको हुनुपर्दछ । अभ्यासको क्रममा सहभागिहरूले आफ्नो सहयोगका लागि **टूल** (Tool) **३६ "साइट छनोट तथा योजना"** तर्जूमाका न्यूनतम मापदण्डहरू र अभ्यासको प्रयोग गर्न सक्दछन् ।
- समूहहरूलाई **टूल** (Tool) **३९ "छनोटका लागि उपलब्ध साइटहरू"** वितरण गर्नुहोस् ।
- सहभागीहरूलाई अभ्यास पुरा गर्न पर्याप्त समय दिनुहोस् । दुइवटा समूहहरूलाई वितरण गर्नुहोस् र कामलाई सुचारू रुपले सञ्चालन गर्नका लागि अनुगमन गर्नुहोस् ।
- सहभागीहरूलाई आफ्नो समूहकार्य प्रस्तुत गर्न लगाउनुहोस; पुनर्वास साइटको स्थापना गर्नका लागि सबभन्दा उपयुक्त साइट कुन हो भनेर साध्नुहोस् । प्लेनरीमा छलफल गर्न प्रोत्साहित गर्नुहोस् ।

पुनर्वास साइटको स्थापना गर्नका लागि दुइवटा सम्भावनाहरूमध्येदेहायकारणले साइट नं ०२ सबभन्दा बढि उपयुक्त छ :

साइट २ पाँच प्रतिशत भिरालो भएको हुनाले यसले प्राकृतिक पानीको निकासीका लागि मद्धत गर्दछ र पानीको निकास मार्गहरूको प्रणाली बनाउन मद्धत गर्दछ । यसको आकार विस्थापित जनसङ्ख्यालाई समायोजन गर्न पर्याप्त हुनुका साथै जोडिएको अतिरिक्त जमिनको उपलब्धताले भविष्यमा विस्तार गर्ने सम्भावनालाई सहज बनाउंदछ । माटोको प्रकार यस्तो छ की यसले शैचालयहरू जस्ता संरचनाहरूको सुरक्षित निर्माण गर्नका लागि सहज बनाउंदछ (बलौटे माटोमा निर्माण गर्दा भवन भत्किन सक्दछ - साइट ०१) । साइट २ मा तत्काल पानीको मुहान नभए तापनि र शुरुमा ट्रकबाट पानी ओसार्नुपर्ने भए तापनि बोरहोल (दयचभजयभि) बनाउन सकिने सम्भावना रहेको छ । दाउरका साथै छहारी र वनस्पति उपलब्ध छन् ।

**टूल (Tool) ३८ "विपदको परिवेश"**

वर्षाका कारणले पहिरो गएपछि जनसङ्ख्या विस्थापित भयो । यस क्षेत्रमा कुल ५०० व्यक्ति प्रभावित भए । अब तपाईंले एउटा स्थान छानेर प्रभावित जनसङ्ख्यालाई समायोजन गर्नपुग्ने एउटा शिविर स्थलको योजना बनाउनु पर्दछ ।

प्रभावित जनसङ्ख्यालाई बसोबास गराउनका लागि शिविर निर्माणगर्ने उद्देश्यले दुईवटा सम्भावित स्थलहरुको पहिचान भएको छ । हाल उपलब्ध हुनसक्ने यो एक मात्र जमिन हो । अब तुरुन्त काम गर्नुपर्ने हुन्छ ।

कुन स्थलको छनोट गर्ने भन्ने विषयमा निर्णय गर्न आज भरे एउटा वैठकको आयोजना गरिएको छ । तपाईंले स्पीयरका मापदण्डहरु र आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुका साथै स्थानीय जनसङ्ख्याका अधिकार र आवश्यकताहरुका आधारमा सबभन्दा राम्रो स्थलको छनोट गर्नका लागि पैरवी गर्नु हुनेछ ।

टूल (Tool) ३८ "विपदको परिवेश"

टुल(Tool) ३६ "साइट छनोट तथा योजना"

**प्रविधिक मापदण्डहरु र अभ्यास**


शिविरका बासिन्दाहरुका लागि सुरक्षित, भयरहित र स्वस्थ वातावरण प्रदान गर्न तथा न्यूनतम सेवाहरुमा पहुँच प्रदान गर्नका लागि योजना तर्जुमा गर्न र शिविर निर्माण गर्न आवश्यक मापदण्डहरु ।

**प्रविधिक मापदण्डहरु र अभ्यास**



टुल(Tool) ३६ "साइट छनोट तथा योजना"

**टूल (Tool) ३९ "छनोटका लागि उपलब्ध साइटहरू"**



**स्थान तथा भौगोलिक अवस्था :** यो समथर स्थल छ र प्राकृतिक स्रोतहरुको नजिक रहेको छ ।

**अनुमानित क्षेत्रफल :** २१९५० स्क्वायर मिटर

**माटोको प्रकार :** दुमट माटो

**पानीको स्रोत :** जमिनको पानी सतहबाट १० मिटर तल छ र अहिले त्यहाँ एउटा borehole छ ।

**बनस्पति र इन्धन :** भइरहेका रुखहरुले छहारी प्रदान गर्दछन्, र यो स्थान वनस्पतिले ढाकिएको छ । हिँडेर जाँदा घटिमा ५ किलोमिटरको दुरीमा दाउरा उपलब्ध हुन्छन् ।

**पूर्वाधार :** यस स्थानमा आवतजावत गर्नाका लागि मुख्य सडकसँग जोडिएको एउटा सडक छ । यो सबै मौसममा सञ्चालन हुने सडक हो ।

**अन्य विवरणहरु :** यस स्थलको धेरै नजिक साना गाउँहरु छन् । त्यहाँका मानिसहरु विस्थापित जनसंख्याको आगमनको बारेमा खासै चासो राख्दैनन् ।

टूल (Tool) ३९ छनोट गर्नका लागि उपलब्ध स्थल ०१   सम्भावित शिविर स्थल

स्थानीय समुदाय विस्थापित जनसङ्ख्यालाईस्वागत गर्न र उनीहरूका सुविधाहरू नयाँ जनसङ्ख्यासँग बाँडफँड गर्न इच्छुक छ । त्यहाँको सडक वर्ष भरिनै सञ्चालनमा आउन नसक्ने भए तापनि यस साइटका अन्य विशेषताहरूको कारणले यसको स्तरोन्नति गर्नु फाइदाजनक र न्यायोचित हुन्छ ।

- सहभागीहरूलाई बताउनुहोस्की उनीहरूले ५०० जना व्यक्तिहरू अट्ने पुनर्वास साइटको बारेमा स्फियरका मापदण्डहरू प्रयोग गरेर साईटको याजना तर्जूमा प्रक्रिया शुरु गर्न गइरहेका छन् ।

- **टूल** (Tool) **३६ "साइट छनोट तथा योजना तर्जूमाका न्यूनतम मापदण्डहरू तथा अभ्यास"** लाई निर्देशिक मानेर सहभागीहरूलाई शिविरको योजना तर्जूमा प्रक्रियामा प्रतिविम्वन गर्न लगाउनुहोस्, र समूहलाई शिविरको गुरुयोजना तयार गर्ने प्रक्रियामा यी चारवटा मुख्य क्षेत्रहरू का लागि ध्यानदिनु पर्ने मुख्य मादण्डहरूको सूचीमा इङ्गित गर्न लगाउनुहोस् : पानी र सरसफाई, आवास तथा बासस्थान, खाना, सुरक्षा तथा पोषण र स्वास्थ्य ।

साइटको गुरु योजना भनेको कोरेर तयार पारिएको शिविरको नक्सा हो । यस नक्सामा शिविरको सीमानाहरू पूर्वाधार, सुविधाहरू, सेवाहरू र सामुदायिक भवनहरू पर्दछन् । शिविरको गुरु योजनामा विशेष क्षेत्रहरूको निर्धारण समावेश गरिनु पर्दछ र त्यसो गर्दा त्रिपालहरू गाड्ने, शौचालय, सामुदायिक भवनहरू र माथि उल्लेख गरिएका अन्य सुविधाहरूका लागि आवश्यक क्षेत्रहरू छुट्याउनु पर्दछ । गुरु योजनामा भित्री सडकहरू, ढल निकास प्रणाली र शिविरको योजना तर्जूमा गर्दा आवश्यक पर्ने सबै भौतिक सुविधाहरू प्रतिविम्वित भएको हुनु पर्दछ । शिविरको गुरु योजना तयार गर्दा विस्थापित जनसङ्ख्यालाई सहयोग गर्नका लागि संलग्न सबै क्षेत्रहरूलाई सामेल गराउनु पर्दछ ।

- सहभागीहरूलाई प्रत्येक क्षेत्रका लागि आवश्यक पर्ने मुख्य मापदण्डहरू तथा शिविरको गुरु योजनामा समावेश हुनुपर्ने सुविधाहरूको सूची बनाउन लगाउनुहोस् ।




- समूहलाई उनीहरूको प्रतिविम्वन तथा मुख्य मापदण्डहरू र शिविरको योजनामा समावेश गर्ने सुविधाहरू सूची तयार गर्न लगाउनुहोस् ।

- प्रत्येक समूहले आफ्नो सूची तयार गरिसकेपछि प्रत्येक समूहलाई एउटाको दरले फ्लीपचार्ट वितरण गर्नुहोस् ।

- **टूल** (Tool) **३६ "साइट छनोट तथा योजना तर्जूमाका न्यूनतम मापदण्डहरू र अभ्यास"** समूहबाट लिनुहोस् र प्रत्येक समूहलाई आफ्नो अघिल्लो प्रतिविम्वनलाई र शिविरको गुरु योजनामा समावेह गर्नका लागि मापदण्ड तथा सुविधाहरूको सूचीलाई मात्र ध्यानमा राखेर एउटा शिविरको गुरुयोजना डिजाइन गर्न लगाउनुहोस् ।

समूहहरूलाई आफ्ना गुरु योजनाहरू बनाउनका लागि समय दिनुहोस् ।


- यस कार्यलाई अन्तिम रुप दिइसकेपछि प्लेनरीमा गुरु योजनाको पुनरावलोकन गर्नुहोस् : प्रत्येक समूहलाई उनीहरूले सामना गरेको एउटा खास चुनौतीलाई प्रकाश पार्दै संक्षिप्त रुपमा प्रस्तुत गर्न लगाउनुहोस् र

त्यसपछि प्रशिक्षकहरू र सहभागीहरूबाट छोटो सुझावहरू संकलन गर्नुहोस् ।

- शिविरको आकार, आवासहरूको सङ्ख्या, अग्नि नियन्त्रक स्थानहरू र अवस्थिति तथा शौचालयहरूको संख्यालाई विशेष ध्यान दिनुहोस् ।

  सरसफाइ सुविधाहरू साझा सुविधाहरूका प्रकार, मूल सडक तथा वितरण बिन्दुहरूको आकामा पनि प्रतिबिम्बन गर्नुहोस् ।

- सहभागीहरूलाई सत्रमा समेटिएका कुराहरूको स्मरण गराउनुहोस् र मुख्य सिकाईलाई उद्धृत गर्दै अर्को चरणमा प्रवेश गर्ने जानकारी दिंदै मुख्य बूँदाहरूको निचोड निकाल्नुहोस् । समूह कार्य सकिएपछि सहभागीहरूलाई **टूल** (Tool) **३८ "विपद्को परिवेशका लागि नमूना शिविर"** देखाउनुहोस् ।




**छोटो अन्तराल**

**सत्रमा ५ देखि १० मिनेटको छोटो अन्तराल लिनुहोस् ।**


# क्रियाकलाप ३ (विकल्प १)

## शिविर स्थापना- स्वल्पकार शिविर

**टिप्पणी :**

यो क्रियाकलापले स्वल्पाकार चित्रहरू प्रयोग गरी शिविर बनाउ सहभागिहरूलाई लगाउनुहोस् । यसा शिविर बनाउन एक अन्तरक्रियात्मक बाटो अपनाइन्छ तथा सामाग्रीको तेश्रो आयाम दिई सहभागीहहरूलाई नक्सा (दुइ आयामको प्रतिनिधित्व ) बुझ्न हुने केही जटिलतामा सहयोग गर्न सकिन्छ ।

दुइवटा कार्यथलो तयार गर्नुहोस् जसबाट स्वाल्पाकारका शिविरमा समावेश गर्न सकियोस् (टेबुलको आधार अनुरुप दुवै कार्यथलो अनुसार प्रत्येकका लागि दुइवटा बढी टेबुल एकसाथ राख्नुहोस्) यसमा साथै उपलब्ध स्वल्पाकार सामाग्रीमा संलग्न नभएका सबै तत्वहरू सहभागीहरूले आधार बनाई कार्यथलोको पूरै धरातलबारे फ्लिपचार्टमा राख्नुहोस् (उदाहरण शिविर सीमा, सडा, ढलनिकास तथा सहभागीहरूलाई सान्दर्भिक अन्य कुरा ) । मार्कर(रंग) दिनुहोस्(कालो, नीलो, तथा राता रंगहरू) ।



- **टूल ६० "विपद् परिदृश्य २"** बाँडनुहोस् र बाँकी समूह समक्ष पढ्द एकजना सहभागीलाई भन्नुहोस् । प्रभावित संख्या कमगरी देहायको क्रियाकलापलाई व्यवस्थापकीय सीमामा राख्न खोजिएपनि हालको परिदृश्य पहिले बाँडिसकेको अनुसारकै भएको कुरा स्पष्ट पार्नुहोस् ।
- **टूल ६० "विपद् परिदृश्य २"** का आधारमा सहभागीहरूलाई सबै तत्वहरू सहितको स्वल्पाकार प्रकृतिको प्रयोग गरी शिविरको पुनर्सिजना गर्ने अवस्था रहने कुरा व्याख्या गर्नुहोस् ।
- समूहलाई दुई साना समूहमा विभक्त गर्नुहोस् र अघि तय गरिएका प्रत्येक कार्यथलोलाई सुम्पनुहोस् ।
- देहायको अभ्यासमा प्रयोग भएको सामाग्रीलाई प्रतिनिधित्व गर्न **टूल ६१ "स्वल्पाकार शिविर"** बाट सहभागीहरूलाई स्वल्पाकार चित्रहरूसँग परिचित हुने व्यस्था मिलाउनुहोस् ।
- स्वल्पाकार वस्तुहरू प्रयोग गरी सहभागीहरूले शिविर स्थापना गर्नुपर्ने कुरा व्याख्या गर्नुहोस् । देबुलमाथिको फ्लिपचार्टमा कोर्दै सडक, ढलनिकास, शिविर सीमा तथा अन्य कुरा दर्शाउन सकिन्छ । त्यही फ्लिपचार्टमा स्वल्पाकार सामग्री राखिन्छ ।
- स्थल (साइट) छनोट, मुख्य मापदण्ड, पूर्वाधार तथा गुरु योजनाको सुविधारहरू, साइट गुरु योजनाको डिजाइन र योजना जस्ता अघिल्ला क्रियाकलापका कार्यहरूका महत्व सहभागीहरूलाई पुनर्ताजगी गराउनुहोस् ।
- सहभागीहरूलाई शिविरहरू बनाउन पर्याप्त समय दिनुहोस् तथा सहयोग दिनुका साथै उठ्नसक्ने प्रश्नहरूको स्पष्ट उत्तर दिनुहोस् ।
- दुवै समूहले शिविर स्थापना गर्ने कार्य सकेपछि प्रत्येक समूहलाई अर्को समूह शिविरको अवलोकन गर्न भन्नुहोस् । यसलाई पर्याप्त समय दिनुहोस् ।
- क्रियाकलापबारे छलफल अघि बढाउनुहोस् तथा दुबै समूहको तलना गर्न सहभागीहरूलाई बताउनुहोस् । प्रश्नहरूको समाधान गर्नुहो तथा दुबै समूहले विकस गरेको कार्यका आधारमा शिविर व्यवस्थापनमा गर्नुपर्न र गर्न नहुने विषयमा छलफल गर्नुहोस् ।

## क्रियाकलाप ४ (विकल्प १)

### शिविर स्थापना- जीवन कदको (स्केल)

*टिप्पणी :*

***पर्याप्त आधारको स्थान क्रियाकलापलाई समेट्न छैन तथा/वा टूल ६२ "शिविर स्थापना सूची"मा समावेश कुनै सामग्रीका अभावमा क्रियाकलापको सही प्रत्यभूति गर्न नसकिने अवस्था भए यो क्रियाकलाप नगर्नोस् ।***

यो क्रियाकलापले वास्तविक जीवन कदका सामग्रीहरूको प्रयोग गरी सहभागहिरूलाईशिविर बनाउन लगाउँछ । वास्तविक जीवनकदको शिविर स्थापनाको उदाहरण पेश गर्न सम्भव हुनेगरी नियन्त्रित वातावरणमा सानो स्तरको अभिनय (सिमुलेशन) गरी अन्तरक्रियात्मक तवरले शिविर निर्माण गर्न यसले सघाउँछ । तालीम कोठाका नजीकको सकभर जोडिएको जग्गा जहाँसम्म यो क्रियाकलापका कार्यहरू समेट्न सकिन्छ तयार गर्नुहोस् । सहभागीहरूले सामग्री र उद्देश्य सहज पहिचान गर्न सक्नेगरी सबै सामग्रीहरू स्पष्ट ढंगले मिलाउनुहोस् ।

- **टूल ६० "विपद् परिदृश्य २**" बाँडनुहोस् र एक सहभागीलाई समूहका बाँकी सबैसमक्ष पढ्न लगाउनुहोस् । देहायको क्रियाकलापलाई व्यवस्थापकीय स्तरमा राख्ने हैसियतले प्रभावित व्यक्तिहरूको संख्या सानो भएपनि यो परिदृश्य पहिलै नै बाँडिएको कुरासँग समान रहेको कुरा व्याख्या गर्नुहोस् ।
- **टूल ६० "विपद् परिदृश्य २"** का आधारमा वास्तविक आकारका सामग्रीहरू उपयोग गरी सहभागीहरूले शिविर पुनर्सिजना गर्ने अवसर पाउने कुरा व्याख्या गर्नुहोस् ।
- सहभागीहरूसमक्ष **टूल ६२ "शिविर स्थापना सूची"** बाँड्नुहोस् । टूल ६२ **"शिविर स्थापना सूची"**का आधारमा सहभागीहरूसमक्ष सामग्रीहरू राखिएको कुरा विस्तृत रुपमा व्याख्या गर्नुहोस् तथा विपद् परिदृश्यका आधारमा शिविर स्थापना गर्न उनीहरूले सामग्री प्रयोग गर्दछन् भन्ने दर्शाउनुहोस् ।
- गुरु योजना तथा स्थल (साइट) गुरु योजनाको डिजाइन तथा योजनासम्बन्धी सुविधा सहित साइट छनोट, प्रमुख मापदण्डको सूची, पूर्वाधार जस्ता कुराहरू अघिल्ला क्रियाकलापहरूमा गरिएका कार्यहरू सहभागीहरूलाई पुनर्ताजगी गराउनुहोस् ।
- उठेका प्रश्नहरूको जवाफ दिनुहोस् ।
- सहभागीहरूलाई शिविरहरू बनाउन पर्याप्त समय दिनुहोस तथा मार्गदर्शन गर्दै उठ्नसक्ने कुनै प्रश्नको जवाफ दिनुहोस् ।
- समूहले शिविर बनाएपछि उनीहरूलाई आफ्नो कामको अवलोकन गर्न दिनुहोस् ।
- क्रियाकलापबारे छलफल अघि बढाउनुहोस्, तथा गरिएको कार्यको विश्लेषण समूहमा गर्न सहभागीहरूलाई भन्नुहोस् । प्रश्नहरूको उत्तर दिनुहोस् तथा गरिएको कामका आधारमा शिविर स्थापनामा गर्नुपर्ने र गर्न नहुने कुराहरू छलफल गर्नुहोस् ।

***पर्याप्त आकारको स्थान क्रियाकलापलाई समेट्न छैन तथा/वा, टूल ६२ "शिविर स्थापना सूची" मा समावेश कुनै सामग्रीको अभावमा क्रियाकलापको सही प्रत्याभूतिगर्न नसकिने अवस्था भए यो क्रियाकलाप नगर्नोस् ।***

## क्रियाकलाप ५

### समापन

- उद्देश्यहरूको पुनरावलोकन गर्दै सत्रको समापन गर्नुहोस् ।



# शिविरको जीवनचक्र । रेखदेख तथा मर्मत सम्भार/ समाप्ती / आधाभूत सूचना

# ०९

शिविर जीवनचक्रको हरेक चरणमा यसका विशेषताहरू र चुनौतीहरू छन् । निर्माण, रेखदेख ताथ मर्मत सम्भार र दीर्घकालीन समाधानहरूका साथै शिविर बन्द गर्ने कार्य एकअर्कामा निकटतम रुपमा सम्बन्धित छन् ।

शिविरको स्थापना गर्ने कार्यलाई अन्तिम उपायको एउटा विकल्प रुपमा र अस्थाई आवासका लागि अन्य कुनै समाधान नभएको अवस्थामा मात्र आवश्यक हुन्छ भन्ने कुरामा ध्यान दिइनु पर्दछ । तथापि, यदि आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई अस्थाई आवासको आवश्यकता परेमा शिविरको जीवनचक्रलाई तीन चरणहरूमा विभाजन गर्न सकिन्छ :

- योजना तथा निर्माण
- रेखदेख तथा मर्मत सम्भार
- दीर्घकालीन समाधानहरू तथा शिविर बन्द गर्ने

## रेखदेख तथा मर्मत सम्भारको चरण:

रेखदेख तथा मर्मत सम्भारको चरण प्रायः सबभन्दा लामो र व्यवस्थापन गर्नका लागि सबभन्दा कठिन चरण हुन्छ । प्रायः यो अपेक्षा गरेको समयभन्दा लामो जाने गर्दछ । यसका लागि जनसङ्ख्यामा हुने परिवर्तन पत्ता लगाउन र सामुदायिक सुविधाको जाँच गर्नका लागि नियमित अनुगमन गर्नुपर्ने हुन्छ, जसबाट स्पियरका मापदण्डहरू र आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूका परिवर्तित आवश्यकताहरू पूरा गर्ने गरी शिविरको व्यवस्थापन र स्तरोन्नति गरिएको छ भन्ने सुनिश्चित गर्न मद्धत मिल्दछ । उदाहरणका लागि, त्रिपालहरूको मर्मत गर्नुपर्ने हुन्छ, शौचालय र फोहोरमैलाको खाडल खालि गर्नुपर्ने, घुमाउनु पर्ने र/वा हटाउनु पर्ने हुनसक्छ भने, ढल तथा सडकहरूजस्ता पूर्वाधारमा ऋतुहरू र मौसमको अवस्थाहरूका आधारमा ध्यान दिनुपर्ने हुनसक्छ । यसैगरी, आन्तरिक रुपमा विस्थापित जनसङ्ख्यामा हुने परिवर्तनसँगै नयाँ पहिचान गरिएका आवश्यकताहरू उत्पन्न हुनेछन् । नव आगन्तुकहरूका लागि थप आवास सामग्रीहरू, गैरखाद्य सामग्रीहरू र आधारभूत सुविधा र सेवाहरूको आवश्यकता पर्न सक्दछ । यसका अतिरिक्त, सुरक्षा र गैर सैनिक प्रकृतिको शिविर कायम राख्नका लागि विभिन्न पक्षहरूद्वारा संरक्षणका सवालहरूमा तत्कालीन र मजबूत कार्यको आवश्यकता पर्न सक्दछ । यस चरणमा शिविर समन्वय तथा शिविर व्यवस्थापन प्रतिकार्यहरूले आकलभुकल आउने बाढी र ढलनिकासजस्ता सम्भावित वातावरणीय प्रकोपलाई सम्बोधन गर्नु पर्दछ । रोगको संक्रमण विषय पनि राम्ररी अनुगमन गरिनु पर्दछ ।

शिविरको मर्मतको अवस्थाको नियमित अनुगमन गर्नाले सम्बोधन गरिनुपर्ने सहयोग र संरक्षणका सरोकारहरूमा देखिने नयाँ अन्तरालहरू/रिक्तताहरूको पहिचान गर्न मद्धत पुग्ने छ । अनुगमनमा शिविरको वरिपरी व्यवस्थित तवरले भ्रमण गर्ने कार्य पर्दछ जसमा अवलोकन गर्ने र शिविरमा उपलब्ध सेवा तथा सुविधाहरूको अवस्थाको बारेमा सूचना सङ्कलन गर्नका लागि विस्थापित जनसङ्ख्यासँग अन्तरक्रिया गर्ने कार्य पर्दछन् । शिविरको विशेष प्राविधिक र सामाजिक पक्षहरूको अनुगमन गर्नका लागि विशेष समूहका व्यक्तिहरूसँग सम्पर्क गरिनु पर्दछ । उदाहरणका लागि, महिलाहरूको सुरक्षाका सवालहरूमा विभिन्न समूहका महिलाहरूसँग सम्पर्क गरिनु पर्दछ (जस्तै, युवा, वृद्ध महिला, गर्भवती महिला, स्तनपान गराइरहेका आमाहरू, महिला घरमूली भएका परिवारहरू, आदि) । यसैगरी, शिविरमा शान्ति सुरक्षा तथा निर्भयता कायम राख्नका लागि संलग्न विभिन्न पक्षहरूसँग परामर्श गर्नु महत्वपूर्ण हुन्छ ।

विस्थापनको अवधिमा मर्यादित जीवनका लागि आवश्यकपर्ने प्रावधानहरू र शिविर व्यवस्थापनका असल अभ्यासलाई सक्दो रुपमा सुनिश्चित गर्नका लागि समन्वयकारी तवरले साइटले सामान्य भत्किएको, बिग्रिएको र समयक्रमसँगै भएका परिवर्तनहरूमा कस्तो मर्मत सम्भार गरिरहेको छ र यसले त्यहाँका बासिन्दाहरूको दैनिक जीवनमा के कस्तो प्रभाव पारिरहेको छ

भन्ने कुराको नियमित अनुगमन गरी अभिलेख राख्नु महत्वपूर्ण हुन्छ । यसोगर्दा, सञ्चालन भएका क्रियाकलापहरूको बारेमा यथेष्ठ जानकारी हुनुका साथै शिविर व्यवस्थापनमा काम गर्ने सम्बद्ध पक्षहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकता भएका सहयोग र संरक्षणका सवालहरू र अन्तरालहरूको पहिचान गर्ने अवसर प्राप्त हुनेछ । आ-आफ्नो भूमिका र जिम्मेवारीहरूको आधारमा शिविर व्यवस्थापनमा संलग्न सबै पक्षहरू रेखदेख र मर्मतसम्भार क्रियाकलापहरूको समन्वयमा संलग्न हुनेछन् ।

शिविर जीवन चक्रको रेखदेख र मर्मत सम्भारको चरणमा संलग्न पक्षहरूले काम गर्नु र उनीहरूका मानवीय सहायता कार्यहरूप्रति प्रतिवद्धता दर्साउनु, विस्थापित व्यक्तिहरूका मानवअधिकारको समर्थन गर्नु, विस्थापनको अन्त्य गर्नका लागि दीर्घकालीन समाधानहरूको खोजी गर्नु र सम्पूर्ण योजनावद्ध क्रियाकलापहरूमा विस्थापित जनसङ्ख्या र स्थानीय समुदाय दुवैको प्रत्यक्ष सहभागिताको प्रवर्द्धन गर्नु अत्यावश्यक हुन्छ । शिविरको रेखदेख तथा मर्मतसम्भार चरणमा शिविरमा हुने क्रियाकलापहरूका उदाहरणहरू : प्राविधिक क्षेत्रहरूको अनुगमन (जस्तै, वितरण, स्वास्थ्य र सरसफाईको प्रवर्द्धन); पूर्वाधारको मर्मत; आवासहरू वा सुविधाहरूको स्तरोन्नति; सुविधाहरू तथा अन्य पूर्वाधारको नयाँ निर्माण; क्षमता विकास क्रियाकलापहरू; नव आगन्तुकहरूको दर्ता तथा अभिलेखीकरण; अन्तरविषयगत सवालहरूलाई मूलप्रवाहीकरण गर्ने (वातावरण, आदि); जिविकोपार्जन क्रियाकलापहरूलाई सहयोग गर्ने; विशेष घटनाहरूको सिफारिस गर्ने; प्रतिनिधित्व र सहभागितासुनिश्चित गर्ने (जस्तै, निर्वाचनहरू); समितिहरू र फोकल समूहहरू, आदिसँग सहकार्य; विशेष आवश्यकताहरू भएका समूहहरूसँग अभ्यस्त हुने र अनुगमन गर्ने; सुरक्षा; समुदायहरूका लागि प्रभावकारी सन्देश प्रवाहको विकास र सहयोग; शिघ्र पुनर्लाभ र दीर्घकालीन समाधानहरू ।

## रेखदेख तथा मर्मतसम्भारको चरणमा अनुगमन क्रियाकलापहरू

अनुगमन महत्वपूर्ण हुन्छ र यसमा शिविरमा आवश्यक पर्ने विभिन्न प्रकारका सहायता र संरक्षणमा केन्द्रित भइ नियमित अवलोकन तथा मनकिकृत र व्यवस्थित सूचना सङ्कलन पर्दछन् । अनुगमनमा बसोबासका लागि स्वस्थ वातावरण सुनिश्चित गर्न विस्थापित जनसङ्ख्याको आधारभूत आवश्यकताहरू पूरा गर्नका लागि समग्र उद्देश्य सहित गर्नुपर्ने कार्यहरूको पुनरावलोकनका लागि यथार्थपरक अभिलेखन र समयभित्र प्रतिवेदन गर्ने कुराहरू पनि पर्दछन् । यसका लागि हामीहरूले शिविर व्यवस्थापनमा अनुगमनका मापदण्डहरू तथा असल अभ्यासलाई संदर्भका रुपमा प्रयोग गर्न सक्दछौं । उदाहरणका लागि, हामीले पुनर्वास साइटमा उपलब्ध भइरहेको पानीको सुविधासम्बन्धी अनुगमन गर्दा हामीले के कुरालाई मध्यनजर गर्दछौं भने पानीका लागि अनुमान गरिएको न्यूनतम मापदण्ड तथा त्यस अनुरुपको सूचक प्रति दिन प्रति व्यक्ति ७.५ - १५ लिटर हो । तसर्थ, शिविरमा उपलब्ध हुने पानीको कुल मात्रालाई जनसङ्ख्याका आकार परिवर्तन हुँदै जाँदा सोही अनुसार समायोजन गरिनु पर्दछ ।

शिविरमा संलग्न सबै पक्षहरूले कुन क्रियाकलापको अनुगमन गर्न कुन अनुगमन टूलहरूको प्रयोग गर्ने र कतिपटक गर्ने भन्ने कुरामा सहमत हुनु महत्वपूर्ण हुन्छ । अनुगमन प्राय: क्षेत्रगत रुपमा गर्ने गरिन्छ, जस्तै, शिक्षा, स्वास्थ्य, पानी तथा सरसफाइ र संरक्षण । शिविरको रेखदेख तथा मर्मत सम्भारको चरणमा अनुगमनलाई निरन्तर र नियमित क्रियाकलापको रुपमा योजनाबद्ध तथा समन्व गरिनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दा विशेष गरी शिविर व्यवस्थापनका लागि डिजाइन गरेका अनुगमन फारमहरूको प्रयोग गर्नु सिफारिस गरिन्छ । यी उद्देश्यहरूका लागि पुनर्वासको विशेष सन्दर्भ अनुसार शिविर अनुगमन फारमहरूको सामान्य संस्करणलाई परिमार्जन गरिनु पर्दछ ।

अनुगमनमा शिविरको वरिपरी भ्रमण गर्ने कार्य पर्दछ जसबाट अवलोकन गरी विस्थापित व्यक्तिहरूसँग अन्तरक्रिया गर्दा शिविरमा उपलब्ध सेवा तथा सुविधाहरूको समग्र अवस्था बारे थप जानकारी प्रदान हुन्छ । शिविरको विशेष प्राविधिक तथा सामाजिक पक्षहरूको अनुगमन गर्दा विशेष समूहका व्यक्तिहरूलाई लक्षित गरी परामर्श गरिनु पर्दछ । उदाहरणका लागि शिविरमा महिलाहरूको सुरक्षासम्बन्धी सवालहरूका लागि विभिन्न महिलाहरू (युवा, वृद्धा, महिला घरमूली भएका परिवारहरू, आदि) सँग परामर्श गर्नु आवश्यक हुनेछ । त्यसैगरी शिविरको शान्ति सुरक्षा तथा निर्भयता कायम राख्नका लागि संलग्न विभिन्न पक्षहहरूसँग परामर्श गर्नु महत्वपूर्ण हुनेछ ।

परामर्शका माध्यम तथा अनुगमन क्रियाकलापहरूमार्फत शिविरका आवश्यकता र सवालहरूको पहिचान गरिन्छ र शिविर व्यवस्थापन र शिविर समीतितहरू स्थानीय निकायहरू, स्थानीय सामुदायिक सदस्यहरू र अन्य पक्षहरूसँग मिलेर कार्य योजना बनाउनका लागि राम्ररी तयार हुनेछन् । योजना तर्जूमा गर्ने यस पद्धतिको अंशको रुपमा तलका बूँदाहरूमा छलफल गरिनु र सम्बोधन गरिनु पर्दछ :

- कार्यान्वयन गरिनुपर्ने - पहिचान भएको आवश्यकतालाई सम्बोधन गर्नका लागि के गरिनु पर्दछ ?
- संलग्न पक्षहरू - आवश्यकता सम्बोधन गर्नका लागि को संलग्न हुन सक्दछन् ? के यसको सामना विस्थापित समुदाय भित्रबाट गर्न सकिन्छ वा बाह्य पक्षहरू/सहायताको आवश्यकता पर्नेछ ?
- कामको अत्यावश्यकता - आवश्यकतामा कहिले ध्यान दिनु पर्दछ ? एकैचोटि धेरै आवश्यकताहरू उत्पन्न हुनसक्ने भएकोले तिनीहरूलाई प्राथमिकतामा राख्नु पर्दछ । यसोगर्दा चाहना र आवश्यकता बीच महत्वपूर्ण भिन्नता छ भन्ने कुरालाई ख्याल गर्नु पर्दछ । आवश्यकताले सधैं संरक्षण र सहायता प्राप्त गर्ने अधिकारको सिद्धान्तमा आधारित भएर प्राथमिकतालाई मार्गदर्शन गर्नु पर्दछ ।

योजनावद्ध कार्य मापदण्डहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानून, आदिमा अन्तर्निहित भूमिकाहरू, जिम्मेवारीहरू र दायित्वहरू पूरा गर्नका लागि सधैं समन्वयात्मक रुपमा समयमा सञ्चालन गरिनु पर्दछ। साझेदारी निर्माणको सिद्धान्तले सधैं विस्थापित जनसङ्ख्या तथा स्थानीय समुदायहरूलाई क्रियाकलापहरूमा समावेश गर्ने लगायतको शिविर व्यवस्थापन सञ्चालनका लागि मार्गदर्शन प्रदान गर्नु पर्दछ ।

## स्थायी समाधान र शिविरको समाप्ती :

स्थायी समाधान तथा शिविरको समाप्ती आन्तरिक विस्थापन बारेको मार्गदर्शक सिद्धान्त अन्तरिक रुपमा विस्थापित मानिसहरूको स्थायी समाधान सम्बन्धी अन्तर एजेन्सी स्थायी समितिबाट निर्देशित छ। विस्थापनको स्थायी समाधानको अर्थ विस्थापितको मानवअधिकारको पूर्ण प्रत्याभूति हो । तीनवटा परम्परागत स्थायी समाधान हुन् :

- आफ्नो स्थानमा वापसी;
- विस्थापितले शरण लिएको क्षेत्रमै स्थानिय बन्दोबस्त (सामान्यतयाः एकीकरण भनिने);
- देशका अन्य भागमा बसोबास

विस्थापित कहिले अन्त हुन्छ भन्ने निर्णय प्रत्येक ममिला अनुरुप गर्नुपर्ने हुन्छ। शिविर छोड्ने निर्णय स्वतन्त्र छनौटका आधारमा गरिनु पर्दछ। विस्थापित व्यक्ति स्वयंले प्रत्यक्ष रुपमा वा स्वीकृत निर्णयका आधारमा यस्तो हुन सक्छ। (आन्तरिक रुपमा विस्थापन मार्गदर्शनको सिद्धान्तहरूका दफा २८, २९ र ३० हेर्नुहोस्)

शिविरको समाप्ती जीवनचक्रको अन्तिम चरण हो । यो एकल प्रक्रिया होइन र यसमा राष्ट्रिय, क्षेत्रिय, स्थानिय र साइट स्तरका पात्रहरूबीच उचित योजना र समान्वयको दरकार पर्दछ। कुनै अवस्थामा विस्थापित मानिसहरू आफ्नो वासस्थानमा स्वतः स्फूर्त ढंगले फर्कान्छ भने अन्य अवस्थामा आपसी प्रक्रिया र शिविर बन्द गर्नु बढी संरचनात्मक हुन्छ। यति हुँदाहुँदै पनि शिविरको समाप्ती शिविर जीनवचक्रको प्रायः सबभन्दा कम नियोजित अवस्था हुन्छ। तसर्थ शिविरको समाप्ती भरसक शुरुकै अवस्थामा अझ बढी शिविर स्थापनमा नै विचार र योजना बनाउनु ज्यादै महत्वपूर्ण हुन्छ।

शिविर समाप्ती चरणका मुख्य क्रियाकलापहरूलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ : १) मानिस २) सेवा र पूर्वाधार, तथा ३) वातावरण (परिवेश)।

यी हरेक वर्गका लागि समन्वयात्मक तथा समयभित्रै शिविर बन्द गर्नका लागि सिफारिस क्रियाकलापको सूची नै छन्।

शिविर छोड्ने निर्णय प्रायः जटील विकर्षण र आकर्षण तत्वहरूले प्रभाव पारेका हुन्छन् जसबाट विस्थापित जनसंख्याको वापसी प्रक्रियाको समय र प्रकृति प्रभावित हुन्छ।

- विकर्षण तत्वहरू : पुनर्वास गरिएको स्थल छोड्न मानिसलाई उत्साहित गर्ने तत्वहरूमा पुनर्स्थापित जिविकोपार्जन अवसरहरू, उचित बसोबास/आफ्नो पुरानो बासस्थानमा पुनर्निर्माण र सुरक्षा अवस्थामा सुधार।
- आकर्षण तत्वहरू : सोही स्थानमा रहिरहन प्रेरणा दिने तत्वहरूमा आफ्नो पुरानो स्थानको तुलनामा पुनर्वास क्षेत्रमा राम्रो जीवन निर्वाहको अवस्था (उच्च मापदण्ड) र अपेक्षा गर्न सकिने सेवा अवस्था।

सामुहिक सहभागिता

शिविर जीवनचक्रका यी सबै तीन चरणमा सामुहिक सहभागिता विशेष महत्वपूर्ण हुन्छ जसद्वारा जेष्ठ नागरिक, बिरामी, महिला घरमूली हुने परिवार, बालबालिकाजस्ता विशेष आवश्यकता भएका मानिसहरूलाई अर्थपूर्ण ढंगमा सहभागी र परिचालित गराउन सकिन्छ। विस्थापित जनसंख्याका व्यक्ति र समूहलाई आफ्नो विचार र आवश्यकताको उजागर र पहिचान गर्ने अवसर दिइनु आवश्यक हुन्छ। शिविर स्थापना र योजना अवस्थामै शिविरको छनोट तथा सामुदायिक केन्द्र, पसल, अन्तिमसंस्कार क्षेत्र तथा धार्मिक आस्थासम्बन्धी व्यवस्थाजस्ता केही पूर्वाधारका विषयमा प्रभावित समुदायलाई संलग्न गराउनु जरुरी हुन्छ। सामुदायिक मान्यता तथा शिविर जीवनचक्रको सबै चरणमा सामूहिक आवश्यकता पूरा गर्न यसो गर्नु आवश्यक हुन्छ।

# कार्यस्थलका आवाज तथा मामिलाहरू

४० वर्ष उमेरकी राम माया गुरुङ्ग आफ्ना दुईजना छोराहरूका साथ सबभन्दा ठूलो आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको साइट गुप्सेपाखामा भयानक भूकम्पपश्चात बसोबास गर्दै आएकी छिन् । भूकम्पभन्दा पहिले उनको पर्यटकीय स्थलमा होटलको व्यापार थियो । उनको श्रीमानले मलेसियामा काम गरेको विप्रेषण आय बाहेक उनले कहिलेकाहीँ साइटमा केही कार्यक्रम वा समारोह हुँदा खानेकुरा (मोमो, चिया, आदि) बेचेर आफ्नो आयआर्जन गर्छिन ।



राममाया गुरुङ्ग र उनी आफैले किनेको परिचालित सुधारिएको चुलो

उनी गुप्सेपाखामा साइट विकास परियोजना र जाडोयामका लागि आवश्यक सामग्रीहरू वितरण मार्फत आइओएमद्वारा सहायताप्राप्त आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूमध्येको खुसी हुने व्यक्तिमध्येको एक हो । **"यो ढुंगाको गोरेटो बाटोले हामीलाई खासगरी बर्षाद र गएको भारी हिमपातको समयमा राहत दियो । अघिल्लो महिना हिमपात र वर्षाद एकैपटक हुँदा हाम्रो जमिनको सतह एक फिट ढाक्यो र केवल ढुंगाको गोरेटो बाटो मात्र प्रयोग गर्न मिल्ने र हिंड्नका लागि कामलाग्ने थियो किनभने सतहमाभन्दा ढुंगामा हिउं चाँडो पग्लियो"** उनले सबभन्दा पछिल्लो हिमपातको कथा र उनीहरूले त्यस समयमा सामना गर्नुपरेको खराब अवस्थाको बारेमा बताइन । **"यदि ढुंगाको गोरेटो बाटो नबनाएको भए हामीले सडकबाट तलतिरको पानीको स्रोतस्थल (करिब ७० मिटर) बाट कसरी पानी ओसार्ने थियौं र हामीले आफ्नो गाउँ (उत्पत्ति स्थल)मा खेती गर्न जाँदा हिउं र वर्षादका कारण हिलाम्मे र चिप्लोबाटोमा हिड्ने कुरालाई पन्छायौं"** अनर्दा गुरुङ्ग, आन्तरिक रुपमा विस्थापित व्यक्ति र राम माया गुरुङ्की छिमेकीले थपिन् ।

आइओएमबाट चुलो र चिम्नि प्राप्त गर्नुभन्दा पहिले राम माया गुरुङ्गसँग एकवर्ष देखि प्रयोग गर्दै आएको उस्तै खाले चुलो थियो । सुधारिएको चुलोको अनुभवका आधारमा उनले व्याख्या गरिन की यो अरु परिवारहरूका लागि पनि आवश्यक परेको थियो किनभने यसका लागि कम दाउरा चाहिन्छ र यसल कम धुवां उत्सर्जन गर्दछ ।



स्वास्थ्य केन्द्र जान सुधार गरिएको गोरेटो बाटोको एक तस्वीर

डम्बर सिं गुरुङ्गको पूर्वबासस्थान गोरखा जिल्लाको लाप्राक गाविस वडा नं. १ हो । २५ अप्रिल २०१५ को भूकम्पपश्चात उनी आफ्नो परिवारका साथ गुप्से पाखामा बसोबास गर्दै आएका छन् । "भूकम्पका कारण मैले आफ्नो सम्पत्ति गुमाएं, घर भत्कियो र सम्पत्ति कंकडभित्र पुरियो," गुरुङ्गले बताए । उनले गुप्से पाखामा बस्ने ठाउँ पाए र एउटा अस्थाइ कामचलाउ टहरा बनाए तर उनलाई जिविकोपार्जन गर्न चुनौतीपूर्ण भयो । "आफ्नो पूर्ववत बासस्थानमा दरार छ, यहाँ हाम्रो खेती गर्ने जमिन छैन, परिवारको खर्च धान्न पहिलेकोभन्दा ज्यादै कठिन भएको थियो ।" अहिले उनी आइओएमले शुरु गरेको गोरेटो बाटोको सुधारमा काम

गरिरहेका छन् । उनी कामका लागि नगद कार्यक्रम अन्तर्गत काम गरिरहेका छन् । उनले भने **"म यो काम गर्न पाउंदा ज्यादै खुसी छु । आइओएमले मेरा आवश्यकताहरू पूरा गर्नका लागि नगद दिएर मलाई यस जाडो याममा सहयोग गरेको छ ।"** उनले थपे, **"यस गोरेटो बाटोले हामीलाई हिंड्न, खासगरी हिउं परेको बेला ज्यादै सजिलो बनाएको छ । यस यामको हिउंपर्ने बेलामा गोरेटो बाटो नबनाएको भए ज्यादै कठिन हुन्थ्यो । हिउं पग्लेर र पानी परेर बाटो चिप्लो र हिलो हुन्थ्यो । म आइओएमलाई मलाई काम दिएकोमा र सामुदायिक विकासका लागि सहयोग गरेकोमा धन्यवाद दिन चाहन्छु,"** खुसी हुँदै गुरुङ्गले भने । उलने थपे, **आइओ एमले शुरु गरेको काम प्रशंसनीय छ, हामीलाई सिकाउने र कामलगाउने सीपयुक्त व्यक्ति छन्, उचित ज्याला पाएका छौं र सबभन्दा महत्वपूर्ण कुरा हामीलाई दिएको कामलाई आफ्नो अत्यावश्यक अवस्थामा सहयोग पुऱ्याउंदछ । आइओएमले हाम्रो गाउँको पनि निर्माण गरिदिए हुन्थ्यो ।"**



धन बहादुर तस्वीर खिचाउँदै । पृष्ठभुमिमा गुप्से पाखा क्याम्प ।

५६ वर्ष उमेरकी धन माया गुरुङ्ग गोरखा जिल्लाको लार्पाक गाविस वडा नं. ९ की स्थायी बासिन्दा हुन । उनी एकल महिला हुन् र आफ्नो परिवारका चारजना सदस्यहरूको खानपीनको लागि उनी एक्लै पूर्ण रुपमा जिम्मेवार छिन् । २५ अप्रिल २०१५ को भूकम्प पछि उनी आफ्नो परिवारसँग गुप्से पाखा शिविर साइटमा बस्दै आएकी छिन् । परिवारको जिविकोपार्जको व्यवस्था गर्न उनलाई शिविरमा ज्यादै कठिन भएको थियो । अनि उनले गुप्सा पाखामा शिविर समन्वय तथा शिविर व्यवस्थापनले नेतृत्व गरेको आइओ एमको कामका लागि नगद कार्यक्रममा काम गर्न शुरु गरिन । उनले आंसु झार्दै भनिन्, **"मसँग आइओएमलाई धन्यवाद दिने कुने शब्द छैनन । म एकल महिला हुं । मेरो श्रीमानको धेरै वर्ष अघि मृत्यु भयो र म आफ्नै बलबुताले बाँचिरहेकी छु । मेरो एकजना छोरो छ तर उ आफ्नै मूल परिवारसँग बसेको छ । यो मेरो जीवनको अंश भएको हुनाले यसमा मेरो बानी परिसकेको छ ।" "सबभन्दा पहिले त भूकम्पले हामीबाट सबैकुरा लग्यो भन्ने लाग्यो तर अब मलाई अझै आशा भएको महसूस भएको छ, उनले भनिन । उनले यो पनि थपिन की, म हामी बसोबास गरिरहेको साइटको विकासका लागि काम गर्ने अवसर दिएकोमा आइओएमलाई वास्तवमा धन्यवाद दिन चाहन्छु । मैले गाउँमा कामगर्दा मुस्किलले दैनिक रु. ३०० ज्याला पाउने गर्दथें तर अहिले म यसको दोब्बर कमाउंछु ।**

**आइओएमले मलाई जानकारी दिएअनुसार यो अदक्ष मजदुरका लागि सरकारले तोकेको ज्यालादर हो ।"** उनले अलिकति हांस्दै भनिन्,



धन माया गुरुङ्ग, गुप्से पाखा क्याम्प क्षेत्रमा तस्वीर खिचाउँदै ।

**"मैले ज्यालाबाट जे जति कमाएकी थिएं, त्यसलाई बुद्धिमानीका साथ खर्च गर्नेछु । यदि आइओएमले अवसर दिएमा म फेरी पनि खुसीका साथ काम गर्न तयार हुनेछु । हामीले काम गरे को गोरेटो बाटो ज्यादै सुन्दर देखिन्छ र अहिले यसमा हिंड्न ज्यादै आरामदायी छ ।" उनले थपिन, मेरो विचारमा खासगरी यस्तो हिउंभएको अवस्थामा हामीले गुप्से पाखामा आवश्यक परेको एउटा ज्यादै महत्वपूर्ण सुविधा निर्माण गऱ्यौं, नत्रभने पानी पर्दा र हिउं पग्लिंदा यो बाटो ज्यादै चिप्लो र हिलाम्मे हुन्थ्यो ।"**

यस अध्यायको समष्टिगत उद्देश्य शिविर जीवन चक्रको यस चरणमा सञ्चालन गरिने दैनिक क्रियाकलापहरू र अनुगमन सम्बन्धी जानकारी वृद्धि गर्नु हो ।

## सिकाइका उद्देश्यहरू

यस सत्रको अन्त्यसम्ममा सहभागीहरूदेहायकुराका लागि सक्षम हुनेछन् :

- अनुगमनको को, के, कहिले र किन को बारेमा व्याख्या गर्न ।
- क्षेत्रगत तहमा अनुगमन गर्नका लागि मुख्य सवाल तथा क्रियाकलापहरूको रुपरेखा तयार गर्न ।
- शिविर समाप्ती तथा स्थायी समाधानको परिभाषा गर्ने ।
- विस्थापनमा विकर्षण र आकर्षण तत्वहरू पहिचान गर्ने ।
- मानिसलाई दीगो कार्य, पूर्वाधार र सेवा, तथा वातावरण (परिवेश) विचार गरी यो चरणमा शिविर बन्द गर्ने क्रियाकलापहरू बारे प्रतिबिम्बन गर्ने ।

## मुख्य सन्देशहरू

- शिविर जीवन चक्रको रेखदेख तथा मर्मतसम्भार चरणमा शिविरको दैनिक सञ्चालन कार्यका अतिरिक्त सुविधा तथा पूर्वाधारहरूको मर्मत र स्तरोन्नतीका साथै आवश्यकता अनुसार शिविरको विस्तार पनि पर्दछन् ।
- अनुगमन प्रणालीहरूमार्फत सङ्कलन गरिएको सूचना व्यवस्थापन शिविरका सुविधाहरूको रेखदेख तथा मर्मतसम्भार गर्न समन्वय गर्ने टूलहरूमध्ये एक हो ।
- विस्थापनको अन्त र शिविरलाई प्रभावकारी ढंगमा बन्द गरी स्थायी समाधानका साथ सुरक्षित र सम्मानित कार्यान्वयन गर्नु सरकारहरूकै प्राथमिक जिम्मेवारी हो ।
- शिविर बन्द गर्नुको अन्तिम लक्ष्य विस्थापित जनसंख्याको स्थायी समाधानको पहिचान हो । स्थायी समाधान देहायका तीन छनौट मध्ये एक हुन सक्ने गरी परिभाषा गर्न सकिन्छ : उत्पत्ति क्षेत्रमै वापसी; विस्थापित मानिसहरूले शरण लिएको क्षेत्रमा स्थानिय रुपमा बसोबास (प्राय: एकीकरया भनिने); देशको अन्य स्थानमा बसोबासको व्यवस्था ।

- शिविर बन्द गर्नुअघि एक कार्ययोजना तयार गर्नु जरुरी हुन्छ । यस प्रकारको कार्ययोजनाले विस्थापितहरूको आवश्यकता र अधिकार, पूर्वाधारको विघटन र सेवाको कमी तथा साइटको वातावरणीय पुनर्स्थापनाबारे विचार गर्नैपर्दछ । पत्रहरूको समन्वयात्मक संलग्नता तथा विशेष आवश्यकता भएका व्यक्तिहरू लगायत शिविरमा रहने र सम्बद्ध समुदायका सदस्यहरूको सहभागिताको सुनिश्चितता यो प्रक्रियामा जरुरी हुन्छ ।

| क्रियाकलाप | समय | विवरण | टूलहरू | तयारी |
|---|---|---|---|---|
| १. रेखदेख तथा मरम्मत संभार क्रियाकलापहरू - अनुगमन | ३० मिनेट | रेखदेख तथा मरम्मत संभारको चरणमा अनुगमनमा स्पष्टतः केन्द्रित भई शिविरमा हुने क्रियाकलापहरूको अन्वेषण गर्ने । | टूल ०६ "शिविर जीवनचक्र" | उद्देश्यहरू सहितको फ्लिपचार्ट (वा पावरपोइन्ट) तयार गर्नुहोस् । |
| २. विकर्षण र आकर्षण तत्वहरू | २० मिनेट | तीन प्रकारका स्थायी समाधानबारे समझदारी राख्ने । | टूल ०६ "शिविर जीवनचक्र"<br>टूल ४१ "स्थायी समाधानका मार्गदर्शक सिद्धान्तहरू २८,२९ र ३०" | - उद्देश्यहरूसहितको फ्लिपचार्ट (वा पावरपोइन्ट) तयार गर्नुहोस् ।<br>- टूलका प्रतिहरू सहभागीहरूलाई वितरण गर्नुहोस् । |
| ३. विकर्षण र आकर्षण तत्वहरू | ३५ मिनेट | स्थायी समाधानको छनोटबारे विस्थापित मानिसलाई निर्णय गर्न प्रभाव पार्ने विकर्षण र आकर्षण तत्वहरूबारे समझदारी राख्ने । | टूल ४२ "स्थायी समाधान सर्वेक्षण" | - सहभागीहरूलाई वितरण गर्न टूलका प्रतिहरू तयार गर्नुहोस् । |
| ४. समापन | ५ मिनेट | उद्देश्यहरूको परिमार्जन | | - उद्देश्यसहित फ्लिपचार्ट (वा पावरपोइन्ट) तयार गर्नुहोस् । |

## क्रियाकलाप १

### रेखदेश तथा मर्मत सम्भार क्रियाकलापहरू - अनुगमन गर्ने

- यस सत्रको उद्देश्यहरू सहितको फ्लिपचार्ट देखाउनुहोस् (वा पावरप्वाइन्ट स्लाइड देखाउनुहोस्) ।
- उद्देश्यहरू सबैले सुन्ने गरी ठूलो स्वरमा पढ्नुहोस् वा कुनै एकजना सहभागीलाई पढ्न लगाउनु होस् । कुनै प्रश्नहरू भएमा प्रष्ट पार्नुहोस् ।
- सहभागीहरूलाई **टूल** (Tool) **६ "शिविरको जीवन चक्र"** को सङ्केत देखाएर शुरु गर्नुहोस् ।


  यस प्रतीकसँग सम्बन्धित मुख्य अवाधारण तथा सन्देशहरूको पुनरावलोकन गर्नुहोस् : शिविरको जीवन चक्र तीन चरणहरू छन्, शिविरको निर्माण, शिविरको रेखदेख तथा मर्मत सम्भार र शिविर बन्द गर्ने ।
- व्याख्या गर्नुहोस् की यस सत्रमा समूहले प्रायः सबभन्दा लामो र सबभन्दा कठिन रेखदेख र मर्मत सम्भारको दोस्रो चरणको विश्लेषण र छलफल गर्नेछ । यो यस्तो चरण पनि हो जसमा विस्थापित जनसङ्ख्याले विस्थापन पछिको (शिघ्र पुनर्लाभ) जीवनका लागि तयारी शुरु गर्न सक्दछ । रेखदेख तथा मर्मत सम्भारको चरणमा विस्थापित जनसङ्ख्याको सक्रियसहभागिताज्यादै महत्वपूर्ण हुन्छ । यस चरणमा आधारभूत आवश्यकताहरू पूरा गर्न र मापदण्ड तथा अधिकारहरूको समर्थन गर्ने उद्देश्यले शिविरमा सामुदायिक क्रियाकलापहरू नियमित रुपमा हुने गर्दछन् ।
- सहभागीहरूलाई सोध्नुहोस् : तपाईंको विचारमा रेखदेख तथा मर्मत सम्भारको चरणमा के कस्ता क्रियाकलापहरू हुने गर्दछन् ?मापदण्डहरू कायम गर्दा र अधिकारहरूको समर्थन गर्दा हामीहरूले सेवाहरू, सुविधाहरू र मानिसहरूलाई ध्यान दिने गर्दछौं भन्ने सुनिश्चित गर्नका लागि सञ्चालन गरिनु पर्ने क्रियाकलापहरू के हुन् ? छलफल र प्रतिविम्वनका लागि समय दिनुहोस् : विचारहरू आदानप्रदान गर्न र छलफलका लागि प्लेनरी खुला गर्नुहोस् ।
- सोध्नुहोस्, सबभन्दा महत्वपूर्ण क्रियाकलाप के हो ?

  व्याख्या गर्नुहोस् की विस्थापनको अवधिमा जब मानिसहरू शिविरमा बसोबास गरिरहेका हुन्छन्, उत्पन्न हुनसक्ने नयाँ आवश्यकताहरूलाई अंगिकार गर्नु महत्वपूर्ण हुन्छ - प्रदान गरिने सेवाहरू र संरक्षणको गुणस्तरका सम्बन्धमा । यो कुरामा जोड दिनुहोस्की रेखदेख तथा मर्मतसम्भारको चरणको सबभन्दा महत्वपूर्ण क्रियाकलाप प्रदान गरिएको सहायता र संरक्षणको गुणस्तरको योजनावद्ध, सक्रिय, मानकीकृत, समयभित्र तथा संयोजनकारी अनुगमन गर्नु हो ।
- सहभागीहरूलाई अनुगमन भन्ने शब्दको अर्थ उनीहरूले के बुझेका छन् भनेर सोध्नुहोस् । छलफलबाट आएका कुराहरू प्लेनरीमा लिएर जानुहोस् ।

**उद्देश्यहरु:**

- अनुगमनको को, के, कहिले र किन को व्याख्या गर्ने ।
- क्षेत्रगत तहमा अनुगमन गरिने मुख्य सवाल र क्रियाकलापहरुको रुपरेखा तयार गर्ने ।
- अनुगमन योजना र फारम तयार गर्ने ।

**टूल (Tool) ०६ "शिविरको जीवनचक्र"**





टूल (Tool) ०६ शिविरको जीवन चक्र

व्याख्या गर्नुहोस्की अनुगमन अवलोकन र आवश्यकताहरूसम्बन्धी व्यवस्थित सूचना सङ्कलन तथा कार्यान्वयसँग सम्बन्धित पुनरावलोकनका लागि अभिलेखन र प्रतिवेदनमा आधारित हुन्छ ।

- सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् :
  - o को जिम्मेवार हुन्छ र कसले यो गर्दछ ?
  - o यसमा के कुरा संलग्न हुन्छ ?
  - o यो कहिले गरिन्छ ?
  - o यो किन महत्वपूर्ण हुन्छ ?
- छलफल र प्रतिविम्वनका लागि समय छुट्याउनु होस् : विचारहरूको आदानप्रदान तथा छलफलका लागि प्लेनरी खुला गर्नुहोस् ।


  व्याख्या गर्नुहोस् की शिविरको व्यवस्थापनमा उपलब्ध गराइएको सहायता र संरक्षणको आवश्यकताहरूलाई रुजु गर्न शिविर व्यवस्थापकहरू, शिविर समितिका सदस्यहरू, सेवाप्रदायकहरू र अन्य सम्बद्ध पक्षहरूले अनुगमन क्रियाकलापहरूमा स्पियरका मापदण्डहरू लागू तथा प्रयोग गर्न सक्दछन् । यी विश्वव्यापी रुपमा मान्यताप्राप्त मापदण्डहरूले सबै विस्थापित व्यक्तिहरूलाई प्रदान गरिनुपर्ने न्यूनतम तहका सेवाहरू र संरक्षणको बारेमा स्मरण गराउंदछन् । स्पियरको मापदण्डलाई पुनर्वास साइटमा उपलब्ध पानीको परिमाण पर्याप्त छ कि छैन भनेर लेखाजोखा गर्नका लागि कसरी प्रयोग गर्न सकिन्छ भन्ने एउटा उदाहरण दिनुहोस् : स्पियरको मापदण्डले प्रत्येक व्यक्तिलाई आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्नका लागि कम्तिमा प्रतिदिन ७.५-१५ लिटर पानीमा पहुँच हुनुपर्ने कुराको सिफारिस गरेको छ ।
- शिविरको रेखदेख र मर्मत सम्भार चरणको अवधिमा योजनावद्ध, सक्रिय, मानकिकृत, समय भित्र र संयोजनकारी तवरले गरिने अनुगमन शिविर व्यवस्थापनका महत्वपूर्ण क्रियाकलापमध्येको एक हो ।
- **टूल** (Tool) ४० **"आवास वितरणपश्चातको अनुगमन फारम"** सहभागीहरूलाई वितरण गर्नुहोस् र व्याख्या गर्नुहोस् की यो फारम वितरण प्रक्रियापश्चात आवश क्षेत्रको विद्यमान स्थितिको लेखाजोखा गर्नका लागि नेपालमा प्रयोग गरिएको अनुगमन फारमको उदाहरण हो । सहभागीहरूलाई फारम हेर्नका लागि केही समय दिनुहोस् र प्रश्नको जवाफ दिनुहोस् ।
- व्याख्या गर्नुहोस्की शिविरको रेखदेख र मर्मत सम्भारका लागि अनुगमन महत्वपूर्ण कार्य हो । धेरै सवालहरूको अनुगमन गरिएको छ र अनुगमनका धेरै टूलहरू निर्माण गरी कार्यस्थल तहमा प्रयोग गरिएका छन् । अनुगमन सूचना व्यवस्थापनसँग प्रत्यक्ष रुपमा सम्बन्धित छ । विस्थापन पत्ता लगाउने म्याट्रिक्स, सहभागीहरूलाइ सम्झाउनुहोस् की **टूल** (Tool) २७ **"विस्थापन पत्ता लगाउने म्याट्रिक्स नेपाल तथ्याङ्क सङ्कलन फारम"** नियमित रुपमा विद्यमान शिविरहरूको अवस्था बुझ्ने अनुगमन टूलको रुपमा प्रयोग गरिन्छ जसले सम्बोधन गरिनुपर्ने आवश्यकता भएका कुनै पनि विध्यमान आवश्यकता र अन्तरालहरूको एउटा तस्विर प्रदान गर्दछ ।

**टूल (Tool) २७ "विस्थापन पत्ता लगाउने म्याट्रिक्स नेपाल तथ्याङ्क सङ्कलन फारम"**




टूल (Tool) २७ व्यवस्थापन अभिलेखा तालिका (DTM) फारम

**टूल (Tool) ४० "आवास वितरणपश्चातको अनुगमन फारम"**





टूल (Tool) ४० आवासीय सहयोग वितरणपश्चातको मुल्याङ्कन फारम

# क्रियाकलाप २

## स्थायी समाधान

टूल (Tool) ०६ “शिविरको जीवनचक्र”




- टूल ०६ “शिविर जीवनचक्र” को प्रतीकतर्फ फर्की शुरु गर्नुहोस् । प्रतीकसँग जोडिएका मुख्य धारणा र सन्देशको समीक्षा गर्नुहोस् । शिविर स्थापना, शिविर हेरचाह र सम्भार तथा शिविर समाप्ती गरी शिविर जीवनचक्रका तीन चरण हुन्छन् ।
- यो क्रियाकलापले चक्रको तेस्रो चरणको विश्लेषण र छलफल गर्नेछ जसमा शिविर समाप्ती र स्थायी समाधान पर्दछन् ।
- समूहलाई सोध्नुहोस् : शिविर बन्द गर्ने निर्णय भएपछि विस्थापित जनसंख्यासमक्ष केके विकल्प छन् ?
- सहभागीहरूलाई प्लेनरीमा आफ्नो विचार राख्न दिनुहोस् ।
- स्थायी समाधानका धारणाको चर्चा गर्नुहोस् तथा तीनवटा विश्वव्यापी रुपमा मान्यताप्राप्त र सान्दर्भिक मानिने विकल्पहरू छन् :
  - उत्पत्ति क्षेत्रमै वापसी
  - विस्थापित जनसंख्याले शरण लिएको स्थानमा स्थानीय बसोबासको व्यवस्था जसलाई स्थानीय एकीकरण पनि मानिन्छ,
  - देशका अन्यत्र क्षेत्रमा बसोबासको व्यवस्था ।
- शिविरमा प्राप्त सहायता र सुरक्षण आवश्यक नभएपछि शिविर बासिन्दाले संपर्क गर्नसक्ने कुरा व्याखया गर्नुहोस् । शिविरहरू अस्थायी वासका विकल्पहरू हुन तसर्थ विशिवरको स्थापनासँगै अधिकारीहरूले शिविर बासिन्दाले शिविरमा धेरै समय बस्न नपरोस् र सम्मानित स्थायी बसोबासको विकल्प उपयोग गर्न सकुन भन्ने हेतुले शिविर व्यवस्थापन पात्रहरूको सहयोग लिई कार्य गर्नुपर्ने कुरा सहभागीहरूलाई व्याख्या गर्नुहोस् । विस्थापितको मानवअधिकारको प्रत्याभूतिका साथ विस्थापित जनसंख्याका प्रतिनिधिहरूको शिविर छोड्ने निर्णय सदैव सुसूचित, स्वेच्छिक र सम्मानपूर्ण हुनुपर्दछ । राम्रो शिविर व्यवस्थापन सिद्धान्त र अभ्यासका आधारमा शिविर बन्द गर्ने योजना र समन्वय शिविर स्थापना अवस्थामै सबै पात्रहरूबीच अग्रीम छलफल र सहमति भएको हुनुपर्ने कुरामा जोड दिनुहोस् । स्थायी समाधानको खोजमा सम्बद्ध जनसंख्यालाई सुरक्षा, हिंडडुलको स्वतन्त्रता, खाद्य, पानी, आवास, स्वास्थ्य हेरचाह, आधारभूत शिक्षा, रोजगारी तथा/वा जीविकोपार्जनको प्राप्यता, सम्मान, जग्गा अथवा घरको वापसी वा क्षतिपूर्तिको प्रत्याभूति हुनुपर्ने कुराको व्याख्या गर्नुहोस् ।

टुल ४१ “स्थायी समाधानका मार्गदर्शक सिद्धान्तहरु २८, २९ र ३०”

- टूल ४१ “स्थायी समाधानका मार्गदर्शक सिद्धान्तहरू २८, २९ र ३०” वितरण गर्नुहोस् । सहभागीहरूलाई प्रत्येक टेबुलमा देहायका प्रश्नहरूउपर छलफल गर्न भन्नुहोस् :
  - वर्तमान भूमिकामा उनीहरूलाई विशेष महत्व केको हुन्छ भन्ने लाग्दछ ?
  - आन्तरिक रुपमा विस्थापित मानिसका लागि के खास महत्वको रहनसक्ला ?
  - आफ्नो अनुभवबाट यी सिद्धान्तहरूलाई प्रबर्द्धन गर्न केकस्ता चुनौतहिरू रहेका छन् ?
- सहभागहिरूलाई आफ्नो कुरा प्लेनरीमा राख्न प्लेनरीमा छलफल गर्नुहोस् । छलफल चलाउनुहोस् तथा प्रश्नको उत्तर दिनुहोस् ।

## क्रियाकलाप ३

### विकर्षण र आकर्षण तत्वहरू

- चाहे विस्थापित जनसंख्याको पुनर्वास स्थल छोड्ने निर्णय होस् वा राष्ट्रिय अधिकारीहरू तथा शिविर व्यवस्थापन पात्रहरूको शिविर बन्द गर्ने निर्णय होस् शिविर बन्द गर्ने चरणमा शिविर बन्द गर्ने निर्णय सदैव जटील हुन्छ । बन्द गर्ने प्रक्रिया अन्तर्गत विस्थापित जनसंख्या र सम्बद्ध सामुदायिक जनसंख्या लगायत विस्तृत रुपमा कार्यरत विविध समूहका पत्रहरूसँग विचारविमर्श पर्दछन् ।
- सहभागीहरूलाई विस्थापन अघिका घटनाहरू संस्मरण गरी केही समय सोच्न र देहायका प्रश्नहरूबारे विचार गर्न भन्नुहोस् ।
  - ○ कसरी विस्थापित जनसंख्याले आफ्नै उत्पत्तिको स्थानमा फर्कन निर्णय गऱ्यो ?
  - ○ के केहीले शरण लिएको स्थानमै स्थायी रुप्मा बस्न चाहे?
  - ○ के केहीले देशको अर्को क्षेत्रमा पुनर्वास हुने खोजे ?
  - ○ वाससी प्रक्रिया कस्तो होला जस्तो छ ?

देहायका मार्गदर्शक प्रश्नहरूको प्रयोग गरी छलफल सहजीकरण गर्नुहोस् :

- उत्पत्तिको स्थानमा वापसी

○ के उत्पत्तिको स्थानमा फर्कने निर्णय सजिलो थियो ?
○ वासीको छनौट गर्न के के तत्वहरूले योगदान गरे ?
○ कसरी विस्थापित जनसंख्या आफ्नो उत्पत्तिको स्थानमा फर्कन सके ?
○ कसरी विस्थापित जनसंख्याले आफ्नो उत्पत्तिको स्थानमा फर्केर आफूलाई सामान्यीकरण गर्न सक्यो ?

शरण लिएको स्थानमा

- स्थानीय बसोबास

○ शरण लिएको स्थानमा बसोबास गर्ने निर्णय के सजिलो थियो ?
○ के के तत्वले स्थानीय बसोबास गर्ने छनौटमा सघाउ पुऱ्याए ?
○ स्थानीय समुदायसँग एकीकरण कसरी भयो ?

- स्थायी पुनर्वास तथा देशका अन्यत्र क्षेत्रमा बसोबास

○ स्थायी रुपमा अन्यत्र पुनर्वास गरिनु सजिलो निर्णय थियो ?
○ के के तत्वले विस्थापितहरूलाई स्थायीरुपमा पुनर्वासको निर्णय गर्न सघायो ?
○ समुदायसँग एकीकरण कस्तो रह्यो ?

- केकति तत्वहरू छन् जसले विस्थापितहरूलाई पुनर्वास क्षेत्र छोड्न निर्णय गरायो र यी तत्वहरूलाई विकर्षण तत्वहरू भन्दछन् भन्ने कुरा व्याख्या गर्नुहोस् ।
- कतिपय तत्वहरू विस्थापितहरूलाई शिविरमा अलि लामो समय बस्नु उचित हुन्छ भन्ने सोच भएसम्म यस्ता तत्वहरूलाई आकर्षण तत्वहरू भन्दछन् भनी व्याख्या गर्नुहोस् ।
- प्रत्येक टेबुलमा रहनेगरी सहभागीहरूलाई साना समूहमा विभक्त गर्नुहोस् । सहभागीलाई विकर्षण शिविर बन्द गर्ने चरणका अवधिमा (हटाउन खोज्ने शक्तिहरू) तथा आकर्षण तत्वहरू (रोक्न खोज्ने शक्तिहरू) बारे छलफल गर्नुहोस् । विस्थापनका अघिल्ला वर्षहरूका अनुभवबाट उदाहरणहरूको प्रयोग गर्न सहभागीलाई उत्साहित गराउनुहोस् ।

  देहायको बूँदा प्रयोग गरी केही उदाहरणहरू दिनुहोस् :

  विकर्षण तत्वहरू हुन् : जिविकोपार्जनका अवसरहर फर्काउने संभावना; विस्थापनपछि पुन: पुरानै जीवन शुरु गर्ने प्रेरणा र इच्छा; उत्पत्ति स्थानमा सेवाका बढी पहुँच, तथा यस्तै अन्य व्यवस्था । आकर्षण तत्वहरूमा समावेश हुने कुरा हुन् : उत्पत्ति स्थलमा रहेका आवास तथा/अथवा पूर्वाधारको गम्भीर क्षति र मरम्मत नभएको अवस्था; शुरुको पुनर्लाभ (रिकभरी) अवस्थामा शिविरमा खाद्य व्यवस्थाको प्रबन्ध हुनु सो उत्पत्ति स्थानमा उपलब्ध नहुनु; जोखिमबाट उत्पत्तिस्थल अझै सुरक्षित नहुनु; तथा अन्य अवस्था ।

- सहभागीहरूलाई पर्याप्त समय दिई विचार गर्न तथा समूह अभ्यास पूरा गर्न दिनुहोस् । फ्लिपचार्टमा सहभागीहरूलाई आफ्नै सोच लेख्न लगाउनुहोस् ।
- सहभागीहरूलाई आफ्नो विचार प्लेनरीमा राख्न लगाउनुहोस् । टिप्पणी गर्नुहोस् र आवश्यक परेका सहयोग दिनुहोस् ।
- विकर्षण र आकर्षण तत्वहरू पहिचान गरी विस्थापनको स्थायी समाधानका लागि के के शतएहरू जरुरी छन् भन्ने कुरा शिविर व्यवस्थापनका पात्रहरूले बुझ्नुपर्ने कुरामा जोड दिनुहोस् ।
- टूल ४२ “स्थायी समाधान सर्वेक्षण” सहभागहिरूलाई बाँड्नुहोस् । यो टूल नेपालमा स्थायी समाधानका वास्तविकता बुझ्न प्रयोग गरिने गरेको प्रसंग व्याख्या गर्नुहोस् । सहभागीहरूले पछि यो दस्तावेज पढ्ने कुरा व्याख्या गर्नुहोस् ।
- शिविर बन्द गर्ने प्रमुख तत्वहरूमध्ये विस्थापनको स्थायी समाधान एक हो भन्ने कुरा दर्शाउन यो क्रियाकलापको अन्त गर्नुहोस् । वापसी विकल्प र स्थायी समाधानको सुसूचित निर्णय गर्न विस्थापित जनसंख्याको सबै सामयिक, उपयुक्त र जरुरी सूचनाको पहुँच हुनुपर्दछ । सहभागीहरूलाई वापसी सुरक्षा, संरक्षण र सम्मानको आश्वासनका साथ स्वेच्छिक हुनुपर्ने कुरा संझाउनुहोस् । शरण लिएको स्थानमा स्थानीय एकीकरण अथवा स्थायी पुनर्वास तथा देशका अन्य स्थानमा बसोबास सहित छुट्टै स्थायी समाधान खोज्ने विकल्प पनि विस्थापित जनसंख्यालाई छ ।

**टूल (Tool) ४२ “दीर्घकालीन समाधानहरूको सर्वेक्षण”**




टूल (Tool) ४२ दीर्घकालीन समाधान सर्वेक्षण

## क्रियाकलाप ४

### समापन

- उद्देश्यहरूको पुनरावलोकन गर्दै सत्रको समापन गर्नुहोस् ।





IOM•OIM

USAID